Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वैद्यजीवनम्

लोलिम्बराजकृतम्



नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

राष्ट्रिय अभिलेखालय

रामशाहपथ, काठमाडौं, नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वैद्यजीवनम्

लोलिम्बराजकृतम्

सम्पादन, व्याख्या एवं अनुवादन
डा.छत्रपति दाहाल

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
राष्ट्रिय अभिलेखालय
रामशाहपथ, काठमाडौं, नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वैद्यजीवनम्
लोलिम्बराजकृतम्

प्रकाशक : नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
राष्ट्रिय अभिलेखालय
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं.: ०१-४२००८४५, ०१-४२००८४६
वेवसाईटः www.narchives.gov.np
ईमेलः mail@narchives.gov.np

संस्करण : पहिलो, २०७८

सर्वाधिकार ©: प्रकाशकमा

प्रकाशन प्रति : ५०० थान

मूल्य : रु. ५००।-

मुद्रण : स्काई प्रेस प्रा.लि., बिजुलीबजार, काठमाडौं
फोन नं.: ०१-४७८४२८३

ISBN: 978-9937-0-9238-8

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रकाशकीय

राष्ट्रिय अभिलेखालय अध्येता, अनुसन्धाताहरूको मुख्य गन्तव्य हो । यहाँको संकलनमा रहेका सामग्रीहरू अध्ययनका लागि मुख्य र महत्वपूर्ण सामग्री हुन् । यहाँ संकलित विविध विषयका हस्तलिखित ग्रन्थहरूमध्ये आयुर्वेद सम्बन्धी ग्रन्थको लामै सूची रहेको छ। यिनीहरूमध्ये **वैद्यजीवनम्** पनि एक हो । यस्ता ग्रन्थहरूले हाम्रा प्राचीन उपचार पद्धतिलाई अत्यन्तै निकटबाट बुझ्ने मौका दिन्छन् ।

यो ग्रन्थ आयुर्वेदका विद्वान् श्रीलोलिम्बराजले लेखेका हुन् । यसमा एउटा वैद्यले आफ्नो जीवन कसरी जिउनुपर्दछ भन्ने कुरालाई बुझाउन खोजिएको छ। ग्रन्थका धेरै प्रति अभिलेखालयमै पाइएको हुनाले यो नेपाली जनजीवनमा भिजेको ग्रन्थ हो भन्नसकिन्छ। यस ग्रन्थमा विभिन्न रोगहरूको उपचारबारे बताइएको छ । के के रोगमा कस्ता कस्ता अनुभूत योगहरू उपयुक्त हुन्छन् तत्सम्बन्धमा वैद्य लोलिम्बराजका परामर्शहरूको रोचक प्रस्तुतीकरण यसमा गरिएको छ। ग्रन्थको अर्को महत्वपूर्ण पक्ष भनेको यसमा रहेको काव्यात्मक शैली हो। यो ग्रन्थ औषधिविवरणात्मक मात्र नभई श्रृंगाररसप्रधान काव्यात्मक लालित्यले युक्त पनि भएको कुरा यसको नेपाली भावानुवादले स्पष्ट पारेको छ। काव्यात्मक रागबाट यसमा मिठास भरिएको छ। स्वादिला पदावलीका साथमा श्रुतिमधुर शास्त्रीय छन्द प्रयोग गरिएको यो ग्रन्थको अध्ययन आनन्ददायक र मनोहर हुने कुरामा दुईमत छैन । वैद्यजीवनम् ग्रन्थको प्रकाशनले आयुर्वेद र प्राचीनचिकित्सा पद्धतिका विषयमा अध्ययन, अध्यापन गर्न चाहने सम्पूर्णमा भरपूर सहयोग पुऱ्याउनेछ भन्ने मैले विश्वास लिएको छु।

प्रस्तुत **वैद्यजीवनम्** ग्रन्थ आयुर्वेदका विद्वान् डा.श्री छत्रपति दाहालद्वारा सम्पादित भै अनुवाद र व्याख्यासहित यस रूपमा तयार भएको हो । यसका लागि उहाँलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यसैगरी ग्रन्थको सम्पादनकार्यलाई परिष्कार र परिमार्जनमा विशेष सहयोग गर्नुहुने उपप्रा. डा. श्री काशीराज सुवेदीज्यूको योगदानका लागि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै, ग्रन्थको सम्पादनदेखि प्रकाशनसम्मको कार्यमा शुरुआतदेखि नै लाग्नुभएका हस्तलिखित उपशाखाका अनुसन्धान अधिकृत मनिता न्यौपाने लगायत परोक्ष, अपरोक्ष तवरले सहयोग गर्ने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु। प्रस्तुत ग्रन्थले नेपालमा रहेका आयुर्वेद तथा परम्परागत चिकित्सा पद्धतिको संरक्षण एवं प्रचारप्रसार गरी जनसमक्ष पुऱ्याउने कुरामा म ढुक्क रहेको छु ।

सौभाग्य प्रधानाङ्ग
निमित्त महानिर्देशक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भूमिका

जीवनका प्रमुख चार लक्ष्यहरू धर्म, अर्थ, काम, मोक्षको एकमात्र आधार स्वस्थ जीवन हो। स्वस्थ जीवनको स्वरूप र त्यसलाई हासिल गर्ने उपाय जसबाट जान्न सकिन्छ त्यसलाई आयुर्वेद भनिन्छ। आयुर्वेद अनादिकालदेखि प्रचलित भए पनि त्यसको विस्तार हुने र समय अनुसार घट्ने बढ्ने क्रम चलिरहेको छ। शुरूमा वेदहरूमा संक्षिप्त वा बीजरूपमा रहेको यो विद्या क्रमशः विस्तार भई आयुर्वेदको रूपमा प्रस्तुत भएकोमा त्यो पनि विषयवस्तुको व्यापकताले गर्दा आठ अंगहरूमा विभाजित भएको देखिन्छ। ती आठ अंगहरूका छुट्टाछुट्टै आचार्यहरू र तिनका कृतिहरूले गर्दा आयुर्वेद वाङ्मय अगाध समुद्रको रूपमा विस्तीर्ण हुन पुगेको पनि पाइन्छ। विभिन्न प्राकृतिक सामाजिक परिवर्त्तनहरूको परिणामस्वरूप आयुर्वेदका कतिपय प्राचीन ग्रन्थहरू हराए पनि उपलब्ध उत्तम ग्रन्थहरूका विषयवस्तुको गहनता र विद्वान्हरूको निरन्तर प्रयासका कारण आयुर्वेद अहिलेसम्म समाजमा प्रतिष्ठित रहेको छ। यसका विषयवस्तुमा निरन्तर केही कुरा थपिँदै गएको पाइन्छ। प्राचीन संहिताग्रन्थहरूमा चिकित्सासम्बन्धी सबै विषयहरू समेटिन्थ्यो भने पछि गएर ती सबै विषयहरूका छुट्टाछुट्टै ग्रन्थहरूको लेखनको क्रम बढ्दैगएको छ। यौटै अंग कायचिकित्सामा चक्रदत्त, गदनिग्रहः, वृन्दमाधव आदिको रचना भएको छ। ठुल्ठुला ग्रन्थहरूको स्थानमा ससाना ग्रन्थहरू जस्तै शतश्लोकी, चिकित्साकलिका, वैद्यजीवनम् आदिको रचना हुँदैगएको छ।

नेपालको राष्ट्रिय अभिलेखालयबाट प्रकाशित "आयुर्वेद विषयका हस्तलिखित ग्रन्थहरूको सूचीपत्र" भन्ने पुस्तकमा त्यस संस्थामा वैद्यजीवनका १२वटा हस्तलिखित प्रति भएको बुझिन्छ। ती १२मध्ये ४ ग्रन्थहरू टीका वा व्याख्यासहित छन्। तिनमा दुई ग्रन्थ रुद्रभट्टकृत टीकासहित देखिन्छन्।

"**वैद्यजीवनम्**" नामक यो ग्रन्थ आयुर्वेदसाहित्यमा विशेष महत्व राख्ने पुस्तकहरूमा पर्छ। संस्कृतभाषामा लेखिएको यस ग्रन्थमा औषधि एवं अनुपान-सहपानमा रूपमा उल्लिखित एकल द्रव्य एवं अनुभूत योगहरू निर्माण र प्रयोग गर्न पनि सरल, सुलभ र अति उपयोगी छन्। विषयगत विशेषता, काव्यगत लालित्य एवं विविध विषयहरूको सामञ्जस्यले गर्दा विद्वत्समाजमा यसको निकै सम्मान रहेको पाइन्छ।

वैद्यजीवनका रचयिता दिवाकर भट्टका सुपुत्र लोलम्बराज हुनुहुन्छ। उहाँ भारतको पूना जिल्ला अन्तर्गत जुन्नार ग्रामका निवासी हुनुहुन्थ्यो। उहाँले कुनै सुवेदारकी कन्या मुरासासँग विवाह गर्नुभएको थियो जसको नाम रत्नकला (सम्भवतः) पनि थियो। उहाँ महाराष्ट्रकी सप्तश्रृंगस्थ देवी (अष्टादशभुजा दुर्गा)का उपासक हुनुहुन्थ्यो र साथै वैद्यराज उपाधि पाएका विद्वान् व्याकरण, साहित्य, वेदान्तका विशेषज्ञ पनि हुनुहुन्थ्यो।

लोलम्बराजले वैद्यजीवनबाहेक संस्कृतमा वैद्यावतंस, चमत्कारचिन्तामणि र हरिविलास काव्य पनि लेख्नुभएको थियो। त्यसैगरी मराठीभाषामा रत्नकलाचरित, लोलिम्बराज आख्यान र लोलिम्बराज वैद्यक काव्य पनि लेख्नुभएको विदित हुन्छ। उहाँको समय १७ औं शताब्दीको पहिलो चरण मानिएको छ।

पाँच विलास र २०२ श्लोकहरू भएको, श्रृंगाररसमा चुर्लुम्म डुबेको वैद्यजीवन ग्रन्थमा कविवरले आफ्नी प्रियतमालाई सम्बोधन गर्दै सुन्दर, सरस र अलंकारहरूले सुशोभित शब्दावलीको प्रयोगद्वारा प्रायः सबै शारीर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

एवं मानस रोगहरूको उपचारमा उपयोगी सरल योगहरूको समावेश गर्नुभएको छ । जो अनुभूत र तत्काल परिणाम दिने खालका छन् । यी योगहरू अष्टांगसंग्रह, चक्रदत्त, योगरत्नाकर, शार्ङ्गधरसंहिता, भावप्रकाश आदिबाट संग्रह गरिएका छन् ।

पछिका अनेक वैद्यहरूले वैद्यजीवनमा टीका लेखी एकातिर ग्रन्थलाई बुझ्न सजिलो बनाएका छन् भने अर्कोतिर आफ्नो पाण्डित्य प्रकाशन गर्ने माध्यम पनि बनाएका छन् । ती टीकाहरूमध्ये गोस्वामी हरिनाथद्वारा सं. १७३० मा लेखिएको गूढार्थदीपिका टीका र कोनेरिभट्टका छोरा रुद्रभट्टद्वारा लेखिएको टीका विशिष्ट मानिन्छ । यसबाहेक विद्वद्वैद्यरञ्जिनी, कृष्णपण्डितीय, यतिवर्य सुखानन्दकृत दीपिकाका अतिरिक्त प्रयागदत्त, भवानीसहाय, दामोदर, भगीरथ आदि विद्वान्हरूद्वारा लेखिएका टीकाहरू पनि छन् । हिन्दीमा डा. इन्द्रदेव त्रिपाठीको टीका र गुजरातीमा प्राणलाल बलदेव मुंशीद्वारा गरिएको पद्यानुवाद पाइन्छ । प्रा. डा. श्याममणि अधिकारीज्यूले नेपाली भाषामा गरिएको सरल अनुवाद विविध परिशिष्टसहित प्रस्तुत गर्नुभएको छ ।

वर्त्तमान समयमा राष्ट्रिय अभिलेखालयको अभियान अन्तर्गत **वैद्यजीवनम्**को यो नेपाली भावानुवादसहितको ग्रन्थ डा. छत्रपति दाहालज्यूबाट सम्पादन भई प्रकाशित हुँदैछ । यस अघिको नेपाली अनुवाद विषयवस्तु बुझ्न सजिलो हुनाले राम्रै भएपनि ग्रन्थको मौलिक विशेषता बुझ्न चाहने जिज्ञासुहरूका लागि पर्याप्त थिएन । प्रस्तुत ग्रन्थमा मूलपाठका साथ अन्वय, समास, पर्यायसहित व्याख्या र भावार्थ तथा आवश्यक स्थलमा विमर्शको रूपमा चर्चा भएको छ । मूलपाठका प्रायः प्रत्येक पदहरूको विश्लेषण गरिएको यो ग्रन्थ संस्कृतमा रुचि राख्ने र मूलपाठको अर्थ राम्ररी बुझ्न चाहने पाठकलाई निकै उपयोगी हुनेछ । यसरी ग्रन्थको आद्योपान्त व्याख्या गरी संस्कृतानुरागी जिज्ञासु पाठकसमक्ष बहुमूल्य उपहार दिन अग्रसर डा. छत्रपति दाहालज्यूलाई शतशः धन्यवाद दिँदै उहाँबाट अरू पनि ग्रन्थरत्नहरू निरन्तर प्रस्तुत भैरहून् भनी भगवान् पशुपतिनाथसँग विनम्र प्रार्थना गर्दछु ।

अन्तमा आयुर्वेद लगायत विविध विषयका हस्तलिखित ग्रन्थहरूको सम्पादन-प्रकाशनको कामलाई विशेष अभिरुचि एवं परिश्रमका साथ क्रियान्वयनमा जुट्नुभएका अनुसन्धान अधिकृत श्रीमती मनिता न्यौपानेजीसहित राष्ट्रिय अभिलेखालय परिवारलाई हार्दिक धन्यवाद दिँदै नववर्ष २०७८ सबैका लागि सुखमय होस् भन्ने शुभेच्छा व्यक्त गर्दछु

२०७८ वैशाख ४ गते

डा. काशीराज सुवेदी
निवृत्त उपप्राध्यापक
आयुर्वेद क्याम्पस
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, नेपाल ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वैद्यजीवनको परिचय र शुभकामना

आयुर्वेद आयु अर्थात् जीवनको लागि हित गर्ने र अहित गर्ने समग्र विषय-वस्तुहरूका बारेमा वर्णन गरिएको सनातन र मौलिक जीवन-विज्ञान हो । यसमा स्वस्थ व्यक्तिको स्वास्थ्य-रक्षा गर्ने तथा रोगीको रोग-निवारण गर्ने उद्देश्यले त्रिसूत्रका रूपमा आरोग्य एवं रोगको कारण, लक्षण र औषध वा उपायहरूसम्बन्धी सबैका लागि सधैं उपयोगी व्यावहारिक ज्ञानहरू समेटिएका छन् । आदरपूर्वक यसको अध्ययन र बोध गरेर तदनुसार आचरण-व्यवहार गरेमा विभिन्न किसिमका रोगहरूबाट बच्न, स्वस्थ-सुखी एवं दीर्घजीवी रहन सकिने हुँदा यसलाई अमृतहरूमा श्रेष्ठ मानिएको छ- आयुर्वेदोऽमृतानाम् । सबै चेतनावान् जीवले स्वभावतः सुख अर्थात् दुःखबाट मुक्ति चाहने र त्यसका निम्ति प्रयत्न गर्ने भएकाले आदि कालदेखि नै श्रुति-स्मृति परम्पराबाट प्राकृतिकरूपमा प्रवाहित हुँदैआएको आयुर्वेद पछि आएर संस्कृत भाषा र लिपीको विकास सँगसँगै सम्बन्धित तत्त्वज्ञानी ऋषि-मनीषीहरूद्वारा पाषाण, धातु, वनस्पति आदि प्राकृतिक वस्तुहरूमा लिपीबद्ध भएर क्रमशः व्यवस्थित एवं परिमार्जित अभिलेखका रूपमा विकसित र विस्तारित हुँदैआएको बुझिन्छ ।

हाल उपलब्ध आयुर्वेदका बृहत्त्रयी चरक-सुश्रुत-वाग्भट लगायतका प्रतिष्ठित ग्रन्थहरू अधिकांश कवितात्मक शैलीमा अनेक छन्दहरूमा लेखिएका छन् । तिनै अमृतमय ग्रन्थहरूबाट प्राप्त ज्ञानका आधारमा लोकोपकारी एक वैद्यराज कविवरले ४०० वर्षभन्दा पहिला मानिसहरूलाई स्वस्थ-सुखी र रोगमुक्त हुने उपायहरूको ज्ञान दिने उद्देश्यले उत्तम चिकित्सोपयोगी योगहरू सहित समेटेर आफ्नी प्रियतमासँग विलासमय संवादको शैलीमा संस्कृत भाषामा रचना गरिएको **वैद्यजीवनम्** उत्कृष्ट वैद्यक-काव्य हो । नाम अनुसार नै वैद्य अर्थात् चिकित्सक, चिकित्सा र औषधि-विज्ञानको क्षेत्रमा अत्युपयोगी हुनुको साथै लालित्यपूर्ण र मनोहर सुभाषित भएको कारणले यो समकालीन ग्रन्थहरूमा सर्वाधिक लोकप्रिय र प्रचलित भयो । यसलाई बुझ्न सरल बनाउन गोस्वामी हरिनाथकृत गूढार्थदीपिका, रुद्रभट्टकृत टीका, यतिवर्यआनन्दकृत दीपिका, विद्वद्वैद्यरञ्जिनी, कृष्णपण्डितीय, प्रयागदत्त, भवानीसहाय, दामोदर, भगीरथ लगायतका धेरै विद्वान्हरूले संस्कृतमै टीकाहरू लेखेका पाइन्छन् भने हिन्दी, गुजराती आदि भाषामा पनि टीका, अनुवादहरू गरिएका पाइन्छन् । यसको परिचय प्रा. डा. चन्द्रराज सापकोटाद्वारा नेपालीमा लेखी वि.सं. २०७१ मा प्रकाशित आयुर्वेदको बृहत् इतिहासमा पनि पाइन्छ ।

वैद्यजीवनका विषयवस्तुहरू :

वैद्यजीवनमा देहायबमोजिमका विषय-वस्तुहरूलाई पाँच विलासहरूमा विभाजन गरी २२६ श्लोकहरूमा आबद्ध गरिएको छ :

प्रथम विलासमा ८३ श्लोकहरू छन् । यसको प्रारम्भमा भगवान् विष्णुको स्तुतिपूर्वक मङ्गलाचरण र सप्तशृङ्गी देवीको प्रार्थना गरेपछि विद्वद्वर लोलिम्बराज दोश्रो-तेश्रो श्लोकमा विलासपूर्ण संवादको शैलीमा आफ्नी सुन्दरी पत्नीसँग रोगीहरूलाई आरोग्य प्राप्त होस् भन्ने तीव्र इच्छाले वैद्यजीवन नामको काव्यग्रन्थ रचना गर्ने प्रतिज्ञा गरेर शुरुमै रसिकभावको छनक दिन्छन् । यसमा ग्रन्थको नाम, सम्बन्ध वा विषय, प्रामाणिकता, प्रयोजन बताएपछि भिषक् (चिकित्सा अधिकारी) हुन आवश्यक कुराहरू सार-संक्षेपमा यसरी ८ बुँदामा समेटिएको छ :

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गुरोरधीताखिलवैद्यविद्यः पीयूषपाणिः कुशलः क्रियासु। गतस्पृहो धैर्यधरः कृपालुः शुद्धोऽधिकारी भिषगीदृशः स्यात्॥

त्यसपछि रोगहरूको राजा ज्वरका अनेक प्रकारहरूसँगै रुघा, खोकी, दम, घाँटी दुख्ने, शिरःशूल, मुखरोग, अरुचि, अजीर्ण, तृष्णा, उदरशूल, पार्श्वशूल, छर्दि, शोथ, अनिद्रा, मानसिक विकार, वातरोग जस्ता लक्षणहरूको चिकित्सासम्बन्धी उपायहरू सुझाइएको छ। आफैमा धेरै तितो कुटकीले मुखको तितोपन हटाएर धेरै आनन्द दिने आश्चर्यजनक प्रभावलाई बुझाउन कविले चवालिसौं श्लोकमा कमलजस्तै कोमल स्तनमा दवाउँदा दुःखको सट्टा आनन्द महसुस गर्ने स्त्रीलाई देख्दा आफुलाई आश्चर्य लागेको भन्ने उपमा दिएर आफ्नो प्रखर पाण्डित्यद्वारा उत्कृष्ट साहित्यिक रसास्वादन गराउनुको साथै आश्चर्यजनक रूपले आफु प्रवर भिषक् भएको सिद्ध गरेका छन्। पथ-परहेजको अपरिहार्यता दर्शाउने अति महत्त्वपूर्ण, लोकप्रिय र प्रसिद्ध व्यञ्जनात्मक यो श्लोक पनि यहीं छ- पथ्ये सति गदार्त्तस्य किमौषध निषेवणैः ? **पथ्येऽसति गदार्त्तस्य किमौषध निषेवणैः॥**

द्वितीय विलासका २९ श्लोकहरूमा अतिसार, ज्वरातिसार, ग्रहणीरोग, प्रवाहिका, तृष्णा, वमन, पार्श्वशूल, कब्जियत, आमशूल, आमवात, शूल, गुल्म, प्लीहारोग, अर्श, प्रमेह, कामलाको चिकित्सामा उपयोगी योग-कल्पहरू वर्णन गरिएको छ। यसको सातौं श्लोकमा दोहोरो अर्थ लाग्ने पर्यायनामहरू प्रयोग गरी भगवान् कृष्णका भक्तसँग तुलना गर्दै अतिसार रोगीका लागि धान्यपञ्चकको महत्त्व अभिव्यञ्जनात्मक एवं प्रश्नार्थक शैलीमा किं बालकश्रीघनधान्यविश्वैः ? भनेर दर्शाइएको छ। पन्ध्रौं श्लोकमा बेलको औषधीय महत्त्व काव्यिक लालित्यद्वारा यति रसिक बनेको छ- **कुक्षिशूलामशूलघ्नं विविधास्रातिसारजित्। सेवेत सगुडं बिल्वं बिल्वतुल्यपयोधरे !॥** उपद्रवयुक्त असाध्य अतिसार जस्ता रोग लागेको अवस्थामा रोगीलाई मानसिक शान्तिका लागि भगवान्को नाम स्मरण-भजन गर्ने वा गराउने उपदेश सोह्रौं श्लोकमा यसरी गरिएको छ- **तृट्श्वासकास ज्वरशोफमूर्च्छा हिक्काऽन्नविद्वेषण वान्तिशूलैः। युक्तोऽतिसारी स्मरतु प्रसह्य गोविन्द ! दामोदर ! माधवेति॥**

तृतीय विलासका ४५ श्लोकहरूमा कास, श्वास, पीनस, आमवात, नेत्ररोग, कामला, योनिशूल, स्तन्यदुष्टि, प्रदर, गर्भिणी तथा सूतिकारोग, बालातिसार र बालरोगको चिकित्सामा उपयोगी योग-कल्पहरू वर्णन गरिएको छ। यो विलासको विसौं पद्यमा गुडूची र सूठोको तितो र पिरो काढाले आमवात निको हुन्छ भन्ने कुरालाई यसरी कामुक स्त्रीको हाउभाउको उपमा दिएर स्वादिलो पारिएको छ- **विलासिनी विलासेन विलासहृदयं यथा। तथा गुडूचीविश्वेन हरेदामसमीरणम्॥**

४५ श्लोकयुक्त चतुर्थ विलासमा क्षयरोग, व्रण, मोटोपन, प्रमेह, वातरक्त, मुखपाक, अम्लपित्त, विसूचिका, गर्मी (घमौरा), लुतो, विपादिका (हात-गोडा फुट्ने), कुष्ठ, अर्श, गण्डमाला, मन्दाग्नि, अश्मरी, अग्निमान्द्य, विद्रधि, हृद्रोग, दन्तरोग, रक्तपित्त, कास, श्वास, हिक्का, भ्रमरोग, शोक, उरुस्तम्भ, मूत्रकृच्छ्र, मूत्राश्मरी, व्यङ्ग (चाया-पोतो), तारुण्यपिडका (डण्डिफोर), शोथ, शिरोरोग, कर्णशूल, वातरोग, पित्तरोग, कफरोगको चिकित्सामा उपयोगी योग-कल्पहरू वर्णित छन्। आठौं श्लोकमा चिराइतो आदिको काढा महसँग खाँदा अम्लपित्त रोग नाश गर्ने औषधिसँगै वेश्याको हाउभाउले चित्त भड्किने विषय पनि यसरी सुझाएका छन्- **भूनिम्बनिम्बत्रिफलापटोलवासाऽमृतापर्पटभृंगराजैः। क्वाथो हरेत् क्षौद्रयुतोऽम्लपित्तं चित्तं यथा वारवधूविलासः॥**

२४ श्लोकयुक्त पञ्चम विलासको बीसौं श्लोकमा वाजीकर, वीर्यवर्द्धक, विषमज्वरहर, ग्रहणी-शूल-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उदररोग-पाण्डु-प्रमेहनाशक, वातरोगनाशक योग-कल्पहरू वर्णन गरेपछि आयुर्वेद जगत्मा प्रसिद्ध २१ र २२ श्लोकमा १५ रोगहरूमा अत्युपयोगी अनुपानहरू समेटेका छन्- **शूले हिंगु घृतान्वितं मधुयुता कृष्णा पुराणे ज्वरे, वाते साज्यरसोनकः श्वसनजे क्षौद्रान्वितां त्र्यूषणाम्।** ... आदि। त्यस्तै, तेइसौं श्लोकमा उदररोगले पीडित, वातव्याधिले पीडित र सांसारिक भयबाट पीडित मानिसहरूलाई **नारायण नामको** क्रमशः चूर्ण, तेल र भजन-संकीर्तन उत्तम औषधि हुन् भन्ने कुरा राजवैद्य कविले यति सुन्दर र सरस ढङ्गले बताएका छन्-

नारायणं भजत रे ! जठरेण युक्ता, नारायणं भजत रे ! पवनेन युक्ताः।
नारायणं भजत रे ! भव भीतियुक्ता, नारायणात् परतरं न हि किञ्चिदस्ति॥

यसरी सबै किसिमका शारीरिक एवं मानसिक दुःखनिवारण गरी यस लोकका साथै पारलौकिक आनन्द दिने उद्देश्यले पत्नीसँग विलासमय संवादको शैलीमा रचिएको मनोरञ्जनात्मक, शृङ्गाररसप्रधान काव्य वैद्यजीवनलाई अध्यायको साटो विलासहरूमा विभाजन गर्नुको औचित्य पनि स्पष्ट हुन्छ।

वैद्यजीवनम् ग्रन्थका रचनाकार :

संस्कृतमा लेखिएको शृङ्गाररसप्रधान यस काव्यको अन्तिम अर्थात् पाँचौं विलासको पच्चिसौं श्लोकमार्फत ग्रन्थकारले आफ्नो संक्षिप्त परिचय दिएका छन्। तदनुसार कवि लोलिम्बराज धन्वन्तरिका स्वरूप अर्थात् समकालीन वैद्य वा चिकित्सकहरूमा श्रेष्ठ हुनुका साथै कविहरूका शिरोमणि विद्वान् र सर्वोत्कृष्ट गीत-संगीतकार पनि थिए। त्यसैले वैद्यराज उपाधिबाट विभूषित उनी तत्कालीन राजसभाका रत्न पनि थिए। उनका पिताको नाम दिवाकर भट्ट थियो। यो वैद्यजीवन नामक ग्रन्थ उनले मनोहर उक्ति अर्थात् कान्ता प्रियासँगको विनोदपूर्ण संवादद्वारा अभिभूत भएर रचना गरेको बताएका छन् तापनि यौनविलास बाहेक अन्य रोचक, मर्मस्पर्शी एवं लोकोपयोगी उपमाहरू समेत यत्रतत्र दिएका छन्।

वैद्यराज लोलिम्बराज भारतको महाराष्ट्रस्थित पूना जिल्ला अन्तर्गत जुनार ग्रामका निवासी, भगवान् विष्णु र स्थानीय सप्तशृङ्गस्थ दुर्गादेवीका उपासक थिए। उनले तत्कालीन कुनै सुबेदारकी पुत्री मुरासासँग विवाह गरेका थिए जो साहित्य र व्याकरणमा निपुण विदुषी हुनुको साथै रूपवती, फरासिली, मनोहर चालढाल र शील-विनयसम्पन्न भएकीले पतिले बारम्बार रत्नकला (अयि रत्नकले !) भनेर सम्बोधन गरिएकी महसुस हुन्छ। ग्रन्थकारले रचनाकाल जनाउने तिथि-मिति कतै उल्लेख गरेका छैनन् तर भारतका प्रसिद्ध आयुर्वेदज्ञ अत्रिदेव विद्यालङ्कारद्वारा लेखी ई.१९६० मा प्रकाशित आयुर्वेदको बृहत् इतिहास, प्रथम संस्करण, पृष्ठ ३१० मा वैद्यजीवनको हस्तलिखित प्रति ई.सन् १६०८ मा उपलब्ध भएको भन्ने उल्लेख भएको र अन्य पूर्वापर साक्ष्यको आधारमा यो वैद्यक-काव्य सोह्रौं शताब्दिको अन्त्य वा सत्रौं शताब्दिको प्रारम्भमा लेखिएको मानिएको छ।

वैद्यजीवनम् ग्रन्थको विशेषता र महत्त्व :

उपयोगिताका दृष्टिले पनि नामअनुरूप नै रहेको वैद्यजीवनमा प्रायःसबै प्रचलित रोगहरूको उपचारमा बाह्य एवं आभ्यन्तर प्रयोग गर्न उपयोगी सिद्ध एवं सद्यःफलप्रद, सुलभ र सरल औषधिहरू बताइएको छ जसमा स्वरस, कल्क, चूर्ण, क्वाथ, पान, लेप, तेल, घृत, अवलेह, वटी, मोदक आदि काष्ठौषधिहरू र रसौषधिहरूसँगै अभ्यङ्ग, नस्य, गण्डूष-कुल्ला, धूपन, रक्तमोक्षण, लंघन जस्ता कर्म र पथ्य आहार-विहारहरू पनि समाविष्ट

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

छन् । अनुभूत औषधि वा अनुपान/सहपानका रूपमा यसमा उल्लिखित अधिकांश जडीबुटीहरू हाम्रै वरपर पाइने, घरेलुस्तरमै एकल औषधि एवं योगहरू निर्माण गर्नसकिने र उपयोगिताका दृष्टिले पनि सरल भएकाले औषधि वा अनुपानका रूपमा प्रयोग गर्न सकिने खालमा छन् ।

आयुर्वेद साहित्यमा विशिष्ट महत्त्व राख्ने यस ग्रन्थका रचनाकारद्वारा बारम्बार आफ्नी प्राणप्रिया पत्नी रत्नकलालाई सम्बोधन गरेर साह्रै सुन्दर शब्दहरूमा अनेक सरस उपमाहरूसहित रचिएका रसिला पद्यमध्येबाट उद्धरण गरिएका कतिपय श्लोकहरू आयुर्वेदका साहित्यप्रेमी अधिकांश विद्यार्थीहरूले रुचिपूर्वक अध्ययन-मनन र कण्ठस्थ गरेर लोलिम्बराजकृत वाणीविलासको आनन्द लिने गर्दछन् । संस्कृतका मूलपाठसहित हिन्दी भाषामा धेरै टीकाहरू प्रकाशित भएको, अनेक स्थानीय भाषाहरूमा अनुवाद भएको, नेपालको राष्ट्रिय अभिलेखालयमा पनि ३८ वटा अलग-अलग हस्तलिखित प्रतिहरू सङ्कलन गरेर सुरक्षित राखिएकोबाट पनि यो आयुर्वेद चिकित्सा वाङ्मयको महत्त्वपूर्ण र अमूल्य निधि भएको बुझ्न सकिन्छ ।

नेपालमा वैद्यजीवनम् ग्रन्थका पाण्डुलिपीहरू :

नेपालको राष्ट्रिय अभिलेखालयबाट प्रकाशित 'आयुर्वेद विषयका ग्रन्थहरूको हस्तलिखित सूचीपत्र'मा वैद्यजीवनका १२ वटा हस्तलिखित प्रतिहरू सो अभिलेखालयमा रहेको उल्लेख छ जसमध्ये ४ वटा टीका वा व्याख्यासहित रहेका छन् । सो अभिलेखालयमा वैद्यजीवनका ३८ वटा माइक्रोफिल्महरू रहेका छन् जसमध्ये ५० भन्दा धेरै पत्रका ७ वटा छन् भने ६० पत्रसम्मका ३ वटा छन् । बाँकी ४ मध्ये ६७ पत्रको (रिल नं. बी १६६/१), ७१ पत्रको (रिल नं. बी १७०/३), ७७ पत्रको (रिल नं. ए १२८९/७) र ७९ पत्रको (रिल नं. इ २२२१/१६) १-१ वटा छन् ।

वि.सं. २०६८ (ई.सन् २०१२) मा नेपाली भावानुवाद र ८ वटा अनुसूचीहरूसहित काठमाण्डौंबाट प्रकाशित वैद्यजीवनम् ग्रन्थको आवरणपृष्ठको भित्रपट्टि नेपालको राष्ट्रिय अभिलेखालयमा रहेका वैद्यजीवन ग्रन्थका ११ देखि ७९ पत्रसम्मका देवनागरी लिपीका जम्मा ३८ माइक्रोफिल्महरू सुरक्षित रहेको उल्लेख गरिएको छ जसमध्ये सो अभिलेखालयमा रहेका १४ वटा हस्तलिखित प्रतिहरूको विवरण दिइएको छ भने एउटा (रिल नं. सी २०/९) को हस्तलिखित प्रति केशर पुस्तकालय, काठमाण्डौंमा रहेको र बाँकी अभिलेखहरू देशका विभिन्न स्थानमा व्यक्ति वा संस्थासंग रहेको बताइएको छ ।

वैद्यजीवनम् ग्रन्थको नेपालीमा अनुवाद :

नेपालको राष्ट्रिय अभिलेखालयमा करिब १,००० संख्यामा रहेका आयुर्वेदसम्बन्धी हतलिखित ग्रन्थहरूमध्ये औंलामा गन्न सकिने संख्यामा मात्र प्रकाशित हुनसकेका छन् । भारतको महाराष्ट्रका कविवर वैद्य लोलिम्बराजद्वारा संस्कृतमा लेखिएको आयुर्वेदको विशिष्ट ग्रन्थ वैद्यजीवनको देवनागरी लिपिमा संस्कृत भाषाका हस्तलिखित प्रतिहरू रहे पनि नेपाली अनुवाद भने वि.सं. २०६८ मा मात्र भएको पाइन्छ। पाँच विलास र २०२ श्लोकयुक्त **वैद्यजीवनम्**मा समाविष्ट २०४ औषधि योग-कल्पहरू एवं द्रव्यहरूको संस्कृत, नेपाली र अङ्ग्रेजी वा ल्याटिन नामहरूको सूचीसहित गरिएको नेपाली भावानुवाद श्रीमती पुण्यप्रभा अधिकारीले निजीस्तरमा १००१ प्रति प्रकाशित गर्नुभए पनि त्यसको पर्याप्त प्रचार-प्रसार र बजारीकरण भएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यस्तो स्थितिमा राष्ट्रिय अभिलेखालयकै सक्रियता र सहयोगमा विद्वान् मित्रवर डा. छत्रपति दाहालज्यूले अजीर्णमञ्जरी र अनुपानमञ्जरीपछि अभिलेखालयमा रहेको वैद्यजीवनको पनि प्रत्येक श्लोकको अन्वय मिलाएर, प्रत्येक पदहरूको अर्थसहित व्याख्या र नेपालीमा भावार्थसहित सम्पादन गर्नुभएको टीका प्रकाशन हुनलागेको थाहा पाउँदा निकै खुशी लागेको छ। प्रस्तुत पुस्तकको प्रकाशन र सुलभ उपलब्धता भएपछि यस क्षेत्रका चिकित्सक, स्वास्थ्यकर्मी, शिक्षक, अनुसन्धानकर्ता लगायत सबै जिज्ञासु सज्जनहरूलाई लाभ पुग्नेछ। यद्यपि रोग, रोगी, औषधि र चिकित्साका बारेमा यथेष्ट ज्ञान नभएका पाठकहरूले यो पुस्तक पढेको मात्र आधारमा स्वयंवैद्य बनेर यसमा सुझाइएका औषधि-योगहरूको प्रयोग गर्दा **भेषजं चापि दुर्युक्तं तीक्ष्णं संपद्यते विषम्** भनेझैं हानिकारक पनि हुनसक्ने हुँदा त्यसतर्फ भने सचेत रहनुपर्ने हुन्छ।

आयुर्वेदाचार्य डा. दाहालले बाल्यकालदेखि नै संस्कृतको अध्ययनसँगै नेपाली र अर्थशास्त्रमा पनि स्नातक गरी शास्त्रीय ज्ञानका साथै चिकित्सा, हिमाली क्षेत्रदेखि मधेशसम्म, पूर्वदेखि पश्चिमसम्म देशका विभिन्न क्षेत्रको पैदल अध्ययन-अवलोकन भ्रमण, ग्रन्थ सम्पादन, लेखन, अनुवादन, प्रकाशन लगायतका विविध क्षेत्रमा निष्ठापूर्वक संलग्न रही लामो अनुभव पनि हासिल गर्नुभएको र उल्लेख्य गुन लगाउँदै आउनुभएको छ। हाल काठमाण्डौंको नरदेवीस्थित आयुर्वेद चिकित्सालयमा सेवारत सहृदयी चिकित्सक दाहालज्यूलाई आयुर्वेद साहित्यको भण्डारलाई समृद्ध बनाउँदै यसको उन्नयन गर्ने लोकोपकारी सत्कार्यमा अनवरत लागिरहने अनुकम्पा र प्रेरणासहित आरोग्यमय दीर्घजीवन प्राप्त भइरहोस् भनी परमेश्वरसँग प्रार्थना गर्दछु। साथै, राष्ट्रिय अभिलेखालयमा थन्किएर रहेका आयुर्वेदका यस्ता महत्त्वपूर्ण अभिलेखहरूलाई क्रमशः प्रकाशित गर्ने-गराउने पुनीत सत्कार्यले आगामी दिनमा निरन्तरता पाउँदै जाने अपेक्षासहित अभिलेखालय परिवारप्रति सधन्यवाद कृतज्ञता व्यक्त गर्दछु। शुभमस्तु !

२०७७/०१/०८, श्रीराम नवमी।

प्रा. डा. श्याममणि अधिकारी
सह-प्राज्ञ
नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रागवचन

शरीर, इन्द्रिय, सत्व, आत्मा यी चार तत्वको संयोगमा जीवन टिकेको हुन्छ। यसैलाई आयुर्वेदले आयु भनेको छ। आयुलाई यिनै चार तत्वले धारण गरेका हुन्छन्। चार तत्वले धारण गरुञ्जेल अथवा यी चार तत्वको संयोग रहुञ्जेल आयु जीवित रहन्छ यिनीहरूको वियोग भएपछि आयु सकिन्छ। आयु नित्य गतिशील हुन्छ। आयु यी चार तत्वसित जहिले पनि अनुबन्धित हुन्छ। आयु शब्दले नै बताएको छ– एति गच्छतीति आयुः।

शरीरेन्द्रियसत्वात्मसंयोगो धारि जीवितम्।
नित्यगश्चानुबन्धश्च पर्यायैरायुरुच्यते॥ –च.सू. १।४२

यी चार तत्वद्वारा धारित, जीवित, अनुबन्धित र गतिशील मानव आयुका चार मुख्य प्रयोजन मानिएका छन्– धर्म, अर्थ, काम र मोक्ष। यिनलाई पुरुषार्थ चतुष्टय वा चतुर्वर्ग पनि भन्दछन्। चारै वर्ग हासिल नगरेसम्म पुरुषार्थ हासिल भएको ठहरिँदैन। यो हाम्रो प्राच्य शास्त्रीय मर्यादा हो।

आयु पनि चार किसिमका छन्– हितायु, अहितायु, सुखायु, दुःखायु। स्वस्थ आयु हितायु हो। अस्वस्थ आयु अहितायु हो। स्वस्थ पनि होस् सुख पनि होस्, यस्तो आयु सुखायु हो। अस्वस्थ पनि र सुख नभएको अवस्था पनि भएको यस्तो आयु दुःखायु हो। दुःख भए पनि स्वस्थ भए त्यो पनि हितायु हो। सुख भए पनि स्वास्थ्य नभए त्यो अहितायु हो। यसरी आयु र आयुको हित अहितको सेरोफेरोमा आयुर्वेद जहिले पनि रहिरहने सनातन शास्त्र हो।

हिताहितं सुखं दुःखमायुस्तस्य हिताहितम्।
मानञ्च चच्च यत्रोक्तमायुर्वेदः स उच्चते॥ –च.सू. १।४१

आयु जीवन पनि हो। यहाँ स्वस्थ जीवनको स्वास्थ्यरक्षा र अस्वस्थ जीवनको विकारप्रशमन गरिन्छ। स्वास्थ्य के हो र रोगको कारण तथा शमनको उपाय के हो भन्ने सम्बन्धमा नै आयुर्वेद चिकित्साका चिकित्सकहरूको मथिंगल मडारिइरहेको हुन्छ।

आयुर्हिताहितं व्याधेर्निदानं शमनं तथा।
विद्यते यत्र विद्वद्भिरायुर्वेदः स उच्यते॥ –भावप्रकाशः पू. १।३॥

वैद्यहरूको जीवन भनेको समाजमा हितायु वा स्वास्थ्य स्थापना गर्नका लागि खटिएको समर्पित जीवन हो। उनीहरूको जीवनमा दोषसाम्य (Normal Humors) अग्निसाम्य, (Normal Heat & Calory Function), धातुक्रिया-साम्य (Normal Anabolism), मलक्रिया-साम्य (Normal Catabolism) यी शारीरिक अवस्थाहरूको अनुकूलता स्वास्थ्य अवश्य हो तर यतिमात्रले पूर्ण स्वास्थ हासिल हुँदैन। व्यक्तिको आत्मा प्रसन्न छ कि क्लेशयुक्त छ ? इन्द्रियहरू सक्षम छन् कि छैनन् ? मनले चञ्चल भएर इन्द्रियहरूलाई हाँकिरहेको छ कि बलवत् या दृढ भएर इन्द्रियहरूको निग्रह या नियन्त्रणका साथ असल कार्यमा लगाएर सही मार्गमा हाँकिरहेको छ ? यस्ता प्रश्नहरूको उत्तरको खोजी अनादिदेखि नै चलिरहेको थियो। महादेवलाई पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पाउने आशाले पार्वतीले कठोर तपस्या गरेर अपर्णा नाम प्राप्त गरेकी थिइन् । लामो समयको कठोर तपपछि प्रसन्न भएका महादेवले पार्वतीलाई दर्शन दिएपछिको पहिलो वाक्यलाई महाकवि कालिदासले आफ्नो प्रसिद्ध महाकाव्य **कुमारसम्भवम्**मा यसरी प्रस्तुत गरेका थिए–

अपि क्रियार्थं कुशली समित्कुशं जलान्यपि स्नानविधिक्षमाणि ते ॥

अपि स्वशक्त्या तपसि प्रवर्त्तसे शरीरमाद्यं खलु धर्मसाधनम् ॥– कुमारसम्भवम्, महाकविकालिदासः।

हे पार्वती ! के तिमीले आफ्ना कामहरू कुशलतापूर्वक गर्नसकेकी छ्यौ ? के तिमी यज्ञका लागि समिधा कुश, जलआदि आफैं ल्याउनसक्छ्यौ ? के तिमी सजिलैसित नुहाउनसक्छ्यौ ? के तिमी आफ्नै शक्तिले तपस्यामा प्रवृत्त हुन्छ्यौ ? किनभने शरीर नै समस्त धर्मको पहिलो साधन हो । यहाँ महादेवको भनाइ सबभन्दा पहिला शरीर अर्थात् स्वास्थ्य सही भएको अवस्थामा मात्र तप र धर्मका कार्य गरिनुपर्दछ भन्ने हो । जीवनमा स्वास्थ्यको स्थान कति महत्वपूर्ण रहेको छ भन्नेकुरा यसबाट बुझिन्छ । आचार्य सुश्रुतको स्वास्थ्यको निम्न परिभाषा आयुर्वेदका जिज्ञासुहरू सबैलाई विदित भएको कुरा हो ।

समदोषः समाग्निश्च समधातुमलक्रियः ।

प्रसन्नात्म्येन्द्रियमना स्वस्थ इत्यभियते ॥ सु.सू. १५।४१

वैद्यको जीवन लरतरो नभएर चुनौतिपूर्ण रहेको छ । शरीर, इन्द्रिय, सत्व र आत्माको संयोगलाई यथोचित कायम राखिरहनु वैद्यको काम हो । दोष, धातु, मल र अग्निलाई साम्यावस्थामा राख्नु वैद्यको कर्तव्य हो । व्याधिको कारण पहिल्याई निदानपरिवर्जन गर्नुगराउनु तथा भइसकेको व्याधिलाई शमन गरेर व्याधितलाई निरोगी बनाउनु वैद्यको सफलता हो । यस्ता कार्यमा आफूलाई निरन्तर प्रयत्नशील गराइरहनु यही नै वैद्यजीवन हो ।

साहित्य पौरस्त्य वाङ्मयको सर्वाधिक उन्नत विधा हो । हृदयमा जे विचार प्रस्फुटित हुन्छ त्यसलाई सुन्दर एवं कलात्मक गुम्फनद्वारा लालित्यमय र रसमय तुल्याएर प्रस्तुत गरिएका कथा, कविता, उपन्यास, गीत, निबन्ध, महाकाव्य आदिलाई एउटै शब्दमा भन्नुपर्दा साहित्य भनिन्छ । **हितेन सह, तस्य भावः साहित्यम् ।** साहित्यको अनुवाद अंग्रेजीमा लिटरेचर गर्दा यो भाव बुझिन्छ कि बुझिँदैन ? यो प्रश्नलाई अहिले यहीं थाति राखौं । लोकहित, समाजहित, प्रकृतिहित, वातावरणहित, देवहित जसको पनि हित लक्षियत गरेर लेखिएको रचना पूर्वीय वाङ्मयको साहित्य हो । साहित्यको पंक्तिमा उभिएको **वैद्यजीवनम्** पनि तीमध्ये एक हो । यसको रचना भारतको महाराष्ट्र अन्तर्गत पूनानगरनजिकको गुन्नार गाउँमा जन्मेका कवि लोलिम्बराजले गर्नुभएको हो । वैद्य पनि कवि पनि दुवै भएका लोलिम्बराज स्वयं वैद्यजीवन अपनाएर सह्यपर्वत स्थित सप्तश्रृंगमा रहेकी भगवतीको आराधना गरेर लोकहितका कार्य गरी बस्दथे । साहित्यका नवरसमध्ये श्रृंगाररसलाई मन पराउने लोलिम्बकी पत्नी पनि त्यत्तिकै विदुषी र श्रृंगारप्रिय थिइन् । वैद्यजीवन यिनै बुद्धिविलासी दम्पतीका सम्वादहरूको सुमधुर पद्यमय गुम्फन हो ।

वैद्यजीवन नेपाली जनजीवनमा भिजेको ग्रन्थ हो । राष्ट्रिय अभिलेखालयमा यसका अनेक प्रति सुरक्षित हुनु, आयुर्वेद चिकित्सालयमा पनि यसको एक प्रति फेला पर्नु र बुढापाकाहरूले पनि यसको बारेमा चर्चा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गरिरहनु आदिले यस कुराको पुष्टि गर्दछन् । तसर्थ यसलाई अभिलेखालयको माइक्रोफिल्ममा सीमित राख्नुभन्दा सर्वसाधारणको पहुँच हुनेगरी प्रकाशित गर्नु उचित हुने कुरा महशूस गरियो । राष्ट्रिय अभिलेखालयले यसको सम्पादन, अनुवाद तथा व्याख्या गर्न मलाई जिम्मा दियो । अभिलेखालयको माइक्रोफिल्म ए-२१४/१ मा आधारित रहेर अन्य आधा दर्जनजति हस्तलिखित ग्रन्थको सहारा लिएर मैले यसको सम्पादन कार्य गरें । यसै बीचमा विश्वव्यापी कोभिड्-१९को महामारी र आतङ्क मच्चियो । बन्दाबन्दीका वेलामा साहित्यिक रचना गर्न फुर्सद र भाव प्राप्त भए पनि खोजमूलक कार्य गर्न अलि अप्ठ्यारो पर्दोरहेछ । त्यसमाथि स्वदेशमा नभएको अवस्थामा त झन् गाह्रो हुनेरहेछ । विश्वको सबभन्दा समृद्ध र वैज्ञानिक सुविधासम्पन्न देशलाई पनि कोरोना किराले आच्छुआच्छु पारेको थियो । त्यस अवस्थामा मलाई मेरा कार्यमा सघाउने अमेरिकामा रहेका आफन्त र मित्रहरूलाई म अहिले सगौरव सम्झिरहेको छु र हार्दिक कृतज्ञता समेत प्रकट गरिरहेको छु ।

काठमाण्डौमा रहेर पटकपटक मलाई अध्ययनसामग्री पठाउने जतिखेर पनि सोधेको विषयमा छलफल गरी महत्वपूर्ण सुझाव दिइरहनुहुने विद्वान् डा.काशीराज सुवेदीलाई मुरी मुरी धन्यवाद दिँदै उहाँको गुनलाई हृदयको मूलकक्षमा राखिरहने प्रतिज्ञा गरेको छु । यसअघि नेपाली भाषामा डा. श्याममणि अधिकारीले **वैद्यजीवनम्**को अनुवाद गरिसक्नुभएको थियो । वि.सं.२०६८ मा प्रकाशित उहाँको भावानुवादले मलाई निकै बाटो पहिल्याइदिएको थियो । उहाँको यस महत्वपूर्ण कार्यलाई पनि भूरि भूरि प्रशंसा गर्नु मेरो हार्दिक दायित्व हो । साथै **वैद्यजीवनम्**को दीपिकाख्या व्याख्या, चौखम्बाद्वारा प्रकाशित सुधा हिन्दी व्याख्या पनि मेरा कार्यका लागि पथप्रदर्शक बनेका थिए । साथै सन्दर्भ ग्रन्थमा उल्लिखित ग्रन्थका ग्रन्थकारहरूलाई मेरा सन्दिग्धतामा सन्मार्ग प्रदान गरिदिनुभएकोमा मूरिमूरि धन्यवाद प्रकट गर्दछु । ग्रन्थको प्रकरणको प्रारम्भमा प्रकरणसूचक वाक्यांश तथा प्रकरणान्तमा राखिएको पुष्पिकालाई एकरूपता गर्दा पूर्वाचार्यहरूका केही शब्द छुट हुन गएका र केही शव्द थप हुन गएका रहेछन्भने त्यो मेरो धृष्टता नभएर सद्भावना ठानिनेछ भन्ने आशा गर्दै यसबाट पूर्वाचार्यहरुमा मबाट अपमान हुन गएको भए प्रणतिपूर्वक क्षमायचना पनि गर्न चाहन्छु । सबै व्याख्याकार हरूलाई लाख लाख साधुवादसहित आभारप्रदर्शन गर्न चाहन्छु ।

यस्तो जनोपयोगी ग्रन्थलाई नेपाली कागतमा हरिताल लगाएर, लाहाको मसी बनाएर बाँस, निगालो, मयूरको प्वाँख आदि तिखारेर हातले लेखिदिने हाम्रा हितकारी पुर्खाहरू जसले आफ्नो नामको लोभ पनि गरेनन् त्यस्ता **रजस्तमोनिर्मुक्त आप्तपुरुष**लाई हृदयको सर्वोच्च आसनमा राखेर अभिनन्दन गर्नु हामी सबैको कर्तव्य हो ।

राष्ट्रिय अभिलेखालयका निमित्त महानिर्देशक सौभाग्य प्रधानाङ्ग, अनुसन्धान अधिकृत मनिता न्यौपानेलगायत समस्त अभिलेखालय परिवारले यस असल कार्यका लागि मलाई पत्याएर विभिन्न कठिनाइ एवं असुविधाहरूमा सहजीकरण र कार्यसम्पादनमा महत्वपूर्ण भरथेग गरिदिएको कहिल्यै बिर्सन नहुने गुनलाई शत शत वन्दन गर्न चाहन्छु ।

वैद्यजीवनम् ग्रन्थको परिचय र यसको उपादेयताबारे आफ्नो विद्वत्तापूर्ण भूमिका लेखिदिनुहुने अग्रज विद्वान् डा. काशीराज सुवेदी तथा डा. श्याममणि अधिकारीले पर्याप्त उल्लेख गरिसक्नुभएकोले मैले थप कुरा भनिरहनुपरेन । मलाई संस्कृत वाङ्मयमा बामे सर्न तथा टुकुर टुकुर हिंड्न सिकाउने आदरणीय गुरूहरू,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सघाउने मित्रहरु र ग्रन्थ सम्पादन अवधिभर मेरो योग-क्षेम वहन गर्ने परिजनहरूमा पनि यथोचित श्रद्धा र स्नेह प्रकट गर्दछु। भारतको वेंगलुरुमा अध्ययन एवं अनुसन्धानमा संलग्न रहेकी स्नेहमयी वैद्य रमिता महर्जनले परिशिष्टलाई अद्यावधिक गर्ने कार्यमा निकै मेहनत गरेकी छिन्। उनलाई आशीष र प्रेरणा दिदै मेरा कार्यमा प्रत्यक्ष्य अप्रत्यक्ष्य रूपमा सघाउने सबैलाई कृतज्ञताले सम्मान गर्न चाहन्छु। यसको अध्ययन र त्यसपछिका प्रतिक्रिया सम्बद्ध सबैबाट मलाई मनग्गे प्राप्त हुनेछन् भन्ने आशा एवं विश्वासका साथ मेरा विनम्र उद्गारहरू यतिमै बिसाउन चाहन्छु।

२०७८/०२/३०, कौशिकी तृतीया

डा. छत्रपति दाहाल
श्री उग्रचण्डी नाला, चुनाताल,
बनेपा न.पा.-३, काभ्रेपलाञ्चोक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विषय-सूची

प्रथमो विलासः
ग्रन्थपरिचयपूर्वको ज्वरप्रतीकारो नाम विलासः १-५७
(मंगलाचरणम्, ग्रन्थपरिचयः, ग्रन्थप्रयोजनम्, अधिकारी भिषक्, निदानस्य प्राथमिकता, त्याज्यमौषधम्, पथ्यस्य प्रयोजनम्, सद्वैद्यप्रशंसा, ज्वरस्य बलवत्त्वम्, ज्वरादौ पाचनम्, नवज्वरे लंघनम्, वातज्वरे कषायः, पित्तज्वरे कषायः, पित्तकफज्वरे क्वाथः, षडंगशृतशीतम्, सहस्रधौतघृताभ्यंगः, निम्बप्रवालफेनलेपः, दाहशमनोपायान्, वातपित्तज्वरशमनम्, कासश्वासयुतज्वरः, श्लेष्मप्रकोपहरोपायान्, अरोचकापहः, सन्निपातहरोपायान्, सन्निपातकालयोरभेदः, कफोद्भूतजीर्णज्वरः, सन्निपातज्वरः, जीर्णज्वरः, ऐकाहिकज्वरः, तृतीयकज्वरः, चातुर्थिकज्वरः, शीतज्वरः महासमीरः, पुनःसमायातज्वरः, अष्टज्वराणामरिष्टम्, ज्वरवतानां ज्वरमुक्तानाञ्च लघुभोजनम्)

द्वितीयो विलासः
अतिसारग्रहणीप्रतीकारो नाम विलासः ५८-७७
ज्वरातिसारः ५८
अतिसारप्रतीकारः ६१
ग्रहणीप्रतीकारः ७०

तृतीयो विलासः
कासश्वासादिगर्भिणीरुक्प्रतीकारो नाम विलासः ७८-१०७
कासश्वासप्रतीकारः ७८
आमवातप्रतीकारः ९१
नेत्ररोगप्रतीकारः ९३
पाण्डुकामलाप्रतीकारः ९९
योनिशूलप्रतीकारः १००
प्रदरप्रतीकारः १०२
गर्भिणीसूतिप्रतीकारः १०५

चतुर्थो विलासः
क्षयादिप्रतीकारो नाम विलासः १०८-१४६
क्षयप्रतीकारः १०८
व्रणप्रतीकारः ११०
स्थौल्यप्रतीकारः ११०
कृमिप्रतीकारः १११
मुखपाकप्रतीकारः ११२
प्रमेहप्रतीकारः ११३
वातरक्तप्रतीकारः ११४
विसूचिकाप्रतीकारः ११६
निदाघप्रतीकारः ११८
पामाप्रतीकारः ११९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दुर्नामादिप्रतीकारः	११९
कण्डूप्रतीकारः	१२०
गण्डमालाप्रतीकारः	१२१
अम्लपित्तप्रतीकारः	१२२
अश्मर्यादिप्रतीकारः	१२२
कण्ठरोगप्रतीकारः	१२४
अग्निमान्द्यप्रतीकारः	१२५
विद्रधिप्रतीकारः	१२८
हृदयरुक्प्रतीकारः	१२९
दन्तरुक्प्रतीकारः	१३०
रक्तपित्तप्रतीकारः	१३१
हिक्काप्रतीकारः	१३२
भ्रमप्रतीकारः	१३३
शोकप्रतीकारः	१३४
ऊरुस्तम्भप्रतीकारः	१३५
रसगन्धकार्यम्	१३५
मूत्रकृच्छ्राश्मरीप्रतीकारः	१३७
व्यंगप्रतीकारः	१३८
तारुण्यपिटकारुंषिकाप्रतीकारः	१४०
शोफप्रतीकारः	१४१
शिरःकर्णरोगप्रतीकारः	१४२
वातप्रतीकारः	१४२
पित्तप्रतीकारः	१४४
कफप्रतीकारः	१४४

पञ्चमो विलासः

वाजीकरणादिप्रकरणं नाम विलासः १४७-१६०

(कामजननार्थं उपायाः, बहुबीजकरो योगः, दीर्घायुरकार्श्यकारणम्, अजरामरत्वापारवीर्यत्वसिद्धिः, मानिनीमानोच्छेदनम्, शतसुन्दरीणां भोगः, दशांगनाभिः सह रमणम्, वृद्धोपि तरुणायते, कन्दर्पवृद्धिजनं रसायनम्, चमत्कारकरान् रसान् :- विश्वतापहरणो रसः शीतारिरसः, कनंकसुन्दरोरसः, पञ्चामृतपपर्पटीरसः, आदित्यवटिका, विलासिनीवल्लभो रसः; अनुपानानि, नारायणाख्यमौषधम्, वैद्यजीवनग्रन्थस्य कवेर्लोलिम्बराजस्य प्रशस्तिः ।)

परिशिष्ट खण्ड १६१-१९०

संकेत

च.सू. =चरकसंहिता सूत्रस्थानम् ।

भावप्रकाशः पू.=भावप्रकाशः पूर्वखण्डः ।

सु.सू.= सुश्रुतसंहिता सूत्रस्थानम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वैद्यजीवनम्

प्रथमो विलासः

ग्रन्थपरिचयपूर्वको ज्वरप्रतीकारो नाम विलासः

श्रीगणेशाय नमः

विघ्नविनाशक सिद्धिदाता र मंगलकारकका रूपमा गणेशलाई नमस्कार गरेर शुभकार्य प्रारम्भ गर्ने हाम्रो परम्परा हो। यहाँ कवि र वैद्य लोलिम्बराजले आफ्नो वैद्यजीवनम् ग्रन्थको श्रीगणेश गर्दै मंगलाचरणको पद्य रचना गर्नुभन्दा पहिले गणेशलाई नमस्कार गरेका छन्।

मंगलाचरणम्–

प्रकृतिसुभगगात्रं प्रीतिपात्रं रमाया दिशतु किमपि धाम श्यामलं मंगलं वः ॥
अरूणकमललीलां यस्य पादौ दधाते प्रणतहरजटालीगांगरिंगत्तरंगैः ॥१॥

ग्रन्थको आरम्भमा, ग्रन्थको मध्यमा र ग्रन्थको अन्त्यमा मंगलाचरण गर्ने शिष्टाचार अनुसार वैद्यजीवनम् नामक यो साहित्यिक वैद्यक ग्रन्थका रचयिता कवि लोलिम्बराज आफ्ना इष्टदेवको स्मरणका साथ मंगलाचरण गर्दछन्। प्रस्तुत ग्रन्थ साहित्यिक ग्रन्थ हो। हितेन सह सहितः, सहितस्य भावः साहित्यम्। कविहृदय साहित्यिक हुन्छ। लोकहितका लागि यहाँ एकै व्यक्तिका दुई व्यक्तित्व उपस्थित छन्। पहिलो वैद्य लोलिम्बराज र दोस्रो कवि लोलिम्बराज। वैद्य स्वस्थ व्यक्तिको स्वास्थ्यरक्षा र अस्वस्थ व्यक्तिको रोगनिवारण गरेर लोकहित गर्न तत्पर हुन्छ भने कवि रसात्मक वाक्यद्वारा नमीठा कुरालाई पनि मीठो तुल्याएर व्यक्त गर्दै लोकहितका लागि तयार हुन्छ। यो वैद्यजीवन नामक ग्रन्थका ग्रन्थकार कविव्यक्तित्व र वैद्यव्यक्तित्व दुवै लोकहितका व्यक्तित्व भएकोले ग्रन्थ सर्वोपयोगी हुने कुरामा सन्देह छैन। तथापि ग्रन्थकार यहाँ शिष्टाचारपालना गर्न तथा शुभकार्यको प्रारम्भ भएको अवसरमा आफ्ना इष्टदेवको आशीष प्राप्त गर्न मंगलाचरण गर्दछन्।

अन्वयः

प्रकृतिसुभगगात्रं रमायाः प्रीतिपात्रं यस्य पादौ प्रणतहरजटालीगांगरिंगत्तरंगैः अरुणकमललीलां दधाते श्यामलं किमपि धाम वः मंगलं दिशतु ॥१॥

व्याख्याः

प्रकृतिसुभगगात्रम् प्रकृत्याः सुभगं सुष्ठु भगं[१] गात्रं शरीरं यस्य तम् भगवान् विष्णुका श्रीविग्रह अर्थात्

---

१ ऐश्वर्यस्य समग्रस्य धर्मस्य यशसः श्रियः। ज्ञानवैराग्ययोश्चैव षण्णां भग इतीरणाः। **अणिमा** : सूक्ष्ममा अणुको रूपमा रहनसक्ने, **महिमा** : स्थूलमा सबभन्दा ठूलो आकार लिनसक्ने, **गरिमा** : गह्रुंगोमा सबभन्दा बढी गह्रुंगो पनि हुनसक्ने, **लघिमा** : हलुकोमा सबभन्दा हलुको हुनसक्ने, **प्राप्ति** : जहाँ चाह्यो त्यहाँ तत्कालै पुग्नसक्ने सामर्थ्य वा अन्तर्यामिता, **प्राकाम्यम्** : मनमा उठेका संकल्प वा कामना पुरा गर्नसक्ने, **ईशित्वम्** : सारा ब्रह्माण्डमा ईश्वरीयता वा आधिपत्य स्थापित गर्नसक्ने, **वशित्वम्** : ब्रह्माण्डका समस्त भावलाई वशीभूत गर्नसक्ने सामर्थ्य, यी अष्ट सिद्धिलाई ऐश्वर्य भनिन्छ। १.समग्र ऐश्वर्य, २.धर्म, ३.यश, ४.श्री, ५.ज्ञान र ६. वैराग्य यी ६ विशेषतालाई भग भनिन्छ। भगका यी विशेषता हुनेलाई भगवान् भनिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शरीर प्रकृतिले नै सुभग (सौभाग्ययुक्त) हुन्छ त्यस्तो गात्र (शरीर) भएका परमात्मस्वरूप भगवान् विष्णुलाई। **रमायाः प्रीतिपात्रम्** रमाका, लक्ष्मीका प्रीति, प्रेमका पात्र भएका भगवान् विष्णुलाई। **मंगलम्** भगवान् विष्णुको रूपको दर्शन र स्मरण नै मंगलदायक हुन्छ। **प्रणतहरजटालीगांगरिंगत्तरंगैः** प्रकर्षेण नतः प्रणतः, हरः शंकरस्तस्य जटालिः जटायाः आलिः पंक्तिस्तस्यां गंगासम्बन्धीति गांगम्, रिंगत् गच्छत् तरंगै ऊर्मिभिः जटापंक्तिभिः प्रणत नुहेका, हरजटा शिवजटा, गांग गंगाजल, रिंगत् बहिरहेकी, तरंगै तरंग या लहरहरूले अर्थात् नुहेका शिवजटालाई बहेका गंगाका जलकणहरूले तरंगित गरिरहेका अवस्थामा। **अरुणकमललीलाम्** अरुणं रक्ताभं कमलं कमलपुष्पं तादृश इव लीला यस्य तम्, रक्तकमलको जस्तै शोभामय लीला अवस्थामा। **श्यामलम्** भगवान् विष्णुको स्वरूप श्यामल अर्थात् श्याम वर्णको (गहुँगोरो) हुन्छ। **यस्य पादौ** जस्का दुवै पाउहरूलाई। **दधाते** धारण गर्दछन्। किमपि, कुनैपनि। **धाम** गृहदेहत्विट्प्रभावा धामान्यथ चतुष्पथे, इत्यमरः। घर, शरीर, प्रभाव, तीर्थस्थल। वः हामीलाई। **मंगलम्** कल्याणम्, श्वःश्रेयसं शिवं भद्रं कल्याणं मंगलं शुभम्, भावुकं भविकं भव्यं कुशलं क्षेममस्त्रियाम्। शस्तं चाथ ...... इत्यमरः। **दिशतु** प्रददातु, प्रदान गरुन् ॥१॥

भावार्थः

जसको शरीर प्रकृतिले नै सौभाग्ययुक्त छ त्यस्तो शरीर भएका सुभगगात्र रमाका प्रियपात्र श्याम वर्णका मंगलस्वरूप भगवान विष्णु जसका पाउ नुहेका शिवजटासित तरंगित भएर बहिरहेकी गंगासित तरंगित भएको हुनाले रक्तकमल जस्तै पावन र शोभायमान छन् त्यस्ता भगवान विष्णुका पाउमा मेरो नमस्कार छ। भगवान्का ती पाउले हामीलाई उपयुक्त तीर्थ (मंगल) प्रदान गरून् भनी म यो प्रार्थना गर्दछु ॥१॥

सप्तश्रृंगीस्मरणम् ग्रन्थप्रशस्तिश्च–

रत्नं वामदृशां, दृशां सुखकरं, श्रीसप्तश्रृंगास्पदम्।
स्पष्टाष्टादशबाहु तद्भगवतो भर्गस्य भाग्यं भजे ॥
यद्भक्तेन मया घटस्तनि ! घटीमध्ये समुत्पाद्यते।
पद्यानां शतमंगनाधरसुधास्पर्द्धाविधानोद्धुरम् ॥२॥

अन्वयः

वामदृशां रत्नं दृशां सुखकरं श्रीसप्तश्रृंगास्पदं स्पष्टाष्टादशबाहु तद्भगवतो भर्गस्य भाग्यं (पार्वतीस्वरूपम्) भजे। घटस्तनि ! यद् भक्तेन मया अंगनाधरसुधास्पर्द्धाविधानोद्धरम् पद्यानां शतं घटीमध्ये समुत्पाद्यते ॥२॥

व्याख्याः

वामौ दृशौ यासां तासां वामदृशाम्। **वामदृशां रत्नम्** सुन्दर आँखाहरूकी नारीहरूमा रत्न भएकी। **दृशां सुखकरम्** आँखाहरूका लागि आनन्ददायक भएकी। **श्रीसप्तश्रृंगास्पदम्** सह्याद्रि पर्वतस्थित श्रीसप्तश्रृंगमा निवास गर्ने। **स्पष्टाष्टादशबाहु** स्पष्ट रूपमा देखिने अठार हात भएकी। **भगवतो** भगो यस्यास्तीति भगवान् तस्य, **भर्गस्य शंकरस्य भाग्यम्** सौभाग्यम्, भर्गदेव भगवान् शंकरकी भाग्य भएर रहेकी पार्वतीस्वरूपकी श्रीसप्तश्रृंगी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

देवीलाई । **भजे** भजन गर्दछु । **घटस्तनि** ! घट इव स्तने यस्या सा, तत्सम्बुद्धौ, हे घडाजस्तै पुष्ट स्तन भएकी मेरी सुन्दरी प्रेयसी ! **यत्** जुन । **भक्तेन मया** त्यस्ती भगवतीको भक्त मैले । **अंगनाधरसुधास्पर्द्धाविधानोद्धरम्** अंगनायाः सुन्दर्याः अधरः ओष्ठपल्लवस्तस्य सुधा कान्ताधरामृतम्, सुन्दरी प्रियतमाका अधरपान गर्दा प्राप्त हुने रसजस्तै रसिलो सुधा, अधरामृत जसलाई स्पर्द्धाविधान अर्थात् अत्यन्त तीव्र इच्छा लागेपछि गरिने विधान अनुरूप जे उद्धर अर्थात् दर्शन देखापर्दछ त्यस्तै किसिमको । **पद्यानां शतम्** शयवटा पद्य । **घटीमध्ये** एक घडीको अवधिबीचमा । **समुत्पाद्यते** सम्यक् उत्पादन अर्थात् राम्रोसित रचना गरेर तयार पारिन्छ । यस्तो भगवतीको प्रसादस्वरूपको मैले उत्पादन गरेको मेरो काव्यरचना तिमी हेर या सुन ॥२॥

भावार्थः

सुन्दर आँखाहरूकी रत्नस्वरूप भएकी, दर्शन गर्ने आँखाहरूका लागि आनन्ददायक भएकी, सह्याद्रि पर्वतको सप्तश्रृंगमा निवास गर्ने, स्पष्ट रूपमा देखिने अठार हात भएकी, भर्ग भगवान् शंकरकी भाग्य भएर रहेकी भगवती पार्वतीस्वरूपकी सप्तश्रृंगीदेवीलाई म नमस्कार गर्दछु । घडाजस्तै पुष्ट स्तन भएकी हे मेरी सुन्दरी प्रेयसी ! त्यस्ती भगवतीको भक्त भएको मैले स्पर्द्धाको विधान अनुरूप तीव्र इच्छा लागेपछि सुन्दरी प्रियतमाका अधरपान गर्दा प्राप्त हुने अधरसुधाजस्तै काव्यरसिकहरूका लागि पनि त्यस्तै आनन्द दिने रसयुक्त रचनाका शयवटा पद्यहरू एक घडीको बीचमा नै उत्पादन गर्दछु । यस्तो भगवतीको प्रसादस्वरूपको वैद्यजीवनम् नामको काव्यको रसास्वादन तिमी गर ॥२॥

यहाँ ग्रन्थकारले भवानी पार्वतीस्वरूपकी सप्तश्रृंगीदेवीको स्मरण गरेका छन् र भगवतीको प्रसादस्वरूप एक घडी भित्रै शयवटा पद्य भएको सरस साहित्य तयार गर्ने प्रतिज्ञा आफ्नी पत्नी मुरासासमक्ष गरेका छन् ।

ग्रन्थपरिचयः–

दिवाकरप्रसादेन रोग्यारोग्यसमीहया ।
समासेन वयं कुर्मः काव्यं सद्वैद्यजीवनम् ॥३॥
तथापि क्रियते ग्रन्थः सन्ति यद्यपि दुर्जनाः ।
न हि दस्युभयाल्लोको दैन्यवानिह वर्तते ॥४॥

अन्वयः

दिवाकरप्रसादेन रोग्यारोग्यसमीहया वयं समासेन सत्काव्यं वैद्यजीवनं कुर्मः । यद्यपि दुर्जनाः सन्ति तथापि ग्रन्थः क्रियते, इह दस्युभयाल् लोको न हि दैन्यवान् वर्तते ॥३-४॥

व्याख्याः

दिवाकरप्रसादेन दिवाकरः सूर्यस्तस्य प्रसादः स्वच्छता, निर्मलता, उज्ज्वलतेद्यादयः, तेनेति, दिवाकर सूर्य र दिवाकर नामका ग्रन्थकारका पिताका प्रसाद या आशीर्वादले । **रोग्यारोग्यसमीहया** रोगीणामारोग्यं रोग्यारोग्यं तस्य समीहा इच्छा तया अर्थात् रोगीहरूलाई आरोग्य होस् भन्ने तीव्र इच्छाले । **वयम्** हामीहरू । **समासेन** संक्षिप्त रूपमा । **सत्काव्यं वैद्यजीवनम्** वैद्यजीवननामक सद्ग्रन्थ । **कुर्मः** रचना गर्दछौं । **यद्यपि दुर्जनाः**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सन्ति हुनत दुर्जनहरू छन् यहाँ । **तथापि ग्रन्थः क्रियते** तैपनि यो ग्रन्थ बनाइन्छ । किनभने,– इह यस संसारमा । **दस्युभयात्** दस्यु अर्थात् डाकाहरूको भयबाट । **लोकः** दुनियाँ । **न** होइन । हि निश्चय । **दैन्यवान्** दीनतायुक्त । **वर्तते** रहन्छ ॥३-४॥

भावार्थः

भगवान् दिवाकर सूर्य र भगवान्‌समानका मेरा पिता दिवाकरको प्रसाद या आशीर्वादले र रोगीहरूमा आरोग्य होस् भन्ने हाम्रो तीव्र इच्छाले हामी संक्षिप्त रूपमा यस वैद्यजीवन नामक सत्काव्यग्रन्थको रचना गर्दछौं । हुनत, यस संसारमा दुर्जनहरू छन् तथापि यो ग्रन्थ पक्कै बनाइन्छ किनभने डाँकाहरूको भयबाट दुनियाँ दीनतायुक्त भएर चुप लाग्दैन ॥३-४॥

साहित्यप्रयोजनम्–

येषां न चेतो ललनासु लग्नं मग्नं न साहित्यसुधासमुद्रे ॥
ज्ञास्यन्ति ते किं मम हा प्रयासान्नन्धा यथा वारवधूविलासान् ॥५॥

अन्वयः

येषां चेतो ललनासु न लग्नम्, येषां चेतो साहित्यसुधासमुद्रे न मग्नम्, हा ! मम प्रयासान् ते किं ज्ञास्यन्ति ? यथा अन्धाः वारबधूविलासान् (न ज्ञास्यन्ति) ॥५॥

व्याख्याः

येषाम् जसका । **चेतः** मन । **ललनासु** सुन्दरी स्त्रीहरूमा । **न लग्नम्** लागेको छैन । येषां चेतो **साहित्यसुधासमुद्रे** हितेन सह सहितस्तस्य भावः साहित्यम्, साहित्य इव सुधा साहित्यसुधा, **साहित्यसुधायाः समुद्रे** साहित्यरूपी सुधाले भरिएको समुद्रमा । **न मग्नम्** डुबेको छैन । **हा** ! विस्मय । **मम प्रयासान्** मेरा प्रयासहरू । **ते किं ज्ञास्यन्ति** ? तिनीहरू के बुझ्नेछन् ? **यथा** जसरी । **अन्धाः** आँखा नदेख्नेहरू । **वारवधूविलासान् वारवधूनां वारस्त्रीणां सह विलासस्तान्** भोग्या सुन्दरीहरूका विलासभावहरूलाई ॥५॥

भावार्थः

जसको मन सुन्दरी स्त्रीहरूमा लागेको छैन, जसको मन साहित्यरूपी अमृतले भरिएको समुद्रमा भावका साथ डुबेको छैन हाय ! यस्ता भावहीन मानिसहरूले मेरा प्रयासहरू के बुझ्लान् ? जसरी भोग्या सुन्दरीहरूका विलासका भावहरूलाई अन्धाहरू बुझ्नसक्ने छैनन् त्यसैगरी रसिक भाव नहुनेहरू मेरो यो काव्य वैद्यजीवन पनि बुझ्नसक्तैनन् । अर्थात् यो ग्रन्थ बुझ्नका लागि रसिकभाव आवश्यक हुन्छ ॥५॥

ग्रन्थप्रयोजनम्–

गदगंजनाय चतुरैश्चरकाद्यैर्मुनिभिर्नृणां करूणया कथितं यत् ।
अखिलं लिखामि खलु तस्य रहस्यं स्वकपोलकल्पितमिहास्ति न किञ्चित् ॥६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

चतुरैश्चरकाद्यैर्मुनिभिः करुणया नृणां गदगञ्जनाय यत् कथितं तस्य अखिलं रहस्यं लिखामि इह स्वकपोलकल्पितं न किञ्चित् अस्ति ॥६॥

व्याख्याः

चतुरैश्चरकाद्यैर्मुनिभिः चतुरा बुद्धिमान् चरक आदि ऋुषिमुनिहरूले । **करुणया** करुणाले । **नृणाम्** मानिसहरूको । **गदगञ्जनाय** गदस्य रोगस्य गञ्जनं पराजयम्, रोगलाई जित्नका लागि । **यत् कथितम्** जेजे भन्नुभयो । **तस्य** त्यसको । **अखिलं रहस्यम्** सम्पूर्ण रहस्य । **लिखामि** लेख्छु । **इह** यहाँ । **स्वकपोलकल्पितम्** आफ्नो कपोलकल्पना । **न किञ्चिदस्ति** केही पनि छैन ॥६॥

भावार्थः

मानिसहरूका रोगहरूलाई पराजित गर्नका लागि चतुरा बुद्धिमान् चरक आदि ऋषिमुनिहरूले करुणापूर्वक जेजे भन्नुभयो त्यसको सम्पूर्ण रहस्य म लेख्छु। यहाँ केही पनि मेरो कपोलकल्पित भनाइ छैन ॥६॥

अधिकारी भिषक्–

गुरोरधीताखिलवैद्यविद्यः पीयूषपाणिः कुशलः क्रियासु ॥
गतस्पृहो धैर्यधरः कृपालुः शुद्धोधिकारी भिषगीदृशः स्यात् ॥७॥

अन्वयः

गुरोरधीताखिलवैद्यविद्यः पीयूषपाणिः क्रियासु कुशलः गतस्पृहो धैर्यधरः कृपालुः शुद्धः इदृशः भिषक् अधिकारी स्यात् ॥७॥

व्याख्याः

गुरोरधीताखिलवैद्यविद्यः गुरोः अधीता अखिला वैद्यविद्या येन सः, अर्थात् जसले गुरुबाट समस्त वैद्यविद्या अध्ययन गरिसकेको छ त्यस्तो व्यक्ति । **पीयूषपाणिः** पीयूषं पाणौ यस्य सः, जसका हातमा अमृत छ अर्थात् अमृतमय रोगनिवारणको सीप जसका हातमा छ त्यस्तो व्यक्ति । **क्रियासु कुशलः** चिकित्साकार्यमा कुशल भएको । **गतस्पृहः** गता स्पृहा यस्य सः, जसको मनमा स्पृहा या कुनै वस्तुको चाहना हराइसकेको छ त्यस्तो व्यक्ति । **धैर्यधरः** धैर्यं धरतीति, जसले धैर्य धारण गरेको छ त्यस्तो व्यक्ति । **कृपालु** कृपा भएको, दया भएको व्यक्ति । **शुद्धः** निर्दोष या विकार नभएको पवित्र हृदयको व्यक्ति । **ईदृशः** यस प्रकारको । **भिषक्** चिकित्सक । **अधिकारी** अधिकारवाला । **स्यात्** होस् ॥७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

जसले गुरुबाट समस्त वैद्यविद्या अध्ययन गरेको छ, जो उपचारक्रियामा कुशल छ, जसको हात उपचारमा सिद्ध छ अर्थात् हातमै अमृत छ त्यस्तो सिद्धहस्त, जो कुनै वस्तुको चाहना या स्पृहाबाट मुक्त भइसकेको छ, जोसित धैर्य छ, जो कृपाको भाव भएको कृपालु छ यस प्रकारको चिकित्सक नै यस ग्रन्थको अध्ययन गर्न र चिकित्सा कार्य गर्नका लागि अधिकारी व्यक्ति हो ॥७॥

निदानस्य प्राथमिकता–

आदौ निदानविधिना विदध्याद् व्याधिनिश्चयम्।
ततः साध्यं समीक्षेत पश्चाद् भिषगुपाचरेत् ॥८॥

अन्वयः

भिषक् आदौ निदानविधिना व्याधिनिश्चयं विदध्यात् ततः साध्यं समीक्षेत पश्चाद् उपाचरेत् ॥८॥

व्याख्याः

भिषक् चिकित्सक । **आदौ** पहिले । **निदानविधिना** निर्दिश्यते व्याधिरनेनेति निदानं तेन विधिना, निदानशास्त्र अर्थात् रोग के हो र त्यो रोग लाग्नुको कारण के हो भन्ने बारे अध्ययन अध्यापन गराउने शास्त्रको विधिले । **व्याधिनिश्चयम्** व्याधि अर्थात् रोग र रोगको कारणबारेको निश्चय । **विदध्यात्** पूरा गरोस् । **ततः** त्यसपछि । **साध्यम्** जुन रोगको उपचार गर्दा निको हुन्छ त्यो रोग साध्य रोग हो र उपचार गर्दा पनि निको नहुने रोग असाध्य रोग हो, रोगविनिश्चय गरेपछि त्यो रोग साध्य हो या असाध्य रोग हो त्यसबारेमा । **समीक्षेत** समीक्षा गरोस् । **पश्चाद्** साध्य असाध्य बारेको समीक्षा गरिसकेपछि । **उपाचरेत्** उपचार गरोस् ॥८॥

भावार्थः

भिषक् अर्थात् चिकित्सकले पहिले निदानशास्त्रमा वर्णित विधिअनुसार व्याधिनिश्चय अर्थात् रोगविनिश्चय गर्नुपर्दछ । त्यसपछि त्यो साध्य हो कि असाध्य हो त्यस सम्बन्धमा विचार गर्नुपर्दछ अनिमात्र उपचार गर्नुपर्दछ । रोगविनिश्चय र साध्य असाध्य बारे विचार नगरी उपचार प्रारम्भ गरेमा सही उपचार हुँदैन र सफलता पनि मिल्दैन ॥८॥

त्याज्यमौषधम्–

औषधं मूढवैद्यानां त्यजन्तु ज्वरपीडिताः ।
परसंसर्गसंसक्तं कलत्रमिव साधवः ॥९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

साधवः परसंसर्गसंसक्तं कलत्रमिव ज्वरपीडिताः मूढवैद्यानां औषधं त्यजन्तु ॥९॥

व्याख्याः

साधवः साधुहरू, सज्जनहरू । **परसंसर्गसंसक्तम्** परपुरुषेन सह संसर्गे रतौ संसक्तः सम्यक् सक्तः आसक्तः यः कलत्रस्तम्, परपुरुषसित संसर्ग गर्न आसक्त हुने । **कलत्रमिव** पत्नीलाई जस्तै । **ज्वरपीडिताः** ज्वरले पीडित भएका व्यक्तिहरूले । **मूढवैद्यानाम्** मूर्ख वैद्यहरूको । **औषधम्** ओखतिमूलो या औषधि उपचारलाई । **त्यजन्तु** त्याग गरून् ॥९॥

भावार्थः

जसरी सज्जनहरूले परपुरुषसित संसर्ग गर्न आसक्त हुने पत्नीलाई त्याग गर्दछन् त्यसैगरी ज्वरले पीडित व्यक्तिहरूले मूर्ख वैद्यहरू अर्थात् रोगविनिश्चय र साध्यासाध्यता एवं उपचारक्रियाको ज्ञान नभएका तर छद्मरूपमा उपचार गरिदिन्छु भन्ने मूर्ख वैद्यनामधारीहरूको उपचारलाई त्याग गरून् ॥९॥

पथ्यस्य प्रयोजनम्–

पथ्ये सति गदार्तस्य किमौषधनिषेवणम् ।
पथ्येऽसति गर्दातस्य किमौषधनिषेवणम् ॥१०॥[२]

अन्वयः

गदार्तस्य पथ्ये सति किमौषधनिषेवणम् ? गदार्तस्य अपथ्ये सति किमौषधनिषेवणम् ? ॥१०॥

व्याख्याः

गदार्तस्य गदो रोगस्तेन आर्त्तस्तस्य रोगहरूले ग्रस्त भएको व्यक्तिको अवस्था । **पथ्ये सति** पथि हितं पथ्यम्, शरीरका पाचन उत्सर्जन आदि विभिन्न पथ, मार्ग या प्रणालीहरूको हित गर्ने आहार विहार भएको स्वस्थाचारमा रहेका अवस्थामा । **किम् औषधनिषेवणम्** ? औषधनिषेवणं औषधसेवनम्, औषधि सेवन किन गर्नु ? त्यसैगरी, **पथ्ये असति** अपथ्ये सति, पथ्य आचारमा नभएको अवस्थामा । किमौषधनिषेवणम् , औषधि सेवन किन गर्नु ? ॥१०॥

भावार्थः

रोगले छटपटिएको व्यक्ति पथ्य आहार विहार गर्दछभने त्यसका लागि औषधिसेवनको के आवश्यकता छ ? अर्थात् पथ्यमा रहने व्यक्तिलाई रोगै लाग्दैन र औषधिको आवश्यकता नै पर्दैन । त्यसै गरी पथ्यमा नरहने व्यक्तिका लागि पनि औषधिको केही प्रयोजन छैन । किनभने औषधि जति राम्रो सेवन गरे पनि पथ्यमा नरहने व्यक्ति रोगमुक्त हुनैसक्तैन ॥१०॥

२ किमौषधनिषेवणैः इति पाठान्तरम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सद्वैद्यप्रशंसा–

महीन्द्रमहिलात्रपाप्रदपदारविन्दे तथा ।
पयोनिधिपयस्ततिर्जलधरैरुपात्ता यथा ॥११॥
मम प्रकृति नीरसा नृपभिषग्भिरंगीकता ।
भविष्यति सरस्वती रसवती मुरासापतेः ॥१२॥

अन्वयः

महीन्द्रमहिलात्रपाप्रदपदारविन्दे ! पयोनिधिपयस्ततिः यथा जलधरैरुपात्ता तथा मम मुरासापतेः प्रकृतिनीरसा सरस्वती रसवती (सती) नृपभिषग्भिरंगीकृता भविष्यति ॥११-१२॥

व्याख्याः

महीन्द्रमहिलात्रपाप्रदपदारविन्दे । मही पृथिवी, **इन्द्र** अधिपति, पृथिवीका अधिपति, राजा । **महीन्द्रस्य महिला** महारानी, त्रपां लज्जां प्रददातीति **त्रपप्रदा** लाज लगाइदिने । अरविन्देन सदृशं पदं यस्या सा **पदारविन्दो** महीन्द्रमहिलां महाराज्ञीं प्रति त्रपाप्रदं पदारविन्दं यस्या सा महीन्द्रमहिलात्रपाप्रदपदारविन्दास्तस्याः सम्बोधनम् **महीन्द्रमहिलात्रपाप्रदपदारविन्दे** हे महारानीहरूलाई समेत लज्जित गराउने कमलजस्तै सुन्दर कोमल पाउ भएकी मेरी प्रियतमे ! **पयोनिधिपयस्ततिः**, पयोनिधिः समुद्रः, पयो जलम् तस्य ततिः समूहः । समुद्रमा विभिन्न नदीहरूबाट संकलित वा प्राप्त मलयुक्त वा क्षारीय जलका कणहरू वा जलसन्तति । **जलधरैरुपात्ताः** जलधरः पयोधरो मेघः तैरुपात्ताः स्वीकृताः, मेघले स्वीकृत गरेका समुद्रजल । **मम मुरासापतेः** मुरासाको पति मेरो । **प्रकृतिः** स्वभावः । **नीरसा** रसहीना, नीरस भएको । अर्थात् प्रकृतिले नै नीरस मजस्ताको स्वभावद्वारा रचना गरिएको यो काव्यप्रकृति । **सरस्वती** काव्यरचना । **रसवती** रसिलो । **नृपभिषग्भिरंगीकृता** राजवैद्यहरूबाट अंगीकृत गरिएकी । **भविष्यति** हुनेछ ॥११-१२॥

भावार्थः

हे महारानीहरूलाई समेत लज्जित तुल्याउने खालका कमलजस्ता कोमल पाउ भएकी मेरी प्यारी पत्नी ! जसरी समुद्र र नदीहरूका मलयुक्त जलकण मेघद्वारा आत्मसात् गरेपछि शुद्ध र सरस हुन्छन् त्यसैगरी मुरासाको पति म जस्तो व्यक्तिको नीरस स्वभावको अभिव्यक्ति भएकी यी सरस्वती अर्थात् काव्यरचना पनि राजवैद्यहरूले अंगीकार गरेपछि त्यस्तै रसवती हुनेछन् । यहाँ ग्रन्थकारले श्रेष्ठ वैद्यहरूले यस काव्यकृतिलाई आफ्नो चिकित्सा व्यवसायमा अंगीकृत गर्ने अपेक्षा पनि राखेका छन् ॥११-१२॥

ग्रन्थस्यास्य श्रमे महासुखत्वम्–

इह गमिष्यति वैद्यमतिः श्रमं प्रथममेव पुरस्तु[३] महासुखम् ॥
प्रियतमस्य मृगाक्षि ! समागमे नवकरग्रहणा गृहिणी यथा ॥१३॥

---

३ पुनस्तु इति पाठान्तरम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

मृगाक्षि ! इह वैद्यमतिः प्रथमं श्रममेव गमिष्यति, पुरस्तु महासुखम् । यथा नवकरग्रहणा गृहिणी प्रियतमस्य समागमे भवति ।।१३।।

व्याख्याः

मृगाक्षि मृगस्य इव अक्षिणी यस्या सा, सम्बोधनम्, हे मृगका जस्ता चञ्चल आँखा भएकी सुन्दरी ! इह यहाँ । **वैद्यमतिः** वैद्यस्य चिकित्सकस्य मतिः बुद्धिः, चिकित्सकको बुद्धि । **प्रथमम्** पहिला । **श्रममेव** श्रम नै, परिश्रममात्र । **गमिष्यति** जानेछ, पुग्नेछ । **पुरस्तु** अग्रे तु, अगाडि त । **महासुखम्** महत् सुखम् महासुखम्, धेरै सुखदायक । **यथा** जस्तो, जसरी । **नवकरग्रहणा** भरखर पाणिग्रहण गरिएकी, नवविवाहिता । **गृहिणी** पत्नी । **प्रियतमस्य** प्रियतमको । **समागमे** समागममा ।।१३।।

भावार्थः

हे मृगका जस्तै चञ्चल आँखा भएकी मेरी मृगलोचना पत्नी ! मेरो यस ग्रन्थमा वैद्यहरूको बुद्धिमा पहिले केवल फोस्रो परिश्रम मात्र रहनेछ किन्तु जसरी नवविवाहिता गृहिणीसित प्रियतमको समागम हुँदा पहिले निकै श्रम या कष्ट अनुभव गर्नुपरेता पनि पछि चरम आनन्द वा सन्तानसुख रूपको महासुख प्राप्त भएजस्तै यो काव्यग्रन्थ पनि पाठकहरूका लागि शुरुमा गाह्रो लागे पनि पछि सुखदायक हुनेछ ।।१३।।

ज्वरप्रतीकारः

ज्वरस्य बलवत्त्वम्–

यतः सर्वेषु रोगेषु प्रायशो बलवान् ज्वरः ।
अतस्तस्य प्रतीकारं प्रथमं ब्रूमहे वयम् ।।१४।।

अन्वयः

यतः सर्वेषु रोगेषु ज्वरः प्रायशो बलवान् (अस्ति) अतः वयं प्रथमं तस्य प्रतीकारं ब्रूमहे ।।१४।।

व्याख्याः

यतः जहाँ । **सर्वेषु रोगेषु** सबै रोगहरूमा । **ज्वरः** प्रधान रोग ज्वर, सर्वरोगाग्रज । **प्रायशः** प्रायजसो । **बलवान्** बलियो, ग्रस्त पार्ने खालको । **अतः** यसकारण, यसैले । **वयम्** हामीहरू । **प्रथमम्** सबभन्दा पहिला । **तस्य** ज्वरस्य, त्यही ज्वरको । **प्रतीकारम्** चिकित्सा, चिकित्सा रुक्प्रतिक्रिया इत्यमरः, रोगको प्रतीकारका लागि गरिने क्रिया । **ब्रूमहे** बताउँदछौं ।।१४।।

भावार्थः

सबै रोगहरूमा ज्वर नै बलवान मानिएको छ यसैले सर्वप्रथम त्यसैको प्रतीकार या चिकित्सा हामीहरू बताउँदछौं ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ज्वरादौ पाचनार्थं देवदार्वादिक्वाथः–

देवदारुधनाविश्वाबृहतीद्वयपाचनम् ।
ज्वरे पूर्वं पिबेच्चारुपयोधरधराधरे ॥१५॥

अन्वयः

चारुपयोधरधराधरे ! देवदारुधनाविश्वाबृहतीद्वयपाचनम् ज्वरे पूर्वं पिबेत् ॥१५॥

व्याख्याः

चारुपयोधरधराधरे चारु सुन्दरम्, पयः धरतीति **पयोधरः** कुचः, पयोधरं धरतीति **पयोधरधरा** पयोधरधरा अधरा सुन्दरी तस्याः सम्बोधनम्, धरां पृथिवीं धरतीति **धराधरः** पर्वतः, धराधराविव चारू पयोधरौ यस्या सा सुन्दरीति सम्बुद्धौ, हे सुन्दर अधर र पर्वतजस्ता पुष्ट पयोधरले सजिएकी सुन्दरी पत्नी ! **देवदारु** देवदारुवृक्ष, । **धना** धान्यकम्, धनियाँ । **विश्वा** विश्वभेषजम्, शुण्ठी, शुठो । **बृहतीद्वयम्** बृहती च कण्टकारी च, बिहीँ र कण्टकारी । यी पाँचथरि औषधिको क्वाथ बनाएर । **ज्वरे** ज्वरमा । **पूर्वम्** पहिले । **पिबेत्** पिओस् ॥१५॥

भावार्थः

हे सुन्दर अधर र पुष्ट पयोधरले सजिएकी सुन्दरी पत्नी ! देवदारु, धनियाँ, शुठो, बिहीं र कण्टकारीको काढा ज्वरको पूर्व अवस्थामा पिउनुपर्छ । यसले ज्वरको पाचन गर्छ र सञ्चो हुन्छ ॥१५॥

पाचनार्थं वातज्वरेऽमृतादिक्वाथः, पित्तज्वरे किरातादिक्वाथः, कफज्वरे शुण्ठ्यादिक्वाथः –

छिन्नोद्भवाम्भोधरधन्वयासैः[४] किराततिक्ताम्बुदरेणुयासैः ॥
विश्वाविषाम्भोधरधन्वयासैः क्वाथो मरुत्पित्तकफज्वरेषु ॥१६॥

अन्वयः

मरुत्पित्तकफज्वरेषु छिन्नोद् भवा-म्भोधर-धन्वयासैः, किराततिक्ता-म्बुद-रेणुयासैः, विश्वा-विषा-म्भोधर- धन्वयासैः निर्मित क्वाथः (पिबेत्) ॥१६॥

व्याख्याः

मरुत्पित्तकफज्वरेषु वात, पित्त र कफज्वरमा क्रमैसित । **छिन्नोद्भवाम्भोधरधन्वयासैः छिन्नोद्भवा** गुडूची, गुर्जो । **अम्भोधरः** मुस्तकः मोथे, नागरमोथा । **धन्वयासः** यवासः, यवासा, जवासा, धमासा ॥ **किराततिक्तः** किरातः, चिराइतो । **अम्बुदः** मुस्तकः मोथे । **रेणु** पर्पटः, पित्तपापडा । **यासः** धन्वयासः, जवासा ॥ **विश्वा** शुण्ठी, शुठो । **अविषा** विषघ्नी, गुडूची, गुर्जो । **अम्भोधरः** मुस्तकः, मोथे । **धन्वयासः** यवासः, धमासा, यवासा । **क्वाथः** पाकः, काढा ॥१६॥

४ छिन्नौषधाम्भोधरधन्वयासैः इति पाठान्तरम् । औषधं शुण्ठी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

वात, पित्त, कफबाट हुने ज्वरमा क्रमशः गुर्जो, मोथे र यवासा सममात्रामा मिलाएर बनाएको क्वाथ; चिराइतो, मोथे, पित्तपापडा र यवासाको क्वाथ; शुठो, गुर्जो, मोथे र यवासाको क्वाथ खुवाउनुपर्दछ। अर्थात् वातज्वरको पाचनका लागि गुर्जो आदि तीन द्रव्यको अमृतादिक्वाथ, पित्तज्वरको पाचनका लागि चिराइतो आदि चार द्रव्यको किरातादि क्वाथ र कफज्वरको पाचनका लागि शुठो आदि चार द्रव्यको शुण्ठ्यादि क्वाथ सेवन गर्नुपर्दछ ॥१६॥

नवज्वरे लंघनम्, सप्ताहे व्यतीते चतुर्दशाहपर्यन्तं पाचनार्थं क्वाथः–

अधुना श्रृणु तन्वि ! लंघनं[५] ज्वरितानां प्रथमं प्रशस्यते ॥
सुरपादपधान्यधावनीयुगविश्वौषधपाचनं ततः ॥१७॥

अन्वयः

तन्वि ! अधुना श्रृणु, ज्वरितानां प्रथमं लंघनं प्रशस्यते ततः सुरपादपधान्यधावनीयुगविश्वौषधपाचनम् ॥१७॥

व्याख्याः

तन्वि कृशांगि हे पातली, दुब्लो शरीर भएकी सुन्दरी। **अधुना** अहिले। **श्रृणु** सुन। **ज्वरितानाम्** ज्वरेण ग्रस्ताः ज्वरितास्तेषाम्, ज्वरले ग्रस्त व्यक्तिहरूका लागि। **प्रथमम्** सबभन्दा पहिले। **लंघनम्** लंघन।[६] **प्रशस्यते** प्रशस्त मानिन्छ, राम्रो हुन्छ। **ततः** त्यसपछि **सुरपादपधान्यधावनीयुगविश्वौषधपाचनम्**। **सुरपादपः** देवपादपो देवदारुः; **धान्यम्** धान्यकम्, धनियाँ; **धावनीयुगम्** बृहतीयुगम् बृहती च कण्टकारी च, बिहीँ र कण्टकारी; **विश्वौषधम्** विश्वभेषजम्, शुण्ठी, शुठो; **पाचनम्** ज्वरलाई पाचन गर्ने ॥१७॥

भावार्थः

हे पातली ! दुब्लो शरीरले सुन्दरी देखिएकी मेरी पत्नी ! अहिले तिमी मेरो कुरा सुन। ज्वरका विरामीलाई सबभन्दा पहिले लंघन अर्थात् शरीरमा हलुकापन आउने उपाय गर्नुपर्दछ। त्यसपछि अर्थात् लंघनको उपाय गरिसकेपछि पाचनका लागि ज्वरपीडित व्यक्तिलाई देवदारु, धनियाँ, बिहीँ, कण्टकारी र शुठो बराबर मिलाएर बनाएको काढा खुवाउनुपर्दछ ॥१७॥

---

५ ज्वरादौ लंघनं प्रोक्तं ज्वरमध्ये तु पाचनम्। ज्वरान्ते भेषजं दद्याज्ज्वरमुक्ते विरेचनम्। भावप्रकाशे मध्यखण्डम्, ज्वराधिकारः।

६ **चतुष्प्रकाराः संशुद्धिः पिपासा मारुतातपौ। पाचनान्युपवासाश्च व्यायामश्चेति लंघनम्।** चरकसंहिता सूत्रस्थान अध्याय २२। अर्थात् चार प्रकारका शुद्धिक्रिया वमन, विरेचन, निरूह वस्ती, शिरोविरेचन (नस्य), पिपासा (प्यास) मारुत (वायु) आतप (घाम) पाचन (दीपन पाचन औषधिद्वारा पचाउनु, उपवास (व्रत, अनशन बस्नु) अथवा **यत्किञ्चिल्लाघवकरं देहे तल्लंघनम्** शरीरमा लाघव (हलुकापन) पैदा गराउने निराहार, जलाहार, दुग्धाहार, फलाहार, रसाहार, स्वल्पाहार र विहारलाई पनि लंघन बुझ्नुपर्दछ। निराहार (केही पनि नखानु, (Nill orally) देखि लिएर स्वल्पाहारसम्मको शारीरिक आवश्यकतानुसारको आहार र विहार एवं शुद्धीकरण आदिलाई समग्रमा नबुझेर अहिले लंघन भन्नाले मुखबाट केही पनि नखाने भन्ने कुरालाई मात्र बुझ्ने गरिएको पाइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वातज्वरे उशीरादिदशकृतं कषायम् :–

उशीरकलशीमहौषधकिरातकाम्भोधर-
स्थिराबृहतिकाद्वयामृतलतात्रिकण्टैः कृतम् ॥१८॥
कषायकममुं पिबेत् पवनजज्वरव्याकुलः ।
पुमान् दशशतच्छदच्छदमदग्रसल्लोचने ॥१९॥

अन्वयः

दशशतच्छदच्छदमदग्रसल्लोचने ! उशीर-कलशी-महौषध-किरातका-म्भोधर-स्थिरा-बृहतिकाद्वया-मृतलता-त्रिकण्टैः कृतं अमुं कषायकं पवनजज्वरव्याकुलः पुमान् पिबेत् ॥१८-१९॥

व्याख्याः

दशशतच्छदस्य च्छदमदेन ग्रसितं लोचनं यस्या सा दशशतच्छद-च्छदमद-ग्रसल्लोचना तस्याः सम्बोधनम् **दशशतच्छद-च्छदमद-ग्रसल्लोचने** ! **दशशतच्छद-** हजार दलको कमलको फूल; **च्छदमदः** पुष्पगन्धः, फूलको बास्ना; **ग्रसत्** ग्रस्त गरिएको, ढाकिएको; **लोचनम्** नयनम्, आँखा । हे हजार दल भएका कमलपुष्पको वास्ना र सुन्दरताले ढाकिएका दिव्य आँखा भएकी मेरी सुन्दरी पत्नी ! **उशीरम्** खस; **कलशी** पृश्निपर्णी; सति बयर–कोषनाथ देवकोटा । **महौषधम्** शुण्ठी, शुठो; **किरातकः** किराततिक्तः, चिराइतो; **अम्भोधरः** मुस्तकः, मोथे; **स्थिरा** शालपर्णी; वनगहते–कोषनाथ देवकोटा । **बृहतिकाद्वयम्** बृहती, कण्टकारी; **अमृतलता** गुडूची गुर्जो, **त्रिकण्टम्** गोक्षुरम्, गोखुर; **एतैः कृतम्** यिनीहरू सबैलाई बराबर मिसाएर बनाएको; **अमुम्** यो; **कषायकम्** क्वाथः, काढा । **पवनजज्वरव्याकुलः** पवनाद् वाताज्जातः ज्वरः पवनजज्वरः, पवनजज्वरेण व्याकुलः पीडितः यः स पुमान् **पवनजज्वरव्याकुलः** वातज्वरले पीडित भएको; **पुमान्** व्यक्ति; **पिबेत्** पिओस् ॥१८-१९॥

भावार्थः

हे हजार दल भएका कमलपुष्पको वास्ना र सुन्दरताले ढाकिएका दिव्य आँखा भएकी मेरी सुन्दरी पत्नी ! उशीर, पृश्निपर्णी, सति बयर, शुठो, चिराइतो, मोथे, शालपर्णी, वनगहते, बृहती, कण्टकारी, गुर्जो र गोक्षुर यिनीहरू सबैलाई बराबर मिसाएर बनाएको काढा वातज्वरले पीडित भएको मानिसलाई खुवाउनुपर्छ । सञ्चो हुन्छ ॥१८-१९॥

वातज्वरे अमृतादित्रयस्य कषायकः –

पीयूषलोकपाञ्चालीचरणानां कषायकः ।
पीयमानः प्रिये ! हन्ति हनुमज्जनकज्वरम् ॥२०॥

अन्वयः

प्रिये ! पीयूषलोकपाञ्चालीचरणानां कषायकः पीयमानः हनुमज्जनकज्वरम् हन्ति ॥२०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्याः

प्रिये प्रेयसि हे प्यारी ! पीयूषं च लोकं च पाञ्चालीचरणं च तेषाम् **पीयूषलोकपाञ्चालीचरणानाम्** । **पीयूषम्** अमृतम्, अमृता, गुडूची, गुर्जो । **लोकम्** विश्वम्, विश्वा, शुण्ठी, शुठो । **पाञ्चाली** कृष्णा तस्याश्चरणं मूलम्, पिप्पलीमूलम्, पिप्लामूल । यिनीहरूको बराबर मिश्रणलाई पकाएर तयार पारिएको । **कषायकः** कषायः, काढा । **पीयमानः** पिउने व्यक्ति । **हनुमज्जनकज्वरम्** हनुमतः जनकेन वातेन कृतो ज्वरस्तम्, वातज्वरलाई । **हन्ति** नाश गर्दछ ॥२०॥

भावार्थः

हे प्यारी ! गुर्जो, शुठो र पिप्लामूललाई समानभाग मिलाएर बनाएको क्वाथलाई पिउने मान्छे वातज्वरलाई नाश गरेर स्वस्थ हुन्छ ॥२०॥

वातपित्तज्वरे छिन्नोद्भवादिपञ्चनिर्मितः पञ्चभद्रकषायः –

छिन्नोद्भवापर्पटवारिवाहभूनिम्बशुण्ठीजनितः कषायः ॥
समीरपित्तज्वरजर्जराणां करोति भद्रं खलु पञ्चभद्रः ॥२१॥

अन्वयः

छिन्नोदभवापर्पटवारिवाहभूनिम्बशुण्ठीजनितः खलु पञ्चभद्रः कषायः समीरपित्तज्वरजर्जराणां भद्रं करोति ॥२१॥

व्याख्याः

छिन्नोद्भवा छिन्नरुहा, गुडूची, गुर्जो; **पर्पटः** पर्पटकः, पित्तपापडा; **वारिवाहः** अम्भोधरः, मुस्तकः, मोथे; **भूनिम्बः** भूम्यां निम्बः, भूतिक्तः, किरातकः, चिराइतो; **शुण्ठी** विश्वा, शुठो; **एतेषां जनितः खलु पञ्चभद्रः कषायः** यी पाँचथरिका द्रव्यहरू मिलाएर बनाएको पञ्चभद्र नामको कषाय; **समीरपित्तज्वरजर्जराणां** समीरश्च पित्तं च समीरपित्तम् ताभ्यां जनितः ज्वरः समीरपित्तज्वरस्तेन जर्जराः पीडिताः, तेषाम् वातपित्तजन्य ज्वरले पीडित भएका व्यक्तिहरूको **भद्रम्** कल्याणम् हित, सञ्चो । **करोति** गर्दछ ॥२१॥

भावार्थः

गुर्जो, पित्तपापडा, मोथे, चिराइतो र शुठो यी पाँच द्रव्य मिलाएर बनाएको पञ्चभद्रकषाय नामको काँढाले वातपित्तज्वरले पीडित मानिसलाई सञ्चो गराउँदछ ॥२१॥

पित्तज्वरे पर्पटादिकषायकः –

एक एव खलु पैत्तिकज्वरं हन्ति पर्पटकृतः कषायकः ॥
चन्दनोदकमहौषधान्वितश्चेत्तदा किमु पुनर्विचारणा ॥२२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

एक एव खलु पर्पटकृतः कषायकः पैत्तिकज्वरं हन्ति चन्दनोदकमहौषधान्वितश्चेत् किमु तदा पुनर्विचारणा ॥२२॥

व्याख्याः

एक एव खलु एउटा मात्रै । **पर्पटकृतः** पर्पटेन पर्पटकेन कृतः निर्मितः, पित्तपापडा पकाएर बनाएको । **कषायकः** क्वाथः, काढा । **पैत्तिकज्वरम्** पित्तस्य भवः पैत्तिकश्चासौ ज्वरस्तम् पैत्तिक ज्वरलाई **हन्ति** नाशयति नाश गर्दछ । चन्दनं च उदकं च महौषधं च चन्दनोदकमहौषधानि एतेभ्योऽन्वितः **चन्दनोदकमहौषधान्वितः** । **चन्दनम्** रक्तचन्दनम् रक्तचन्दन; **उदकम्** नेत्रवाला, सुगन्धवला, सुगन्धवाल; **महौषधम्** विश्वभेषजम्, विश्वा, शुण्ठी; **एतेभ्योऽन्वितश्चेत्** यी तीन द्रव्यहरूसमेत मिसिएको भए त । **किमु** किन; **तदा** त्यसपछि; **पुनः** फेरि; **विचारणा** विमर्शनम्, विचारविमर्श गर्ने काम ॥२२॥

भावार्थः

एउटै पित्तपापडा मात्र पानीमा पकाएर तयार पारिएको क्वाथ त पैत्तिकज्वरलाई नाश गर्दछभने रक्तचन्दन, सुगन्धवाल र शुठो यी तीन द्रव्यसमेत मिलाएर बनाउँदा अझ के राम्रो हुँदैन र ? यसको बारेमा त केही विचार गर्नैपर्दैन । पक्कै पनि धेरै राम्रो गर्दछ ॥२२॥

पित्तज्वरे नदीतटविहरणं पर्पटकक्वाथश्च :–

मानं त्यज प्रेयसि मन्दवायुज्वलल्लतासंघमनर्घ्यहारे ॥[७]
रेवातटं पश्य रमस्व वेणुक्वाणो यतोत्रास्ति निरस्तपान्थः ॥२३॥

अन्वयः

प्रेयसि ! अनर्घ्यहारे ! मानं त्यज, मन्दवायुज्वलल्लतासंघं रेवातटं पश्य, रमस्व यतः अत्र निरस्तपान्थः वेणुक्वाणः अस्ति ॥२३॥

व्याख्याः

अनर्घ्यं अमूल्यं अतुल्यं विस्तीर्णं वा हारम् यस्या सा स्त्री अनर्घ्यहारा, सम्बोधने **अनर्घ्यहारे**, हे अमूल्य र विस्तीर्ण हार भएकी मेरी प्रेयसी ! **मानम्** मनोवृत्तिर्हि मानम्, एक खालको अस्तित्वबोध, अभिमान वा स्वभाव, कामिनीहरूको आफ्नो कामचेत । **त्यज** छोड । मन्देन वायुना ज्वलत् प्रकाशितं लतायाः संघम् समूहम् **मन्दवायुज्वलल्लतासंघम्** मन्द मन्द वायुले स्पर्श गर्दा प्रकाशित भइरहेका पुष्प आदिका लहराहरूका समूहहरूले युक्त भएको । **रेवातटम्** रेवानदीको तटलाई । **पश्य** हेर । **रमस्व** त्यहाँ रमाऊ । **यतः** किनभने, **अत्र** यहाँ । **निरस्तपान्थः** निरस्तः अनुपस्थितः पान्थः पथिकः यत्रेत्यर्थः, जहाँ कुनै बटुवा हिँडेको भेटिँदैन त्यस्तो

७ अस्य पद्यस्य पादाद्यन्ताक्षरैः 'मायुज्वरे रेणुक्वाथः' इति वचनं च गृहीतं विद्यते । मायुः पित्तम् इत्यमरकोषः । पित्तज्वरे रेणुक्वाथः इत्यस्य श्लोकस्यार्थो बोद्धव्यः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सुनसान ठाउँमा सुनिएको । **वेणुक्वाणः** वेणोः वंशस्य क्वाणो नादः वेणुनादः बाँसबाट आएको सुमधुर सरसर ध्वनि । **अस्ति** छ ॥२३॥

भावार्थः

हे अमूल्य हार भएकी मेरी प्रियपत्नी मुरासा ! तिमी आफ्नो मानको मनोवृत्तिलाई छोड । हेर त, मन्द मन्द वायुको स्पर्शले पुलकित र समुज्ज्वल पुष्पलताका झाडीहरूले आफ्नो रमणीय प्रकृति देखाइरहेछन् । यस रेवानदीको किनारमा हेर र तिमी यहाँ रमाऊ । जहाँ कुनै बटुवा हिँडेको पनि देखिँदैन त्यस्तो सुनसान ठाउँमा साँझपख मन्दमन्द सिरसिर चलीरहेको शीतल वतासले स्पर्श गर्दा बाँसघारीमा बाँसका टोडकाबाट आएको सुमधुर धुनलाई तिमी सुन अनुभव गर र आनन्दित होऊ । साथै पित्तज्वरमा रेणुक्वाथको पानको चमत्कार बुझ्दै विहार गर ॥२३॥[८]

विशेषः– *कविहरू कूटभाषाको प्रयोग गर्न रुचाउँछन् । एकजना पुराना नेपाली कविले आफ्नो परिचय यसरी दिएका छन्–* ***रेवाको र वरेण्यको तिरथको आदी रतीको अनि । अन्त्यैका दुइ राम लक्ष्मणजिको हो नाम मेरो पनि । न्यौपाने थर हो सिपा त घर हो इन्द्रावती पारमा ।...................॥*** *यहाँ रेवा, वरेण्य, तिरथ (तीर्थ) र रति शब्दका आदि अर्थात् शुरुका अक्षरहरू रे, व, ती, र अनि राम र लक्ष्मण शब्दका अन्तीम दुई अक्षर म, ण जोडेर रेवतीरमण बन्दछ । कवि रेवतीरमण न्यौपानेको यही कूटभाषा* ***'मानं त्यज प्रेयसि मन्दवायुज्वलल्लतासंघमनर्घ्यहारे । रेवातटं पश्य रमस्व वेणुक्वाणो यतोत्रास्ति निरस्तपान्थः ॥'*** *यस पद्यमा पनि रहेको छ । उपजाति छन्दको यस पद्यबाट प्रत्येक पाउको आदि अक्षर र अन्तीम अक्षर ग्रहण गर्दा पहिलो पाउ 'मानं त्यज प्रेयसि मन्दवायु'बाट पहिलो अक्षर मा र अन्तीम अक्षर यु मिलाउँदा 'मायु' हुन्छ । दोस्रो पाउ ' ज्वलल्लतासंघमनर्घ्यहारे'बाट पहिलो अक्षर ज्व र अन्तीम अक्षर रे मिलाउँदा 'ज्वरे' हुन्छ । तेस्रो पाउ 'रेवातटं पश्य, रमस्व वेणु-'बाट पहिलो अक्षर रे र अन्तीम अक्षर णु मिलाउँदा 'रेणु' हुन्छ । त्यसैगरी चौथो पाउ 'क्वाणो यतोत्रास्ति निरस्तपान्थः' बाट पहिलो अक्षर क्वा र अन्तीम अक्षर थः मिलाउँदा 'क्वाथः' हुन्छ । सबैलाई एकैठाउँमा मिलाउँदा* ***'मायुज्वरे रेणुक्वाथः'*** *भन्ने यो संस्कृतको वाक्य बन्दछ । मायु भनेको पित्त हो । रेणु भनेको पित्तपापडा हो । पित्तज्वरमा पित्तपापडाको क्वाथ खुवाउनुपर्छ । यो औषधि र नदीतटको विहार दुवै पित्तज्वरनाशक उपाय हुन् भन्नका लागि कवि लोलिम्बराजले यहाँ यति मीठो काव्यात्मक अभिव्यक्ति दिएका छन् ।*

पित्तज्वरे आरोग्यलक्ष्मीप्रद-रेणुकषायकः –

आरोग्यलक्ष्मी उपयाति पित्तज्वरातुरं रेणुकषायभाजम् ॥
मा त्वं यथा रत्नकले स्मरार्त कृतप्रकोपप्रशमं सखिभिः ॥२४॥

---

८ आनन्दको यस अवस्थाले, नदीको किनारको साँझपखको मन्दवायुको शीतल स्पर्श, लहराहरूको हलचलको हम्काइले वा वेणुनादको सुमधुर संगीतमय श्रवणले पित्तको शमन गर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

रत्नकले ! स्मरार्तं कृतप्रकोपप्रशमं मां त्वं सखिभिः यथा (उपयासि) (तथा) रेणुकषायभाजं पित्तज्वरातुरं आरोग्यलक्ष्मी उपयाति ॥२४॥

व्याख्या:

रत्नकले गीतवाद्यादिकलायां रत्नसदृशा या उत्तमा स्त्री सा रत्नकला, तत्सम्बुद्धौ, हे गाना गाउन र बाद्यवादन आदि गर्ने कलाले रत्नजस्तै उत्तम भएकी मेरी श्रीमती ! **स्मरार्तम्** स्मरेण कामरोगेण आर्त्तः पीडितः तं कामरोगले पीडित भएको व्यक्तिलाई । **कृतप्रकोपप्रशमम्** प्रकृष्टः कोपः प्रकोपस्तस्य प्रकृष्टं शमं प्रशमं तत्कृतं यं तमित्यर्थः, कामजनित क्रोध शान्त पारिएको । **माम्** मलाई । **त्वम्** तिमीले । **सखिभिः** सह सखीहरूसमेत भएर । **यथा** जसरी । **रेणुकषायभाजम्** रेणोः पर्पटस्य कषायः क्वाथ तं भजतीति रेणुकषायभाजस्तम् पित्तपापडाको काढा सेवन गर्ने व्यक्तिलाई । **पित्तज्वरातुरम्** पित्तेन कृतो ज्वरस्तेन आतुरः पीडितस्तम् पित्तज्वरले पीडित भएको व्यक्तिलाई । **आरोग्यलक्ष्मीः** आरोग्यश्चासौ लक्ष्मी, आरोग्यरूपी लक्ष्मी अर्थात् निरोगिता । **उपयाति** आउँछ, प्राप्त हुन्छ ॥२४॥

भावार्थ:

हे गाना गाउन र वाद्यवादन आदि गर्ने कलाले रत्नजस्तै उत्तम भएकी मेरी श्रीमती ! जसरी कामरोगले पीडित भएको अवस्थामा मलाई तिमी आफ्नी सखीहरूले सहित भएर मेरो कामजनित क्रोधलाई शान्त पारेर आनन्द दिने गरी लक्ष्मी प्राप्त हुन्छ्यौ त्यसैगरी पित्तपापडाको काढा सेवन गर्ने पित्तज्वरपीडित व्यक्तिलाई आरोग्यलक्ष्मी अर्थात् निरोगिता प्राप्त हुन्छ ॥२४॥

मूर्च्छादिलक्षणपित्तज्वरे द्राक्षादिषण्णां, तृड्दाहास्रपित्तज्वरे दुःस्पर्शादिषण्णां च क्वाथः –

द्राक्षापर्पटराजवृक्षकटुकामुस्ताभयानां जलम् ।
मूर्च्छा शोषनिदाघतृट्प्रलपनभ्रान्त्याद्यपित्तज्वरे ॥[१]
दुःस्पर्शाप्रमदाकिरातकटुकासिंहास्यरेणूद्भवः ।
क्वाथः शर्करयान्वितो हरति तृट्दाहास्रपित्तज्वरान् ॥२५॥

अन्वयः

द्राक्षा-पर्पट-राजवृक्ष-कटुका-मुस्ता-भयानां जलम् मूर्च्छा-शोष-निदाघ-तृट्-प्रलपन-भ्रान्त्या-द्यपित्तज्वरे, दुःस्पर्श-प्रमदा-किरात-कटुका-सिंहास्य-रेणूद्भवः शर्करयान्वितः क्वाथः तृट्-दाह-अस्रपित्तज्वरान् हरति ॥२५॥

व्याख्या:

द्राक्षा मृद्वीका, दाख । **पर्पटः** पर्पटकः, पित्तपापडा । **राजवृक्षः** आरग्वधः, अमलतास, राजवृक्ष । **कटुका**

---

१ भ्रान्त्याढ्यपित्तज्वरे इति पाठान्तरम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तिक्ता कुट्की । **मुस्ता** मुस्तकः मोथे । **अभया** हरीतकी हर्रो । एतेषां षण्णां **जलम्** क्वाथः, यिनीहरूको काढा । **मूर्च्छा** मोहः । **शोषः** यक्ष्मा, राजयक्ष्मा । **निदाघः** उष्मा, स्वेदजनकः, गर्मी या पसिना आउने रोग । **तृट्** तृषा तिर्खा, पिपासा । **प्रलपनम्** प्रलापः, बरबराउनु । **भ्रान्तिः** भ्रमः, चक्कराउनु । **आद्यपित्तज्वरे** पूर्वोक्ते मूर्च्छाद्ये पित्तज्वरे, मूर्च्छा आदि लक्षणप्रधान भएका पित्तज्वरमा । **दुःस्पर्शाः** धन्वयासः, धमासा । **प्रमदा**[10] महिलाह्वया, प्रियंगुः, महदी इति च, दहिगुहेंलो । **किरातः** किराततिक्तः, चिराइतो । **कटुका** कटुतिक्ता, कुट्की । **सिंहास्यम्** वासकम्, असुरो । **रेणुः** पर्पटः, पित्तपापडा । एतेषां षण्णाम्, यी ६ द्रव्यबाट तयार गरिएको । **क्वाथः** कषायः, काढा । **शर्करयान्वितः**[11] शर्करासहितः, सख्खर मिलाएर तयार पारिएको । **तृट्** तृषा तीर्खा । **दाहः** सन्तापः, जिउ हातखुट्टा पोल्ने रोग । **अस्रपित्तम्** रक्तपित्तम्, रक्तपित्त । **ज्वरः** पित्तज्वर । **हरति** हरण गर्दछ ॥२५॥

भावार्थः

दाख, पित्तपापडा, राजवृक्ष, कुट्की, मोथे, हर्रो यिनीहरूलाई पकाएर तयार गरिएको क्वाथले मूर्च्छा, शोष, गर्मी, तीर्खा, प्रलाप, भ्रम आदि लक्षण देखाउने पैत्तिक ज्वरमा फाइदा गर्दछ । धमासा, प्रियंगु वा महदी, चिराइतो, कुट्की, असुरो र पित्तपापडामा सख्खर मिलाएर तयार गरिएको क्वाथले तीर्खा, दाह (जिउ, हातखुट्टा पोल्ने रोग), रक्तपित्त र ज्वर यी रोगलाई हरण गर्दछ ॥२५॥

पित्तज्वरे छिन्नाशिवापर्पटक्वाथः –

अहो ! किमर्थं बहवः कषायाः पाराशराद्यैर्मुनिभिः प्रदिष्टाः ॥
छिन्नाशिवापर्पटतोयपानात् पित्तज्वरः किन्न सरीसरीति ॥२६॥

अन्वयः

अहो ! पराशराद्यैर्मुनिभिः किमर्थं बहवः कषायाः प्रदिष्टाः ? किम् छिन्नाशिवापर्पटतोयपानात् पित्तज्वरः न सरीसरीति ? ॥२६॥

व्याख्याः

अहो ! आश्चर्यम्, अचम्म । **पराशराद्यैर्मुनिभिः** पराशर आदि मुनिहरूले । **किमर्थम्** किम् प्रयोजनार्थम्, कुन प्रयोजनका लागि । **बहवः कषायाः** धेरै किसिमका औषधिका कषायहरू । **प्रदिष्टाः** उपदिष्टाः, उपदेश गरे, बताए । **किम्** के । **छिन्नाशिवापर्पटतोयपानात्** –**छिन्ना** छिन्नरुहा, अमृता, गुडूची, गुर्जो । **शिवा** हरीतकी, हर्रो । **पर्पटः** शीतवल्लभः, पर्पटकः, पित्तपापडा । **पित्तज्वरः** पित्तदोषेन सम्भवो ज्वरः । **न सरीसरीति** अतिशयेन न गच्छति, एकदमै छिटो जाँदैन ? ॥२६॥

---

१० कसैले मदयन्ती (मेहँदी) र कसैले प्रियंगु (दहिगुहेंलो) अर्थ लगाएका छन् ।

११ क्वाथ सिद्ध भएपछि प्रक्षेप द्रव्यको रूपमा आधा पलको परिमाणमा सख्खरको धुलो छर्किनुपर्छ । अथवा निम्न पद्यानुसार प्रक्षेपण गर्नुपर्दछ जस्तो– क्वाथे क्षिपेत् सितामंशैश्चतुर्थाष्टमषोडशैः । वातपित्तकफातंके विपरीतं मधु स्मृतम् ॥ इति दीपिकायाम् । दीपिका अनुसार वातको अधिकतामा सिद्ध क्वाथको चार भागको एक भाग सख्खर प्रक्षेप गर्नुपर्दछ । पित्तको अधिकतामा आठ भागको एक भाग सख्खर प्रक्षेप गर्नुपर्दछ । कफको अधिकतामा सोह्र भागको एक भाग सख्खर प्रक्षेप गर्नुपर्दछ । महको प्रक्षेप गर्नुपरेमा यसको विपरीत अर्थात् वातको अधिकतामा सोह्र भागको एक भाग, पित्तको अधिकतामा आठ भागको एक भाग र कफको अधिकतामा चार भागको एक भाग गर्नुपर्दछ । यो क्वाथमा शर्करा र मधुको प्रक्षेप गर्ने मात्राको क्रम हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

पराशर आदि ऋषिमुनिहरूले कुन प्रयोजनका लागि विभिन्न कषाय (काढा, क्वाथ) बारे बताए ? के गुर्जो, हर्रो र पित्तपापडाको क्वाथ या काढा पिउनाले पित्तज्वर छिटै जाँदैन ? अर्थात् पित्तज्वरको लागि यही क्वाथ नै सर्वोत्तम छ भन्नका लागि यो प्रश्न सोधिएको हो ।[१२] ॥२६॥

पित्तकफज्वरादिनाशकः क्वाथः –

लोहितचन्दनपद्मकधान्यच्छिन्नरुहापिचुमर्दकषायः ॥
पित्तकफज्वरदाहपिपासावान्तिविनाशहुताशकरः स्यात् ॥२७॥

अन्वयः

लोहितचन्दनपद्मकधान्यच्छिन्नरुहापिचुमर्दकषायः पित्तकफज्वरदाहपिपासावान्तिविनाशहुताशकरः स्यात् ॥२७॥

व्याख्याः

लोहितचन्दनम् रक्तचन्दन । **पद्मकम्** पैयौं । **धान्यम्** धान्यकम्, धनियाँ । **छिन्नरुहा** छिन्नापि रोहते जायते इति छिन्नरुहा, गुडूची, गुर्जो । **पिचुमर्दः** पिचुं कुष्ठभेदं मर्दयति नाशयति इति, निम्बः, नीम । **कषायः** कषति हिनस्ति कण्ठं इति, क्वाथ, काढा । **पित्तकफज्वरम्** पित्त र कफ दोषले भएको ज्वर । **दाहः** डाहा, औडाहा, भतभती पोल्ने अवस्था । **पिपासा** पातुं इच्छति इति, तृष्णा, तृषा, प्यास । **वान्तिम्** वमनं विनाशयति इति **वान्तिविनाशः** बान्ता रोक्ने । **हुताशकरः** हुताशं हुताशनं अग्निं करोति जागरति इति, अग्नि जगाउने । **स्यात्** होला, होस् ॥२७॥

भावार्थः

रक्तचन्दन, पैयौं, धनियाँ, गुर्जो, नीमको कषाय पित्तकफज्वर, दाह, तृष्णा, छर्दि र अग्निमान्द्यरोग नाशक हुन्छ ॥२७॥

सदाघज्वरे नवज्वरे तृषि च शृतशीतक्वाथः –

जलजलजजलवाहरेणुविश्वौषधशिशिरैः सहितं षडंगमेतत् ॥[१३]
सपदि सुखकरं सदा सदाघज्वरतृषि योज्यमिदं नवज्वरेऽपि ॥२८॥

---

१२ एकः पर्पटकः श्रेष्ठः पित्तज्वरविनाशनः । एउटै पित्तपापडा पित्तज्वरका लागि श्रेष्ठ छ। एउटै पित्तपापडा त पित्तज्वरका लागि पर्याप्त हुन्छभने हर्रो र गुर्जोसमेत मिलाएको काढापानी पिएपछि पित्तज्वर किन निको नहुनु ?

१३ शिशिरैः शिशिरं जलं शृतं स्यादिति पाठान्तरम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

जलजलजजलवाहरेणुविश्वौषधशिशिरैः सहितं एतत् षडंगं सदा सपदि सुखकरं (अस्ति)। इदं सदाघज्वरतृषि योज्यम् नवज्वरेऽपि ॥२८॥

व्याख्याः

जलम् ह्रीवेरम् नेत्रवाला, सुगन्धबाल। **जलजम्** उशीरम्, उशीर। **जलवाहो** वारिवाहो मेघः, मुस्तकः, मोथे। **रेणुः** पर्पटकः, पित्तपापडा। **विश्वौषधम्** विश्वभेषजम्, शुण्ठी, सुठो। **शिशिरम्** चन्दनम्, रक्तचन्दन। एतैः षड्भिः कृतं कषायम्। **षडंगम्** यी ६ प्रकारका द्रव्य मिलाएर पकाएको क्वाथलाई सेलाएर तयार पारिएको शृतशीत (चिसो काढापानी)। **सपदि** झटिति, झट्टै। **सदा** सर्वदा सधैं। **सुखकरम्** आनन्दकरम्, सुखदायी, आरामदायी। दाघः दाहस्तेन युक्तो ज्वरः सदाहज्वरस्तस्माज्जनिता तृट् तस्याम् **सदाहज्वरतृषि** दाहसहितको ज्वरमा हुने तीर्खामा। **इदम्** यो। **योज्यम्** प्रयोज्यम्, उपयोगी। **नवज्वरे** नवीनो ज्वरस्तस्मिन्, नवीन ज्वरमा। **अपि** च, पनि ॥२८॥

भावार्थः

सुगन्धवाल, उशीर, मोथे, पित्तपापडा, सुठो र रक्तचन्दन यी ६ प्रकारका द्रव्यहरू मिलाएर पकाएको क्वाथलाई सेलाएर तयार पारिएको शृतशीत (चिसो काढापानी) दाहयुक्त ज्वरले गर्दा भएको तृष्णारोगलाई छिटो निको पार्नका लागि सधै उपयोगी हुन्छ। साथै नवज्वरमा पनि यो उपयोगी छ ॥२८॥

सद्यस्तृष्णाविनाशनं षडंगशृतशीतम् (षडंशोदकम्) :–

पयः शुण्ठीपयः शीतपयो रेणुपयो मुचः।
षडंगशृतशीतं स्यात् सद्यस्तृष्णाविनाशनम् ॥२९॥[१४]

अन्वयः

पयः, शुण्ठीपयः, शीतपयः, रेणुपयः, मुचः (एतेषां) षडंगशृतशीतं सद्यस्तृष्णाविनाशनम् स्यात् ॥२९॥

व्याख्याः

पयः जलम् ह्रीवेरम्, सुगन्धवाल। **शुण्ठीपयः** शुण्ठीकषायः, शुठोको क्वाथ। **शीतपयः** शीतम् चन्दनम् तस्य पयो हिमम् इत्यर्थः, चन्दनको हिम। **रेणुपयः** रेणुः पर्पटकस्तस्य पयः कषायः पर्पटकक्वाथः, पित्तपापडाको क्वाथ। **मुचः** मोचरसः। एतेषां **षडंगशृतशीतम्** यी पाँच द्रव्यमा छैटौं द्रव्य पानी समेत मिलाई पकाएर सेलाइएको शृतशीत वा हिमकषाय। **सद्यः** तत्कालै। **तृष्णाविनाशनम्** तृष्णां तृषां विशेषेण नाशयतीति, तृष्णा अर्थात् तिर्खा लाग्ने रोगलाई विशेष रूपले नाश गर्ने। **स्यात्** होस् ॥२९॥

---

१४ पयः शुण्ठीपयो रेणुः श्रीखण्डं जलदा इमे। सर्वदाहहरा प्रोक्ता सर्वे लोके पयो मुचः ॥ इत्यपि पाठः।
पयः शुष्ठी पयः शीतं पयो रेणुः पयो मुचः प्रस्तुत श्लोकलाई यसरी पढ्दा– पयः= नेत्रवाला, सुगन्धबाल, शुण्ठी =शुठो, पयः = उशीरम्, उशीर, शीतम् – चन्दन, पयोरेणुः = पित्तपापडा, पयो मुचः =मोचरस यसरी ६ द्रव्यको षडंगशृतशीत बन्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

सुगन्धवाल, शुठो, चन्दन, पित्तपापडा र मोचरसलाई पानीमा पकाएर सेलाई तयार पारिएको षडंग पानी (षडंग शृतशीत) तृष्णारोगलाई तत्काल विनाश गर्ने खालको हुन्छ ॥२९॥[१५]

दाहशमनार्थं सहस्रधौतघृताभ्यंगम् :–

सहस्रधौतेन घृतेन कर्तुरभ्यंगमोषः कृशतां विभर्त्ति ॥[१६]
अन्यांगनासंगमसादरस्य स्वीयेषु दारेषु यथाभिलाषः ॥३०॥

अन्वयः

सहस्रधौतेन घृतेन (कृतम्) अंभ्यगं कर्तुः ओषः कृशतां विभर्त्ति यथा अन्यांगना-संगम-सादरस्य स्वीयेषु दारेषु अभिलाषः (ह्रसति) ॥३०॥

व्याख्याः

सहस्रधौतेन सहस्रवारं प्रक्षालितेन, हजार पटक पखालिएको। **घृतेन** आज्येन घिउले। (गरिएको) **अभ्यंगम्** स्नेहनम्, मर्दनम्, मालिस। **कर्तुः** करोतीति कर्ता तस्य, जसले मालिस गर्दछ त्यस मालिस गर्नेको। **ओषः** प्लोषः, दाहः। **कृशताम्** दुर्बलताम्, कमजोर वा दुर्बल भएको। **विभर्ति** धारयति, पोषयति, धारण गर्दछ। **अन्यांगना** परांगना, परस्त्री तया सह संगमे रतौ **सादरस्य** आदरेण सह सादरः आदरयुक्तस्तस्य **अन्यागनासंगमसादरस्य** परस्त्रीसित पल्किएको व्यक्तिको। **स्वीयेषु दारेषु** निजदारेषु स्वभार्यायाम्, आफ्नी पत्नीसित। **यथाभिलाषः** इवाभिलाषः, अभिलाषा वाञ्छा इव, चाहनाजस्तै ॥३०॥

भावार्थः

हजारपटक पखालिएको घिउ (शतधौत घृत)ले अभ्यंग (मालिस) गरेमा त्यस मालिस गरिएको व्यक्तिको दाह त्यसरी नै दुर्बल हुन्छ (कम हुन्छ) जसरी परस्त्रीसित सहवास गर्न पल्किएको व्यक्तिलाई आफ्नी पत्नीसित सहवास गर्ने चाहना कम हुन्छ ॥३०॥

तृड्दाहमोहशमनार्थं निम्बप्रवालफेनलेपनम् :–

तृड्दाहमोहाः प्रशमं प्रयान्ति निम्बप्रवालोत्थितफेनलेपात् ॥
यथा नराणां धनिनां धनानि समागमाद् वारविलासिनीनाम् ॥३१॥

---

१५ कसैकसैले शुण्ठीक्वाथ, चन्दनको हिम, पर्पटक्वाथ, मोचरसक्वाथमा पानी र मिश्री मिलाएको षडंगशृतशीत र कसैकसैले सुगन्धवाल, शुठो, उशीर, पित्तपापडा, चन्दन र मोथेको षडंग पानी पनि उल्लेख गरेका छन्। मुस्तपर्पटकोशीरचन्दनोदीच्यनागरैः। शृतशीतं जलं दद्यात् पिपासाज्वरशान्तये। षडंगपानीका लागि यो आयुर्वेदीय प्रसिद्ध योग हो।

१६ सहस्रधौतेन घृतेन दिग्धदेहस्य दाहः कृशतां विभर्ति। इति पाठान्तरम्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

निम्बप्रवालोत्थितफेनलेपात् तृड्दाहमोहाः प्रशमं प्रयान्ति यथा धनिनां नराणां धनानि वारविलासिनीनाम् समागमाद् (क्षयं प्रयान्ति) ॥३१॥

व्याख्याः

निम्बस्य पिचुमर्दस्य **प्रवालः** नवपल्लवः निम्बप्रवालस्तेभ्यः **उत्थितस्य** उत्पादितस्य **फेनः** उत्पीडः उत्पीडनान्निर्जातो रसः, निमका पालुवा (कलिला पात)लाई निचोरेर निकालिएको रस (निचोड) लाई हल्लाएर वा मथेर फिँज निकालिएको । तस्य **लेपात्** त्यसको लेप लगाउनाले । **तृड्** तृषा च, **दाहस्तापो** जलनम् च, **मोहः** मूर्च्छा च ते **तृड्दाहमोहाः** तृषा, दाह र मूर्च्छा तीनवटा रोग । **प्रशमम्** शमनम्, शान्तिम्, सञ्चो हुनु, निको हुनु, आराम हुनुको अवस्थामा । **प्रयान्ति** प्रगच्छन्ति, जान्छन्, पुग्छन् । **यथा** जस्तै, जसरी । **धनिनाम्** धनवताम्, धन भएकाहरूको । **नराणाम्** मनुष्याणाम्, मानिसहरूको । **धनानि** द्रव्याणि, रूप्यकाणि, धन, पैसा । **वारविलासिनीनाम्** वारबधूनाम्, नगरबधूनाम्, वेश्यानाम्, वेश्या नारीहरूको । **समागमाद्** सम्भोगाद्, यौनकर्मबाट ॥३१॥

भावार्थः

नीमका पालुवालाई निचोरेर निकालिएको रसको फिँजको लेप लगाउनाले तृषारोग, दाहरोग र मूर्च्छारोग शान्त हुन्छन् । जसरी नगरबधूहरूसित यौनकर्म गर्न जाँदा धनी मानिसहरूको धन थाहै नपाइकन नाश हुन्छ त्यसैगरी नीमको रसको लेप लगाउनाले यी तीन रोगहरू पनि सुखपूर्वक नाश हुन्छन् ॥३१॥

पित्तज्वरजन्यपीडाशमनोपायाः –

अमलैः कमलैरथानिलैरलसैः पुष्परजःसमन्वितैः ॥
वनकेलिकथाकुतूहलैरपि[17] पित्तज्वरजा रुजो जयेत् ॥३२॥

अन्वयः

पुष्परजःसमन्वितैः अथालसैः अनिलैः अमलैः कमलैः वनकेलिकथाकुतूहलैरपि पित्तज्वरजा रुजो जयेत् ॥३२॥

व्याख्याः

पुष्परजः पुष्परागः, सुगन्धः, पुष्परसो वा मकरन्दस्तेन **समन्वितैः** युक्तैः, पुष्पगन्ध वा पुष्परस मिलाएकोले । **अथालसैः** मन्दैः **अनिलैः** निर्मलपवनैः, स्वच्छ शीतल र मन्द वहने हावाले । **अमलैः** मलरहितैः निर्मलैः, स्वच्छैः **कमलैः** कमलपुष्पैः, निर्मल कमलपुष्पले । **वनकेलि** वनक्रीडा, वनविहारजलविहारादयः, वनमा विहार, जलक्रीडा आदि गर्नाले या वनमा अन्य क्रीडा आदि गर्दा त्यहाँको शुद्ध शीतल वायुका स्पर्श हुनेहुनाले । **कथा** वार्ता, मीठामीठा कुरा गर्नाले । **कुतूहलैः** कौतुकैः, मनमा खुल्दुली पैदा गर्ने खालका खेल, तुक्का, पहेली, चुट्किला आदिले । **अपि** पनि । **पित्तज्वरजा रुजः** पित्तज्वरजन्याः रुजाः, पित्तज्वरले गर्दा भएको पीडा तृष्णा, दाह, पाक आदि । **जयेत्** जितोस् ॥३२॥

१७ जलकेलिकथाकुतूहलैः, जलकेलिकलाकुतूहलैः इति पाठान्तरम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

निर्मल कमलपुष्पको स्पर्श, निर्मल मन्दवायुको सेवन, वनविहार, नौका आदिमा बसेर गरिने जलविहार,[१८] कथा, साहित्य र कौतुक सृजना गर्ने ख्यालठट्टा, पहेली, चुट्किला आदिले पित्तज्वरका पीडा अर्थात दाह, तृषा, पाक आदिलाई जित्नसकिन्छ ॥३२॥

दाहशमनार्थमालिंगनम् :–

श्रीखण्डमण्डितकलेवरवल्लरीणां मुक्ताफलाकुलविशालकुचस्थलीनाम् ॥
वैदग्ध्यमुग्धवचसां सुविलासिनीनामालिंगनं सकलदाहमपाकरोति ॥३३॥

अन्वयः

श्रीखण्ड-मण्डित-कलेवर-वल्लरीणां मुक्ताफलाकुल-विशाल-कुचस्थलीनाम् वैदग्ध्य-मुग्ध-वचसां सुविलासिनीनाम् आलिंगनम् सकलदाहम् अपाकरोति ॥३३॥

व्याख्याः

श्रीखण्डम् चन्दनम् तेन **मण्डितम्** चर्चितम् आच्छादितम् **कलेवरम्** शरीरम् यस्या सा ताश्च **वल्लरी** इव लता इव विनयशीलास्तेषाम् **श्रीखण्ड-मण्डित-कलेवर-वल्लरीणाम्,** श्रीखण्ड चन्दन लेपन गरेर शोभित र सुगन्धित तथा लहराजस्तै विनय अर्थात् नम्रता वा लचकता भएको शरीर भएकी सुन्दरीहरूको । **मुक्ताफलम्** मुक्तामणिस्तस्मै **आकुलः** व्याकुलः, अभीप्सितः, **विशालः** विपुलः, **कुचस्थली** स्तनमण्डलम् यस्या सा, तासाम् **मुक्ताफला-कुल-विशाल-कुचस्थलीनाम्,** मोतीका दानालाई पर्खिएर आकुल या अत्यन्त तीव्र इच्छा जनाउने संकेत दिइरहेका विशाल स्तनमण्डल भएका नारीहरूको । **वैदग्ध्यम्** पाण्डित्यम्, चातुर्यम्, तेन **मुग्धम्** मनोहरम् **वचस्** वचनम् यस्या सा, तासाम् **वैदग्ध्य-मुग्ध-वचसाम्** पाण्डित्य र चातुर्यले पूर्ण मनोहर बोलीवचन भएका स्त्रीहरूको । विलसनं विलासः हावभावादयः, सुष्ठु विलसति इति सुविलासी, सा सुविलासिनी, तासाम् **सुविलासिनीनाम्** राम्ररी विलास गर्ने विलासिनीहरूको । **आलिंगनम्** परिरम्भणम्, अंगीकरणम्, अंकमाल गर्नु । सकलो दाहस्तम् **सकलदाहम्** सबै किसिमका पोल्ने व्यथा, दाहरोगलाई । **अपाकरोति** दूरीकरोति, नाशयति भगाउँछ, टाढा पुऱ्याउँछ ॥३३॥

भावार्थः

श्रीखण्ड घोटेर बनाएको चन्दन जिउभरि लेपन गरेर सुशोभित र सुगन्धित भएको र लहराजस्तै लचिलो शरीर भएकी सुन्दरीहरू, जसका विशाल स्तनमण्डल मुक्ताफलको लागि लालायित छन् अथवा लगाइएको मोतीको मालाका दानाहरूले हिर्काएर सम्वेदनशील भएका छन् त्यस्ता मोतीको फलका आकुल कुचस्थल भएका तरुणी नारीहरू, पाण्डित्य र चातुर्यले पूर्ण मनोहर या आनन्ददायी बोलीवचन भएका युवती स्त्रीहरू र राम्ररी विलास गर्न सिपालु सुविलासिनी महिलाहरूको आलिंगन गर्नाले सबै किसिमका जिउ पोल्ने व्यथा या दाहरोगलाई भगाइदिन्छ ॥३३॥

---

१८ जलक्रीडादि नौकादिना न तु स्नानेन । उक्तञ्च व्यायामं च व्यवायञ्च स्नानं चंक्रमणानि च । ज्वरमुक्तो न सेवेत यावन्नो बलवान् भवेत् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दाहनिराकरणायान्यान्योपायाः –

शय्या पल्लवपद्मपत्ररचिता वासो वयस्यैः समम् ।
कान्तारे कुसुमस्फुरत्तरुवरे गानं विपंचीकृतम् ॥[१९]
आलापाश्च शुकालिकोकिलकृताः कान्ताश्च कान्ताकथाः ।
वाताश्चामलबालकव्यजनजा[२०] **दाहं निराकुर्वते ॥३४॥**

अन्वयः

पल्लव-पद्मपत्र-रचिता शय्या, वयस्यैः समम् वासः, कुसुम-स्फुर-त्तरुवरे कान्तारे विपंचीकृतं गानम्, शुका-लि-कोकिल-कृताः आलापाश्च, कान्ताश्च, कान्ताकथाः, अमल-बालक-व्यजनजा वाताश्च दाहं निराकुर्वते ॥३४॥

व्याख्याः

पल्लवः रम्भापल्लवः केराको कलिलो पात, **पद्मपत्रम्ः** कमलपत्रम्ः, **रचिता** निर्मिता, केराका नरम पात र कमलका कोमल पातले बनाइएको **शय्या,** बिछौना । **वयस्यैः** मित्रैः, **समम्** साकम् साथीहरूसित । **वासः** निवासः, वास । **कुसुमं** पुष्पं तानि स्फुरन्तीति **कुसुमस्फुरत्** स चासौ तरुवर तस्मिन् **कुसुम-स्फुरत्-तरुवरे** फूल फुलेर फक्रिन लागेको फूलको बोटमुनि । **कान्तारे** एकान्ते, एकान्तमा । गानम्, गीतम्, गीत **विपञ्चीकृतम्** वीणाकृतम्, गितारको ध्वनिका साथ गाइएको । **शुकः** कीरः सुघा, **अलिः** भ्रमरः भमरा, **कोकिलः** पिकः, कोइली चरो, शुकश्च अलिश्च कोकिलश्च शुकालिकोकिलास्तेभ्यः कृताः कूजिताः नादीकृताः **शुकालिकोकिलकृताः,** सुघा भमरा र कोइलीले निकालेका आवाज । **आलापः** पक्षीकूजनम् मधुपस्य गुञ्जनम् ते **आलापाः** चराहरूको चिरबिर र भमराहरूको भूँभूँ गुञ्जन । **कान्ताश्च** कान्तियुताश्च, सुन्दर कान्ति भएकी युवती, प्रेयसी । कान्तायाः प्रियायाः कथाः लीलाचर्चाः **कान्ताकथाः** प्रियाका चर्चा परिचर्चा । **अमलम्** निर्मलम् स्वच्छ, चोखो **बालकम्** स्वल्पम् कोमलम् सानो र बालकजस्तै स्पर्शमा नरम, **व्यजनम्** व्यजनकम् पंखा तेन जाताः **अमल बालकव्यजनजाः,** व्यजनम् तालवृन्तकमित्यमरकोषे मनुष्यवर्गः । **वाताः** पवनाः शीतल वायु । **दाहम्** दाघम् डाहा, औडाहा, जलन, पोल्ने व्यथा, दाहरोग । **निराकुर्वते** निराकरोति निराकरण गर्दछ ॥३४॥

भावार्थः

नरम नरम केराका पातले र कमला कमलका पातले बनाइएको बिछौना होस्, मन मिल्दा साथीहरूसितको वास होस्, एकान्त होस् र त्यस एकान्तस्थलमा भरखरै फक्रिन लागेका फूलहरू फुलीरहेको सुन्दर तरुवर (वृक्ष) होस्, त्यहीँ वीणाको धुनसित गाइएका गीतहरूको सुमधुर गुञ्जन होस्, साथै सुघा, भमरा र कोइलीका सुमधुर आबाजको गुञ्जन होस्, सँगै सुन्दर कान्ति भएकी प्रियतमा हुन्, अथवा प्रियतमका चर्चापरिचर्चा हुन्, स्वच्छ नरम सानासाना तालपत्रका पंखाले हम्किएर पैदा भएको शीतल वायुको स्पर्श होस्– यी अवस्थाले दाहरोगलाई निराकरण गर्दछन् ॥३४॥

१९ वीणान्वितं गायनम् इति पाठान्तरम् ।

२० वाताः श्यामलबालकव्यजनजा, वाताश्चामलतालकव्यजनजा इति च पाठान्तरम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दाहशमनार्थमनुलेपनम् :–

अयि नितम्बिनि गायनलालसे मधुरवाणिनि काममदालसे !
वपुषि दाहयुते विहितं हितं हिमहिमांशुजलैरनुलेपनम् ॥३५॥[२१]

अन्वयः

अयि नितम्बिनि ! गायनलालसे ! मधुरवाणिनि ! काममदालसे ! बपुषि दाहयुते हिमहिमांशुजलैर नुलेपनम् हितं विहितम् ॥३५॥

व्याख्याः

अयि प्रश्ने अनुनये सम्बोधनेऽव्ययो निपातः, प्रश्न अनुनय र सम्बोधन जनाउने अव्यय वा निपात । सुष्ठु नितम्बं यस्याः सा नितम्बिनी, तत्र सम्बोधनम् **नितम्बिनि,** हे सुडोल र सुन्दर नितम्ब भएकी । गायने सुमधुरगीतगायने लालसा कामना यस्याः सा गायनलालसा, तत्र सम्बोधनम् **गायनलालसे** हे गाउनका लागि मनमा लालसा वा कामना भएकी ! मधुरा मिष्ठा वाणी वाक् वचनम् यस्या सा मधुरवाणिनी, सम्बोधने **मधुरवाणिनि** मीठो बोलीवचन भएकी ! कामः मदनः तस्य मदोऽअभिमानस्तेन अलसा आलस्ययुक्ता या सा, सम्बोधने **काममदालसे** काममद अर्थात् कामको अभिमान नै अल्छी छ जसको त्यस्ती काममदमन्दा स्त्री, हे कामको अभिमान नभएकी मेरी प्रियतमा ! **वपुषि** शरीरे शरीरमा **दाहयुते** दाहरोगे सति, पोल्ने व्यथा, दाहरोग भएको अवस्थामा । **हिमम्** शीतलम्, चन्दनम्, श्रीखण्ड । **हिमांशुः** कर्पूरः, कपुर । **जलम्** ह्रीवेरम्, सुगन्धबाल । **तैरनुलेपनम्** अंगरागम्, श्रीखण्ड चन्दन, कपूर र सुगन्धवाल मिश्रित अंगराग लगाउनाले । **हितम्** स्वास्थ्यकरम्, हित गर्ने । **विहितम्** विधान रहेको छ ॥३५॥

भावार्थः

हे सुडोल र सुन्दर नितम्ब भएकी, सुमधुर गीत गाउने मनमा इच्छा भएकी, मीठो बोलीवचन भएकी, कामको मदलाई बढ्न नदिने मेरी प्रियतमा ! यदि शरीरमा दाह भएको छ भने चन्दन, कपूर र सुगन्धबालको अंगराग लगाएमा ठिक हुन्छ ॥३५॥

तापापहः स्वापः –

शुभ्राभ्रविभ्रमधरे शशांककरसुन्दरे ।
चन्दनैश्चर्चिते हर्म्ये स्वापस्तापमपोहति ॥३६॥

अन्वयः

शुभ्राभ्रविभ्रमधरे शशांककरसुन्दरे चन्दनैश्चर्चिते हर्म्ये स्वापस्तापमपोहति ॥३६॥

---

२१ अयि नितम्बिनि गायनलालसे, मधुरचारिणि काममदालसे । हरति दाहमघर्मकरानने हिमहिमांशुजलैरनुलेपनम् इति पाठान्तरम् । तथा च वपुषि दाहवतां विहितं हिमं इति पाठान्तरम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्याः

शुभ्रम् धवलम्, श्वेतवर्णको, **अभ्रम्** मेघो वारिवाहः, बादल, मेघ, **विभ्रमम्** विशिष्टं भ्रमम् संशयम् भ्रम वा शंका, धरतीति **धरः** तस्मिन् **शुभ्राभ्रविभ्रमधरे** आकाशमा सेतो वादल हो कि भन्ने भ्रम गराउने सेतो उज्यालो रंगको । **शशांकश्चन्द्रस्तस्य करः** किरणः तादृश एव सुन्दरो यः सः, तस्मिन् **शशांककरसुन्दरे** चन्द्रमाको सुन्दर किरण पर्नाले शोभित देखिएको । **चन्दनैः** श्रीखण्डैः **चर्चिते** संसिक्ते **चन्दनैश्चर्चिते** श्रीखण्डको चन्दन छर्किएर शीतल र सुगन्धित बनाइएको । **हर्म्ये** अट्टालिकायाम्, कौसीमा । **स्वापः** शयनम्, सुत्नु । **तापम्** दाहम्, **अपोहति** व्यपोहति नाशयति, हरण गर्दछ ।।३६।।

भावार्थः

स्वच्छ आकाशमा धवल आकृतिको देखिएर मेघ हो कि भन्ने भ्रमलाई साथ लिइरहेको, सुन्दर चन्द्रकिरण धर्तीभरि छरिएर शोभित भएको चाँदनी भएको वेलामा श्रीखण्डको चन्दन छर्किएर शीतल र सुगन्धित पारिएको कौसीमा शयन गरेमा ताप अर्थात् दाहरोग हराउँछ ।।३६।।

अन्तर्दाहशमनार्थं धान्यसलिलम् :–

यदि पर्युषितं धान्यसलिलं सितया सह ।
प्रभातसमये पीतमन्तर्दाहं विनाशयेत् ।।३७।।

अन्वयः

यदि पर्युषितं धान्यसलिलं प्रभातसमये सितया सह पीतम् (चेत् तर्हि) अन्तर्दाहं विनाशयेत् ।।३७।।

व्याख्याः

यदि इति अव्ययम् यदि । **पर्युषितम्** परि वस् क्तः, रात्रौ व्युषितम्, राती भिजाइएको । **धान्यम्** धान्यकम् धनिया, च सलिलं जलं पानी च **धान्यसलिलम्** ।[२२] **प्रभातसमये** प्रातःकाले, बिहानै । **सितया** सितशर्करया, सेतो शर्करा (मिश्री)ले । **सह** साकम्, सित । **पीतम्** चेत् पिएको छभने । **अन्तर्दाहम्** अन्तस्तापम्, भित्रको जलन । **विनाशयेत्** नाश गर्नेछ ।।३७।।

अन्तर्दाहे धान्यसलिलस्य पुनःप्रशंसा :–

धान्यसलिलं पर्युषितं सितया युतं प्रातः ।
अन्तर्दाहं हरेत्पीतं दुःखं दुर्गार्चनं यथा ।।३८।।

अन्वयः

पर्युषितं धान्यसलिलं सितया युतं प्रातः पीतं अन्तर्दाहं हरेत् यथा दुःखं दुर्गार्चनम् (तथैव) ।।३८।।

---

२२ अत्र धान्यं पलं जलं षट्पलं सिता पलमिता ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्याः

पर्युषितम् रात्रोषितम्, राती भिजाएर राखेको । **धान्यसलिलम्** धान्यकजलम, धनियाँ र पानी । **सितया** सितशर्करया, **युतम्** युक्तम् सहितम्, मिश्री समेत मिलाएको । **प्रातः पीतम्** प्रातःकाले पीतम्, बिहान सबेरै पिएको । **अन्तर्दाहम्** अन्तःशरीरदाहम्, शरीरभित्रको जलन अर्थात् तापलाई । **हरेत्** नाशयेत्, नाश गर्नेछ । **यथा** जस्तो । **दुःखम्** कष्टम् दुःखलाई । **दुर्गार्चनम्** दुर्गायाः भगवत्याः **अर्चनम्** पूजनम्, भगवती दुर्गाको पूजा गर्नाले (हरण गर्दछ) ॥३८॥

भावार्थः

शरीरमा भएको अन्तर्जलनमा एक रात भिजाएको धनियाँ र पानीको हिम मिश्री मिलाएर पिएमा दुःख परेको बेलामा भगवती दुर्गाको अर्चना गर्दा दुःखहरण भएजस्तै गरी अन्तर्दाह पनि निको हुन्छ ॥३८॥

सद्यस्तापहरः कान्ताधरः –

प्राणप्रेयसि ! मा पिबन्तु पुरुषाः पित्तज्वरव्याकुलाः ।
नानावल्लिजलं विलम्बितफलं पाने विषादप्रदम् ॥
तत्तैः किं क्रियतां ? चिकित्सकपते ! मुग्धे सुखं सेव्यताम् ।
सद्यस्तापहरः सुधाधिकतरः कान्ताधरः केवलम् ॥३९॥

अन्वयः

प्राणप्रेयसि ! पित्तज्वरव्याकुलाः पुरुषाः पाने विषादप्रदम् विलम्बितफलं नानावल्लिजलं मा पिबन्तु । चिकित्सकपते ! तत्तैः किं क्रियतां ? मुग्धे ! सद्यस्तापहरः सुधाधिकतरः कान्ताधरः केवलं सुखं सेव्यताम् ॥३९॥

व्याख्याः

प्राणाय प्रेयसी, सम्बोधनम् **प्राणप्रेयसि** हे मेरो प्राणका लागि प्रिय जीवनसखी ! पित्तभवेन ज्वरेण व्याकुलाः ये ते **पित्तज्वरव्याकुलाः** पित्तज्वरले व्याकुल भएका । **पुरुषाः** मानवाः पुरुषहरू । **मा पिबन्तु** न पिबन्तु, नपिउन् । **पाने** गृहीते, पिएपछि । **विषादप्रदम्** विषादं शोकं दुखं वा प्रददातीति, दुःख वा विषाद दिने । **नानावल्लिजलम्** नानावल्लरीजलम्, नाना किसिमका लहराहरूबाट निकालिएको जल क्वाथ आदिलाई । विलम्बं कृतमिति विलम्बितम्, विलम्बितात् वा फलं प्राप्यते इति **बिलम्बितफलम्** ढिलो गरेर फल प्राप्त हुने । **चिकित्सकपते** हे मेरा चिकित्सक पति ! **तत्** त्यसोभए । **तैः** तिनीहरूले । **किं क्रियताम्** ? के गरून् त ? **मुग्धे** ! हे मेरी मुग्ध प्रिये ! **सद्यस्तापहरः** सद्योदाहहरः, तुरुन्तै ताप हरण गर्ने, सुधा अमृतं अधिकतरं यस्य अस्ति सः **सुधाधिकतरः** ज्यादै रस वा अमृत भएको, **कान्ताधरः** कान्तायाः प्रियायाः अधरः ओष्ठपल्लवः, प्रियतमाको ओष्ठपल्लव । **केवलम्** मात्रम् मात्रै । **सुखं** सुखेन, सुखले आरामले । **सेव्यताम्** सेवन गरून् ॥३९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

हे मेरो प्राणका लागि प्यारी मुरासा ! पित्तज्वरले व्याकुल भएका कसैले पनि खाएपछि विषाद या दुःख दिने (कोक्याउने) ओखति पनि ढिलो लाग्ने विलम्बितफल (ढिलो फल प्राप्त हुने) विभिन्न किसिमका लहराहरूबाट तयार पारिएको रस (पहिले भनिएका अनेक काढाहरू) नपिउनू । हे मेरा चिकित्सक पति ! त्यसोभए तिनीहरू के गरूनू त ? हे प्रसन्न मन भएकी मुग्धे ! तुरुन्त ताप हरण गर्ने अमृतभन्दा पनि ज्यादा सन्तुष्टि दिने कान्ता प्रियतमाको अधरको पानमात्रै हो त्यही पिउनु भन । अर्थात्, कान्ताको अधरसुधा तत्काल फल दिने र विषाद नदिने रस हो ॥३९॥

पित्तज्वरे प्रियामुखपेयः –

पित्तज्वरे किं रसफाण्टलेपैः किं वा कषायैरमृतेन किं वा ॥
पेयं प्रियाया मुखमेव केवलं लोलिम्बराजेन सदानुभूतम् ॥४०॥

अन्वयः

पित्तज्वरे किं रसफाण्टलेपैः ? किं वा कषायैः ? किं वा अमृतेन ? लोलिम्बराजेन सदानुभूतं केवलं प्रियाया मुखमेव पेयम् ॥४०॥

व्याख्याः

पित्तज्वरे पित्तदोषजनितज्वरे किं **रसफाण्टलेपैः** रसश्च फाण्टश्च लेपश्च तैः **रसः** स्वरसः – यन्त्रनिष्पीडिताद् द्रव्याद् रसः स्वरस उच्यते, ताजा रस । **फाण्टः**– क्षिप्तोष्णतोये मृदितं तत्फाण्टं परिकीर्तितम्, तातो पानीमा हालेर मर्दन गरी बनाएको रस । लिम्पति इति **लेपः** लेपन वा अनुलेपनका लागि बनाइएको जडीबुटीको पिष्ट (Paste) । **किं वा कषायैः** क्वाथैः काढाले पनि के हुन्छ र ? **किं वा अमृतेन** अथवा अरू अमृत औषधिको पनि के काम ? **लोलिम्बराजेन** कवि लोलिम्बराजले । **सदानुभूतम्** सधै अनुभव गरेको । **केवलम्** मात्रै । **प्रियाया मुखमेव** प्रियाको मुखबाट प्राप्त हुने रस नै । **पेयम्** पिउनुपर्छ ॥४०॥

भावार्थः

पित्तज्वरमा जडीबुटीहरूको ताजा रस स्वरस, तातो पानीमा हालेर बनाएको तातो रस फाण्ट र शरीरमा लेपन गर्नका लागि बनाएको लेपबाट के हुन्छ ? केही हुँदैन । निश्चित परिमाणको पानी र औषधिद्रव्यलाई पकाएर १६ भाग, आठ भाग वा चार भाग शेष गराएर तयार पारिएको कषाय वा काढाको के प्रयोजन ? अथवा अमृतै भए पनि त्यसको के काम ? केवल प्रियाको मुखचुम्बनबाट आउने अमृत मात्र पित्तज्वरको दाह शान्त गर्नसक्तछ त्यही पिउनुपर्छ ॥४०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वातपित्तज्वरशमनाय नवांगकषायः –

पञ्चमूल्यमृतामुस्ताविश्वभूनिम्बसाधितः ।
कषायः शमयत्याशु वायुमायुभवं ज्वरम् ॥४१॥

अन्वयः

पञ्चमूल्यमृतामुस्ताविश्वभूनिम्बसाधितः कषायः वायुमायुभवं ज्वरम् आशु शमयति ॥४१॥

व्याख्याः

पञ्चमूली लघुपञ्चमूली – शालपर्णी पृश्निपर्णी बृहती कण्टकारिका, तथा गोक्षुरकश्चेति लघ्विदं पञ्चमूलकम् । **अमृता** गुडूची, गुर्जो । **मुस्ता** मुस्तकः मोथे । **विश्वम्** विश्वभेषजम्, शुण्ठी, शुठो । **भूनिम्बः** किरातः, चिराइतो । **साधितः** निर्मितः, बनाइएको । **कषायः** क्वाथः, काढा– पानीयं षोडशगुणं क्षुण्णे द्रव्यपले क्षिपेत्, मृत्पात्रे क्वाथयेद् ग्राह्यमष्टमांशावशेषितम्, तज्जलं पाययेद् धीमान् कोष्णं मृद्वग्निसाधितम्, शृतः क्वाथः कषायश्च निर्यूहः स निगद्यते । वायुश्च वातश्च मायुश्च पित्तञ्च तयोर्भवं **वायुमायुभवं** वातपित्तभवम् वातपित्तदोषले भएको । **ज्वरम्** ज्वरलाई । **आशु** शीघ्रम्, छिटै । **शमयति** शमनं करोति, शमन गर्दछ, निको पार्दछ ॥४१॥

भावार्थः

लघुपञ्चमूल– शालपर्णी, पृश्निपर्णी, वृहती, कण्टकारी र गोक्षुर यी लघुपञ्चमूलका द्रव्य, गुर्जो, मोथे, शुठो, चिराइतो मिलाएर बनाएको काढाले वायुपित्तज ज्वरलाई तुरुन्तै शमन गर्दछन् ॥४१॥

कासश्वासयुतज्वरे शृंग्यादिनिर्मितोवलेहः –

शृंगीकणाकट्फलपौष्कराणां क्षौद्रान्वितानां विहितोऽवलेहः ॥
श्वासेन कासेन युतं बलासज्वरं जयेदत्र न कापि शंका ॥४२॥

अन्वयः

शृंगीकणाकट्फलपौष्कराणां क्षौद्रान्वितानां विहितोऽवलेहः श्वासेन कासेन युतं बलासज्वरं जयेदत्र न कापि शंका ॥४२॥

व्याख्याः

शृंगी कर्कटश्रृंगी । **कणा** पिप्पली, पिप्ला । **कट्फलम्** काफल । **पौष्करम्** पुष्करमूलम् । **क्षौद्रान्वितानां** मधुसहितानां मह मिलाएर बनाएको । **विहितः** निर्मितः बनाइएको । **अवलेहः** लेहः,[२३] चाटेर खान मिल्ने । **श्वासेन** श्वासरोगेण । **कासेन** कासरोगेण । **युतम्** युक्तम् मिलेको । **बलासः** कफस्तेन भवो ज्वरः तम् **बलासज्वरम्** कफज्वरम्, कफज्वरलाई । **जयेत्** विजयेत् जित्ला । **अत्र** यहाँ । **न** होइन **कापि** कः अपि, कुनै पनि । **शंका** संशयम्, शंका ॥४२॥

२३ क्वाथादीनां पुनः पाकाद् घनत्वं सा रसक्रिया । सोवलेहश्च लेहश्च प्राश इत्युच्यते बुधैः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

कर्कटशृंगी, पिप्ला, काफल र पुष्करमूलमा मह मिलाएर बनाएको अवलेह श्वास र कास (दम र खोकी) सहितको कफज्वरलाई नाश गर्दछ। यसमा कुनै शंका छैन ॥४२॥

श्वासयुतज्वरे भार्ग्याद्यष्टानां कषायः –

भार्गीगुडूचीघनदारुसिंहीशुण्ठीकणापुष्करजः कषायः ॥
ज्वरं निहन्ति श्वसनं क्षिणोति क्षुधां करोति प्ररुचिं तनोति ॥४३॥

अन्वयः

भार्गीगुडूचीघनदारुसिंहीशुण्ठीकणापुष्करजः कषायः ज्वरं निहन्ति श्वसनं क्षिणोति क्षुधां करोति प्ररुचिं तनोति ॥४३॥

व्याख्याः

भार्गी ब्राह्मणयष्टिका, अंगारवल्ली (मुस्तपञ्चके पाठः), भारंगी, चिण्डे। **गुडूची** अमृता, गुर्जो। **घनः** मेघः मुस्तकः, मोथे। **दारु** देवदारु। **सिंही** वार्ताकी, कण्टकारी। **शुण्ठी** शुठो। **कणा** पिप्पली, पिप्ला। **पुष्करम्** पुष्करमूलम्। **कषायः** क्वाथः, काढा। **ज्वरं निहन्ति,** ज्वरं नाशयति, ज्वर नाश गर्दछ। **श्वसनम्** श्वासरोगम्, दम आउने रोगलाई, **क्षिणोति** क्षयं करोति, घटाउँछ। **क्षुधाम्** बुभुक्षां करोति, भोक लगाउँछ। **प्ररुचिम्** प्रकृष्टरुचिम्, उत्कृष्ट रुचिलाई। **तनोति** वर्द्धयति बढाउँदछ ॥४३॥

भावार्थः

भारंगी, गुर्जो, मोथे, देवदारु, कण्टकारी, शुठो, पिप्ला र पुष्करमूल मिलाएर बनाएको क्वाथले ज्वरो निको पार्दछ, श्वास (दम)लाई घटाउँदछ, भोक लगाउँदछ र राम्रो रुचि बढाउँदछ ॥४३॥

मुखतिक्ततायां विस्मयकारी तिक्ताकषायः –

मम द्वयं विस्मयमातनोति तिक्ताकषायो मुखतिक्तताघ्नः ॥
निपीडितोरोजसरोजकोषा योषा प्रमोदं प्रचुरं प्रयाति ॥४४॥

अन्वयः

द्वयं मम विस्मयमातनोति– तिक्ताकषायो मुखतिक्तताघ्नः (अस्ति), निपीडितोरोजसरोजकोषा योषा प्रचुरं प्रमोदं प्रयाति ॥४४॥

व्याख्याः

द्वयोः विषयोऽस्य, **द्वयम्** दुईवटा कुरा। **मम** मेरो। **विस्मयम्** आश्चर्यम्, अचम्म। **आतनोति** विस्तारयति तन्काउँछ, बढाउँछ। **तिक्ताकषायः** तिक्तायाः कटुकायाः कषायः क्वाथः, कुट्कीको क्वाथ। **मुखतिक्तताघ्नः**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मुखस्य तिक्तं हन्तीति, मुखको तितो हटाउने । सरोज इव उरोज उरोजसरोजस्तस्यकोषः, निपीडिताः उरोजसरोजकोषाः यस्या सा **निपीडितोरोजसरोजकोषा** जसका कमलजस्ता कोमल स्तनमा दवाव परेको छ त्यस्ती । **योषा** योषित् नारी । **प्रचुरम्** भूरि धेरै । **प्रमोदम्** आनन्दम् खुशी, मजामा । **प्रयाति** गच्छति जान्छिन् ॥४४॥

भावार्थः

दुइटा कुराले मेरो आश्चर्यलाई बढाएको छ । पहिलो कुरा–कुटकीको क्वाथले मुखको तितोपन राम्रैसित जान्छ र धेरै आनन्द आउँछ । दोस्रो कुरा– कमलजस्तै कोमल स्तनमा दवाउँदा दवावको दुःख महशुस नगर्ने स्त्रीले पनि धेरै आनन्द मान्छिन् ॥४४॥

विशेषः– *कवि लोलिम्बराजको यो उत्प्रेक्षा कुटकीको गुणको प्रशंसा हो । कुटकी जो आफैं तितो छ, त्यसको कषायले मुखमा भएको तितो पनि जान्छ । तितो खाँदा मीठो मुख पनि तितो हुनुपर्ने । तर, त्यो औषधिको प्रभाव त्यस्तो नभएर आनन्ददायी भयो । स्तन अत्यन्तै कोमल अंग हुन् । त्यस्तो कोमल अंगमा दवाव र पीडन त दुःखदायी हुनुपर्ने हो । तर, त्यस्तो नभएर त्यो दवाव आनन्ददायी हुनु अचम्मै हो । यस्तै विशेषता कुटकीमा पनि हुँदो हो । यस्तो विचित्रप्रभाव धेरै आयुर्वेदीय जडीबुटीमा पाइन्छ । युवतीको स्तनमर्दन गर्दा युवतीलाई आनन्द आएजस्तै कुटकीको कषायले मुखतिक्तताको वैरस्य हराउँदै जान्छ र आनन्द आउँदै जान्छ । सरस पदावली, वृत्यानुप्रास र यमक अलंकारको प्रयोग गरेर कवि लोलिम्बराजले आफ्नो प्रखर पाण्डित्य, प्रवर साहित्य र सिद्ध भिषक्-पनालाई सिद्ध गरेका छन् । कुटकीको कार्मुकताको सर्वस्वरूप ग्रहण गर्न स्तनमर्दनको आनन्दको उपमाभन्दा अन्य उत्तम उदाहरण के हुनसक्ला ? यहाँ काव्यरसको माध्यमले तिक्तरसमा मधुरताको मञ्जुल सन्निवेश भएको छ र यसका लागि लोलिम्बराजको वैद्य व्यक्तित्वभन्दा कवि व्यक्तित्व बढी मुखर भएको छ ।*

कट्फलाद्येकादशानां श्लेष्मप्रकोपहरः कट्फलादिक्वाथः –

क्वाथः कट्फलकत्तृणाब्दधनिकाशृंग्युग्रगन्धाभया–
भार्गीपर्पटविश्वदेवतरुजो बाल्हीकमध्वान्वितः ॥
कासश्वासमुखामयज्वरबलं श्लेष्मप्रकोपं हरेत् ।
तद्वत् कोमलकण्ठि ! कण्ठजनितां पीडां च जेजीयते ॥४५॥

अन्वयः

कट्फल-कत्तृणा-ब्द-धनिका-शृंग्यु-ग्रगन्धा-भया-भार्गी-पर्पट-विश्व-देवतरुजः बाल्हीकमध्वान्वितः क्वाथः कास-श्वास-मुखामय-ज्वरबलं श्लेष्मप्रकोपं हरेत् । कोमलकण्ठि ! तद्वत् कण्ठजनितां पीडां च जेजीयते ॥४५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्याः

कट्फलम्, सोमवल्कलम्, काफल । **कत्तृणम्** रोहिषतृणम्, रोहिषघाँस । **अब्दः** मेघः, मुस्तः, मोथे । **धनिका** धान्यकम्, धनियाँ । **शृंगी** अजशृंगी, कर्कटशृंगी । **उग्रगन्धा** वचा, बोझो । **अभया** हरीतकी, हर्रो । **भार्गी** भारंगी, चिण्डे । **पर्पटः** पर्पटकः, पित्तपापडा । **विश्वम्** विश्वभेषजम्, शुठो । **देवतरुः** देवदारुः । **बाल्हीकम्** बाल्हीकदेशोद्भवम्, हिंगुः, हिङ । **मधु** माक्षिकम्, मह, तयोरन्वितं युक्तम् । **क्वाथः** कषायः, काढा । **कासम्** खोकीलाई । **श्वासम्** दमको रोगलाई । मुखस्य आमय **मुखामयः** तम्, मुखरोगम्, मुखको रोगलाई । ज्वरस्य बलं **ज्वरबलम्**, ज्वरको बल । **श्लेष्मणः** प्रकोपम्, कफप्रकोपम् । **हरेत्** नाशयेत्, नाश गरोस् । कोमलं कण्ठं यस्याः सा, सम्बोधने **कोमलकण्ठि** ! कमलो घाँटी भएकी मेरी प्रिये ! **तद्वत्** तथा च त्यसैगरी । कण्ठे जनिता तम् **कण्ठजनिताम्** घाँटीमा भएका । **पीडाम्** दुःखम्, दुखाइ । **च** पनि । **जेजीयते** बार बार जितिन्छ ॥४५॥

भावार्थः

काफल, रोहिषघाँस, मोथे, धनियाँ, कर्कटशृंगी, बोझो, हर्रो, भार्गी, पित्तपापडा, शुठो र देवदारुको काढा शुद्ध गरिएको हिङ र मह मिलाएर सेवन गरेमा खोकी, दम, मुखरोग र ज्वरको बललाई हरण गर्दछ। त्यस्तै हे कोमल कण्ठ भएकी मेरी प्रिये ! घाँटीमा हुने पीडालाई पनि यसै क्वाथले निको पार्छ ॥४५॥

अरोचकापहं साज्यसैन्धवमातुलुंगकेसरम् :–

गम्यते क्व गजगामिनि ! त्वया, मद्वचः श्रृणु, कवीन्द्र कथ्यताम् ॥
साज्यसैन्धवमरोचकापहं मातुलुंगफलकेसरं स्मृतम् ॥४६॥

अन्वयः

गजगामिनि ! त्वया क्व गम्यते ? मद्वचः श्रृणु । कवीन्द्र ! कथ्यताम् । साज्यसैन्धवं मातुलुंग-फलकेसरं अरोचकापहं स्मृतम् ॥४६॥

व्याख्याः

गज इव गच्छतीति, सम्बोधने **गजगामिनि** ! हे हाती हिँडेजस्तै गरी चाल नपाउनेगरी हिँड्ने मेरी प्रिये ! **त्वया क्व गम्यते** ? तिमी कहाँ जान्छ्यौ ? **मद्वचः** मेरा कुरा । **श्रृणु** सुन । **कवीन्द्र** ! हे मेरा कविराज पति ! **कथ्यताम्** भन्नुहोस् । आज्यं च सैन्धवं च आज्यसैन्धवं आज्यसैन्धवेन सह **साज्यसैन्धवम्** घिउ र सैन्धव लवणसहितको । मातुलुंगफलस्य केसरम् **मातुलुंगफलकेसरम्** बिमिरोको फलको केस्रा । अरोचकं अपहन्तीति **अरोचकापहम्** अरोचक रोगलाई नाश गर्ने । **स्मृतम्** कथितम् भनिएको छ ॥४६॥

भावार्थः

हे मेरी गजगामिनी प्रिये ! तिमी कहाँ जान लागेकी ? मेरा कुरा सुन । भन्नुहोस् मेरा कविराज पति ! घिउ र सिधे नुनसित बिमिरोको केस्रा खाएमा अरोचक (खान नरुच्ने रोग) रोग नाश हुन्छ, बुझ्यौ ? ॥४६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अरुचिहरं सैन्धवचूर्णचर्वितं लुंगकेसरम् :-

अरुचिं द्यति लुंगकेसरं सघृतं सैन्धवचूर्णचर्वितम् ॥
रुचिमम्बुरुहस्य तन्वि ! ते नयनं खञ्जनगञ्जनं यथा ॥४७॥

अन्वयः

तन्वि ! सघृतं लुंगकेसरं सैन्धवचूर्णचर्वितम् अरुचिं द्यति । यथा, अम्बुरुहस्य रुचिं खञ्जनगञ्जनं ते नयनम् (द्यति) ।

व्याख्याः

तन्वि कृशोदरि ! हे पातली ! घृतेन सह **सघृतम्** घिउसहितको । लुंगस्य मातुलुंगस्य केशरम् **लुंगकेसरम्** बिमिरोको केस्रा । **सैन्धवचूर्णचर्वितं** सैन्धवलवणस्य, सिधे नुनको, चर्वितम् चपाउनका लागि तयार गरिएको फाँको । **अरुचिम्** अरुचि रोगलाई । **द्यति** खण्डयति, खण्डित गर्दिन्छ, छुटाइदिन्छ । यथा जसरी **अम्बुरुहस्य** अम्भोरुहस्य कमलपुष्पस्य । **रुचिम्** आकर्षणम्, आकर्षण, शोभालाई । **ते** तव, तिम्रो । **खञ्जनः** खञ्जनपक्षी । तस्य **गञ्जनं** पराजयम्, पराभवम्, खञ्जनपक्षीलाई समेत कम शोभायमान देखाउने । राम्रो आँखाको लागि खञ्जनपक्षी उदाहरणीय मानिएको छ पूर्वीय वाङ्मयमा ॥४७॥

भावार्थः

हे पातली प्यारी ! घिउ मिलाएको बिमिरोको केस्रालाई सिधेनुनको फाँकोसित खाएमा त्यसले अरुचिलाई छुटाइदिन्छ । जसरी खञ्जनपक्षीका आँखालाई समेत हराएर कम शोभा देखाइदिने तिम्रा आँखाले कमलको आकर्षणलाई पनि कम तुल्याएर हटाइदिन्छन्, अर्थात्, कमलका आँखा हेर्ने मान्छेको दृष्टिलाई तिमीतिर खिचाइदिन्छन् । जसरी कमलको आकर्षणलाई तिम्रा खञ्जनगञ्जन आँखाले छुटाइदिन्छन् त्यसैगरी घिउ मिसिएको बिमिरोको केस्रालाई नुनको फाँकोसित चपाएपछि अरुचि पनि हट्दछ ॥४७॥

अरुचिहरं सलवणघृतमातुलिंगकेसरं, रुचिकरं दाडिमचर्वणम् –

शमयति केसरमरूचिं सलवणघृतमाशु मातुलिंगस्य ।
दाडिमचर्वणमथवा चरको रुचिकारी सूचयामास ॥४८॥

अन्वयः

सलवणघृतं मातुलिंगस्य केसरं अरुचिं आशु शमयति । अथवा दाडिमचर्वणं रुचिकारी इति चरकः सूचयामास ॥४८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्याः

लवणेन च घृतेन च सहितं **सलवणघृतम्** नुन र घिउसहितको । **मातुलिंगस्य** बीजपूरस्य केसरं फलकेसरम्, बिमिरोको केस्रा । **अरुचिम्** अरुचिलाई । **आशु** छिटै । **शमयति** नाशयति, शमन गर्दछ । **अथवा** वा । **दाडिमचर्वणम्,** दाडिमको फाँको चपाउनु । **रुचिकारी** रुचिकारकः, रुचिकारक हुन्छ । **चरकः** आचार्य चरकले । **सूचयामास** ज्ञापयामास, जानकारी दिएका थिए ॥४८॥

भावार्थः

नुन घिउसित बिमिरोको केस्रा चपाउनाले अरुचि छिटै निको हुन्छ । अथवा दाडिमको फाँको मारेर खानु पनि रुचिकारी हुन्छ । यो जानकारी आचार्य चरकले दिएका थिए ॥४८॥

सन्निपातहरो ग्रन्थ्यादित्रयोविंशतिद्रव्याणां क्वाथः –

ग्रन्थीन्द्रजामरपुरक्रिमिशत्रुभार्गी[२४] भृंगत्रिकट्वनलकट्फलपौष्कराणाम् ॥
रास्नाभयाबृहतिकाद्वयदीप्यभूतकेशीकिरातकवचाचविकावृकीनाम् ॥४९॥
क्वाथो हन्यात् सन्निपातान् समग्रान् बुद्धिभ्रंशान् स्वेदशैत्यप्रलापान् ॥
शूलाध्माने विद्रधिश्लेष्मवातान् वातव्याधिं सूतिकानां च तद्वत् ॥५०॥

अन्वयः

ग्रन्थी- न्द्रजा- ऽमर- पुर- क्रिमिशत्रु- भार्गी- भृंग- त्रिकट्व- नल- कट्फल- पौष्कराणां रास्नाऽभया-बृहतिकाद्वय-दीप्य-भूतकेशी-किरातक-वचा-चविका-वृकीनां क्वाथो समग्रान् सन्निपातान्, बुद्धिभ्रंशान्, स्वेद-शैत्य-प्रलापान् तद्वत् शूलाध्माने विद्रधिश्लेष्मवातान् सूतिकानां वातव्याधिं च हन्यात् ॥४९-५०॥

व्याख्याः

ग्रन्थी ग्रन्थिकम्, पिप्पलीमूलम्, पिप्लाको जरा । **इन्द्रजा** इन्द्रयवः इन्द्रजौ । **अमरः**[२५] सुरः देवदारुः । **पुरः** शिवपुरः, गुग्गुलु, गुग्गुल । **क्रिमिशत्रुः** विडंगः, वायुविडंग । **भार्गी** । **भृंगः** भृंगराजः भृंगीराज । **त्रिकटुः** पिप्पली मरिचं शुण्ठी, पिप्ला मरिच र शुठो । **अनलः** चित्रकः चितू । **कट्फलम्** सोमवल्कलम्, काफल । **पौष्करम्** पुष्कर मूलम् पुष्करमूल । **रास्ना** एलापर्णी, रास्ना, गाईतिहारे । **अभया** हरीतकी, हर्रो । **बृहतिकाद्वयम्** बृहती, कण्टकारी । **दीप्यम्** अजमोदा, ज्वानू । **भूतकेशी** जटामांसी, जटामसी । **किरातक** किराततिक्तः, चिराइतो । **वचा** उग्रगन्धा बोझो । **चविका** चव्यम्, चावो । **वृकी** अम्बष्ठा, पाठा, बाटुलपाते । **क्वाथः** कषायः । **समग्रान् सन्निपातान्** सबै सन्निपात अवस्थाहरूलाई । **बुद्धिभ्रंशान्** बुद्धिका विचलनहरू । **स्वेदशैत्यप्रलापान्** पसिना आउनु, चिसो हुनु, सुइनाउनुका अवस्थाहरूलाई । **तद्वत्** त्यस्तै । **शूलाध्माने** आध्मानं सर्वोदरपूर्णता, उदरशूल र आध्मान (पेट फुल्नु) । **विद्रधिश्लेष्मवातान्** विद्रधिः व्रणभेदः । **सूतिकानां वातव्याधिम्** सुत्केरीहरूलाई हुने वातव्याधिलाई । **च** पनि । **हन्यात्** नाश गरोस् ॥४९-५०॥

---

२४ भार्गी इत्यस्य स्थाने श्रृंगी इति पाठोऽपि दृश्यते । श्रृंगी, अजश्रृंगी ।

२५ सेहुण्ड इति केचित् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

पिप्पलीमूल, इन्द्रजौ, देवदारु, गुग्गुल, वायुविडंग, भार्गी, त्रिकटु (पिप्ला, मरिच, शुठो), चित्रक, काफल, पुष्करमूल, रास्ना, हर्रो, बृहतिकाद्वय (बिहीँ र कण्टकारी), अजमोदा, जटामांसी, चिराइतो, बोझो, चावो र पाठा (बाटुलपाते) यिनीहरूबाट तयार गरिएको क्वाथ पिउनाले सबै किसिमका सन्निपात, बुद्धिको विचलन (भ्रंश, विपर्यय), शरीरमा पसिना ज्यादा आउने, जाडो लाग्ने, सुइनाउने या बरबराउने अवस्था, पेटको शूल, आध्मान (पेट फुल्नु), विद्रधि (व्रण, घाउखटिराको एक भेद) र सुत्केरीहरूलाई हुने वातव्याधि पनि निको हुन्छ ॥४९-५०॥

सन्निपातवातधनुर्वातसूतिकावातहरोर्कादिषोडशानां कषायः (अर्कादिक्वाथः) –

अर्कानन्ताकिरातामरतरुरसनासिन्दुवारोग्रगन्धा-
तर्कारीशिग्रुपञ्चोषणघुणदयितामार्कवाणां कषायः ॥
सद्यस्तीव्रांस्त्रिदोषानपहरति धनुर्मारुतं दन्तबन्धम् ।
शैत्यं गात्रेषु गाढं श्वसनकसनकं सूतिकावातरोगान् ॥५१॥

अन्वयः

अर्का-नन्ता-किराता-मरतरु-रसना-सिन्दुवारो-ग्रगन्धा-तर्कारी-शिग्रु-पञ्चोषण-घुणदयिता-मार्कवाणां कषायः तीव्रान् त्रिदोषान्, धनुर्मारुतं, दन्तबन्धम्, शैत्यं, गात्रेषु गाढं श्वसन-कसनकं, सूतिकावात-रोगान् सद्यः अपहरति ॥५१॥

व्याख्याः

अर्कः अर्कमूलम्, आँकको जरा । **अनन्ता** यवासा, धमासा । **किरातः** किरातकः, चिराइतो । **अमरतरु** देवतरुः, देवदारु । **रसना** रास्ना । **सिन्दुवारः** श्वेतनिर्गुण्डी, सेतो सिमाली । **उग्रगन्धा** वचा, बोझो । **तर्कारी** अरणी, गिनेरी । **शिग्रुः** शोभाञ्जनम्, सहिजन । **पञ्चोषणम्**, पञ्चकोलः, पिप्पली-पिप्पलीमूल-चव्य-चित्रक-नागराः, पिप्ला, पिप्लाको जरा, चावो, चितू र शुठो । **घुणदयिता** घुणवल्लभा, अतीस । **मार्कवः** भृंगराजः । **कषायः** शृतः, क्वाथ– वन्हौ तु क्वथितं द्रव्यं शृतमाहुश्चिकित्सकाः निश्चित द्रव्यलाई निश्चित मात्रामा पानीमा हालेर उमाल्ने प्रक्रियाद्वारा तयार गरिएको औषधिको रस । **तीव्रान् त्रिदोषान्** छिटो बढिरहेका वात, पित्त र कफको सन्निपात । **धनुर्मारुतम्** धनुर्वातम्, धनुष्टंकार । **दन्तबन्धम्** दाँत बाँधिनु । **शैत्यम्** चिसोपन, शीतांग । **गात्रेषु** शरीरेषु, शरीरमा । **श्वसनम्** श्वासः, दम । **कसनम्** कासः, खोकी । **सूतिकावातरोगान्** सुत्केरीलाई हुने वातरोग । **सद्यः** तत्काल एव, तत्कालै । **अपहरति** हरणं करोति हरण गर्दछ ॥५१॥

भावार्थः

आँकको जरा, यवासा, चिराइतो, देवदारु, रास्ना, सेतो सिमाली, बोझो, अरणी (गिनेरी), सहिजन, पञ्चकोल (पिप्ला, पिप्लाको जरा, चावो, चितू र शुठो), अतीस, भृंगराज यी सोह्र द्रव्यलाई पकाएर बनाएको

 CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

क्वाथले छिटो बढिरहेको सन्निपात, धनुर्वात, शीतांग, श्वास, कास तथा सूतिकावातरोगलाई तत्काले निको पार्छ ॥५१॥

सन्निपातश्वासादिहरस्तिक्तादिपञ्चदशद्रव्याणां क्वाथः –

तिक्तातिक्तकपर्पटामृतशटीरास्नाकणापौष्कर-
त्रायन्तीबृहतीसुरौषधशिवादुःस्पर्शभार्गीकृतः ।
क्वाथो नाशयति त्रिदोषनिकरं स्वापं दिवा जागरम् -
नक्तं तृण्मुखशोषदाहकसनं श्वासानशेषानपि ॥५२॥

अन्वयः

तिक्ता-तिक्तक-पर्पटा-मृत-शटी-रास्ना-कणा-पौष्कर-त्रायन्ती-बृहती-सुरौषध-शिवा-दुःस्पर्श-भार्गीकृतः क्वाथः त्रिदोषनिकरं, दिवास्वापं, नक्तं जागरणम्, तृड्-मुखशोष-दाह-कसनं, श्वासानशेषानपि नाशयति ॥५२॥

व्याख्याः

तिक्ता कटुतिक्ता, कुट्की । **तिक्तकः** किराततिक्तकः, चिराइतो । **पर्पटः** पर्पटकः, पित्तपापडा । **अमृत**, अमृता, गुडूची, गुर्जो । **शटी** कर्चूरम् कचूर, कालो हलेदो । **रास्ना** रसना, रास्ना । **कणा** पिप्पली, पिप्ला । **पौष्करम्** पुष्करमूलम्, पुष्करमूल । **त्रायन्ती** त्रायमाणा, मुडीलो । **बृहती** वृहतिका, बिहीँ । **सुरः** सुरदारुः, देवदारु । **औषधम्**, विश्वभेषजम्, शुण्ठी, शुठो । **शिवा** हरीतकी हर्रो । **दुस्पर्शम्** दुस्पर्शा, दुरालभा, धन्वयासः, यवासा । **भार्गी**, भारंगी । **कृतः** रचितः बनाइएको । **क्वाथः** काढा । **त्रिदोषनिकरम्** सन्निपातस्य निकरम्, सन्निपातलाई नाशगर्ने । **दिवास्वापम्** दिवाशयनम्, दिउसो सुत्नु । **नक्तं जागरम्**, रात्रौ जागरणम्, राती ननिदाउनु । **तृड्** तृषा, तीर्खा । **मुखशोषम्** मुखस्य शोषः, मुख सुक्नु । **दाहः** तापः, पोल्ने व्यथा । **कसनम्** कासः, खोकी । **श्वासान् अशेषान्** सबै किसिमका श्वासरोगहरूलाई । **अपि** पनि । **नाशयति** नाश गर्दछ ॥५२॥

भावार्थः

कुट्की, चिराइतो, पित्तपापडा, गुर्जो, कचूर (कालो हलेदो), रास्ना, पिप्ला, पुष्करमूल, त्रायमाणा (मुडीलो), बिहीँ, देवदारु, हर्रो, दुस्पर्शा (दुरालभा/यवासा), भार्गीको क्वाथ सन्निपातनाशक हुनुका साथै दिउसो सुत्नु, राती ननिदाउनु तीर्खा लाग्नु, मुख सुक्नु, जिउमा पोल्नु, खोकी लाग्नु लगायत सबै किसिमका श्वासरोगहरूलाइ पनि नाश गर्दछ ।

सन्निपातकालयोरभेदः –

सन्निपातस्य कालस्य कश्चिद् भेदो न विद्यते ।
चिकित्सको जयेद्यस्तं तस्मात् कोऽस्ति प्रतापवान् ॥५३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

सन्निपातस्य कालस्य कश्चिद् भेदो न विद्यते । यः चिकित्सकः तं जयेत् तस्मात् प्रतापवान् कः अस्ति ? ॥५३॥

व्याख्याः

सन्निपातस्य त्रिदोषप्रकोपस्य, तीनै दोषको प्रकोप भएको अवस्थाको । **कालस्य** दण्डधरस्य, यमस्य, मृत्युको । **कश्चिद्** केही पनि । **भेदः** पार्थक्यम्, फरक । **न विद्यते** नास्ति, छैन । **यः** जो । **चिकित्सकः** भिषक् चिकित्साकर्मी । **तम्** त्यसलाई । **जयेत्** जित्न सक्छ । **तस्मात्** त्यसदेखि । **प्रतापवान्** प्रतापयुक्तः, प्रताप भएको । **कः** को । **अस्ति** हुन सक्छ ॥५३॥

भावार्थः

तीनै दोषको प्रकोप भएको अवस्था अर्थात् सन्निपात र मृत्युको बीचमा केही पनि फरक छैन, दुवै घातक छन् । जो भिषक् (चिकित्साकर्मी) त्यसलाई जित्तछ त्योभन्दा प्रताप भएको व्यक्ति कोही हुँदैन ।

सन्निपातजयीवैद्यस्य प्रशंसा –

सन्निपातोदधौ मग्नानुद्धरेद्यः कृपाकरः ।
तस्मै किं किं न देयं स्याद्वद कोविदनन्दिनि ॥५४॥

अन्वयः

कोविदनन्दिनि ! यः कृपाकरः सन्निपातोदधौ मग्नानुद्धरेद् तस्मै किं किं न देयं स्याद् वद ।

व्याख्याः

कोविदनन्दिनि कोविदं पण्डितं विद्वांसम् नन्दति इति सा स्त्री, सम्बोधनम् हे पण्डित र विद्वान्हरूलाई खुशी पार्ने भएकी मेरी प्यारी । **यः** जो । कृपां करोतीति **कृपाकरः** कृपा गर्ने व्यक्तित्व । सन्निपातस्य त्रिदोषकोपस्य उदधिः समुद्रस्तस्मिन् **सन्निपातोदधौ** सन्निपातज व्याधिको समुद्रमा । मग्नः निमग्नः तान् **मग्नान्** डुबेकाहरूलाई । **उद्धरेत्** उद्धारं कुर्यात्, उद्धार गर्दछ । **तस्मै** त्यसलाई, त्यो उद्धार गर्ने व्यक्तित्वलाई । **किं किं** के के । **न देयम्** दिनुनपर्ने । **स्याद्** होला । **वद** भन ।

भावार्थः

हे पण्डित र विद्वान्हरूलाई खुशी पार्ने मेरी प्यारी ! जो कृपाकर (कृपा गर्ने व्यक्तित्व) सन्निपातज व्याधिको समुद्रमा डुबेकाहरूलाई उद्धार गर्दछ, त्यस्तो उद्धार गर्ने व्यक्तित्वलाई के के दिनुनपर्ने होला ? भन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सन्निपातमोचकाय वैद्याय त्वात्मामि दातव्यः –

त्रिदोषाजगरग्रस्तान्मोचयेद्यः स वैद्यराट् ।
आत्मापि तस्य[२६] दातव्यः किं पुनः कनकादिकम् ॥५५॥

अन्वयः

यः त्रिदोषा-जगर-ग्रस्तान् मोचयेद् स वैद्यराट् । तस्य आत्मापि दातव्यः किं पुनः कनकादिकम् ॥५५॥

व्याख्याः

यः जो । अजगरः इव त्रिदोषः त्रिदोषाजगरस्तेन ग्रस्तान् **त्रिदोषाजगरग्रस्तान्** अजिंगरजस्तै भयानक र भक्षक सन्निपातरोगले ग्रस्त भएकाहरूलाई । **मोचयेत्** मुक्तिं दद्यात् मुक्त, गरोस् । **सः** त्यो । वैद्यानां राजा **वैद्यराट्** वैद्यराज हो । **आत्मा अपि** आत्मा पनि । **तस्य** त्यसको । **दातव्यः** दिनुपर्ने, दिन योग्य । **किम्** के, किन । पुनः फेरि । **कनकादिकम्** सुवर्णादिकम् आदिशब्देनान्यच्च रूप्यकादिकम् सुन चाँदी र धन आदिको उपहार ॥५५॥

भावार्थः

जो अजिंगरजस्तै भयानक सन्निपातले ग्रस्त भएका रोगीहरूलाई रोगमुक्ति दिन्छ त्यो वैद्यराज हो । त्यस्तालाई आत्मा त दिनुपर्दछ भने सुन चाँदी र अन्य धन आदिको के कुरा ? ॥५५॥

सन्निपातमुक्तिपश्चाज्जातस्य कर्णमूलशोथस्योपायः –

यः शोथः[२७] श्रुतिमूलजः सुकठिनः शान्ते त्रिदोषज्वरे ।
रक्तं तत्र जलौकया परिहरेत् सर्पिः पिबेच्चातुरः ॥
रास्नानागरमातुलुंगहुतभुग्दार्व्यग्निमन्थैः समैः ।
लेपः स्यादरविन्दबन्धवदने ! शोथव्यथाध्वंसनः ॥५६॥

अन्वयः

त्रिदोषज्वरे शान्ते यः सुकठिनः श्रुतिमूलजः शोथः तत्र जलौकया रक्तं परिहरेत्, आतुरः सर्पिः च पिबेत् । अरविन्दबन्धवदने ! रास्ना-नागर-मातुलुंग-हुतभुग्-दार्व्य-ग्निमन्थैः समैः लेपः शोथव्यथा-ध्वंसनः स्याद् ॥५६॥

व्याख्याः

त्रिदोषजे ज्वरे शान्ते सन्निपात ज्वर शान्त भएको अवस्थामा । **यः** जो । **सुकठिनः** सुष्ठु कठिनः राम्रै वा धेरै कठिन । **श्रुतिमूलजः** कर्णमूलजः, कानको फेदमा भएको । **शोथः** श्वयथुः, सूजन । **तत्र** त्यहाँ । **जलौकया** जलौकाद्वारा । **रक्तम्** अस्रम्, रगत । **परिहरेत्** निकालोस् । **आतुरः** रुग्णः, रोगी बिरामी । **सर्पिः च** घिउ पनि ।

२६ आत्मापि तस्मै दातव्यः इति पाठान्तरम् ।
२७ शोफः इति पाठान्तरम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पिबेत् पिओस् । अरविन्दम् कमलपुष्पम् तं बन्धयतीति अरविन्दबन्धुश्चन्द्रस्तदेव वदनं यस्या सा, सम्बोधने **अरविन्दबन्धवुदने** हे चन्द्रमाको जस्तै आनन्ददायी मुहार भएकी चन्द्रवदने ! **रास्ना** रसना । **नागरम्** शुण्ठी, शुठो । **मातुलुंगम्**, अत्र मूलं ग्राह्यम्, बिमिरोको जरा । **हुतुभुक्** अग्निः, चित्रकः, चितू । **दार्वी** दारुहरिद्रा चुत्रो । **अग्निमन्थः** अरणीमन्थः, अरणी, गिनेरी । **समैः** समपरिमाणैः, बराबर मात्रामा मिलाएर । **लेपः** लेपनम्, शरीरमा लगाउने मलहमजस्तै औषधि । शोथश्चासौ व्यथा पीडा तां ध्वंसयति नाशयतीति **शोथव्यथाध्वंसनः** शोथको पीडालाई ध्वस्त पार्ने, नाश गर्ने । **स्यात्** होस् ॥

भावार्थः

सन्निपातज्वर शान्त भएको अवस्थामा कानको फेदनेर आउने अलि कडा खालको शोथ (सूजन) छभने त्यहाँ जलौकालाई प्रयोग गरेर रक्त निकाल्नुपर्दछ । यस अवस्थामा पीडित व्यक्तिले घृतपान गर्नुपर्दछ । हे चन्द्रमाको जस्तै आनन्ददायी मुहार भएकी चन्द्रवदने ! रास्ना, शुठो, बिमिरोको जरा, चितू, चुत्रो र अरणी यी सबैको समभाग मिलाएर बनाएको क्वाथ शोथको पीडालाई ध्वंस (नाश) गर्ने हुन्छ ॥५६॥

पञ्चाङ्घ्रिपयः, गुडपिप्पली च –

शूलात् पार्श्वशिरःस्थितात् कसनतः श्वासाच्च जीर्णज्वरान्-
मुक्तः स्यात्पुरूषः पयः परिपिबन्पञ्चांघ्रिणा पाचितम् ।
एकासौ गुडपिप्पली विजयते जीर्णज्वराजीर्णरुक्-
क्षुन्मान्द्यारूचिपाण्डुजन्तुकसनश्वासान् किमन्यौषधैः ॥५७॥

अन्वयः

पञ्चांघ्रिणा पाचितम् पयः परिपिबन् पार्श्वशिरःस्थितातशूलात्, कसनतः, श्वासाच्च, जीर्णज्वरात् पुरुषः मुक्तः स्यात् । एकासौ गुडपिप्पली जीर्णज्वरा-जीर्णरुक्-क्षुन्-मान्द्या-रुचि-पाण्डु-जन्तु-कसन-श्वासान् विजयते अन्यौषधैः किम् ? ॥५७॥

व्याख्याः

पञ्चांघ्रिणा अंघ्रि पादम् मूलम्, लघुपञ्चमूलेन, लघुपञ्चमूल (शालपर्णी, पृश्निपर्णी, बृहती, कण्टकारी, गोक्षुर)ले । **पाचितम्** पक्वम् पकाएको । **पयः** जलम् क्वाथः काढा । **परिपिबन्** सुष्ठु पिबन् सम्यक् पिबन्, राम्रोसित पिउँदा । **पार्श्वशिरःस्थितात् शूलात्** पार्श्व र शिरमा रहेको शूल पार्श्वशूल र शिरःशूलबाट । **कसनतः** खोकीबाट । **श्वासाच्च** श्वासरोगबाट पनि । **जीर्णज्वरात्** २१ दिन बितेपछिको ज्वर जीर्णज्वरबाट । **पुरुषः** मान्छे । **मुक्तः** मुक्त, छुटकारा पाएको । **स्यात्** होला । **एकासौ** ऊ एउटै मात्र । **गुडपिप्पली** गुडश्च पिप्पली च गुड र पिप्ला मिलाएर बनाएको औषधि गुडपिप्पली **जीर्णज्वरा-जीर्णरुक्-क्षुन्-मान्द्या-रुचि-पाण्डु-जन्तु-कसन-श्वासान्** जीर्णज्वर, अजीर्णरोग, अग्निमान्द्य, अरुचि, पाण्डु, क्रिमिरोग, कास र श्वासरोगहरूलाई । **विजयते** जयति जित्छ । **अन्यौषधैः** ? अरू औषधिहरूले । **किम्** किं प्रयोजनम्, के गर्नु ? ॥५७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

लघुपञ्चमूल (शालपर्णी, पृश्निपर्णी, बृहती, कण्टकारी, गोक्षुर) हालेर पकाएको क्वाथ पिउँदा पार्श्वशूल, शिरःशूल, कास, श्वास र जीर्णज्वरबाट मुक्त हुन्छ । एउटै गुडपिप्पली (गुड र पिप्ला मिलाएर बनाएको गुलियो औषधि)ले मात्रै जीर्णज्वर, अजीर्ण, अग्निमान्द्य, अरुचि, पाण्डु, क्रिमि, कास, श्वास र अजीर्णरोगलाई जितिन्छभने अरू औषधि किन चाहियो ?

कफकृतजीर्णज्वरे कणया समेतश्छिन्नोद्भवकषायकः –

जीर्णज्वरं कफकृतं कणया समेतश्छिन्नोद्भवोद्भवकषायक एव हन्ति ॥
रामो दशास्यमिव राम इव प्रलम्बं रामो यथा समरमूर्द्धनि कार्त्तवीर्यम् ॥५८॥

अन्वयः

कणया समेतश्छिन्नोद्भवोद्भवकषायक एव समरमूर्द्धनि रामो दशास्यमिव, रामः प्रलम्बं इव, रामः यथा कार्त्तवीर्यम् (तथैव) कफकृतं जीर्णज्वरं हन्ति ॥५८॥

व्याख्याः

कणया पिप्पल्याः, पिप्पलीले । **समेतः** सहितः, सँगै मिलाएको । **छिन्नोद्भवः** च्छिन्नरुहा, गुडूची । **कषायकः** क्वाथः काढा । **समरमूर्द्धनि** समरः युद्धः तस्य मूर्द्धन् शिरः अग्रभागः तस्मिन् युद्धस्थलस्याग्रे, युद्धका सामुन्नेमा । **रामः** दशरथपुत्रः, दशरथका छोरा रामले । **दशास्यमिव** दशशीर्षमिव, दशटाउके रावणलाई मारेजस्तै । **रामः** वसुदेवपुत्रः, वसुदेवका छोरा बलरामले । **प्रलम्बम् इव,** प्रलम्बासुरम् इव, प्रलम्बासुरलाई मारेजस्तै । **रामः** जमदग्निपुत्रः, जमदग्निका छोरा परशुरामले । **कार्त्तवीर्यम्** कृतवीर्यपुत्रम्, सहस्रार्जुनलाई हराएजस्तै । **कफकृतम्** श्लेष्मकृतम्, कफले गर्दा भएको । **जीर्णज्वरम्**– त्रिसप्ताहे व्यतीते तु ज्वरो यस्तनुतां गतः, प्लीहाग्निमान्द्यं कुरुते स जीर्णज्वर उच्यते, २१ दिन नाघेको जीर्णज्वरलाई । **हन्ति** नाशयति नाश गर्दछ ॥५८॥

भावार्थः

पिप्ला र गुर्जो मिलाएर बनाएको क्वाथले युद्धमैदानमा अग्रसर भएर दशरथका पुत्र रामले रावणलाई मारेजस्तै, वसुदेवका पुत्र बलरामले प्रलम्बासुरलाई मारेजस्तै र जमदग्निका पुत्र परशुरामले कार्त्तवीर्यलाई हराएजस्तै २१ दिन नाघेको कफकृत जीर्णज्वरलाई नाश गर्दछ ॥५८॥

कफोद्भूतजीर्णज्वरे सकृष्णपञ्चमूलीकषायः –

पञ्चमूलीकषायस्य सकृष्णस्य निषेवणात् ।
जीर्णज्वरः कफोद्भूतो विदधाति पलायनम् ॥५९॥

अन्वयः

सकृष्णस्य पञ्चमूलीकषायस्य निषेवणात् कफोद्भूतो जीर्णज्वरः पलायनम् विदधाति ॥५९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्याः

कृष्णेन सहितः **सकृष्णः** तस्य कृष्णा, पिप्पली, पिप्पली सहितको । **पञ्चमूलीकषायस्य** पञ्चमूलानि येषां ते पञ्चमूलिनस्तेषां कषायस्य, शालपर्णी, पृश्निपर्णी, बृहती, कण्टकारी र गोक्षुरको क्वाथ । **निषेवणात्** सेवनात्, सेवन गर्नाले । कफेन श्लेष्मणा उद्भूतः जातः **कफोद्भूतः** कफदोषका कारणले पैदा भएको । **जीर्णज्वरः** पुराणज्वरः पुरानो ज्वरो । **पलायनम्** पराभवत्वम्, हारेर जानु । **विदधाति** स्वीकरोति, स्वीकार गर्दछ ॥५९॥

भावार्थः

पिप्पली सहितको शालपर्णी, पृश्निपर्णी, बृहती, कण्टकारी र गोक्षुरको क्वाथ सेवन गर्नाले कफदोषका कारणले पैदा भएको जीर्णज्वर पलायन हुन्छ ॥५९॥

सन्निपात-विषम-जीर्णज्वरे शट्यादिनवानां कषायः (नवांगक्वाथः) –

शटी[२८] **शुण्ठी रेणुः सुरतरुरनन्ता बृहतिका ।**
घनस्तिक्ता तिक्तं खलु नवभिरेभिर्विरचितः ॥
कषायः पीतोऽयं मधुकणविमिश्रः शमयति ।
त्रिदोषं निःशेषं विषममपि जीर्णज्वरमपि ॥६०॥

अन्वयः

शटी, शुण्ठी, रेणुः, सुरतरुः, अनन्ता, बृहतिका, घनः, तिक्ता, तिक्तम् खलु नवभिरेभिर्विरचितः मधुकणविमिश्रः अयं कषायः पीतः निःशेषं त्रिदोषं विषममपि जीर्णज्वरमपि शमयति ॥६०॥

व्याख्याः

शटी कर्चूरः, कचूर, कपूरहलेदो । **शुण्ठी** विश्वभेषजम्, शुठो । **रेणुः** पर्पटः, पित्तपापडा । **सुरतरुः** देवतरुः, देवदारु । **अनन्ता** यवासा, धमासा । **बृहतिका** वृहती, बिहीँ । **घनः** मेघः, मुस्तकः, मोथे । **तिक्ता** कटुतिक्ता, कुट्की । **तिक्तम्** भूनिम्बम्, किराततिक्तः, चिराइतो । **खलु नवभिरेभिः** यी नौवटा द्रव्यले । **विरचितः** विनिर्मितः बनाइएको । **मधुकणविमिश्रः** मधु च कणः पिप्पली च द्वयोः विशिष्टः मिश्रः मिश्रणः यः स, मह र पिप्लाको धुलो मिसाएको विशेष मिश्रण । **अयं कषायः** यो काढा । **पीतः** पिएको । **निःशेषम्** अशेषम् सबै । **त्रिदोषम्** सन्निपातज्वरलाई । **विषममपि** विषमज्वरलाई पनि । **जीर्णज्वरमपि** जीर्णज्वरलाई पनि । **शमयति** शमनं करोति निको पार्दछ ॥६०॥

भावार्थः

कचूर वा कपुरहलेदो, शुठो, पित्तपापडा, देवदारु, धमासा (दुरालभा), बृहती (बिहीँ), मोथे, कुट्की, चिराइतो यी नौवटा द्रव्यले बनाइएको कषायलाई मह र पिप्लाको धुलो मिसाएर पिउँदा सबै खालका सन्निपात ज्वर, विषमज्वर र जीर्णज्वर पनि निको हुन्छन् ।

२८ शठी इति पाठान्तरम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ऐकाहिकज्वरे वासाद्यष्टानां क्वाथः –

वासापटोलत्रिफलाद्राक्षासम्पाकनिम्बजः ।
समधुः ससितः क्वाथो हन्यादैकाहिकं ज्वरम् ॥६१॥

अन्वयः

वासापटोलत्रिफलाद्राक्षासम्पाकनिम्बजः समधुः ससितः क्वाथः ऐकाहिकं ज्वरं हन्यात् ॥६१॥

व्याख्याः

वासा आटरुषकम्, असुरो । **पटोलः** कुलकः, पलवलः, परवल । **त्रिफला** हरीतकी, विभीतकम्, आमलकी एतेषां त्रयाणां समाहारः, हर्रो वर्रो र अमला । **द्राक्षा** मृद्वीका, दाख । **सम्पाकः** आरग्वधः, राजवृक्ष । **निम्बजः** निम्बस्य पिचुमन्दस्य जातः, नीमको । **समधुः** मधुना सहितः, महसमेतको । **ससितः** सितया सहितः, मिश्रीसहितको । **क्वाथः** शृतः, कषाय । **ऐकाहिकम्** एक-अह= एकाहः, अहनि दिवसे एकवारं आगच्छतीति ऐकाहिकम्, दिनमा एकपटक आउने, एकुन्द्रो । **ज्वरम्** ज्वरो । **हन्यात्** नाशयेत्, नाश गर्छ ॥६१॥

भावार्थः

असुरो, परवल, त्रिफला (हर्रो वर्रो, अमला), दाख, राजवृक्ष र नीम यी नौ द्रव्यको क्वाथलाई मह र मिश्री मिलाएर खाएमा दिनमा एकपटक आउने एकुन्द्रे ज्वरो निको पार्दछ ॥६१॥

ऐकाहिकज्वरनाशाय जलाञ्जलिदानस्य प्रशंसा :–

तन्वंगि ! गंगोत्तरतीरभूमौ ममार हा ! कोऽप्यसुतस्तपस्वी ॥
जलाञ्जलिं तस्य कृते ददातु सैकाहिकः स्याद्यदि तेऽनुजन्मा[२९] ॥६२॥

अन्वयः

तन्वंगि ! गंगोत्तरतीरभूमौ कोप्यसुतस्तपस्वी हा ! ममार । यदि तेऽनुजन्मा सैकाहिकः स्यात् तस्य कृते जलाञ्जलिं ददातु ॥६२॥

व्याख्याः

तन्वंगि ! तनु अंगं यस्याः सा, सम्बोधनम् कृशांगि, हे पातलो शरीर भएकी सुन्दरी पातली ! **गंगोत्तरतीरभूमौ** गंगायाः उत्तरस्याम् गंगोत्तरम् तस्य तीरस्य तटस्य भूमौ स्थले, गंगानदीको उत्तरतिरको बगरमा, अथवा गंगोत्तरीको बगरमा । **कोप्यसुतस्तपस्वी** कः अपि, यः कोपि, कोही पनि, असुतः सुतं नास्ति यस्य सः असुतः जसको छोरो छैन त्यस्तो व्यक्ति । तपस् करोतीति **तपस्वी** । **हा** ! **ममार** हा ! विचरा मरेछन् । यदि । **ते** तव तिम्रो । **अनुजन्मा** अनु पश्चात् जन्म यस्य स, अनुजः पछि जन्मेका कुनै भाइ । **सैकाहिकः** ऐकाहिकेन ज्वरेण सह, ऐकाहिक ज्वरले सताएको । **स्यात्** होस् । **तस्य कृते** ऐकाहिकपीडितस्य कृते, त्यस व्यथितका लागि (ती

२९ अंगवंगकलिंगेषुसौराष्ट्रमगधेषु च । वाराणस्यां च यद् वृत्तं तदैकाहिक संस्मर । इति दीपिकायाम् । अयं श्लोकः जलाञ्जलिपश्चात्पठनीय इति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तपस्वीलाई) **जलाञ्जलिम्** तिलाञ्जलीं मृतकका लागि दिइने जलानी तिलानी वा तर्पण । **ददातु** दिनु ॥६२॥

भावार्थः

हे दुब्लो शरीर भएकी मेरी पातली ! गंगाको उत्तरमा रहेको तटीय क्षेत्रमा कुनै निःसन्तान तपस्वी मरेका रहेछन् । यदि तिमीलाई या तिम्रा कुनै भाइलाई ऐकाहिक ज्वर लाग्योभने ती निःसन्तान तपस्वीको लागि भाईबाट जलाञ्जली वा तर्पण दिन लगाउनू । यहाँ अपुत्रको जलाञ्जली सेवाले ऐकाहिक ज्वर शान्त हुन्छ भन्ने कवि लोलिम्बराजको आशय बुझिन्छ ॥६२॥[३०]

तृतीयकज्वरे चन्दनादिषण्णां कषायकः –

सशिशिरः सधनः समहौषधः सनलदः सकणः सपयोधरः ॥
समधुशर्कर एष कषायको जयति वालमृगाक्षि ! तृतीयकम्[३१] **॥६३॥**

अन्वयः

बालमृगाक्षि ! सशिशिरः, सधनः, समहौषधः, सनलदः, सकणः, सपयोधरः, समधु-शर्कर एष कषायकः तृतीयकं जयति ॥६३॥

व्याख्याः

बालमृगाक्षि ! बालः बालकः मृगः हरिणः मृगशावकः अतीव चञ्चल इति भावः, बालमृगस्य अक्षिः नयनं इव नयनं यस्याः सा, तत्र सम्बोधनम् । मृगको पाठोका जस्तै चञ्चल आँखा भएकी हे प्यारी ! **सशिशिरः** शिशिरः चन्दनं तेन सह, रक्तचन्दन समेतको । **सधनः** धनम् धान्यकम् तेन सह, धनियाँ समेतको । **समहौषधः** महौषधेन विश्वभेषजेन सह, शुठो समेतको । **सनलदः**, नलदेन उशीरेण सह, उशीर (खस) समेतको । **सकणः** कणेन कणया वा पिप्पल्या सह, पिप्लासमेतको । **सपयोधरः** पयोधरो वारिवाहो मेघः मुस्तकस्तेन सह, मोथे समेतको । **समधु-शर्करः** मधुना शर्करया च सह, मह र मिश्रीसमेत भएको । **एषः** यो । **कषायकः** क्वाथ । **तृतीयकम्** तृतीये दिवसे आगच्छतीति तम्, तीन तीन दिनमा आउने तृतीयक ज्वरलाई । **जयति** जित्दछ ॥६३॥

भावार्थः

हे मृगको पाठोका जस्तै चञ्चल र सुन्दर आँखा भएकी मेरी प्यारी ! रक्तचन्दन, धनियाँ, शुठो, उशीर, पिप्ला र मोथेको काढालाई मिश्री र मह मिसाएर खाएमा तीन तीन दिनमा आउने तृतीयक ज्वर निको हुन्छ ॥६३॥

---

३० गंगोत्तरभूमौ योऽपुत्रतापसो स तृप्यताम्, इदं सतिलं जलं तस्मै स्वधा नमः इति वाक्येन तर्पयेत् । गंगायमुनयोर्मध्यमपुत्रस्तापसो मृतः । सर्वज्वरविनाशाय तस्मै दद्यात् तिलोदकम् ॥ इति स्कन्दपुराणम् ।

३१ महौषधामृतामुस्ताचन्दनोशीरधान्यकैः । क्वाथस्तृतीयकं हन्ति शर्करामधुयोजितः ॥ इति च चक्रपाणिदत्तः कथयति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चातुर्थिकज्वरे रामठनस्यम्ः –

चातुर्थिको गच्छति रामठस्य घृतेन जीर्णेन युतस्य नस्यात् ।
लीलावतीनां नवयौवनानां मुखावलोकादिव साधुभावः ॥६४॥

अन्वयः

जीर्णेन घृतेन युतस्य रामठस्य नस्यात् नवयौवनानां लीलावतीनां मुखावलोकात् साधुभावः इव चातुर्थिको गच्छति ॥६४॥

व्याख्याः

जीर्णेन पुराणेन **घृतेन** आज्येन **युतस्य** युक्तस्य, पुरानो घिउमा मिसाइएको । **रामठस्य** रामठो हिंगुस्तस्य हिङको । **नस्यात्** नस्तः कर्मणः, नस्यबाट । **नवयौवनानाम्** नवं यौवनं यस्याः सा, ताषाम् प्राप्तयौवनानाम्, भरखरै युवावस्थामा प्रवेश गरेका युवतीहरूको । **लीलावतीनाम्** लीला अस्याः अस्तीति ताषाम्, विभिन्न किसिमका लीला देखाउन जान्ने युवतीहरूको । **मुखावलोकात्** मुखस्य आननस्य अवलोकः दर्शनम् तस्मात्, मुहारको दर्शनबाट । **साधुभावः** साधूनां सज्जनानां भावः स्वभाव इव, साधुभाव, सन्तस्वभाव गएजस्तै । **चातुर्थिकः** चार चार दिनमा आउने चार दिने ज्वरो । **गच्छति** जान्छ ॥६४॥

भावार्थः

पुरानो घिउ र हिङ मिलाएर बनाएको नस्य नाकबाट दिनाले चार चार दिनमा आउने चातुर्थिक ज्वर त्यसैगरी जान्छ जसरी भरखरै यौवन प्राप्त गरेका विभिन्न किसिमका लीला हाउभाउ गर्न जान्ने लीलावती युवतीको अनुहार देखेपछि साधुहरूको साधुभाव (मनमा नियन्त्रण) जान्छ ॥६४॥

चातुर्थिकहरं मुनिद्रुमदलाम्बुनस्यम्ः –

अखण्डितशरत्कालकलानिधिसमानने !
चातुर्थिकहरं नस्यं मुनिद्रुमदलाम्बुना ॥६५॥

अन्वयः

अखण्डित-शरत्काल-कलानिधि-समानने ! मुनिद्रुमदलाम्बुना नस्यं चातुर्थिकहरम् (अस्ति) ॥६५॥

व्याख्याः

अखण्डित-शरत्काल-कलानिधि-समानने । अखण्डितस्य सम्पूर्णस्य शरत्कालस्य शरदृतोः कलानिधिः चन्द्रस्तस्य समान इव आल्हादकरं आननं यस्याः सा, अत्र सम्बोधनम्, हे सौन्दर्यको एक अंश पनि खण्डित नभएको शरद् ऋतुको खुला आकाशका चन्द्रमाको जस्तै सम्पूर्ण मनोहर मुखमण्डल भएकी मेरी प्यारी ! **मुनिद्रुमदलाम्बुना** मुनिद्रुमस्य अगस्त्यस्य दलं पत्रं मुनिद्रुमदलं तस्य अम्बुना जलेन स्वरसेन इति, अगस्तिका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पातको स्वरसले । **नस्यम्** नस्तःकर्म नाकमा औषधि हाल्ने विधि । **चातुर्थिकहरम्** चातुर्थिकं हरतीति, चार चार दिनमा आउने चातुर्थिक ज्वर हरण गर्ने ॥६५॥

भावार्थः

हे सौन्दर्यको एक अंश पनि खण्डित नभएको शरद् ऋतुको खुला आकाशका चन्द्रमाको जस्तै पूर्ण मनोहर मुखमण्डल भएकी मेरी प्यारी ! अगस्तिका पातको स्वरसको नस्य चार चार दिनमा आउने चातुर्थिक ज्वरलाई हरण गर्ने वा निको पार्ने हुन्छ ॥६५॥

चातुर्थिकहरं वृषादिशृतम् :–

मधुखण्डयुतं वृषविश्वशिवासुरदारुशिवाघनवारिशृतम् ॥
अपहन्ति चतुर्थदिनप्रभवं ज्वरमाशु कुभृत्यमिवाधिपतिः ॥६६॥[३२]

अन्वयः

मधुखण्डयुतं वृषविश्वशिवासुरदारुशिवाघनवारिशृतम् चतुर्थदिनप्रभवं ज्वरमाशु कुभृत्यं अधिपतिः इव अपहन्ति ॥६६॥

व्याख्याः

मधुखण्डयुतम् मधु माक्षिकं च खण्डं इक्षुरसखण्डं च तेन युतम्, मह र खुँदो मिसाएको । **वृषम्** आटरुषकम्, असुरो । **विश्वम्** विश्वभेषजम्, शुठो । **शिवा** हरीतकी, हर्रो । **सुरदारुः** देवदारु । **शिवा** आमलकी, अमला । **घनः** मुस्तकः मोथे । **वारि** जलम् पानी । **शृतम्** क्वाथः । **चतुर्थदिनप्रभवम्** चार दिनमा आएको । **ज्वरम्** ज्वरलाई । **आशु** छिटै । **कुभृत्यम्** कुष्ठु भृत्यस्तम् खराव नोकरलाई । **अधिपतिः** इव मालिकले जस्तै । **अपहन्ति** निकाल्दिन्छ ॥६६॥

भावार्थः

मह र खण्ड मिलाइएको असुरो, शुठो, हर्रो, देवदारु अमला, मोथेको क्वाथले चार चार दिनमा आउने चातुर्थिक ज्वरलाई खराव नोकरलाई मालिकले निकालेजस्तै निकाल्दिन्छ ॥६६॥

शीतज्वरे करणीया उपायाः –

तक्रं त्र्यूषणचूर्णयुक्तमथवा मद्यं हसन्तीं तथा
तद्वत्कम्बलरल्लकानथ कुथां शीतातुरः शीलयेत् ।
आलिगेयुरमुं हिमावधि दृढं तारुण्यदर्पालसाः[३३]
काश्मीरागुरुलिप्तपीवरकुचाः कामं कुरंगीदृशः ॥६७॥

---

३२ सुरदारुशिवाशिवास्थिरा वृषविश्वैः कथितः कषायकः । मधुना सितया समन्वितः परिपीतः शमयेच्चतुर्थकम् ॥

३३ आलिंगेदथवा मुहुर्दृढतरं तारुण्यमद्यालसाः इति च पाठान्तरम् दृश्यते ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

शीतातुरः त्र्यूषणचूर्णयुक्तं तक्रम्, अथवा मद्यम्, तथा हसन्तीम्, तद्वत् कम्बल-रल्लकान्, अथ कुथां शीलयेत् । अमुम् हिमावधिः तारुण्य-दर्पा-ऽलसाः काश्मीरा-ऽगुरु-लिप्त-पीवर-कुचाः कुरंगीदृशः कामं दृढं आलिगेयुः ॥६७॥

व्याख्याः

शीतातुरः शीतरोगेण आतुरः चिसो (ठण्डी) लागेका बिरामीले । त्र्यूषणचूर्णयुक्तं **त्र्यूषणम्** पिप्पली मरिचं शुण्ठी; पिप्ला, मरिच र शुठो । **तक्रम्** मही । अथवा **मद्यम्,** मदयतीति मद्यम् जसले मात लगाउँछ त्यो मद्य हो । तथा **हसन्तीम्,** हसन्ती अंगारधानिका, अगेनो । तद्वत् **कम्बल-रल्लकान्,** कम्बलं ऊर्णनिर्मितम्, रल्लकं मृगचर्म निर्मितम्, रल्लकं वा नेपालकम्बलम् ऊनको कम्बल, नेपाली कम्बल वा मृगचर्म आदि । **अथ कुथां** व्याघ्रचर्मादि शीतनिवारकं व्याघ्रचर्म आदिको कन्था, भांग्रो, पाखी, बख्खू जस्ता न्यानो गराउने साधनलाई । **शीलयेत्** अनुशीलयेत्, प्रयोग गरोस् । **अमुम्** उसलाई । **हिमावधिः** चिसो रहुञ्जेलसम्म । **तारुण्य-दर्पा-ऽलसाः** तारुण्यं तरुणता तेन जातो दर्पः अभिमानः तेन अलसाः मन्दाः जवानीको अभिमानले लठ्ठ भएका । **काश्मीरा-ऽगुरु-लिप्त-पीवर-कुचाः**, काश्मीरदेशे भवाः च अगुरु अगुरुचूर्णं च तेभ्यो लिप्तं अनुलिप्तं पीवरं पीनं कुचं स्तनं यस्याः सा, ताः कस्तूरी मृगको सुगन्ध र अगुरु चूर्ण मिसाएर लेपन गरिएका सुन्दर चुच्चो परेका स्तन हुने सुन्दरी युवतीहरूले । **कुरंगीदृशः** कुरंगो मृगः तस्य इव दृक् यस्याः सा, ताः मृगका जस्तै चञ्चल आँखा भएकी सुन्दरीहरूले । **कामम्** प्रकामं चाहिएजति । **दृढम्** कसिलो गरी । **आलिंगेयुः** अंकमाल गरून् ॥६७॥

भावार्थः

ठण्डी लागेको बिरामीले त्रिकटु पिप्ला मरीच र शुठोको चूर्ण मिलाएको मही पिउनुपर्दछ । अथवा मद्य पिउनुपर्दछ । त्यसैगरी अँगेनामा आगो बालेर ताप्नुपर्दछ । त्यस्तै न्याना ऊनका कम्बल, नेपाली कम्बल, मृगचर्म र व्याघ्रचर्म आदिका न्याना परिधानहरू लगाउनुपर्दछ। चिसो लागेका व्यक्तिलाई चिसो नहटुञ्जेलसम्म यौवनको उन्मादले अलमस्त भएका कस्तूरी र अगुरुका चूर्णको लेपनले मगमगाएका तीखा चुच्चा परेका स्तन हुने सुन्दरी युवतीहरूले चाहिएजति बेरसम्मन् कसिलो अंकमालमा बाँध्नुपर्छ ॥६७॥

बिशेषः- *मद्यपानलाई प्रोत्साहित गर्नु उचित हुँदैन । रचनाकारका समयमा मद्यपानको सामाजिक स्वीकृति नभएकोले अत्यधिक प्रचलन थिएन त्यसैले मद्यको औषधगुण पनि उल्लेख गरियो । अहिले मद्यपानको अन्धाधुन्ध प्रयोग भएको अवस्थामा मद्यपानलाई शीतहर भन्दिनाले पियक्कडहरूका लागि यो वहाना बन्नसक्तछ । यस कुरामा भिषक् सावधान रहनु आवश्यक छ ।*

शीतज्वरे शक्राह्वादिनवानां कषायः –

शक्राह्वदद्रुघ्नवृषामृतानां निर्गुण्डिकाभृंगमहौषधानाम् ॥
क्षुद्रायवानीसहितः कषायः शीतज्वरारण्यहिरण्यरेता ॥६८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

शक्राह्व-दद्रुघ्न-वृषा-ऽमृतानां निर्गुण्डिका-भृंग-महौषधानाम् क्षुद्रा-यवानी-सहितः कषायः शीतज्वरारण्य-हिरण्यरेता (अस्ति) ॥६८॥

व्याख्याः

शक्राह्वः इन्द्रयवः, इन्द्रजौ। **दद्रुघ्नः** चक्रमर्दः टाप्रे। **वृषः** आटरुषकम्, असूरो। **अमृता** गुडूची, गुर्जो। **निर्गुण्डिका** निर्गुण्डी, सिमाली। **भृंगः** भृंगराजः, भृंगीराज। **महौषधम्** विश्वभेषजम्, शुठो। **क्षुद्रा** क्षुद्र-भण्टाकी, कण्टकारी। **यवानी** अजमोदा, ज्वानू। **सहितः** समेतः सबै मिलाएको। **कषायः** काढा। **शीतज्वरारण्यम्** शीतज्वर इव अरण्यम् शीतज्वररूपी जंगल। तस्य, **हिरण्यरेता** हुतभुक्, अग्निः, आगो ॥६८॥

भावार्थः

इन्द्रजौ, चक्रमर्द (टाप्रेको बियाँ), असुरो, गुर्जो, सिमाली भृंगराज, शुठो, कण्टकारी र ज्वानू मिलाएर बनाएको कषाय शीतज्वररूपी अरण्य (जंगल) का लागि हिरण्यरेता आगो हो जसको डँढेलोले शीतज्वरलाई स्वाहा पार्दछ ॥६८॥

विषमज्वरेऽमृतादिपञ्चानां कषायः –

वाङ्माधुर्यजितामृतेमृतलता लक्ष्मीशिवाभे ! शिवा
विश्वं विश्ववरे ! घनो घनकुचे ! सिंही च सिंहोदरि !
एभिः पञ्चभिरौषधैर्मधुकणायुक्तः[३४] कषायः कृतः
पीतश्चेद् विषमज्वरः किमु तदा तन्वंगि ! न क्षीयते ॥६९॥

अन्वयः

वाङ्-माधुर्य-जिता-ऽमृते ! अमृत-लता, लक्ष्मी-शिवाभे ! शिवा, विश्ववरे ! विश्वम्, घनकुचे ! घनः, सिंहोदरि ! सिंही च एभिः पञ्चभिरौषधैः मधु-कणायुक्तः कषायः कृतः पीतश्चेत् तन्वंगि ! तदा विषमज्वरः किमु न क्षीयते ? ॥६९॥

व्याख्याः

वचसां माधुर्यं वाङ्माधुर्यं, जिता अमृतं यया सा जितामृता, सम्बोधने **वाङ्-माधुर्य-जिता-ऽमृते** ! हे बोलीको माधुर्यरूपी अमृतलाई जितिसकेकी मधुर बोलीवचन भएकी मेरी प्यारी ! **अमृतलता** अमृता गुडूची गुर्जो। लक्ष्मी-शिवाभे ! **लक्ष्मी** विष्णुप्रिया इन्दिरा, **शिवा** शिवप्रिया गौरी, तयोः आभा यस्या सा लक्ष्मीशिवाभा, सम्बोधने **लक्ष्मीशिवाभे**, हे विष्णुप्रिया लक्ष्मी र शिवप्रिया गौरी (पार्वती) को आभाले उस्तै देखिएकी मेरी प्यारी ! **शिवा** धात्री, अमला। **विश्ववरे** ! विश्वेषु वरा पूजिता, सम्बोधने, हे विश्वभरीकी वरा सबैले मानिएकी मेरी प्यारी ! विश्वम विश्वभेषजम् शुठो, **घनकुचे** ! घनः कठिनः कुचः यस्याः सा, सम्बोधनम्, हे कडा स्तन भएकी मेरी प्यारी ! **घनः** मेघः, मुस्तकः, मोथे। **सिंहोदरि** ! सिंहस्य उदरमिव उदरं यस्याः सा सिंहोदरी, सम्बोधनम्, हे सिंहको पेटजस्तै दुब्लोपातलो पेट भएकी सुन्दरी ! **सिंही च** कण्टकारी च। **एभिः पञ्चभिरौषधैः** यी पाँच

३४ मिश्र इति पाठान्तरम्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

औषधिहरूले । **मधु-कणायुक्तः** मह र पिप्ला मिलाएको । **कषायः** काढा । **कृतः** बनाएको । **पीतश्चेत्** पियोभने । **तन्वंगि** ! हे पातली ! **तदा** त्यसपछि । **विषमज्वरः** विषमज्वर । **किमु** किन । **न क्षीयते** ? नाश हुँदैन र ? ॥६९॥

भावार्थः

हे बोलीको माधुर्यरूपी अमृतलाई जितिसकेकी मधुर बोलीवचन भएकी मेरी प्यारी ! अमृतलता गुर्जो एक ।

हे विष्णुप्रिया लक्ष्मी र शिवप्रिया गौरी (पार्वती) को आभाले उस्तै देखिएकी मेरी प्यारी ! शिवा अर्थात् धात्री वा अमला दुई ।

हे विश्वभरिकी वरा अर्थात् सबैले प्रशंसा गरिएकी वा मानिएकी मेरी प्यारी ! विश्वम् वा विश्वभेषजम् अर्थात् शुठो तीन ।

हे कडा (घन) स्तन भएकी मेरी प्यारी ! घनः अर्थात् मुस्तक/मोथे चार ।

हे सिंहको पेटजस्तै दुब्लोपातलो पेट भएकी सुन्दरी ! सिंही अर्थात् कण्टकारी पाँच ।

हे पातलो शरीर भएकी तन्वंगी ! यी पाँच थरिका औषधिहरूको क्वाथ बनाएर मह र पिप्लाको धुलो मिलाएर खाएपछि विषमज्वर के नाश हुँदैन र ? पक्कै पनि नाश हुन्छ ॥६९॥

विषमज्वरघ्नः नागरादिकषायः –

सनागरायाः सपयोधरायाः ससिंहिकायाः सगुडूचिकायाः ॥
धात्र्याः कषायो मधुना विमिश्रः कणाविमिश्रो विषमज्वरघ्नः ॥७०॥

अन्वयः

सनागरायाः सपयोधरायाः ससिंहिकायाः सगुडूचिकायाः धात्र्याः कषायो मधुना विमिश्रः कणाविभिश्रो विषमज्वरघ्नः (भवति) ॥७०॥

व्याख्याः

सनागरायाः नागरं शुण्ठी तेन सह सनागरा तस्याः, शुठो समेतको । **सपयोधरायाः** पयोधरा मुस्ता तया सह तस्याः, मोथे समेतको । **ससिंहिकायाः** सिंहिका, सिंही, कण्टकारी तया सह तस्याः, कण्टकारी समेतको । **सगुडूचिकायाः** गुडूचिका गुडूची, अमृता तया सह तस्याः, गुर्जो समेतको । **धात्र्याः** आमलक्याः, अमलाको । **कषायः** क्वाथः काढा । **मधुना विमिश्रः** मधुमिश्रितः मधुयुतः, मह मिलाएको । **कणाविमिश्रो** कणामिश्रितः, पिप्पलीमिश्रितः, पिप्ला मिलाएको । **विषमज्वरघ्नः** विषमज्वरं हन्तीति, विषमज्वरनाशक **(भवति)** हुन्छ ॥७०॥

भावार्थः

शुठो, मोथे, कण्टकारी, गुर्जो र अमला यी पाँच द्रव्य हालेर बनाएको काढा मह र पिप्ला मिलाएर सेवन गरेमा विषमज्वरनाशक हुन्छ ॥७०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

महासमीरे विषमज्वरे तैलयुक्तरसोनकल्कः –

नान्यानि मान्यानि महौषधानि[३५] ? परन्तु कान्ते न रसोनकल्कात् ॥
तैलेन युक्तादपरः प्रयोगो महासमीरे विषमज्वरेऽपि ॥७१॥

अन्वयः

नान्यानि मान्यानि महौषधानि ? (सन्ति) परन्तु कान्ते ! महासमीरे, विषमज्वरेऽपि तैलेन युक्ताद् रसोनकल्कात् अपरः प्रयोगः न (अस्ति) ॥७१॥

व्याख्याः

नान्यानि मान्यानि महौषधानि ? के अरू मान्नसकिने खालका उच्चकोटीका महौषधि छैनन् । यहाँ कवि लोलिम्बराजसित उनकी पत्नी जिज्ञासा राख्छिन् । कवि उत्तर यसरी दिन्छन्– छन् भनेर । **परन्तु कान्ते** ! परन्तु हे राम्रो शोभा भएकी हे कान्ते ! **महासमीरे** महान् चासौ समीरगदो वातव्याधिस्तस्मिन्, ठूलो खालको अर्दितजस्तो वातरोगमा । **विषमज्वरेऽपि** विषमज्वरमा पनि । **तैलेन युक्ताद्** तेल मिलाएको । **रसोनकल्कात्** रसोनेन लशुनेन निर्मितः कल्कः तस्मात्, लशुनको कल्कभन्दा राम्रो । **अपरः प्रयोगः न** अर्को कुनै प्रयोग छैन ॥७१॥

भावार्थः

कवि लोलिम्बराजकी पत्नी जिज्ञासा राख्छिन् –के यी बताइसकेका भन्दा अरू कुनै ठूला औषधिहरू पनि छैनन् ? कवि उत्तर दिन्छन्– छन् । परन्तु राम्रो शोभा भएकी हे कान्ते ! ठूलो खालको वातव्याधिमा र विषमज्वरमा पनि काम गर्ने औषधिमध्येमा रसोनकल्कभन्दा अर्को त्यति राम्रो कुनै औषधिको प्रयोग नै छैन । अर्थात् विषमज्वर र महावातव्याधि छ भने सर्वोत्तम औषधि रसोनकल्क नै हो ॥७१॥

विषमज्वरहरयोगाः –

भवति विषमहन्त्री चेतकी क्षौद्रयुक्ता ।
भवति विषमहन्त्री पिप्पली वर्द्धमाना ॥
विषमरुजमजाजी हन्ति युक्ता गुडेन ।
प्रशमयति तथोग्रा सेव्यमाना गुडेन ॥७२॥

अन्वयः

क्षौद्रयुक्ता चेतकी विषमहन्त्री भवति, वर्द्धमाना पिप्पली विषमहन्त्री भवति, गुडेन युक्ता अजाजी विषमरुजं हन्ति तथा गुडेन सेव्यमाना उग्रा (विषमं) प्रशमयति ॥७२॥

---

३५ किमौषधानि इति पाठान्तरम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्या:

क्षौद्रयुक्ता चेतकी क्षौद्रेण माक्षिकेन युक्ता सहिता चेतकी हरीतकी, मह मिलाइएको हर्रो। **विषमहन्त्री** विषमज्वरं हन्तीति सा, विषमज्वर नाश गर्ने। **भवति** हुन्छ। **वर्द्धमाना पिप्पली** कल्पसेवन विधिअनुसार क्रमशः सानो मात्राबाट बढाउँदै उच्च मात्रामा पुऱ्याउने र उच्च मात्राबाट त्यही अनुपातमा घटाउँदै क्रमशः शुरुको मात्रामा पुऱ्याउने यसलाई **वर्द्धमानपिप्पली कल्प** भनिन्छ। **विषमहन्त्री भवति**, विषमज्वरनाशक हुन्छ। **गुडेन युक्ता** गुड (सख्खर) मिलाइएको। **अजाजी** जीरकम्, जिरा। **विषमरुजं हन्ति** विषमज्वर नाश गर्दछ। **तथा** त्यसैगरी। **गुडेन सेव्यमाना** गुड मिलाएर सेवन गरिएको। **उग्रा** अजमोदा, ज्वानू। **प्रशमयति** प्रकर्षेण शमयति, पक्कै निको पार्दछ ॥७२॥

भावार्थ:

मह मिसाएको चेतकी हरीतकी विषमज्वरनाशक हुन्छ। वर्द्धमान पिप्पलीकल्प विषमज्वरनाशक हुन्छ। गुड मिलाएको जिरा विषमज्वरनाशक हुन्छ। गुड मिलाएर सेवन गरिएको ज्वानूले पनि विषमज्वरलाई शमन गर्दछ ॥७२॥

विषमज्वरे पटोलादिपञ्चानां कषायः (पटोलादिक्वाथः) :–

स्वकान्तिजितरोचने चपललोचने मालती–
प्रसूननिकरस्फुरत्कवरि ! पञ्चवक्त्रोदरि !
पटोलकटुरोहिणीमधुकचेतकीमुस्तक–
प्रकल्पितकषायको विषममाशु जेजीयते ॥७३॥

अन्वय:

स्वकान्तिजितरोचने ! चपललोचने ! मालतीप्रसूननिकरस्फुरत्कवरि ! पञ्चवक्त्रोदरि ! पटोल-कटुरोहिणी-मधुक-चेतकी-मुस्तक-प्रकल्पितकषायकः आशु विषमं जेजीयते ॥७३॥

व्याख्या:

स्वकान्तिजितरोचने ! स्वीया कान्तिः स्वकान्तिः, जिता विजिता रोचना गोरोचना[३६] स्वकान्त्या यया सा, सम्बोधनम्, जसले आफ्नो कान्ति या शोभाले गोलोचन, रक्तकमल आदिको कान्तिलाई जितेको छ त्यस्ती परमसुन्दरी मेरी प्रियतमा ! **चपललोचने** ! चपलं चञ्चलं लोचनं नयनं यस्याः सा, सम्बोधनम्, हे सुन्दर चञ्चल आँखा भएकी प्रिये। **मालतीप्रसूननिकरस्फुरत्कवरि** ! मालतीप्रसूनम् मालतीकुसुमं, तेषां निकरः समूहः, तेन स्फुरत् स्फुरणवत् कवरी केशविन्यासः यस्याः सा, सम्बोधनम् मालती फूलका गुच्छा वा समूहले जसको केशविन्यास, जुरो, चुल्ठो आदि उज्वल र स्फुरणयुक्त या फुरफुर गर्ने खालको छ त्यस्तो शोभायमान केशले सुन्दरी मेरी प्यारी ! **पञ्चवक्त्रोदरि** ! पञ्चवक्त्रस्य सिंहस्य इव कृशतरं उदरं यस्याः सा, सम्बोधनम्, हे सिंहको जस्तै पातलो पेट भएकी सुन्दरी ! **पटोलः** कुलकः, परवर। **कटुरोहिणी** कटुका, कुट्की। **मधुकम्** मधुयष्टी,

---

३६ गोलोचन, रक्तकमल, वंशलोचन, नारी सौन्दर्य विविध अर्थमा रोचनालाई लिने गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

जेठीमधु । **चेतकी** हरीतकी, हर्रो । **मुस्तकः** मेघः, मोथे । एतैः **प्रकल्पितकषायकः** प्रकल्पितः परिकल्पितः, कषायकः कषायः, राम्ररी कल्पना गरिएको काढा । **आशु** छिटै । **विषमम्** विषमज्वरलाई । **जेजीयते** बारबार जितिन्छ ॥७३॥

भावार्थः

जसले आफ्नो कान्ति या शोभाले गोलोचन, रक्तकमल आदिको कान्तिलाई जितेको छ त्यस्ती परमसुन्दरी मेरी प्रियतमा ! हे सुन्दर चञ्चल आँखा भएकी प्रिये ! मालती फूलका गुच्छा वा समूहले जसको केशविन्यास, जुरो, चुल्ठो आदि उज्वल र स्फूरणयुक्त या फुरफुर गर्ने खालको छ त्यस्तो शोभायमान केशले सुन्दरी मेरी प्यारी ! हे सिंहको जस्तै पातलो पेट भएकी सुन्दरी ! परवर, कुट्की, जेठीमधु, हर्रो र मोथेको राम्ररी तयार पारिएको क्वाथले विषमज्वरलाई वारवार जित्न सकिन्छ ॥७३॥

पुराणविषमज्वरे कुलकादिपञ्चानां कषायः –

किमु भ्रमयसि प्रिये ! कुवलयं कराभ्यामिदम् ?
मदीयवचनं सुधारससमं समाकर्णय ।
पुराणविषमज्वरे कुलकनिम्बसिंहीन्द्रजा-
मृताकृतकषायको[३७] मधुयुतो वरीवर्त्तते ॥७४॥

अन्वयः

प्रिये ! कराभ्यां इदं कुवलयं किमु भ्रमयसि ? सुधारससमं मदीयवचनं समाकर्णय । पुराण-विषमज्वरे कुलक-निम्ब-सिंही-न्द्रजा-ऽमृताकृतकषायकः मधुयुतः वरीवर्त्तते ॥७४॥

व्याख्याः

प्रिये ! हे प्रिये ! **कराभ्याम्** हस्ताभ्याम्, दुई हातले । **इदम्** यो । **कुवलयम्** नीलकमलपुष्पं, नीलकमललाई । **किमु** किन । **भ्रमयसि** घुमाउँछ्यौ ? **सुधारससमम्** अमृतसमयम्, अमृतको रसजस्तै । **मदीयवचनम्** मदीयं वचनम्, मेरा कुरालाई । **समाकर्णय** राम्ररी सुन । **पुराण-विषमज्वरे**, पुराणः जीर्णः विषमज्वरः तम्, पुरानो विषमज्वरलाई । **कुलकः** पटोलः, परवल । **निम्बः** पिचुमन्दः, नीम । **सिंही** क्षुद्रभण्टाकी, कण्टकारी । **इन्द्रजः** इन्द्रयवः, इन्द्रजौ । **अमृता** गुडूची, गुर्जोले । **कृतकषायकः** कृतः निर्मितः, कषायकः क्वाथः, बनाइएको काढा । **मधुयुतः** मधुना युतः युक्तः महसित मिसाएको । **वरीवर्त्तते** ठिक हुन्छ/छ ॥७४॥

भावार्थः

हे प्रिये ! तिमी दुई हातले नीलकमलको पुष्पलाई किन घुमाउँछ्यौ ? त्यो छोडेर यता हेर, अमृतको रसजस्तै मेरा कुरा सुन । पुरानो विषमज्वर निको पार्नका लागि परवर, नीम, कण्टकारी, इन्द्रजौ, गुर्जो यिनीहरूले बनाएको क्वाथ महसित खानुपर्छ । निको हुन्छ ॥७४॥

---

३७ अमृताघनकषायको इति पाठान्तरम् । इत्यनेनामृतादि षण्णां कषायकः सेव्यं भवति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विषमज्वरे समधु श्यामा : –

यो भजेत् समधु श्यामां हे हेमकलशस्तनि !
विषमेषु व्यथास्तस्य न भवन्ति कदाचन ॥७५॥

अन्वयः

हे हेमकलशस्तनि ! विषमेषु यः समधु श्यामां भजेत् तस्य व्यथाः कदाचन न भवन्ति ॥७५॥

व्याख्याः

हे हेमकलशस्तनि ! हेमं सुवर्णम् तेन निर्मितः कलशः हेमकलशः तादृश एव स्तनं कुचस्थलं यस्याः सा, सुनको घडाजस्तै उज्ज्वल र पुष्ट स्तन भएकी हे मेरी मुरासा ! **विषमेषु** विषमरोगेषु, विषमरोगमा । **यः** जो । **समधु** मधुना सह मह मिलाएर । **श्यामाम्** त्रिवृतम्, निशोथलाई ।[३८] **भजेत्** सेवेत्, सेवन गरोस् । **तस्य** त्यसको । **व्यथाः** पीडाः दुःख । **कदाचन** कहिल्यै पनि । **न भवन्ति** हुँदैनन् ॥७५॥

भावार्थः

सुनको घडाजस्तै उज्ज्वल र पुष्ट स्तन भएकी हे मेरी मुरासा ! विषमरोग जस्ता रोगमा मह मिलाएर श्यामा त्रिवृतलाई सेवन गरेमा उसलाई त्यस्तो रोगको पीडा कहिल्यै पनि हुँदैन ॥७५॥

विशेषः– *कवि लोलिम्बराज यहाँ विषमज्वरमा श्यामाको उपयोगिता दर्शाउँछन् । श्यामा विभिन्न अर्थमा प्रयोग हुन्छ। श्यामाको पहिलो अर्थ श्यामा त्रिवृत् हो यसलाई महमा मिलाएर सेवन गर्दा विषमज्वर निको हुन्छ। श्यामाको अर्को अर्थ पिप्पली पनि हो। पिप्लालाई महमा मिलाएर सेवन गरेमा पनि विषमज्वर निको हुन्छ। श्यामाको अर्को अर्थ षोडशवर्षीया नवयुवती पनि हो। मधु शब्दको अर्को अर्थ मदिरा पनि हो। मधु मद्ये पुष्परसे क्षौद्रेऽपि इत्यमरकोषे नानार्थवर्गः । यहाँ समधु श्यामाको अर्थ मदिरा सेवन गरेर षोडशा पत्नीको सेवन गर्नु हो। विषम-इषु अर्थात् इषु कामवाणको विषमताले गर्दा जो व्यथित या पीडित छ त्यस्तो विषमेषुव्यथालाई मधु वा मद्यपान गरेर श्यामा पत्नीको सेवन गर्नाले शमन हुन्छ, शान्ति मिल्छ। यसरी कवि लोलिम्बराजले एउटै श्यामा शब्दले रोगका अनेक अवस्थाको उपचार सम्भव भएको कुरा चलाखीपूर्वक वर्णन गरेका छन्। कामवाण पाँच किसिमका हुन्छन् र यी श्यामाको (पत्नीको) उपभोगले शान्त हुन्छन्। त्यस्तै विषमरोगहरण गर्न पनि पाँच किसिमका श्यामा अर्थात् त्रिवृत्, पिप्पली, नवयुवती, मधु र मदिराको प्रयोग प्रशस्त हुन्छ।*

विषमज्वरे मेघनादमूलकल्कस्य शिरसि लेपः –

क्षणमपि चलतां जहीहि मुग्धे ! श्रृणु वचनं मम तन्वि ! सावधाना ॥
वसति शिरसि मेघनादमूले व्रजतितरां विषमो विशालदृष्टे ! ॥७६॥[३९]

---

३८ श्यामा भनेको कृष्णा या पिप्पली र त्रिवृत पनि हो। कसैले कुनै र कसैले अथवा भनेर दुवैलाई लिएका छन्।

३९ विलासदृष्टे। इति पाठान्तरम्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

मुग्धे ! अपि चलतां क्षणं जहीहि, तन्वि ! सावधाना मम वचनं श्रृणु, विशालदृष्टे ! शिरसि वसति मेघनादमूले विषमो व्रजतितराम् ।।७६।।

व्याख्याः

मुग्धे ! हे प्रसन्न र गर्वले भरिएकी मुग्धा मुरासा ! **अपि चलतां क्षणं जहीहि,** चलतां चञ्चलतां क्षणं क्षणपर्यन्तं **जहीहि** त्यज, एकछिनका लागि यो चञ्चलपन छोड्छ्यौ कि ? **तन्वि** ! हे पातली ! **सावधाना** सावधान भएर । **मम वचनम्** मेरा कुरा । **श्रृणु,** सुन । **विशालदृष्टे** ! विशाला दृष्टिर्यस्याः सा, सम्बोधनम्, हे ठूला आँखा भएकी मेरी पत्नी ! **शिरसि** शिरमा । **वसति** रहेको अवस्थामा । **मेघनादमूले** मेघनादस्य तण्डुलीयकस्य मूले, लुँडेको जरोको लेप । **विषमो** विषमज्वरः । **व्रजतितराम्** भागेर जान्छ ।।७६।।

भावार्थः

मुग्धे ! हे प्रसन्न र गर्वले भरिएकी मुग्धा मुरासा ! एकछिनका लागि यो चञ्चलपन छोड्छ्यौ कि ? हे पातली ! सावधान भएर मेरा कुरा सुन । लुँडेको जराको लेप बनाएर अथवा पोको पारेर शिरमा लगाउनाले विषमज्वर भागेर जान्छ ।।७६।।

विषमज्वरे मधुरादित्रयाणां कषायः –

विषममपि हरत्यसौ कषायो मधुमधुरो मधुरामृताशिवानाम् ।।[४०]
अहमिव तव मानिनि प्रकोपं चरणसरोरुहयोर्लुठन् हठेन ।।७७।।

अन्वयः

मानिनि ! मधुरामृताशिवानां असौ मधुमधुरः कषायो विषमं अपि हरति, तव प्रकोपं हठेन चरणसरोरुहयोः लुठन् अहमिव ।।७७।।

व्याख्याः

मानिनि ! हे मान भएकी सुन्दरी ! **मधुरामृताशिवानाम्** मधुरा शतपुष्पा च अमृता गुडूची च शिवा आमलकी च तासाम्, सूप, गुर्जो र अमला यिनीहरूको । **असौ** ऊ, त्यो । **मधुमधुरः** मधुना मधुरः महले गुलियो बनाएको । **कषायः** क्वाथ । **विषमं अपि** विषमज्वरको प्रकोपलाई पनि । **हरति,** हरण गर्दछ । **तव प्रकोपम्** क्रोधस्तम्, तिम्रो क्रोधलाई । **हठेन** हठपूर्वकेन, हठका साथ, बलपूर्वक । **लुठन्** मरक्क पारेर दबाउँदै । **चरणसरोरुहयोः** कमलजस्तै पाउमा । **अहमिव** मजस्तै ।।७७।।

---

४० मधुमधुरो मधुरामृताशिवानाम्, मधुमधुराम्बुधरामृताशिवानाम्, मधुमधुरो मदिरामृताशिवानाम् । इत्यादीनि पाठान्तराणि दृश्यन्ते ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

हे मान भएकी सुन्दरी ! सूप, गुर्जो र अमलाको महले गुलियो बनाएको क्वाथले विषमज्वरलाई त्यसैगरी हटाउँछ जसरी तिमी रिसाएको बेलामा तिम्रा कमलजस्ता पाउमा मैले मरक्क पारेर दवाइदिएपछि तिम्रो क्रोध पनि शान्त हुन्छ ॥७७॥

विषमज्वरे मधुयुतममृताब्दशिवम्ः –

अबले ! कृतकामबले ! चलदृक्कमले ! कमलातनुरत्नकले ![४१]
अमृताब्दशिवं मधुमद् विषमे विषमे ! विषमेषुविलासरते ॥७८॥

अन्वयः

अबले ! कृतकामबले ! चलदृक्कमले ! कमलातनु-रत्नकले ! विषमे ! विषमेषुविलासरते ! मधुमद् अमृता-ब्द-शिवं विषमे (सेव्यम्) ॥७८॥

व्याख्याः

अबले ! न बलं यस्याः सा, सम्बुद्धौ हे अबला प्यारी ! **कृतकामबले** ! कृतं स्वीकृतं कामस्य स्मरस्य बलं सामर्थ्य यया सा, सम्बुद्धौ, हे कामका बलले समर्थ भएकी मेरी पत्नी ! **चलदृक्कमले** ! कमलं इव दृशौ नेत्रे यस्या सा दृक्कमला, चलतीति चलश्चञ्चलः चञ्चले दृक्कमले यस्याः तत्सम्बुद्धौ, हे कमलका जस्तै सुन्दर र चञ्चल आँखा भएकी प्यारी ! **कमलातनु-रत्नकले** ! कमलायाः लक्ष्म्याः तनुः शरीरम् इव तदेव रत्नस्य रत्नसदृशस्य कला कला सौन्दर्याशा यस्याः तत्सम्बुद्धौ, हे लक्ष्मीको जस्तै सौन्दर्ययुक्त शरीररूपी रत्नका सौन्दर्यकलाले शोभित सुन्दरी ! विलासरते ! **विषमे** ! विगता समाः यस्याः सा विषमा असमाना, तत्सम्बुद्धौ, हे असमान अवस्थाकी, अनवस्थित या चञ्चल चित्तकी, अधीर । **विषमेषुविलासरते**[४२] विषमाः असमानाः इषवः कामस्य पञ्चवाणास्ते विषमेषवस्तेषु कामसायकेषु विलासः ललितभावः लीला तस्यां लीलायाम् रतिः अनुरागः भक्तिर्व्यवायो मैथुनं वा यस्याः सा सम्बुद्धौ, हे कामदेवका विषम वाणले विलासरत मेरी प्यारी ! **मधुमद्** मधुयुतम्, मह मिलाएको । **अमृता-ब्द-शिवम्** अमृता गुडूची च अब्दं मुस्तकं च शिवा हरीतकी च एतेषां समाहारः, गुर्जो, मोथे र हर्रो यिनीहरूको क्वाथ । **विषमे** विषमरोगे, विषमरोगमा । (सेव्यम्) सेवन गर्नुपर्दछ ॥७८॥

भावार्थः

हे अबला र कामबलले समर्थ भएकी, कमलका जस्तै सुन्दर र चञ्चल आँखा भएकी, लक्ष्मीजस्तै सौन्दर्ययुक्त शरीररत्नका सौन्दर्यकलाले शोभित, कामदेवका विषमवाणले विलासरत मेरी प्यारी पत्नी !

---

४१ अबले कमलातनुरक्तकले चलदृक्कमले धृतकामकले इति पाठान्तरम् ।

४२ अरविन्दमशोकञ्च चूतं च नवमल्लिका । नीलोत्पलञ्च पञ्चैते पञ्चवाणस्य सायकाः ॥ अरविन्द (रक्तकमल), अशोक, चूत (आँपमञ्जरी), नवमल्लिका (चमेली) र नीलोत्पल (नीलकमल) यी कामदेवका पाँच हतियार (पुष्पवाण) हुन् ।
उन्मादनस्तापनश्च शोषणस्तम्भनस्तथा । सम्मोहनश्च कामस्य पञ्च वाणाः प्रकीर्तिताः ॥ तथा च, सम्मोहनोन्मादनौ च शोषणस्तापनस्तथा । स्तम्भनश्चेति कामस्य पञ्च वाणाः प्रकीर्तिताः । सम्मोहन (मोहित गराउनु), उन्मादन (उन्मत्त गराउनु) शोषण (शोषण गर्नु, सोस्नु), तापन (तताउनु) स्तम्भन (रोक्नु वा थाम्नु) यी कामदेवका पाँच क्रियावाण हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विषमरोगमा गुर्जो, मोथे र हर्रो[४३] यिनीहरूको काढा सेवन गर्नुपर्दछ ॥७८॥

ज्वरहरं रुगाद्यष्टानां धूपनम् : –

अयि कुशाग्रसमानमते ! मते ! मतिमतामतिमन्मथमन्थरे !
ज्वरहरं रुगरिष्टशिवावचायवहविर्जतुसर्षपधूपनम् ॥७९॥

अन्वयः

अयि कुशाग्र-समान-मते ! अति-मन्मथ-मन्थरे ! रुग्-अरिष्ट-शिवा-वचा-यव-हवि-र्जतु-सर्षप-धूपनम् मतिमतां मते ज्वरहरम् (अस्ति) ॥७९॥

व्याख्याः

अयि कुशाग्र-समान-मते ! कुशस्य अग्रं कुशाग्रम् तेन समानं समं तीक्ष्णं इति, कुशाग्रसमाना मतिः बुद्धिर्यस्याः सा, तस्य सम्बोधनम्, हे बुद्धिमानूहरूमध्ये कुशको टुप्पाजस्तै तीखो बुद्धि भएकी मेरी पत्नी । **मते** मतमा, मतअनुसार ! **अति-मन्मथ-मन्थरे** ! मन्मथः कामः तस्मिन् मन्थरा मन्दा या सा, सम्बोधनम्, हे अति वेगवान् कामलाई पनि मन्द बनाएर उचित तुल्याउने मन्मथमन्थरा मुरासा ! **रुग्** कुष्ठम्, कुठ । **अरिष्टम्** निम्बः नीम । **शिवा** हरीतकी हर्रो (वा अमला) । **वचा** वच बोझो । **यवः** इन्द्रयवः इन्द्रजौ ।[४४] **हविः** घृतम् घिउ । **जतुः** लाक्षा लाहा । **सर्षपः** गौरसर्षपः, सर्स्यूँ । **धूपनम्** धुवाउने प्रक्रिया । **मतिमताम्** मतिमतां बुद्धिमतां **ज्वरहरम्** ज्वरं हरतीति ज्वरनाशकम्, ज्वरो निको पार्ने ॥७९॥

भावार्थः

हे कुशको टुप्पाजस्तै तीखो बुद्धि भएकी मेरी पत्नी ! हे अति वेगवान् कामलाई पनि मन्द बनाएर उचित तुल्याउने मन्मथमन्थरा मुरासा ! कुठ, नीम, हर्रो, बोझो, इन्द्रजौ, घिउ, लाहा र सर्स्यूँको धूप धुवाउनाले वुद्धिमानूहरुको मतमा (मतअनुसार) ज्वर नाश हुन्छ ॥७९॥

पुनःसमायातज्वरे तिक्तादिषण्णां क्वाथः –

तिक्तोशीरबलाधान्यपर्पटाम्भोधरैः कृतः ।
क्वाथः पुनः समायातं ज्वरं शीघ्रं विनाशयेत् ॥८०॥

अन्वयः

तिक्तो-शीर-बला-धान्य-पर्पटा-ऽम्भोधरैः कृतः क्वाथः पुनः समायातं ज्वरं शीघ्रं विनाशयेत् ॥८०॥

---

४३ दीपिकामा शिवाको अर्थ आमलकी (अमला) गरिएको छ । कुनै आचार्यले हरीतकी पनि भनेको पाइन्छ । यहाँ वैद्यमतिको विनिश्चय अपेक्षित छ ।

४४ कसैले यवको यवसंज्ञकमन्नं भनेर जौलाई पनि संकेत गरेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्याः

तिक्ता कटुतिक्ता, कुट्की । **उशीरः** नलदः, उशीर । **बला** खरयष्टिका, बलु । **धान्यम्** धान्यकम्, धनियाँ । **पर्पटः** पर्पटकः, पित्तपापडा । **अम्भोधरः** वारिवाहः, मुस्तकः, मोथे । **एतैः कृतः** यिनीहरूबाट बनाइएको । **क्वाथः** काँढा । **पुनः समायातम्** फेरि आएको । **ज्वरम्** ज्वरलाई । **शीघ्रम्** छिटो । **विनाशयेत्** प्रणाशयेत् नाश गरोस् ॥८०॥

भावार्थः

कुट्की, उशीर, बलु, धनियाँ, पित्तपापडा, मोथे यी द्रव्यहरू मिलाएर बनाएको क्वाथ पिउनाले फेरि आएको अर्थात् पुनरावृत्त ज्वरलाई नाश गर्दछ ॥८०॥

विषमज्वरक्षयादिरोगे गोप्यादिसाधितं घृतम् : –

गोपीद्व्यामलकीस्थिरामगधजातिक्तापयःपालनी-
द्राक्षाश्रीफलधावनीहिमविषामुस्तेन्द्रजैः साधितम् ।
स्यादाज्यं विषमज्वरक्षयशिरःपार्श्वव्यथारोचक-
छर्दीशोथहलीमकप्रशमनं लीलालतामञ्जरि ॥८१॥

अन्वयः

लीला-लता-मञ्जरि ! गोपीद्वी-आमलकी-स्थिरा-मगधजा-तिक्ता-पयःपालनी-द्राक्षा-श्रीफल-धावनी-हिम-विषा-मुस्ते-न्द्रजैः साधितम् आज्यं विषमज्वर-क्षय-शिरः-पार्श्वव्यथा-रोचक-च्छर्दी-शोथ-हलीमक-प्रशमनम् स्यात् ॥८१॥

व्याख्याः

लीला-लता-मञ्जरि ! लीलायां लतामञ्जरी, सम्बोधनम्, हे लहराकी मुजुराजस्तै भुम्मिएको लीला देखाउने मेरी लीलालतामञ्जरी ! **गोपीद्वी** गोपी, गोपवल्ली, सारिवा (कृष्णसारिवा, श्वेतसारिवा) । **आमलकी** धात्री अमला ।[४५] **स्थिरा** शालपर्णी । **मगधजा** मागधी, पिप्पली, पिप्ला । **तिक्ता** कटुतिक्ता कुट्की । **पयःपालनी** ह्रीवेरः, सुगन्धबाल । **द्राक्षा** मृद्वीका, दाख । **श्रीफलम्** विल्वफलम्, बेल । **धावनी** कलशी, पृश्निपर्णी । **हिमम्** चन्दनम्, रक्तचन्दन । **विषा** अतिविषा, अतीस । **मुस्तः** मुस्तकः, मोथे । **इन्द्रजः** इन्द्रयवः, इन्द्रजौ । एभिः **साधितम्**, यिनीहरूबाट बनाइएको । **आज्यम्** सिद्धघृतम्, सिद्ध घिउ **विषमज्वर-क्षय-शिरः-पार्श्वव्यथा-रोचक-च्छर्दी-शोथ-हलीमक-प्रशमनम्**, विषमज्वर, क्षय, शिरःशूल, पार्श्वशूल, अरोचक, छर्दी, शोथ र हलीमकरोगलाई शमन गर्ने । **स्यात्** होस् ॥८१॥

भावार्थः

हे लहराकी मुजुराजस्तै भुम्मिएको लीला देखाउने मेरी लीलालतामञ्जरी ! दुवै सारिवा(श्वेत र कृष्ण), अमला, शालपर्णी, पिप्पली, कुट्की, सुगन्धवाल, दाख, बेल, पृश्निपर्णी, रक्तचन्दन, अतीस, मोथे,

४५ कसैले गोपीद्वी-आमलकी र कसैले गोपी-द्व्यामलकी पाठ लगाएका छन् । द्वि-आमलकीमा आमलकी र भूम्यालकी यस्तो अर्थ लगाइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

इन्द्रजौ यिनीहरूबाट साधित घृत विषमज्वर, क्षय, शिरःशूल, पार्श्वशूल, अरोचक, छर्दी, शोथ र हलीमकरोगलाई शमन गर्ने हुन्छ ॥८१॥

अष्टज्वराणामरिष्टम् : –

चलदलतरुसेवा होममन्त्रौ त्रिनेत्र-द्विजजन-गुरुपूजा[४६] कृष्णनाम्नां सहस्रम् ॥
मणिधृतिपरिदानान्याशिषस्तापसानां सकलमिदमरिष्टं स्पष्टमष्टज्वराणाम् ॥८२॥

अन्वयः

चलदलतरुसेवा होम-मन्त्रौ त्रिनेत्र-द्विजजन-गुरुपूजा कृष्णनाम्नां सहस्रम् मणिधृति-परिदानानि तापसानां आशिषः इदं सकलं अष्टज्वराणां स्पष्टम् अरिष्टम् ॥८२॥

व्याख्याः

चलदलतरुसेवा चलदलः अश्वत्थः तस्य वृक्षस्य सेवा, पिपलको वृक्षको सेवा । **होम-मन्त्रौ** होम र मन्त्रको प्रयोग । **त्रिनेत्र-द्विजजन-गुरुपूजा** त्रिनेत्रः शिवः, द्विजजनः ब्राह्मणः, गुरुः आचार्यः एतेषां पूजा, शिव, ब्राह्मण र गुरुको पूजा । **कृष्णनाम्नां सहस्रम्** विष्णुसहस्रनामस्तोत्रम् । **मणिधृति-परिदाना-न्याशिष-स्तापसानां** मणिधारणम्, दानम्, तापसानां आशीषग्रहणम्, मणि धारण गर्नु, दानहरू गर्नु, तपस्वी सिद्धहरूको आशीष ग्रहण गर्नु । **सकलमिदम्** यी सबै । **अष्टज्वराणाम्** आठै किसिमका ज्वरहरूको । **अरिष्टम्** अरिष्ट अर्थात् शत्रु । **स्पष्टम्** स्पष्ट गरियो ॥८२॥

भावार्थः

पिपलको वृक्षको सेवा; होम र मन्त्रको प्रयोग; भगवान् शिव, ब्राह्मण र गुरुको पूजा; विष्णुसहस्रनामस्तोत्र; मणि धारण गर्नु, दानहरू गर्नु, तपस्वी सिद्धहरूको आशीष ग्रहण गर्नु यी आठै किसिमका ज्वरका अरिष्ट हुन् । यसैले यी कार्यले सबै ज्वर निको हुन्छन् । यो कुरा स्पष्ट छ ॥८२॥

ज्वरवतां ज्वरमुक्तानाञ्च लघुभोजनम् : –

अयि रत्नकले कलानिधे कुशले कोकिलकोमलस्वरे !
ज्वरवान् ज्वरवर्जितोऽथवा लघु कुर्यादशनं दिनात्यये ॥८३॥

अन्वयः

अयि रत्नकले ! कलानिधे ! कुशले ! कोकिलकोमलस्वरे ! ज्वरवान् अथवा ज्वरवर्जितः दिनात्यये लघु अशनं कुर्यात् ॥८३॥

---

४६ द्विजसुरगुरुपूजा इति पाठान्तरम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्या:

अयि रत्नकले ! कलायाः रत्नं या सा रत्नकला, हे कलाकी रत्न मेरी मुरासा ! **कलानिधे** ! कलानिधिश्चन्द्रस्तादृशा एव या सा, हे चन्द्रमा जस्तै कलाकी खानी ! **कुशले** ! हे सबै कुराको सीपमा निपूण मेरी प्यारी ! **कोकिलकोमलस्वरे** ! कोकिलस्य पिकस्य इव कोमलं मृदुलं स्वरं वचनं यस्याः सा, हे कोइलीको जस्तै कमलो र सुरिलो र मसिनो स्वर भएकी मेरी पत्नी ! **ज्वरवान्** सज्वरः, ज्वर आइरहेको व्यक्तिले । अथवा **ज्वरवर्जितः** ज्वरमुक्तः, ज्वरोले छोडिसकेको व्यक्तिले । **दिनात्यये** दिन ढलेपछि । **लघु** हलुका । **अशनम्** भोजनम्, खाना खाने कार्य । **कुर्यात्** गरोस् ।।८३।।

भावार्थः

हे कलाकी रत्न भएकी मेरी मुरासा ! हे चन्द्रमा जस्तै कलाकी खानी ! हे सबै कुरामा कुशल र निपुण मेरी प्यारी ! हे कोइलीको जस्तै कमलो, सुरिलो अनि मसिनो स्वर भएकी मेरी पत्नी ! ज्वर आइरहेको तथा ज्वरले छोडिसकेको व्यक्तिले दिन ढलेपछि हलुका भोजन गर्नुपर्दछ ।।८३।।

इति श्रीलोलिम्बराजकृते वैद्यजीवने ज्वरप्रतीकारो नाम प्रथमो विलासः सम्पूर्णः ।।

यति श्रीलोलिम्बराजले रचना गरेको वैद्यजीवनमा ज्वरप्रतीकार नामक पहिलो विलास पूर्ण भयो ।।

♣♣♣

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

द्वितीयो विलासः

अतिसारग्रहणीप्रतीकारो नाम विलासः

अथ ज्वरातिसार प्रकरणम्

ज्वरवतामतिसारवताञ्च चिकित्सार्थममृतादिषण्णां कषायः –

अमृतातिविषासुरराजयवस्तनयित्नुकिरातकविश्वपयः ॥
अतिसारहरं ज्वरनाशकरं श्रृणु निर्जितकुञ्जरकुम्भकुचे ॥१॥

अन्वयः

निर्जित-कुञ्जरकुम्भ-कुचे ! श्रृणु अमृता-तिविषा-सुरराजयव-स्तनयित्नु-किरातक-विश्व-पयः अतिसार-हरं ज्वरनाश-करम् ॥१॥

व्याख्या:

निर्जितकुञ्जरकुम्भकुचे ! निर्जितं कुञ्जरकुम्भं कुचेन यया सा, सम्बोधनम्, आफ्ना पुष्ट स्तनले हात्तीको कुम्भस्थल (कुम)लाई समेत जितेकी मुरासा ! **श्रृणु** सुन । **अमृता** गुडूची, गुर्जो । **अतिविषा** विषा, अतीस । **सुरराज-यवः** इन्द्रयवः, इन्द्रजौ । **स्तनयित्नु** मेघः, मुस्तकः, मोथे । **किरातकः** किराततिक्तः, चिराइतो । **विश्वम्** विश्वभेषजम्, शुठो । **पयः** कषायः, क्वाथ । **अतिसारहरम्** अतिसारनाशक छ । **ज्वरनाशकरम्** ज्वरनाशक छ ॥१॥

भावार्थः

आफ्ना पुष्ट स्तनले हात्तीको कुम्भस्थल (कुम)लाई समेत जितेकी मुरासा ! सुन । गुर्जो, अतीस, इन्द्रजौ, मोथे, चिराइतो, शुठो यिनीहरूको कषाय अतिसार र ज्वर (ज्वरातिसार) निको पार्ने हुन्छ ॥१॥

सर्वातिसारज्वरविजयार्थं शीतादिचतुर्दशद्रव्याणां क्वाथः –

शीतोशीरकयुगमवत्सकवृकीपद्माह्वधान्यामृता-
भूनिम्बाम्बुदबालबिल्वकविषाविश्वौषधैः साधितः ॥
क्वाथो माक्षिकसाक्षिको विजयते हृल्लासतृष्णावमीन्
दाहारोचकसंगभंगचतुरः सर्वातिसारज्वरान् ॥२॥

अन्वयः

शीतो-शीरकयुग्म-वत्सक-वृकी-पद्माह्व-धान्या-मृता-भूनिम्बा-म्बुद-बाल-बिल्वक-विषा-विश्वौषधैः साधितः माक्षिक-साक्षिकः क्वाथो दाहा-रोचक-संग-भंग-चतुरः हृल्लास-तृष्णा-वमीन् सर्वातिसारज्वरान् विजयते ॥२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्याः

शीतम् चन्दनम्, रक्तचन्दन । **उशीरकयुग्मम्**[४७] उशीरकद्वयम्, उशीरलामज्जकौ, उशीर र लामज्जक, सुगन्धयुक्त उशीर र लामज्जक । **वत्सकः** कुटजः, रानी खिर्रो । **वृकी** पाठा, बाटुलपाते । **पद्माह्वः** पद्मपुष्पः, कमल । **धान्या,** धान्यकम्, धनियाँ । **अमृता** गुडूची, गुर्जो । **भूनिम्बः** किरातः, चिराइतो । **अम्बुदः** मेघः, मुस्तकः, मोथे । **बालः** नेत्रबाला, सुगन्धबाल । **बिल्वकः** बिल्वः, बेल । **विषा** अतिविषा, अतीस । **विश्वम्** विश्वभेषजम्, शुठो । **औषधैः** एभिश्चतुर्दभिरौषधैः, यी १४ औषध द्रव्यहरूले । **साधितः** निर्मितः बनाइएको । **माक्षिकसाक्षिकः** माक्षिकः मधु साक्षी यस्य सः, समाक्षिक इत्यर्थः, मह मिलाइएको । **क्वाथः** कषायः, काढा । **दाहः** तापः जिउभित्र र बाहिर पोल्ने व्यथा । **अरोचकः** अरुचिः, खान मन नलाग्नु । **संगः** विट्संगः, विबन्धः, दिसा कस्सिनु । **भंग विड्भंगः** विड्भेदः पखाला लाग्नु । **चतुरः** यी चार रोगलाई **हृल्लासः** हृदयस्य लासः उत्क्लेशः, हिक्का र थुकथुकी आदि । **तृष्णा** तृषा, तीर्खा । **वमीन्** वमनं करोतीति वमी तान्, वान्ता गर्ने वमनरोगीहरूलाई । **सर्वातिसारज्वरान्** सबै किसिमका अतिसार र ज्वरहरूलाई । **विजयते** जयति, जित्तछ ।।२।।

भावार्थः

रक्तचन्दन, उशीर र लामज्जक, रानी खिर्रो, बाटुलपाते, कमल, धनियाँ, गुर्जो, सुगन्धबाल, बेल, अतीस र शुठो यी औषधद्रव्यहरूबाट बनाइएको क्वाथले हृल्लास या हिक्का र थुकथुकी, तृष्णा, वमन, दाह, अरुचि, विट्संग (दिसा कस्सिनु), विड्भंग (पखाला लाग्नु) तथा सबै किसिमका अतिसार र ज्वरलाई निको पार्दछ ।।२।।

सवान्तिपार्श्वशूलज्वरातिसारे पञ्चमूल्यादिकषायः –

पञ्चांघ्रिवृक्यब्दबलेन्द्रबीजत्वक्सेव्यतिक्तामृतविश्वबिल्वैः ।।
ज्वरातिसारान् सवमीन्सकासान् सपार्श्वशूलान् शमयेत्कषायः ।।३।।

अन्वयः

पञ्चांघ्रि-वृक्य-ब्द-बले-न्द्रबीज-त्वक्-सेव्य-तिक्ता-मृत-विश्व-बिल्वैः (निर्मित) कषायः सवमीन् सकासान् सपार्श्वशूलान् ज्वरातिसारान् शमयेत् ।।३।।

व्याख्याः

पञ्चांघ्रिः पञ्चमूलम्, अत्र लघुपञ्चमूलं ग्राह्यम्, लघु पञ्चमूल– शालपर्णी, पृश्निपर्णी, बृहती, कण्टकारी र गोक्षुर । **वृकी** पाठा, बाटुलपाते । **अब्दः** मेघः, मुस्तकः, मोथे । **बला** खरयष्टिका, बलु । **इन्द्रबीजः** इन्द्रयवः, इन्द्रजौ । **त्वक्** कुटजत्वक्, कुटजका बोक्रा । **सेव्यः** उशीरः, खस । **तिक्ता** कटुतिक्ता, कुट्की । **अमृतम्,** अमृता, गुर्जो । **विश्वम्** विश्वभेषजम्, शुण्ठी । **बिल्वैः** बिल्वकैः (एभिः पञ्चदशभिर्निर्मितः) बेलहरूले अर्थात् यी उल्लिखित १५ औषधद्रव्यहरूले बनाएको । **कषायः** शृतः, क्वाथले । **सवमीन्** वमिना सह तान्, वमन हुनेहरूलाई । **सकासान्** कासेन सह तान्, खोकी लागेकाहरूलाई । **सपार्श्वशूलान्** पार्श्वशूलेन सह तान्, पार्श्वशूल कोखा दुख्नेहरूलाई । **ज्वरातिसारान्** ज्वरातिसार हुनेहरूलाई । **शमयेत्** शमनं कुर्यात्, शमन गरोस् ।।३।।

---

४७ उशीरकयुग्मं उशीर वीरणमूलकमेकं अपरं लामज्जकं तच्च उशीरवत् पीतच्छवि तृणं मवतीति भेदः ।। दीपिकायाम् ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

लघु पञ्चमूल– शालपर्णी, पृश्निपर्णी, बृहती, कण्टकारी र गोक्षुर, बाटुलपाते, मोथे, बलु, इन्द्रजौ, कुटजका बोक्रा, खस, कुट्की, गुर्जो, शुठो, बेल यी १५ औषधद्रव्यहरू मिलाएर बनाएको क्वाथले वमन हुनेहरूलाई, खोकी लागेकाहरूलाई (कास), पार्श्वशूल वा कोखा दुख्नेहरूलाई र ज्वरातिसार हुनेहरूलाई निको गर्दछ ॥३॥

अतिसारे बृहत्पञ्चमूलं लघुपञ्चमूलञ्च : –

कफाधिके वा पवनाधिके वा द्वयाधिके वा गुरुपञ्चमूलम् ॥
पित्ताधिके स्याल्लघुपञ्चमूलं पुनः पुनः पृच्छसि किं मृगाक्षि ॥४॥

अन्वयः

मृगाक्षि ! किं पुनः पुनः पृच्छसि ? कफाधिके वा, पवनाधिके वा, द्वयाधिके वा गुरुपञ्चमूलम् (तथा) पित्ताधिके लघुपञ्चमूलं स्यात् ॥४॥

व्याख्याः

मृगाक्षि ! हे मृगका जस्ता आँखा हुने मृगनयनी ! **किं पुनः पुनः पृच्छसि** ? किन वारम्वार सोधिरहन्छ्यौ ? **कफाधिके वा**, कफको अधिकता भएको अवस्थामा। **पवनाधिके वा**, वायुको अधिकता भएको अवस्थामा। **द्वयाधिके वा** दुवै अर्थात् वात पनि कफ पनि बढेको अवस्थामा। **गुरुपञ्चमूलम्** बिल्वोऽग्निमन्थः श्योनाकः काश्मर्यः पाटला तथा, सर्वैस्तु मिलितैरेतैः स्यान्महापञ्चमूलकम्-राजनिघण्टुः, बृहत् पञ्चमूल या महापञ्चमूल–बेल गिनेरी, टटेलो खमारि, पाडरी। (तथा) पित्ताधिके पित्तको अधिकता भएको अवस्थामा। **लघुपञ्चमूलम्**– शालपर्णी पृश्निपर्णी बृहती कण्टकारिका, तथा गोक्षुरकश्चैव पञ्चमूलमिति स्मृतम्। **स्यात्** होस्।

भावार्थः

हे मृगका जस्ता आँखा हुने मृगनयनी ! तिमी बारबार किन सोधिरहन्छ्यौ ? अतिसारमा कफको अधिकता, वायुको अधिकता र कफवायु दुवैको अधिकता भएको अवस्थामा बृहत् पञ्चमूल (बिल्व, अग्निमन्थ, श्योनाक, पाटला, काश्मर्य) को प्रयोग तथा पित्तको अधिकता भएको अबस्थामा लघुपञ्चमूल (शालपर्णी, पृश्निपर्णी, बृहती, कण्टकारी, गोक्षुर)को प्रयोग उपयुक्त हुन्छ ॥४॥

शोकातिसारे देवदार्वादिसप्तानां क्वाथः –

सदेवदारुः सविषः सपाठः सजन्तुशत्रुः सघनः सतीक्ष्णः ॥
सवत्सकः क्वाथ उदाहृतोऽसौ शोकातिसाराम्बुधिकुम्भजन्मा ॥५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

सदेवदारुः सविषः सपाठः सजन्तुशत्रुः सघनः सतीक्ष्णः सवत्सकः असौ क्वाथः शोकातिसारा-म्बुधि-कुम्भजन्मा उदाहृतः ॥५॥

व्याख्याः

सदेवदारुः देवदारुसहितः, देवदारुसँगै । **सविषः** विषासहितः, अतिविषा, अतीससँगै । **सपाठः** पाठासहितः, बाटुलपातेसँगै । **सजन्तुशत्रुः** जन्तुशत्रु-कृमिशत्रुसहितः, वायुविडंगसँगै । **सघनः** घनो मेघस्तेन सहितः, मोथेसँगै । **सतीक्ष्णः** तीक्ष्णो मरिचस्तेन सहितः, मरिचसँगै । **सवत्सकः** वत्सकः कुटजस्तेन सहितः, कुटजत्वक्सँगै । **असौ** ऊ, त्यो । **क्वाथः** शृतः, कषायः, काढा । **शोकातिसारा-म्बुधि-कुम्भजन्मा** शोकातिसारस्य अम्बुधिः समुद्रस्तस्य कृते यः कुम्भजन्मा अगस्त्यः तादृश एवेति भावः, शोकज अतिसाररूपी समुद्रका लागि अगस्त्य ऋषिजस्तै रोगलाई पनि निर्मूल गर्ने । **उदाहृतः** उद्धरितः, उदाहरण मानिन्छ ।[४८]

भावार्थः

देवदारु, अतीस, बाटुलपाते, वायुविडंग, मोथे, मरिच, रानी खिर्रोका बोक्रा यी सबैको क्वाथ समुद्रका लागि अगस्ती ऋषि भक्षक भएजस्तै शोकज अतिसारका लागि पनि त्यस्तै उदाहरणको रूपमा लिइन्छ । अर्थात्, यस क्वाथले शोकज अतिसारलाई निर्मूल पार्छ ।

इति ज्वरातिसार प्रकरणम् ॥
यति ज्वरातिसार प्रकरण सकियो ॥

अथातिसारप्रतीकारः

पित्तातिसारे धान्यचतुष्कक्वाथः –

पित्तातिसारो धान्याम्बुबिल्वाब्दानां निरुद्धयते ।
केनात्र ज्ञायते कर्त्ता पण्डितेन त्वया बिना ॥६॥

अन्वयः

पित्तातिसारो धान्याम्बुबिल्वाब्दानां केन (कषायेण) निरुद्ध्यते । अत्र कर्त्ता त्वया पण्डितेन बिना केन ज्ञायते ॥६॥

---

४८ अगस्त्य ऋषि कुम्भ (घडा)बाट पैदा भएका थिए यसैले उनलाई कुम्भसम्भव वा कुम्भजन्मा मानिएको छ । तिनले एकपटक समुद्रको पानी पिउँदा पिउँदा समुद्र नै सिद्ध्याएका थिए । तिनै खञ्चुवा ऋषिलाई नेपाली समाजमा अगस्ती भनिन्छ । खाएर नअघाउने वा कुचुकुचु खाइरहने व्यक्तिलाई पनि अगस्ती नै भनिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्याः

पित्तातिसारः पित्तदोषजातिसारः, पित्तदोषले गर्दा भएको अतिसार। **धान्याम्बुबिल्वाब्दानाम्** धान्यं च अम्बु च बिल्वं च अब्दश्च तेषाम्। **धान्यम्** धान्यकम्, धनिया। **अम्बु** बालः, सुगन्धबाल। **बिल्वम्** बालबिल्वम्, आमबिल्वम्, काँचो बेल। **अब्दः** मेघः, मुस्तकः, मोथे। यिनीहरूको क्वाथले। **निरुद्धचते** अवरुद्ध्यते, रोक्दछ। केन, जलेन (कषायेण), काढाले। **अत्र** यहाँ। **कर्ता** पित्तातिसारको अवरोधको कर्ता यो औषधिको बारेमा। **त्वया पण्डितेन बिना** तिमीजस्तो पण्डित बिना। **केन** कसले। **ज्ञायते** जान्दछ ॥६॥

भावार्थः

पित्तदोषले गर्दा भएको अतिसारलाई धनियाँ, सुगन्धबाल, बेल, मोथेको क्वाथले निको पार्दछ। यसको बारेमा विद्वान् चिकित्सकले बाहेक अरू कसैले पनि जान्दैन ॥६॥

विशेषः– *यहाँ केन शब्दका दुई अर्थ छन्। पहिलो केन जलेन, अर्थात् धान्याम्बुबिल्वाब्दानां केन। धनियाँ, सुगन्धबाल, काँचो बेल र मुस्तक यी चार द्रव्यको क्वाथले पित्तातिसार निको हुन्छ भन्ने यसको मतलव भयो। दोस्रो केन कसले। कः सर्वनामको तृतीयाविभक्तिको एकवचन। अत्र पित्तातिसारस्य अवरोधकस्य कर्ता धान्यचतुष्कक्वाथः इति केन ज्ञायते ? पित्तातिसारनाशक यहाँ बताइएको धान्यचतुष्कक्वाथको बारेमा कसबाट थाह पाइन्छ ? यस प्रश्नको उत्तर हो पण्डितेन त्वया बिना। तिमीजस्ती ज्ञानी बाहेक अरू कसबाट थाह पाइन्छ र ? तिमीबाट नै थाह पाइन्छ। कवि लोलिम्बराजको यो मौलिक काव्यरीति हो। यहाँ एउटै शब्द 'केन' का दुई फरक अर्थका साथसाथै धान्यचतुष्कक्वाथको कार्मुकता र पत्नी मुरासाको पाण्डित्य यी दुई भावको झलक कविले प्रदर्शन गरेका छन्।*

अतिसारे बालकश्रीघनधान्यक्वाथः (धान्यपञ्चकक्वाथः) :–

अयि प्रिये प्रीतिभृतां मुरारौ किं बालकश्रीघनधान्यविश्वैः ॥
यस्याप्यतीसाररुजो न तस्य किं बालकश्रीघनधान्यविश्वैः ॥७॥[४९]

अन्वयः

अयि प्रिये ! मुरारौ प्रीतिभृतां बालक-श्री-घनधान्य-विश्वैः किम् ? यस्यातीसाररुजोऽपि न तस्य बालक-श्री-धन-धान्य-विश्वैः किंम् ? ॥७॥

व्याख्याः

अयि प्रिये ! हे प्यारी ! **मुरारौ** मुरारि भगवान् कृष्णमा। **प्रीतिभृताम्** भक्तिभृताम्, भक्तिगर्नेहरूका लागि। **बालकश्रीघनधान्यविश्वैः** बालकः अपत्यः, सन्तान; श्री श्री, घनधान्यम् प्रशस्त अनाज र धनसम्पत्ति, विश्वम् संसारी प्रपञ्च यी कुराले। **किम्** ? के गर्दछन् ? **यस्य** जसको। **अतिसाररुजः** अतिसार रोगका पीडाहरू।

४९ अस्मिन् पद्ये द्वितीयपादस्य घनशब्दस्य स्थाने धन इति केचित् पठन्ति।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अपि पनि । **न** छैन । **तस्य** अतिसार रोग नै नलागेको निरोगीलाई । **बालकश्रीघनधान्यविश्वैः** बालको बालः सुगन्धबाल, श्री श्रीफल अर्थात् बेल, घनः मोथे, धान्यकम् धनियाँ, विश्वम् शुठो यी औषधिले । **किम्** ? के गर्दछन् ?॥७॥

भावार्थः

भगवान् कृष्णमा भक्ति हुने व्यक्तिहरूका लागि बालक (सन्तान), घनधान्य अर्थात् प्रशस्त अनाज र विश्वले के गर्दछ ? अतिसार रोग नभएको व्यक्तिलाई सुगन्धबाल, बेल, मोथे, धनियाँ र शुठोले के गर्दछ ? यहाँ कस्तो उत्प्रेक्षा गरिएको छभने जसरी कृष्णभक्तलाई सन्तान, सम्पत्ति, अनाज र संसार बेकार छ भन्ने मोह हुँदैन त्यसैगरी अतिसार नभएको व्यक्तिलाई सुगन्धबाल, बेल, मोथे, धनियाँ र शुठो पनि बेकार छ। अर्थात् अतिसार भएको व्यक्तिलाई चाहिँ यी पाँच औषधिको अत्यन्त धेरै महत्व छ ॥७॥

विशेषः– *यहाँ किं बालकश्रीघनधान्यविश्वैः ? यो प्रश्नार्थक वाक्यांशको दोस्रो र चौथो पाउमा भएको प्रयोगले अतिसाररोगमा पाचनका लागि दिइने धान्यपञ्चकको महत्व दर्शाएका छन् । अघिल्लो पद्यमा उल्लेख गरिएको धान्यचतुष्कमा शुठो थपेपछि धान्यपञ्चक बन्दछ । आचार्य चक्रपाणिले धनियाँ, शुठो, मोथे, सुगन्धबाल, बेल यी पाँच औषधद्रव्यको उपयोग आमपाचन, शूलनाशन, विबन्धहरण, पाचन र अग्निदीपनका लागि हुने बताएका छन्– धान्यकं नागरं मुस्तं बालकं बिल्वमेव च । आमशूलविबन्धघ्नं पाचनं वह्निदीपनम् ॥ प्रस्तुत पद्यमा रहेको बालकश्रीघनधान्यविश्वैः भन्ने वाक्यांशमा पनि यिनै पाँच औषधद्रव्यको गणना छ । छन्द मिलाउनका लागि क्रम यताउता भएको छ । जसरी भगवद्भक्ति छ भने सन्तान, सम्पत्ति, धान्य र संसार सबै बेकार हुन्छन् त्यसैगरी अतिसार रोग नलागेको व्यक्तिलाई पनि सुगन्धवाल, बेल, मोथे, धनियाँ र शुठो पनि बेकार हुन्छन् । अर्थात् अतिसाररोगीका लागि यी पाँच औषधद्रव्यको महत्व त्यति नै छ जति भगवद्भक्तिको महत्व छ । कवि लोलिम्बराज यहाँ सीधा नभनेर उत्प्रेक्षाद्वारा धान्यपञ्चकको महत्व दर्शाउँदछन् । यो उनको काव्यिक विशेषता पनि हो । पथ्ये सति गदार्तस्य किमौषधनिषेवणैः । पथ्येऽसति गदार्तस्य किमौषधनिषेवणैः । कविको अभिव्यञ्जना शैली यस पद्यबाट पहिले पनि बुझिएकै हो ।*

अतिसारहरमिन्द्रजादिसप्तानां चूर्णम् :–

इन्द्रजमेघमदाकुसुमश्रीलोध्रमहौषधमोचरसानाम् ॥
चूर्णमिदं गुडतक्रनिपीतं हन्त्यचिरादतिसारमुदारम् ॥८॥

अन्वयः

इन्द्रज-मेघ-मदाकुसुम-श्री-लोध्र-महौषध-मोचरसानाम् गुडतक्रनिपीतं इदं चूर्णं अचिराद् उदारं अतिसारं हन्ति ॥८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्याः

इन्द्रजः इन्द्रयवः, इन्द्रजौ । **मेघः** मुस्तकः, मोथे । **मदाकुसुमम्** धातकीपुष्पम्, धँयेरोको फूल, धाइरो । **श्री** श्रीफलम्, बेल । **लोध्रः** रोध्रः, लोध । **महौषधम्** विश्वभेषजम्, शुठो । **मोचरसः** शाल्मलीनिर्यासः, सिमलको खोटो । एतेषाम् यिनीहरूको । **गुडतक्रनिपीतम्** गुडेन तक्रेण च सह पीतं, गुड र मह मिलाएर पिइएको । **इदं चूर्णम्** यो धुलोले । **अचिराद्** ढिलो नगरीकन । **उदारम्** अत्यर्थम्, अत्यधिकम् इति भावः, धेरै प्रकोप भएको । **अतिसारम्** पखालालाई । **हन्ति** नाश गर्दछ ॥८॥

भावार्थः

इन्द्रजौ, मोथे, धाइरोको फूल, बेल, लोध, शुठो र मोचरस (सिमलको खोटो)को चूर्ण गुड र महीसित खाएमा यसले ढिलो नगरिकन धेरै प्रकोपावस्थामा रहेको अतिसारलाई पनि निको पार्दछ ॥८॥

अतिसारे शुण्ठ्यादिचतुर्णां चूर्णम् :–

कल्याणि ! काञ्चनलताललितांगयष्टे ! ताम्बूलशालिवदने ! ललने ! श्रृणु त्वम् ॥
शुण्ठी–मदाकुसुम–मोचरसा–जमोदास्तक्रान्विताः प्रशमयन्त्यतिसारसारम् ॥९॥

अन्वयः

कल्याणि ! काञ्चनलताललितांगयष्टे ! ताम्बूलशालिवदने ! ललने ! त्वम् श्रृणु तक्रान्विताः शुण्ठी-मदाकुसुम-मोचरसा-जमोदाः अतिसारसारम् प्रशमयन्ति ॥९॥

व्याख्याः

कल्याणि ! हे सबैको भलो चिताउने कल्याणी ! **काञ्चनलताललितांगयष्टे** ! काञ्चनलतया सुवर्णलतया ललिता समुज्ज्वलिता अंगयष्टी शरीरम् यस्याः सा, सम्बोधनम् हे सुनका लहराले नै सजाइरहेको ललित शरीर भएकी मेरी प्यारी ! **ताम्बूलशालिवदने** ! अत्र शालीतिपदं युक्तार्थकम् यथा भाग्यशालि-ऐश्वर्यशालि-सौन्दर्यशाल्यादयः, ताम्बूलयुक्तवदने, हे पान चपाइरहेको लालिमायुक्त उज्यालो मुख भएकी मुरासा ! **ललने** ! हे सुन्दरी कामिनी ! **श्रृणु** सुन । **त्वम्** तिमी । **तक्रान्विताः** मही मिलाएको । **शुण्ठी** विश्वम्, शुठो । **मदाकुसुमम्** धातकीपुष्पम्, धाइरोको फूल । **मोचरसः** शाल्मलीनिर्यासः, सिमलको खोटो । **अजमोदाः** यवानी, ज्वानू । **अतिसारसारम्** पखाला लाग्ने रोगलाई । **प्रशमयन्ति** शमनं कुर्वन्ति शमन गर्दछन् ॥९॥

भावार्थः

हे सुनका लहराले नै सजाइरहेको ललित शरीर भएकी मेरी प्यारी ! हे पान चपाइरहेको लालिमायुक्त उज्यालो मुख भएकी मुरासा ! हे सुन्दरी कामिनी ! महीसित मिलाएर सेवन गरिएको शुठो, धाइरोको फूल, सिमलको खोटो र ज्वानूको चूर्णले अतिसार रोग शमन गर्दछ ॥९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अतिसारप्रशमनी श्यामा :–

अतिसारप्रशमनी चित्रपत्रकशोभिता ।
वृद्धिदातनुवह्नेश्च श्यामा श्यामेव राजते ।।१०।।

अन्वयः

चित्रपत्रकशोभिता श्यामा अतिसारप्रशमनी वृद्धिदातनुवह्नेः वृद्धिदा च श्यामा इव राजते ।।१०।।

व्याख्याः

चित्रपत्रकशोभिता चित्रपत्रकेन शोभिता, चित्रपत्रकं गजपिप्पली साग्निवृद्धिदा तेन शोभिता संयुता, अग्निवर्द्धक गजपिप्पली । **श्यामा** सारिवा । **अतिसारप्रशमनी** अतिसारं प्रशमयतीति अतिसारप्रशमनी, अतिसारलाई शमन गर्ने । **वृद्धिदा** वृद्धिं ददातीति, वृद्धि गराइदिने । **तनुवह्नेश्च** तनुः शरीरम् तत्र स्थितो वह्निः तनुवह्निः तस्य, शरीरको अग्नि जठराग्निको । **अतनुवह्नेश्च** नास्ति तनुर्यस्य स अतनुरनंगः कामः, तेन जागृतो वह्निः अतनुवह्निस्तस्य, कामाग्नेः अनंगभूत या अतनुभूत अग्निको । **श्यामेव** श्यामा गुणवती कान्ता प्रिया मधुरभाषिणी, युवती । **राजते** विराजते ।।१०।।

भावार्थः

गजपिप्पली मिलाएर सेवन गरेको सारिवा जठराग्निवर्द्धक हुन्छ र त्यसले अतिसार प्रशमन गर्दछ । जसरी श्यामा युवतीले कामाग्नि बढाएर पुरुषलाई वशीभूत तुल्याउँछे त्यसैगरी गजपिप्पली मिश्रित श्यामा सारिवाले कायाग्नि बढाएर अतिसाररोगलाई वशीभूत तुल्याउँछ अर्थात् राम्ररी अतिसारलाई निको पार्दछ ।।१०।।

विशेषः– *यस संसारमा राज गर्ने भनेको जसले अग्नि बढाउँदछ त्यही हो । गजपिप्पली (चित्रपत्रक/चित्रपत्री)ले शोभित भएको अर्थात् गजपिप्पली मिलाइएको श्यामा (सारिवा)ले शरीरको जठराग्निलाई (तनुवन्हि) बढाउँछ र राम्रो पाचन गराउँछ फलस्वरूप अतिसार रोग निको हुन्छ। षोडशवर्षीया प्रिया मधुरभाषिणी कान्ता र गुणवती युवती श्यामाले पनि अग्नि नै बढाउँदछ। तर, यी श्यामा तनुवन्हि या जठराग्निकी वृद्धिदा होइनन् । यी पनि चित्रपत्रककै सहाराले शोभित हुन्छिन् । यहाँ चित्रपत्रक भनेको युवतीले गालामा, निधारमा, नाभिमा, स्तनमा सजाउने चित्रविचित्र पत्रक सम्झिनुपर्छ । तिनले ती युवतीको सौन्दर्य बढाउँछ र पुरुषहरू आकर्षित हुन्छन्। तर यी श्यामाले तनुवह्निलाई होइन अतनुवह्निलाई बढाउँछन्। कामदेवको नाम अनंग हो उनी सर्वत्र व्याप्त छन् तर रूपमा देखिदैनन्। यी श्यामाले पुरूषको कामचेतना (कामाग्नि या अतनुवह्नि)लाई बढाइदिन्छ । यसरी यी श्यामा पुरुषलाई वशमा राख्तछिन् । अघिल्ली सारिवा श्यामाले भने तनुवह्निलाई बढाउँछ, आमदोष पाचन हुन्छ र आमसञ्चय र अपचनजनित विकारहरू नष्ट हुन्छन् र अन्ततोगत्वा अतिसार श्यामाको वशमा पर्दछ । **श्यामा श्यामेव राजते** लाई मूल भाव बनाएर कवि लोलिम्बराजले यस द्वि-अर्थक पद्यमा **वृद्धिदातनुवन्हेश्च** भन्ने विशेष पदद्वारा चमत्कारी उत्प्रेक्षा दिएका छन् जहाँ एउटै पदमा वृद्धिदा तनुवन्हेश्च र वृद्धिदा अतनुवन्हेश्च दुई पृथक् अर्थ र भाव दिने पद रहेका छन् । जसरी श्यामा स्त्रीले अतनुवह्निलाई बढाएर*

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पुरुषमा राज गर्छे त्यसैगरी श्यामा वनस्पतिले तनुवह्नि बढाएर अतिसाररोगमा राज गर्छे। अतः अन्तिम निष्कर्ष के होभने गजपिप्पलीसित सेवन गरिएको श्यामा (सारिवा) अतिसारका लागि सर्वोत्तम औषधि हो।

रक्तामशूलान्वितातिसारे कुटजादिपञ्चानां कषायः (वत्सकादिक्वाथः) :–

बाले ! बाललताप्रवाललसिताकारांघ्रिहस्ताधरे !
मल्लीमाल्यलसत्कुचक्षितिधरे ! रत्नोज्वलन्मेखले !
चंचत्कुण्डलमण्डले ! विजयते रक्तामशूलान्विता–
तीसारं कुटजाब्दबिल्वकविषोदीच्यैः कषायः कृतः ॥११॥

अन्वयः

बाले ! बाललताप्रवाललसिताकारांघ्रिहस्ताधरे ! मल्लीमाल्यलसत्कुचक्षितिधरे ! रत्नोज्वलन्मेखले ! चंचत्कुण्डलमण्डले ! कुटजाब्दबिल्वकविषोदीच्यैः कृतः कषायः रक्तामशूलान्वितातीसारं विजयते ॥११॥

व्याख्याः

बाले ! हे बाला उमेरकी प्रिये ! **बाललताप्रवाललसिताकारांघ्रिहस्ताधरे** ! बाला लता बाललता तस्याः प्रवालाः नवपल्लवाः ताभिः ललिता लालित्ययुताः आकारेण स्वरूपेण सुशोभिताः अंघ्रिश्च चरणं च हस्तश्च करश्च अधरश्च ओष्ठश्च यस्याः सा, सम्बोधनम्, जसका हातपाउ र ओठ भरखरै पलाएका नरम पालुवा लागेका लहराको ललित कोमलतामा देखिने सुन्दर आकारजस्तै नरम र शोभनीय छन् त्यस्ती हे मुरासा ! **मल्लीमाल्यलसत्कुचक्षितिधरे** ! मल्ली मल्लिकापुष्पं तस्य माल्येन हारेण लसत् विलसत् कुचक्षितिं स्तनधरां धरतीति सा, सम्बोधनम्, हे बेलीपुष्पको मालाले सुशोभित भएका स्तनभएकी मेरी प्यारी ! **रत्नोज्वलन्मेखले** ! रत्नेन मणिना उज्ज्वलिता मेखला यस्याः सा, सम्बोधनम्, रत्नहरूद्वारा चम्किएको मेखला (कम्मरबन्धन) बाँधेकी सुन्दरी ! **चंचत्कुण्डलमण्डले** ! चञ्चत् चलत् कुण्डलेन मण्डिता या सा, हे हल्लिरहेका र चम्किरहेका कुण्डलले शोभित भएकी प्रेयसी ! **कुटजाब्दबिल्वकविषोदीच्यैः** –**कुटजः** वत्सकः, रानी खिर्रोका बोक्रा । **अब्दः** मेघः, मोथे । **बिल्वकः** विल्वः, बेल । अत्र बालबिल्वो ग्राह्यः । **विषा** अतिविषा, अतीस, **उदीच्यम्** ह्रीवेरम्, सुगन्धबाल । यी औषधिबाट । **कृतः** कल्पितः, निर्मितः,कल्पना गरिएको, बनाइएको । **कषायः** श्रृतः क्वाथ । **रक्तामशूलान्वितातीसारम्** रक्तं च आमं च शूलं च तैभिः अन्वितं युक्तं अतिसारम्– रक्त, आम, र शूलसमेत भएको अतिसारलाई । **विजयते** जित्छ ॥११॥

भावार्थः

हे मेरी बाला उमेरकी, भरखरैको कलिलो लहरामा पलाएका नरम पालुवाको ललित कोमलतामा देखिने सुन्दर आकारजस्तै नरम तथा शोभनीय हात, पाउ र ओठ भएकी, बेलीपुष्पको मालाले सुशोभित भएका स्तनभएकी, रत्नहरूद्वारा चम्किएको मेखला (कम्मरबन्धन) बाँधेकी, हल्लिरहेका चम्किला कुण्डलले शोभित भएकी मेरी मुरासा ! कुटजत्वक् (रानी खिर्रोका बोक्रा), मोथे, बेल, अतीस र सुगन्धबालको क्वाथले रक्त, आम र शूलसमेत भएको अतिसारलाई निको पार्दछ ॥११॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

जीर्णातिसारहरं धातक्यादिचतुर्दशद्रव्यनिर्मितं महद्गंगाधरचूर्णम्, बृहद्गंगाधरचूर्णं वा :-

धातक्यामलकीपयोधरवृकीकट्वंगयष्टीमधु-
श्रीजम्ब्वाम्रफलास्थिनागरविषाह्रीवेरलोध्रेन्द्रजैः ॥
तुल्यांशैर्विहितं सतण्डुलजलं गंगाधराख्यं महत्-
चूर्णं तूर्णमपाकरोति सकलं जीर्णातिसारं परम् ॥१२॥

अन्वयः

धातक्या-मलकी-पयोधर-वृकी-कट्वंग-यष्टीमधु-श्री-जम्ब्वा-म्रफलास्थि-नागर-विषा-ह्रीवेर-लोध्रे-न्द्रजैः तुल्यांशैः विहितं गंगाधराख्यं महच्चूर्णं सतण्डुलजलं तूर्णं सकलं परं जीर्णातिसारं अपाकरोति ॥१२॥

व्याख्याः

धातकी धातकीपुष्पम्, धाइरोको फूल । **आमलकी** धात्री, अमला । **पयोधरः** मेघः, मुस्तकः मोथे । **वृकी** पाठा, बाटुलपाते । **कट्वंगः** श्योनाकः, टटेलो । **यष्टीमधु** मधुयष्टी, जेठीमधु । **श्री** श्रीफलम्, बेल । **जम्बू** जाम्बवः, जामुन । **आम्रफलास्थि** चूतफलास्थि, आँपको कोयाभित्रको मज्जा । **नागरम्** शुण्ठी, शुठो । **विषा** अतिविषा, अतीस । **ह्रीवेरः** सुगन्धवला, सुगन्धबाल । **लोध्रः** रोध्रः, लोध । **इन्द्रजः** इन्द्रयवः, इन्द्रजौ । **एतैः** यिनीहरूको । **तुल्यांशैः** बराबर भागले । **विहितम्** बनाएको । **गंगाधराख्यम्** गंगाधर नाम गरेको । **महच्चूर्णम्** बृहत् चूर्णलाई । बृहद् गंगाधरचूर्णलाई । **सतण्डुलजलम्** चौलानीसित । **तूर्णम्** शीघ्रम्, छिटै पिएमा । **सकलम्** सम्पूर्ण । **परम्** चरम । **जीर्णातिसारम्** जीर्ण अतिसारलाई । **अपाकरोति** निको पार्छ, ॥१२॥

भावार्थः

धाइरोको फूल, अमला, मोथे, बाटुलपाते, टटेलो, जेठीमधु, बेल, जामून, आँपको कोयाभित्रको मज्जा, शुठो, अतीस, सुगन्धबाल, लोध, इन्द्रजौ यिनीहरू सबैलाई समान भाग लिएर तयार पारिएको बृहद् गंगाधरचूर्णलाई चौलानीपानीसित सेवन गरेमा चरम खालको जीर्ण अतिसारलाई निको पार्दछ ॥१२॥

रक्तातिसारे दाडिमवत्सकत्वचः कषायकः –

अयि कन्दुकनिन्दकस्तनि ! प्रमदारूपमदापहारिणि !
रुधिरातिसृतौ कषायकः समधुर्दाडिमवत्सकत्वचः ॥१३॥

अन्वयः

अयि कन्दुकनिन्दकस्तनि ! प्रमदारूपमदापहारिणि ! रुधिरातिसृतौ समधुर्दाडिमवत्सकत्वचः कषायकः (सुखदः) ॥१३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्याः

अयि कन्दुकनिन्दकस्तनि ! कन्दुकं निन्दयतीति, तादृशं स्तनं यस्याः सा, सम्बोधनम्, हे भकुण्डोलाई समेत होच्याउने ठूला स्तन भएकी प्यारी ! **प्रमदारूपमदापहारिणि** ! प्रमदायाः सुन्दर्याः रूपं आकृतिस्तस्य मदस्य उन्मादस्य अपहरणं करोतीति, आफ्नो रूपले अन्य सुन्दरीहरूको रूपमदलाई अर्थात् रूपको घमण्डलाई हराउने परमसुन्दरी ! **रुधिरातिसृतौ** रुधिरस्य रक्तस्य अतिशयं सरणं रुधिरासृतिः तस्मिन्, रक्तस्राव गराउने खालको रक्तपित्त, रक्तातीसार आदिमा । **समधु** मधुना सह महसित । **दाडिमवत्सकत्वचः** दाडिम र कुटजत्वक्को । **कषायकः** कषायः । (सुखदः) निको हुन्छ ॥१३॥

भावार्थः

हे भकुण्डोलाई समेत माथ मार्ने ठूला स्तन भएकी, आफ्नो रूपले अन्य सुन्दरीहरूको रूपमदलाई अर्थात् रूपको घमण्डलाई हराउने परमसुन्दरी ! रक्तपित्त र रक्तातिसारजस्ता रगत बहाउने रोगमा दाडिम र कुटजको बोक्राले बनाएको क्वाथ खुवाउनुपर्छ, निको हुन्छ ॥१३॥

तण्डुलोदकेन पीतं मधुसितायुतं चन्दनम् :-

चन्दनं विमलतण्डुलाम्बुना संयुतं मधुयुतं सितायुतम् ॥
तृड्विखण्डनमसृग्विखण्डनं खण्डनं प्रचुरदाहमेहयोः ॥१४॥[५०]

अन्वयः

विमल-तण्डुलाम्बुना संयुतं मधु-युतं सिता-युतम् चन्दनं तृड्विखण्डन-मसृग्विखण्डनं प्रचुरदाह-मेहयोः खण्डनम् (भवति) ॥१४॥

व्याख्याः

विमलतण्डुलाम्बुना विमलं मलरहितं शुद्धं तण्डुलस्य अम्बु उदकं तेन तण्डुलोदकेन, सफा चौलानीले । **संयुतम्** सँगै घोटिएको । **मधुयुतम्** मह मिलाइएको । **सितायुतम्** मिश्री मिलाइएको । **चन्दनम्**, चन्दन । **तृड्विखण्डनम्** तृष्णानाशक । **असृग्विखण्डनम्** रक्तपित्त र रक्तातिसार हटाउने । **प्रचुरदाहमेहयोः** धेरै दाह हुने रोग र प्रमेहको । **खण्डनम्** हटाइदिने हुन्छ ॥१४॥

भावार्थः

सफा चौलानीसित मह र मिश्री मिलाएर घोटिएको श्रीखण्डको चन्दन खाएमा तृष्णारोग, रक्त प्रवाह हुने रक्तपित्त रक्तातिसार आदि रोग, ज्यादै दाह हुने रोग र प्रमेह पनि निको हुन्छ ॥१४॥

---

५० दाहमोहयोः इत्यपि पाठो दृश्यते ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

रक्तातिसारजित्कुक्षिशूलामशूलघ्नं सगुडं बिल्वम् (गुडबिल्वयोगः) :–

कुक्षिशूलामशूलघ्नं विविधास्रातिसारजित् ।
सेवेत सगुडं बिल्वं बिल्वतुल्यपयोधरे ॥१५॥

अन्वयः

बिल्वतुल्यपयोधरे ! कुक्षिशूलामशूलघ्नं विविधास्रातिसारजित् सगुडं बिल्वं सेवेत ॥१५॥

व्याख्याः

बिल्वतुल्यपयोधरे ! बिल्वेन सह तुल्यं पयोधरं यस्याः सा, सम्बोधनम् बेलका फलजस्तै कडा स्तन भएकी हे प्यारी ! **कुक्षिशूलामशूलघ्नम्** कुक्षिशूलं च आमशूलं च घ्नन्तीति, कुक्षिशूल र आमशूललाई नाश गर्ने । **विविधास्रातिसारजित्** विविधं अस्रातिसारं रक्तातिसारं जयतीति, विभिन्न किसिमका रक्तातिसारलाई जित्ने । **सगुडम्** गुड मिलाएको । **बिल्वम्** बिल्वफलम्, बेल । **सेवेत** सेवन गरोस् ॥१५॥

भावार्थः

बेलका फलजस्तै कडा स्तन भएकी हे प्यारी ! कुक्षिशूल र आमशूल तथा विभिन्न किसिमका रक्तातिसारलाई निको पार्न गुड मिलाएको बेलको फल सेवन गराउनुपर्छ ॥१५॥

सोपद्रवेऽसाध्ये चातिसारे भगवत्स्मरणम् :–

तृट्श्वासकासज्वरशोफमूर्च्छाहिक्कान्नविद्वेषणवान्तिशूलैः ॥
युक्तोतिसारी स्मरतु प्रसह्य गोविन्द गोपाल गदाधरेति ॥१६॥

अन्वयः

तृट्श्वासकासज्वरशोफमूर्च्छाहिक्कान्नविद्वेषणवान्तिशूलैः युक्तोतिसारी गोविन्द गोपाल गदाधरेति प्रसह्य स्मरतु ॥१६॥

व्याख्याः

तृट्श्वासकासज्वरशोफमूर्च्छाहिक्कान्नविद्वेषणवान्तिशूलैः तृषा, श्वास, कास, ज्वर, शोफ, मूर्च्छा, हिक्का, अन्नद्वेष, छर्दि र शूलरोगहरूले । **युक्तः** युक्त भएको । **अतिसारी** अतिसाररोगीले । **गोविन्द गोपाल गदाधरेति** हे गाविन्द ! हे गोपाल ! हे गदाधर ! यति भन्दै । **प्रसह्य** बलैले, बेसरी । **स्मरतु** सम्झोस् ॥१६॥

भावार्थः

तृषा, श्वास, कास, ज्वर, शोफ, मूर्च्छा, हिक्का, अन्नद्वेष, छर्दि र शूलरोगसहितको अतिसाररोगीले गोविन्द, गोपाल, गदाधर भगवान्‌को नाम बारबार स्मरण गनुपर्छ ॥१६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विशेषः– *उपर्युक्त उपद्रवहरूले युक्त रोगी असाध्य अतिसार रोगीका हुन् । यहाँ कवि लोलिम्बराज असाध्य अतिसारको उपेक्षा र अतिसाररोगीहरूलाई पूर्व चेतावनी भगवान्को नामस्मरणको वहानाले बताइरहेका छन् । समयमै रोगको उपचार गर्नु उपद्रवबाट बच्ने उपाय हो । सकभर रोग लाग्नै नपाओस् र कथंकदाचित् लागिहाल्योभने उपद्रव नआओस् यो सावधानी यहाँ कविको मुख्य आशय रहेको पाइन्छ ।*

इत्यतीसारप्रतीकारः ॥
यति अतिसारप्रतीकार सकियो ॥

अथ ग्रहणीप्रतीकारः

दीपनपाचनार्थं यवान्यादिदशद्रव्याणां चूर्णम् :–

यवानीनागरोशीरधनिकातिविषाघनैः ।
बलाबिल्वद्विपर्णीभिर्दीपनं पाचनं भवेत् ॥१७॥

अन्वयः

यवानीनागरोशीरधनिकातिविषाघनैः बलाबिल्वद्विपर्णीभिर्दीपनं पाचनं भवेत् ॥१७॥

व्याख्याः

यवानी अजमोदा, ज्वानू । **नागरम्** शुण्ठी, शुठो । **उशीरः** नलदः, खस घाँस । **धनिका** धान्यकम्, धनियाँ । **अतिविषा** विषा, अतीस । **घनः** मेघः, मुस्तकः, मोथे । **बला** खरयष्टिका, बलु । **बिल्वः** बिल्वकः, बेल । **द्विपर्णी** पर्णीद्वयम्, शालपर्णी र पृश्निपर्णी । **एभिः** यिनीहरूले । **दीपनम्** अग्निदीपनम्, जठराग्निलाई बढाउने । **पाचनम्** आमपाचनम्, आमरसलाई पाचन गर्ने । **भवेत्** होस् ॥१७॥

भावार्थः

ज्वानू, शुठो, उशीर, धनियाँ, अतीस, मोथे, बलु, बेल, शालपर्णी, पृश्निपर्णी यिनीहरूको चूर्णले अग्निदीपन र आमरसको पाचन हुन्छ ॥१७॥

अर्शगुल्मग्रहण्यां पुनर्नवाद्यष्टानां कषायः –

पुनर्नवावल्लिजवाणपुंखाविश्वाग्निपथ्याचिरबिल्वबिल्वैः ॥
कृतः कषायः शमयेदशेषान्दुर्नामगुल्मग्रहणीविकारान् ॥१८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

पुनर्नवा-वल्लिज-वाणपुंखा-विश्वा-ग्नि-पथ्या-चिरबिल्व-बिल्वैः कृतः कषायः अशेषान् दुर्नाम-गुल्म-ग्रहणी-विकारान् शमयेत् ॥१८॥

व्याख्याः

पुनर्नवा शोथघ्नी । **वल्लिजम्** मरिचम् । **वाणपुंखा** शरपुंखा । **विश्वम्** विश्वभेषजम्, शुण्ठी । **अग्निः** अग्निदीपनः, चित्रक । **पथ्या** अभया, हरीतकी । **चिरबिल्वः** नक्तमालः, करञ्ज । **बिल्वः** श्रीफलः आमबिल्वः, काँचो बेल । **कृतः** बनाएको । **कषायः** क्वाथ । **अशेषान्** सर्वान्, सबैलाई । **दुर्नामः** अर्शः । **गुल्मम्** उदरगुल्मम् । **ग्रहणी-विकारान्** ग्रहणीविकारहरूलाई । **शमयेत्** शमनं कुर्यात्, शमन गरोस् ॥१८॥

भावार्थः

पुनर्नवा, मरिच, शरपुंखा, शुठो, चित्रक, हर्रो, करञ्ज र काँचो बेल मिलाएर बनाएको क्वाथले सबै किसिमका अर्श, गुल्म एवं ग्रहणीविकारको शमन गर्दछ ॥१८॥

ग्रहण्यां शुण्ठ्यादिचतुर्णां कषायः, शुण्ठीकल्कघृतञ्च :–

शुण्ठीच्छिन्नरुहाविषाजलधरैस्तुल्यैः कषायः कृतः ।
मन्दाग्नौ ग्रहणीगदेऽपि सततं सामानुबन्धे हितः ॥
शुण्ठीकल्कशृतं[५१] घृतं प्रपिबतः प्लीहामवातापहम् ।
स्याद् वायोरनुलोमनं ग्रहणिका वेगेन जंगम्यते ॥१९॥

अन्वयः

शुण्ठीच्छिन्नरुहाविषाजलधरैस्तुल्यैः कृतः कषायः सामानुबन्धे मन्दाग्नौ ग्रहणीगदेऽपि सततं हितः (स्यात्) प्लीहामवातापहम् शुण्ठीकल्कशृतं घृतं प्रपिबतः वायोरनुलोमनं स्याद्, ग्रहणिका वेगेन जंगम्यते ॥१९॥

व्याख्याः

शुण्ठी विश्वम्, शुठो । **च्छिन्नरुहा** अमृता, गुर्जो । **विषा** अतिविषा अतीस । **जलधरैः** मेघैः मोथेहरूले । **तुल्यैः** समैः बराबर मिलाएकाहरूले । **कृतः** निर्मितः बनाएको । **कषायः** क्वाथः । **सामानुबन्धे** सामावस्थायां स्थिते, साम अवस्थामा रहेको । **मन्दाग्नौ** अल्पाग्नौ, मन्दाग्निमा । **ग्रहणीगदेऽपि** ग्रहणीरोगेपि, ग्रहणीरोगमा पनि । **सततम्** सधैं । **हितः (स्यात्)** हितकारक हुन्छ । **प्लीहामवातापहम्** प्लीहा र आमवात नाश गर्ने । **शुण्ठीकल्कशृतं** शुण्ठीकल्कपाकं, शुठोको कल्कमा पकाएको । **घृतम्** आज्यम्, घिउ । **प्रपिबतः** पिउनाले । **वायोरनुलोमनम्** वायुको अनुलोमन गर्ने । **स्याद्** होस् । **ग्रहणिका** ग्रहणी वेगेन वेगका साथ, छिटो । **जंगम्यते** जोडका साथ जान्छ ॥१९॥

५१ शुण्ठीकल्ककृतमिति पाठान्तरम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

शुठो, गुर्जो, अतीस र मोथे बराबर हालेर बनाएको क्वाथले साम अवस्थामा रहेको मन्दाग्नि र ग्रहणी रोगमा सधैं हित गर्दछ। प्लीहा र आमवातरोगलाई नाश गर्ने शुठोको कल्कबाट सिद्ध गरेको शुण्ठी घृत पिउनाले वायुको अनुलोमन गर्छ र यसले ग्रहणीलाई छिटै भगाउँछ ॥१९॥

ग्रहणीप्रवाहिकारक्तातिसारादौ पाठादिदशानां चूर्णम् :-

पाठाविषाकुटजवृक्षफलत्वगब्दतिक्तामदारसजनागरविल्वचूर्णम् ॥
सक्षौद्रतण्डुलजलं ग्रहणीप्रवाहरक्तप्रवाहगुदरुग्गुदजेषु दद्यात् ॥२०॥

अन्वयः

सक्षौद्र-तण्डुलजलं पाठा-विषा-कुटजवृक्षफलत्वग्-अब्द-तिक्ता-मदा-रसज-नागर-विल्व-चूर्णम् ग्रहणीप्रवाह-रक्तप्रवाह-गुदरुग्-गुदजेषु दद्यात् ॥२०॥

व्याख्याः

सक्षौद्रतण्डुलजलं सक्षौद्रं मधुनासहितं तण्डुलजलं तण्डुलोदकम्, मह मिलाएको चौलानी । **पाठा** वृकी, बाटुलपाते । **विषा** अतिविषा, अतीस । **कुटजवृक्षफलत्वक्** कुटजस्य वत्सकस्य फलं त्वक् च, कुटजको फल (इन्द्रजौ) र बोक्रा । **अब्दः** मेघः मोथे । **तिक्ता** कटुतिक्ता, कुट्की । **मदा** धातकी धाइरो । **रसजम्** रसाञ्जनम्, रसाञ्जन । **नागरम्** विश्वभेषजम्, शुठो । **बिल्वः** श्रीफलः, बेल । यिनीहरूको । **चूर्णम्** धुलो । **ग्रहणीप्रवाहः** ग्रहणीरोग । **रक्तप्रवाहः** रक्तपित्त, रक्तातिसार । **गुदरुक्** गुदामा हुने पीडा । **गुदजेषु** गुदाको रोग अर्श आदिमा । **दद्यात्** दिनुपर्दछ ॥२०॥

भावार्थः

बाटुलपाते, अतीस, कुटजको फल इन्द्रजौ र कुटजको बोक्रा, मोथे, कुट्की, धाइरो, रसाञ्जन, शुठो, बेल यी सबैको चूर्ण ग्रहणी, प्रवाहिका, रक्तातिसार, मलद्वारको पीडा र अर्शरोगमा मह मिलाइएको चौलानीसित दिनुपर्छ ॥२०॥

रत्नकलाचूर्णम् :-

तुल्यांशं सकलं किरातकटुकामुस्तेन्द्रजत्र्यूषणम्
भागाश्चन्द्रकलामिताः कुटजतो भागद्वयं चित्रकात्
चूर्णं रत्नकलाभिधं[५२] गुडपयोयुक्तं च पाण्डुज्वरा-
तीसारारुचिकामलाग्रहणिकागुल्मप्रमेहापहम् ॥२१॥

---

५२ रत्नकलाभिधमिति पाठान्तरम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

किरात-कटुका-मुस्ते-न्द्रज-त्र्यूषणम् सकलं तुल्यांशं, कुटजतश्चन्द्रकलामिताः भागाः, चित्रकात् भागद्वयं गुडपयोयुक्तं च रत्नकलाभिधं चूर्णं पाण्डु-ज्वरा-तीसारा-रुचि-कामला-ग्रहणिका-गुल्म-प्रमेहा-पहम् ॥२१॥

व्याख्याः

किरातः किरातकः, चिराइतो । **कटुका** कटुतिक्ता, कुट्की । **मुस्तः** मेघः मोथे । **इन्द्रजः** इन्द्रयवः इन्द्रजौ । **त्र्यूषणम्** त्रि-कटुकम्– पिप्पली, मरिच, शुण्ठी । **सकलम्** समस्तम्, यी सबै द्रव्य । **तुल्यांशम्** समांशम्, बराबर मात्रामा मिलाइएको । **कुटजतः** वत्सकतः, कुटज या रानीखिर्रोबाट । **चन्द्रकलामिताः भागाः** षोडशमिताः भागाः, १६ भाग । **चित्रकात्** अग्नेः, चितूबाट । **भागद्वयम्** दुई भाग । **गुडपयोयुक्तं च** गुड र पानी (सख्खरपानी) मिलाइएको । **रत्नकलाभिधं चूर्णम्** रत्नकला नाम गरेको चूर्ण । **पाण्डु-ज्वरा-तीसारा-रुचि-कामला-ग्रहणिका-गुल्म-प्रमेहा-पहम्**, पाण्डु, ज्वर, अतिसार, अरुचि, कामला, ग्रहणी, गुल्म, प्रमेह रोगहरूलाई नाश गर्दछ ॥२१॥

भावार्थः

चिराइतो, कुट्की, मोथे, इन्द्रजौ, त्रिकटु–पिप्पली, मरिच, शुण्ठी यी सबैको बराबर भाग १-१ भाग, कुटज (रानीखिर्रो)बाट १६ भाग, चितूबाट दुई भाग मिलाएर बनाएको रत्नकला नाम गरेको चूर्ण गुड र पानीसित खाएमा पाण्डु, ज्वर, अतिसार, अरुचि, कामला, ग्रहणी, गुल्म, प्रमेह रोगहरूलाई नाश गर्दछ ॥२१॥

गुल्मग्रहण्यामगुदांकुरेष्वजाजिकादिपञ्चदशद्रव्याणां चूर्णम् :–

अजाजिका-हिंगु-पटुत्रयाणां क्षारद्वय-ग्रन्थि-कटुत्रयाणाम् ॥
चव्याजमोदामिशिचित्रकाणां चूर्ण समानं विदधीत धीमान् ॥२२॥
कोष्णाम्बुना कोलरसेन युक्तं तक्रान्वितं काञ्जिकमिश्रितं वा ॥
पेपीयमानं सुखदं नृणां स्याद् गुल्मग्रहण्यामगुदांकुरेषु ॥२३॥[५३]

अन्वयः

धीमान् अजाजिकाहिंगुपटुत्रयाणां क्षारद्वयग्रन्थिकटुत्रयाणां चव्याजमोदामिशिचित्रकाणां समानं चूर्णं विदधीत । कोष्णाम्बुना कोलरसेन युक्तं तक्रान्वितं काञ्जिकमिश्रितं वा पेपीयमानं गुल्मग्रहण्यामगुदांकुरेषु नृणां सुखदं स्यात् ॥२२-२३॥

व्याख्याः

धीमान् मतिमान्, बुध्दिमानले । **अजाजिका** अजाजी, जीरा । **हिंगु** वाल्हीकः, हिङ । **पटुत्रयाणाम्** लवणत्रयाणाम्, नुन, सिधे नुन र बिरे नुन यी तीन लवणको । **क्षारद्वयम्** यवस्वर्जिकक्षारम्, यवक्षार र स्वर्जिकक्षार । **ग्रन्थि** पिप्पलीमूलम्, पिप्लाको जरा । **कटुत्रयाणाम्** त्रिकटुकानाम्, त्रिकटु–पिप्पली, मरिच, शुण्ठी । **चव्यम्**

---

५३ पत्रान्तरात् साभारतः परिपूरितम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चविका, चावो । **अजमोदा** यवानी, ज्वानू । **मिशि** मिश्रेया, सूप । **चित्रकाणाम्** चित्रकहरूको । **समानं चूर्णम्** समानभागको चूर्ण । **विदधीत** बनाउनुपर्छ । **कोष्णाम्बुना** तातोपानीसित । **कोलरसेन** बयरको रस वा सर्वतसित । **युक्तम्** मिलाएर । **तक्रान्वितम्** मही मिलाएर । **काञ्जिकमिश्रितम्** काञ्जी (धानको अमिलो) मिसाएर । वा **पेपीयमानम्** पिउनेलाई । **गुल्मग्रहण्यामगुदांकुरेषु** गुल्म, ग्रहणी, आमविकार र गुदांकुरमा । **नृणाम्** मानिसहरूलाई । **सुखदम्** सुखदायक । **स्यात्** होस् ॥२२-२३॥

भावार्थः

बुध्दिमान् चिकित्सकले, जीरा, हिङ, लवणत्रय– नुन, सिधे नुन र बिरे नुन, क्षारद्वय– यवक्षार र स्वर्जिकक्षार, पिप्पलीमूल, पिप्लाको जरा, त्रिकटु–पिप्पली, मरिच, शुण्ठी, चावो, ज्वानू, सूप र चित्रक यिनीहरूको समानभागको चूर्ण बनाउनुपर्छ । यसलाई तातोपानीसित, बयरको रस वा सर्वतसित, मही मिलाएर वा काञ्जी (धानको अमिलो) मिसाएर सेवन गरेमा गुल्म, ग्रहणी, आमविकार र गुदांकुर रोग लागेका मानिसहरूलाई सुखदायक हुन्छ ॥२२-२३॥

क्षुद्हृद्गुल्मगुदांकुरग्रहणिषु क्षारद्वयादिपञ्चदशभिर्द्रव्यैर्निर्मितं क्षाराद्यं चूर्णम् :–

क्षारद्वन्द्वपटुत्रिकत्रिकटुकैः चव्याजमोदानलैः ।
कृष्णामूलकहिंगुजीरमिशिभिस्तुल्यैर्विधेयं रजः ॥
पीतं कोष्णजलेन कोलपयसा तक्रेण वान्यौषधात् ।
क्षुद्हृद्गुल्मगुदांकुरग्रहणिषु प्रायः प्रियं प्रेयसि ॥२४॥

अन्वयः

प्रेयसि ! क्षारद्वन्द्व-पटुत्रिक-त्रिकटुकैः चव्या-जमोदा-नलैः कृष्णामूलक-हिंगु-जीर-मिशिभिः तुल्यैः रजः विधेयम् (एतत्) कोष्णजलेन कोलपयसा तक्रेण वान्यौषधात् पीतं क्षुद्-हृद्-गुल्म-गुदांकुर-ग्रहणिषु प्रायः प्रियम् (भवति) ॥२४॥

व्याख्याः

प्रेयसि ! हे प्यारी ! **क्षारद्वन्द्वम्** क्षारद्वयम्, स्वर्जिकक्षारं यवक्षारं च । **पटुत्रिकम्** लवणत्रयम्, सैन्धवं रुचकं विडम् चेति लवणत्रिकम्, सिधे नुन, नुन र बिरे नुन । **त्रिकटुकम्** पिप्पली, मरिचं, शुण्ठी । **चव्यम्** चविका, चावो । **अजमोदा** यवानी, ज्वानू । **अनलैः** चित्रकैः चित्रकहरूले । **कृष्णामूलकम्** पिप्पलीमूलम् । **हिंगु** बाल्हीकः, हिङ । **जीरम्** जीरकम्, जीरा । **मिशिभिः** मिश्रेयाभिः, सूपहरूले । **तुल्यैः** समानैः बराबर भाग मिलाएर । **रजः** चूर्णम्, धुलो । **विधेयम्** बनाउनुपर्छ । **कोष्णजलेन** मनतातो पानीले । **कोलपयसा** बयरको पानीले । **तक्रेण** महीले । **वान्यौषधात्** वा अन्य औषधिका साथ । **पीतम्** पिएमा । **क्षुद्–हृद्–गुल्म–गुदांकुर–ग्रहणिषु** क्षुधा, हृदयरोग, गुल्मरोग, गुदांकुरहरूमा । **प्रायः** प्रायशः । **प्रियम्** निको (भवति) ॥२४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

हे प्यारी ! क्षारद्वय–स्वर्जिकक्षार र यवक्षार; लवणत्रय–सैन्धव, रुचक, विड; त्रिकटु–पिप्पली, मरिच शुठो; चावो, ज्वानू, चित्रक, पिप्पलीमूल, हिङ, जीरा र सूप यिनीहरूको बराबर भाग मिलाएर चूर्ण बनाउनुपर्छ। यसलाई मनतातो पानी, बयरको पानी, मही वा अन्य औषधिका साथ पिएमा क्षुधा, हृदयरोग, गुल्मरोग तथा गुदांकुररोगमा सञ्चो हुन्छ ॥२४॥

श्लेष्मानिलग्रहणीगुदरोगे दीपने पाचने च चूर्णम् :–

द्विक्षार-षट्कटु-पटुब्रज-हिंगु-दीप्यैः स्यात् सार-लुंग-बदरैकरसेन युक्तः ॥
श्लेष्मानिलग्रहणिकागुदजे प्रशस्तो नक्षत्रमुख्यमुखि दीपनपाचनोयम् ॥२५॥[५४]

अन्वयः

नक्षत्रमुख्यमुखि ! द्विक्षार-षट्कटु-पटुब्रज-हिंगु-दीप्यैः सारलुंग-बदरैकरसेन युक्तः अयं श्लेष्मा-निल-ग्रहणिकागुदजे दीपनपाचने प्रशस्तः स्यात् ॥२५॥

व्याख्याः

नक्षत्रमुख्यमुखि ! चन्द्रमुखी, चन्द्रमाको जस्तो अनुहार भएकी । **द्विक्षारम्** क्षारद्वयम्, स्वर्जिकयवक्षारम् । **षट्कटुः** षडूषणम् (पञ्चकोलं समरिचम्) पिप्पली, पिप्पलीमूल, चव्य, चित्रक, शुण्ठी, मरिच । **पटुब्रजं** लवणपञ्चकम् सैन्धवसामुद्रविडसौवर्चलरोमकम् । **हिंगु** हिङ । **दीप्यः** यवानी, ज्वानू । एभिश्चूर्णं विधेयम् । **सारम्,** अम्लसारम्, अम्लवेतसम् । **लुंगम्** मातुलुंगम्, बिमिरो । **बदरम्** वारिबदरम्, प्राचीनामलकम्, पानी अमला । **एकरसेन** अम्लवेतस, बिमिरो र पानीअमलाको रसमध्ये एउटासित । **युक्तः** जोडिएको, मिलाएको । **अयम्** यो । **श्लेष्मानिलग्रहणिकागुदजे** कफ र वायुले गर्दा भएको ग्रहणीरोगमा । **दीपनपाचने** दीपन र पाचन गर्ने कार्यमा । **प्रशस्तः** उपयुक्त । **स्यात्** होस् ॥२५॥

भावार्थः

चन्द्रमाको जस्तो अनुहार भएकी मुरासा ! क्षारद्वय-स्वर्जिक र यवक्षार, षडूषण(पिप्पली, पिप्पलीमूल, चव्य, चित्रक, शुण्ठी, मरिच) लवणपञ्चक (सैन्धव-सामुद्र-विड-सौवर्चल-रोमक), हिङ र ज्वानू यिनीहरूको चूर्णलाई अम्लवेतस, बिमिरो र बयरको रस वा पानी अमलाको रस मध्ये एउटासित सेवन गरेमा कफ र वायुले गर्दा भएको ग्रहणीरोगमा तथा दीपन र पाचन गर्ने कार्यमा समेत उपयुक्त हुन्छ ॥२५॥

ग्रहणीदुःखहरं चित्रकादिचतुर्णां चूर्णम् :–

चूर्णं चित्रकचव्यश्रीविश्वभेषजनिर्मितम् ।
तक्रेण सहितं हन्ति ग्रहणीं दुःखकारिणीम् ॥२६॥

अन्वयः

तक्रेण सहितं चित्रकचव्यश्रीविश्वभेषजनिर्मितम् चूर्णं दुःखकारिणीं ग्रहणीं हन्ति ॥२६॥

---

५४ लोकत्रयैकमतिदीपनपाचनेऽलमिति पाठान्तरम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्याः

तक्रेण महीले । **सहितम्** सहित भएको । **चित्रकः** चितू । **चव्यः** चविका, चावो । **श्री** श्रीफलम्, बेल । **विश्वभेषजम्** शुठो । **निर्मितम्** बनाएको । **चूर्णम्** चूर्ण । **दुःखकारिणीम्** दुःखदायिनीम् । **ग्रहणींम्** ग्रहणीरोगलाई । **हन्ति** मार्दछ, नाश गर्दछ ॥२६॥

भावार्थः

चितू, चावो, बेल, शुठो मिलाएर बनाएको चूर्णलाई महीसित खाएमा ग्रहणीरोग नाश हुन्छ ॥२६॥

ग्रहण्युदराग्निमान्द्यादौ रुचकादित्रयाणां चूर्णम् :–

रुचकाग्निमरीचानां चूर्णं तक्रेण सेवितम् ।
ग्रहण्युदरगुल्मार्शक्षुन्मान्द्यप्लीहनाशनम् ॥२७॥

अन्वयः

रुचकाग्निमरीचानां चूर्णं तक्रेण सेवितं ग्रहण्युदरगुल्मार्शक्षुन्मान्द्यप्लीहनाशनम् (भवति) ॥२७॥

व्याख्याः

रुचकम् लवणम् । **अग्निः** चित्रकः, चितू । **मरीचानाम्** मरिचहरूको । **चूर्णम्** चूर्ण । **तक्रेण** महीसित । **सेवितम्** सेवन गरिएको । **ग्रहण्युदरगुल्मार्शक्षुन्मान्द्यप्लीहनाशनम्** (भवति), ग्रहणी, उदर, गुल्म, अर्श, अग्निमान्द्य, प्लीहविकारलाई नाश गर्ने ॥२७॥

भावार्थः

महीसित सेवन गरिएको नुन, चित्रक, मरिचको चूर्णले ग्रहणी, उदर, गुल्म, अर्श, अग्निमान्द्य, प्लीहविकारलाई नाश गर्दछ ॥२७॥

कृच्छ्रपुरीषताक्लेशशान्तये लवणघृतपानम् :–

कृच्छ्रेण कठिनत्वेन यः पुरीषं विमुञ्चति ।
सघृतं लवणं तस्य पाययेत् क्लेशशान्तये ॥२८॥

अन्वयः

यः कृच्छ्रेण कठिनत्वेन पुरीषं विमुञ्चति तस्य क्लेशशान्तये सघृतं लवणं पाययेत् ॥२८॥

व्याख्याः

यः जो । **कृच्छ्रेण** थोरै थोरै गरेर । **कठिनत्वेन** कठिनताका साथ । **पुरीषम्** मल, दिसा । **विमुञ्चति** छोड्दछ । **तस्य** त्यसको । **क्लेशशान्तये** दुःखको शान्तिका लागि । **सघृतम्** घिउसहित । **लवणम्** नुन, सैन्धव लवण । **पाययेत्** प्याउनुपर्छ ॥२८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

जो थोरै थोरै गरेर कठिनताका साथ मल त्याग गर्दछ त्यसको दुःखको शान्तिका लागि घिउ र सैन्धव लवण ख्वाउनुपर्छ ॥२८॥

आमरक्तान्वितग्रहण्यां मुस्तादिषट्कल्कनिर्मितं घृतम् :–

आज्यं पयोधरजलेन्द्रजबालबिल्वह्रीवेरमोचरसकल्कयुतं विपक्वम् ॥
आमानुबन्धसहितं रुधिरान्वितञ्च सद्यो निहन्ति गृहिणि ! ग्रहणीविकारम् ॥२९॥

अन्वयः

गृहिणि ! पयोधरजलेन्द्रजबालबिल्वह्रीवेरमोचरसकल्कयुतं विपक्वम् आज्यं आमानुबन्धसहितं रुधिरान्वितञ्च ग्रहणीविकारम् सद्यो निहन्ति ॥२९॥

व्याख्याः

गृहिणि ! हे मेरी धर्मपत्नी ! **पयोधरः** मेघः, मुस्तकः, मोथे । **जलः** उशीरः, उशीर । **इन्द्रजः** इन्द्रयवः, इन्द्रजौ । **बालबिल्वः** बालबिल्वकः, कलिलो बेल । **ह्रीवेरः** बालः, सुगन्धबाल । **मोचरसः** शाल्मलीनिर्यासः, सिमलको खोटो । **कल्कयुतम्** कल्कसहितम्, यी सबैको कल्क मिलाएको । **विपक्वम्** घृतपाकविधिले राम्ररी पकाएको । **आज्यम्** सिद्धघृतम्, घृतपाक । **आमानुबन्धसहितम्** आमको अनुबन्ध भएको । **रुधिरान्वितञ्च** रगत समेत भएको । **ग्रहणीविकारम्** ग्रहणी विकारलाई । **सद्यः** तत्कालै । **निहन्ति** नाश गर्दछ ॥२९॥

भावार्थः

हे मेरी धर्मपत्नी ! मोथे, उशीर, इन्द्रजौ, कलिलो बेल (बालबिल्व), सुगन्धबाल, सिमलको खोटो यी सबैको कल्कलाई घृतपाकविधिले राम्ररी पकाएको सिद्ध घृत सेवन गरेमा आमको अनुबन्ध भएको आमज ग्रहणी र रगत समेत भएको रक्तज ग्रहणी विकारलाई तत्कालै नाश गर्दछ ॥२९॥

इति ग्रहणीप्रतीकारः ॥
यति ग्रहणीप्रतीकार सकियो ॥

इति श्रीलोलिम्बराजविरचिते वैद्यजीवने अतिसार-ग्रहणीप्रतीकारो नाम द्वितीयो विलासः सम्पूर्णः ॥
यति श्रीलोलिम्बराजले रचना गरेको अतिसार-ग्रहणीप्रतीकार नामक दोस्रो विलास पूर्ण भयो ॥

♣♣♣

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तृतीयो विलासः

कासश्वासादिगर्भिणीरुक्प्रतीकारो नाम विलासः

अथ कासश्वासप्रतीकारः

कासहरो बृहत्पञ्चमूलकषायः –

अतः परं कोमलवाणि ! कासश्वासप्रतीकारमुदीरयामः ॥
निहन्ति कासं गुरुपञ्चमूलीकृतः कषायश्चपलासहायः ॥१॥

अन्वयः

कोमलवाणि ! अतः परं कास-श्वास-प्रतीकारं उदीरयामः । गुरुपञ्चमूलीकृतः चपलासहायः कषायः कासं निहन्ति ॥१॥

व्याख्याः

कोमलवाणि ! हे कोमल वाणी भएकी । **अतः परम्,** यसपछि । **कासश्वासप्रतीकारम्** खोकी र दमको प्रतीकार कसरी गर्ने भन्नेबारेमा । **उदीरयामः** कथयामः, कुरा गर्दछौं । **गुरुपञ्चमूलीकृतः** बृहत्पञ्चमूलीकृतः बृहत् पञ्चमूलका द्रव्य (बेल, खमारी, पाडरी, गिनेरी, टटेलो)[५५] हरूबाट बनाएको । **चपलासहायः** चपला पिप्पली सहाया यस्य सः, पिप्पल्याः सह इति भावः, पिप्लाको सहायता लिइएको, पिप्ला मिलाएर खाइएको । **कषायः** क्वाथः, काढाले । **कासम्** कसनम्, खोकीलाई । **निहन्ति** नाश गर्दछ ॥१॥

भावार्थः

हे कोमल बोलीवचन भएकी मेरी प्यारी ! अब हामी दम र खोकीको प्रतीकार कसरी गर्ने भन्नेबारेमा कुरा गर्दछौं । बृहत् पञ्चमूलका द्रव्यहरूबाट बनाएको क्वाथमा पिप्ला मिलाएर खाएमा खोकीलाई नाश गर्दछ ॥१॥

श्वसनकसनयोर्गुटिका :–

घनविश्वशिवागुडजा गुटिका त्रिदिनं वदनाम्बुजमध्यधृता ॥
हरति श्वसनं कसनं ललने ! ललनेव हिमं हृदयोपगता ॥२॥

अन्वयः

ललने ! घनविश्वशिवागुडजा गुटिका त्रिदिनं वदनाम्बुजमध्यधृता सती हृदयोपगता ललना हिमं इव श्वसनं कसनं हरति ॥२॥

---

५५ श्रीफलः सर्वतोभद्रः पाटला गणिकारिका । स्योनाकः पञ्चभिश्चैते पञ्चमूलं महन्मतम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्याः

ललने ! सुन्दरि ! **घनः** मेघः मुस्तकः, मोथे । **विश्वम्** विश्वभेषजम्, शुण्ठी, शुठो । **शिवा** अभया, हरीतकी, हर्रो । **गुडजा** गुड मिलाएर बनाएको । **गुटिका** वटिका, गोटी/गोली । **त्रिदिनम्** तीन दिनसम्म । **वदनाम्बुजमध्यधृता** अम्बुजं कमलपुष्पं इव वदनं मुखं तस्य मध्ये धृतं गृहीतम्, मुखभित्र राखिएको अवस्थामा । **हृदयोपगता** हृदये उपगता, छातीमा पुगेकी, अंकमाल गरिएकी । **ललना** सुन्दरी, सुन्दरीले । **हिमम्** शीतलम्, चिसो वा जाडो । **इव** जस्तै । **श्वसनम्** श्वासम्, श्वासरोगलाई । **कसनम्** कासम्, कासरोगलाई । **हरति** हरण गर्दछ ॥२॥

भावार्थः

हे सुन्दरी ! मोथे, शुठो र हर्रोमा गुड मिलाएर बनाएको गोली तीन दिनसम्म मुखमा राख्नाले छातीमा अंकमाल गरिएकी सुन्दरीले जाडो हटाएजस्तै श्वास र कास रोगलाई हटाउँदछ ॥२॥

श्वासकासबलासहरो विभीतकावलेहः –

आजस्य मूत्रस्य शतं पलानां शतं पलानां च कलिद्रुमस्य ॥
पक्वं समध्वाशु निहन्ति कासं श्वासं च तद्वत् सबलं बलासम् ॥३॥

अन्वयः

आजस्य मूत्रस्य पलानां शतं कलिद्रुमस्य च पलाना शतं पक्वं समधु (सेवितं) कासं श्वासं तद्वत् सबलं बलासम् च आशु निहन्ति ॥३॥

व्याख्याः

आजस्य अजाकृतस्य बाख्राको । **मूत्रस्य** मूत्रको । **पलानां शतम्** १०० पल । **कलिद्रुमस्य** विभीतकस्य बर्रोको । **च** पनि । **पलानां शतम्** १०० पल । **पक्वम्** पाकेको । **समधु** मधुना सह, (सेवितम्) महसित खाएमा । **कासम्** कसनम्, खोकीलाई । **श्वासम्** श्वसनम्, दमलाई । **तद्वत्** त्यस्तैगरी । **सबलम्** बलेन सह, बलियो, बलवान् । **बलासम्** कफम्, कफलाई समेत । **च** पनि । **आशु** शीघम्, छिटो । **निहन्ति** नाश गर्दछ ॥३॥

भावार्थः

१०० पलको मात्रामा बाख्राको मूत्र र त्यति नै मात्रामा बर्रो मिलाएर पकाई तयार गरिएको विभीतकावलेह महसित खाएमा पाकेको खोकी, दम र बलवान् कफलाई समेत नाश गर्दछ ॥३॥

कासार्शज्वरपीनसश्वयथुगुल्मक्षयरोगेष्वार्द्रकावलेहः –

आर्द्रादर्धतुला गुडादपि तथार्द्धाशं च कुस्तुम्बुरु ।
दीप्यायोजरणात् त्रिजातजलदादेतत्पचेद्युक्तितः ॥
लेहो रत्नकले । तवैव कथितः प्राणप्रियाया मया ।
कासार्शज्वरपीनसश्वयथुरुग्गुल्मक्षयध्वंसनः ॥४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

आर्द्रादर्धतुला गुडादपि तथार्द्धांशं च कुस्तुम्बुरु-दीप्या-यो-जरणात् त्रिजात-जलदादेतद् युक्तितः पचेत्। रत्नकले ! मया प्राणप्रियाया तवैव कासा-ऽर्श-ज्वर-पीनस-श्वयथुरुग्-गुल्म-क्षय-ध्वंसनः लेहः कथितः ॥४॥

व्याख्याः

आर्द्राद् आर्द्रकाद्, अदुवाबाट। **अर्धतुला** आधा तुला। **गुडादपि** गुडबाट पनि। **तथा** त्यसैगरी। **अर्द्धांशम्** आधा भाग। **च** पनि। **कुस्तुम्बुरु** धान्यकम्, धनियाँ। **दीप्या-यो-जरणात्**, दीप्या, अजमोदा (यवानी) च अयो लोहो लोहचूर्णं च जरणो जीरकश्च एतेषां समाहारस्तस्मात्, ज्वानू, लोहचूर्ण र जीरा यी तीन द्रव्यबाट। **त्रिजातजलदात्** त्रिजातञ्च जलदश्च द्वयोः समाहारस्तस्मात्। **त्रिजातम्** त्रिजातकम्, त्वक्पत्रैलं त्रिजातकम्, दालचिनी, तेजपात र अलैंची। **जलदो** मेघो मुस्तकः, मोथेबाट तयार गरिएको। **युक्तितः** युक्तिपूर्वकम्। **पचेत्** पकाओस्। **रत्नकले** ! कलायां रत्न इव या सा, हे कलाकी रत्न मेरी प्यारी ! **मया** मैले। **प्राणप्रियाया** प्राणस्य, प्राण इव वा प्रिया, प्राणप्यारीको लागि बनाएको। **तवैव** त्वत्कृते एव, तिम्रै लागि भनेर। **कासा-ऽर्श-ज्वर-पीनस-श्वयथुरुग्-गुल्म-क्षय-ध्वंसनः**, कास, अर्श, ज्वर, पीनास, शोथ, गुल्म, क्षयरोगलाई ध्वंस गर्ने। **लेहः** अवलेहः, चाटेर खान मिल्ने औषधि। **कथितः** बताएको हो ॥४॥

भावार्थः

आधा तुला (तोला) अदुवा र आधा तुला गुड लिएर यिनीहरूको आधा भाग धनिया, ज्वानू, लोहचूर्ण, जीरा, दालचिनी, तेजपात, अलैंची र मोथे एकत्रित गरेर युक्तिपूर्वक पकाएको अवलेहले कास, अर्श, ज्वर, पीनस, शोथ, गुल्म, क्षयरोगलाई ध्वंस अर्थात् नाश गर्दछ। यो मैले मेरी प्राणप्यारी पत्नीकै लागि बताएको हो ॥४॥

श्वासकासहरो रास्नाद्येकादशानां चिन्तामणिचूर्णः –

रास्नाबलापद्मकदेवदारुफलत्रिकत्र्यूषणबेल्लचूर्णः ॥
चिन्तामणिः क्षौद्रघृतोपपन्नः श्वासांश्च कासांश्च निराकरोति ॥५॥

अन्वयः

रास्ना-बला-पद्मक-देवदारु-फलत्रिक-त्र्यूषण-बेल्ल-चूर्णः, क्षौद्रघृतोपपन्नः चिन्तामणिः, श्वासांश्च कासांश्च निराकरोति।

व्याख्याः

रास्नाबलापद्मकदेवदारुफलत्रिकत्र्यूषणबेल्लचूर्णः– **रास्ना** रसना। **बला** खरयष्टी, बलु। **पद्मकम्** पद्मकाष्ठम्, पैयौं। **देवदारुः** सुरदारु। **फलत्रिकम्** त्रिफला– हर्रो, वर्रो, अमला। **त्र्यूषणम्** त्रिकटु– पिप्पली, मरिच र शुठो। **बेल्लः** विडंगः, वायुविडंग। **चूर्णः** धुलो। **क्षौद्रघृतोपपन्नः** क्षौद्रेण माक्षिकेन घृतेन आज्येन च उपपन्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सम्पन्नः, मह र घिउसित मिलाइएको । **चिन्तामणिः** चिन्तामणि चूर्ण । **श्वासांश्च** श्वासलाई पनि । **कासांश्च** कासलाई पनि । **निराकरोति** निराकरणं करोति, निर्मूल गर्दछ ॥५॥

भावार्थः

मह र घिउसित सेवन गरिएको रास्ना, बलु, पैयौं, देवदारु, त्रिफला (हर्रो, बर्रो, अमला), त्रिकटु (पिप्ला, मरिच, शुठो), वायुविडंग मिलाएर बनाएको चिन्तामणिचूर्णले श्वास र कासलाई निराकरण गर्दछ ॥५॥

श्वासशमनाय वासाद्यष्टानां क्वाथः (वासादिक्वाथः) :–

वासाहरिद्राधनिकागुडूचीभार्गीघनानागररिंगिणीनाम् ॥[५६]
क्वाथेन मारीचकणान्वितेन श्वासः शमं याति न कस्य पुंसः ॥६॥

अन्वयः

वासाहरिद्राधनिकागुडूचीभार्गीघनानागररिंगिणीनाम् मारीचकणान्वितेन क्वाथेन कस्य पुंसः श्वासः न शमं याति ? ॥६॥

व्याख्याः

वासाहरिद्राधनिकागुडूचीभार्गीघनानागररिंगिणीनाम् । **वासा** आटरुषकम् असुरो । **हरिद्रा** रजनी, निशा, हलेदो (बेसार) । **धनिका** धान्यकम्, धनियाँ । **गुडूची** अमृता, गुर्जो । **भार्गी** ब्राह्मणयष्टी, भारंगी । **घना** मुस्ता मोथे ।[५७] **नागरम्** विश्वभेषजम्, शुठो । **रिंगिणी** कण्टकारी एतेषाम् । **मारीचकणान्वितेन** मरिचस्य भवं मारिचं तस्य कणः चूर्णस्तेन अन्वितेन, मरिचको धुलोसित । **क्वाथेन** कषायेण क्वाथले । **कस्य पुंसः** कस्य पुरुषस्य, कुन मान्छेको । **श्वासः** श्वसनम्, दम आउने रोग । **न** होइन । **शमम्** प्रशमम्, शमन हुनु । **याति** जान्छ ? ॥६॥

भावार्थः

असुरो, हरिद्रा (बेसार), धनियाँ, गुर्जो, भार्गी, मोथे, कण्टकारी यिनीहरूको क्वाथलाई मरिचको धुलोसित ख्वाएमा पक्कै पनि दम आउने व्यथालाई शमन गर्दछ ॥६॥

कासहरा लवंगादिवटिका :–

तुल्या लवंगमरिचाक्षफलत्वचः स्युः सर्वैः समो निगदितः खदिरस्य सारः ॥
वब्बूलवृक्षजकषाययुतश्च चूर्णः कासं निहन्ति वटिका घटिकाष्टकान्ते ॥७॥

---

५६ घना इत्यस्य स्थाने कणा, रिंगिणी इत्यस्य स्थाने धावनी इत्यपि च पाठो दृश्यते ।

५७ घना इत्यस्य रुद्रजटा इति चार्थो गृहीतो दृश्यते ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

लवंग-मरिचा-क्षफलत्वचः तुल्याः स्युः, सर्वैः समो निगदितः खदिरस्य सारः वब्बूलवृक्षज-कषाययुतश्च चूर्णः वटिका घटिकाष्टकान्ते कासं निहन्ति ॥७॥

व्याख्याः

लवंगमरिचाक्षफलत्वचः अक्षफलम् विभीतकफलम् ।– ल्वाङ, मरिच, वर्रो, दालचिनी । **तुल्याः** समानाः बराबर भाग । **स्युः** हुन् । **खदिरस्य** तिक्तसारस्य, खयरको । **सारः** सारभागः, काठभित्रको कडा भाग। **सर्वैः** सबैले । **समः** बराबर भाग । **निगदितः** कथितः भनिएको । **वब्बूलवृक्षजकषाययुतश्चूर्णः** बब्बूलवृक्षजातस्य किंकिरातवृक्षजातस्य कषायेण युतः, बब्बूलको कषायलाई मिलाएको । **वटिका च** गुटिका च गोलीले । **घटिकाष्टकान्ते** आठ घडीमा । **कासम्** कसनम्, कासरोगलाई । **निहन्ति** मार्दछ ॥७॥

भावार्थः

बराबर भाग ल्वाङ, मरिच, वर्रो र दालचिनी र यी सबैसित बराबर खयरको सार मिलाएको चूर्णलाई बब्बूलको कषायसित गोली बनाएर सेवन गरेमा यसले खोकीलाई आठघडीमा निको पार्दछ ॥७॥

कासश्वासहरो विश्वाककषायः (शुण्ठीक्वाथः) :–

वातं निर्दलयन् कफं कवलयन्नुन्मूलयन् पीनसम् ।
दृष्टिं निर्मलयन् प्रभां प्रबलयन् हृद्रोगमुत्सादयन् ॥
निःशेषं जठरामयं प्रशमयन्नुद्दीपयन् पावकम् ।
कासश्वासनिराशसाधनमसौ विश्वाकषायः कृतः ॥८॥

अन्वयः

वातं निर्दलयन्, कफं कवलयन्, पीनसम् उन्मूलयन्, दृष्टिं निर्मलयन्, प्रभां प्रबलयन्, हृद्रोगमुत्सादयन्, जठरामयं निःशेषं प्रशमयन्, पावकम् उद्दीपयन् असौ कृतः विश्वाकषायः कासश्वासनिराशसाधनम् ॥८॥

व्याख्याः

वातम् वातदोषम्, वायुलाई । **निर्दलयन्** निर्बलयन्, कमजोर बनाउँदै । **कफम्** कफदोषम्, कफलाई । **कवलयन्** संग्रसयन्, भक्षण गरेर । **पीनसम्** पीनसरोगम्, पीनासरोगलाई । **उन्मूलयन्** उच्छेदयन्, निकालेर, उखेलेर् । **दृष्टिम्** दृष्टिशक्तिम्, देख्ने शक्तिलाई । **निर्मलयन्** विमलयन्, सफा वा मलरहित बनाएर । **प्रभाम्** कान्तिम्, तेज वा प्रभावलाई । **प्रबलयन्** संबलयन्, बलियो बनाएर । **हृद्रोगम्** हृद्व्यथाम्, हृदयको व्यथालाई । **उत्सादयन्** प्रशमयन् शमन गर्दै । **जठरामयम्** जठरस्थं कायस्थं आमयं रोगम्, कायमा आश्रित रोगहरूलाई । **निःशेषम्** निर्गतं शेषम्, निखिलम्, सम्पूर्णलाई । **प्रशमयन्** संशमयन्, शमन गरेर । **पावकम्** अनलम्, जठराग्निम्, अग्निलाई । **उद्दीपयन्** सन्दीपयन्, दीपन गर्दै, जगाउँदै । **असौ** ऊ, त्यो । **कृतः** निर्मितः, बनाएको । **विश्वाकषायः** शुण्ठीकषायः, शुठोको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

काढा । **कासश्वासनिराशसाधनम्** कासं कसनं श्वासं श्वसनम् तयोर्निरशने साधनम्, कास र श्वासरोगलाई नाश गर्ने साधन वा औषधि ॥८॥

भावार्थः

वायुलाई कमजोर बनाउँदै, कफलाई ग्रसित गरेर काबूमा लिँदै, पिनासलाई निर्मूल गर्दै, दृष्टिशक्तिलाई सफा वा निर्मल बनाउँदै, शरीरको तेजलाई बढाउँदै, हृदयरोगलाई शमन गर्दै, कायमा आश्रित रोगहरूलाई अर्थात् पेटका रोगहरूलाई निःशेष तुल्याउँदै र अग्निलाई दीपन गर्दै शुठोको क्वाथले खासगरी कासरोग र श्वासरोगलाई निको पार्दछ ॥८॥

विशेषः– *शुठोको कषायले कास र श्वास रोगलाई निर्को पार्नुका साथै वात, कफ, पीनस, दृष्टिदौर्बल्य, कान्तिहीनता, हृदयरोग, अग्निदौर्बल्य लगायत पेटका रोगहरूलाई समेत निको पार्दछ । कवि लोलिम्बराज एउटै शुठोको प्रयोगले यति धेरै गुण भएको कुरालाई मुक्तकण्ठले प्रशंसा गर्दछन् शार्दूलविक्रीडित छन्दको यस पद्यमा ।*

श्वसनशमनो नागरस्य कषायः –

रूपं कीदृक् कमलवदने ! नुः परे सौ गिरेः स्यात्
सम्बुद्धिः का मधुरवचने ! काग्निबीजस्य षष्ठी
कस्य क्वाथः श्वसनशमनो वल्लभेनेति पृष्टा
विद्वद्वन्द्या द्रुतमिदमदात् सोत्तरं नागरस्य ॥९॥

अन्वयः

कमलवदने ! नुः परे सौ कीदृक् रूपं स्यात् ? मधुरवचने ! गिरेः सम्बुद्धिः का ? अग्निबीजस्य षष्ठी का ? कस्य क्वाथः श्वसनशमनः ? इति वल्लभेन पृष्टा विद्वद्वन्द्या सा द्रुत नागरस्य इदं उत्तरमदात् ॥९॥

व्याख्याः

कमलवदने ! कमल इव कोमलं वदनं यस्याः सा, सम्बोधनम्, हे कमलजस्तै कोमल र सुन्दर मुहार भएकी प्यारी ! **नुः परे सौ**, नृ शब्दको पर प्रथमा विभक्तिको सु सुबन्त प्रत्यय भएमा । **रूपम्** सुबन्त रूप । **कीदृक् स्यात्** कस्तो होला ? **मधुरवचने** ! हे मीठो बोलीवचन भएकी मेरी मुरासा ! **गिरेः** गिरिवाचक शब्दको । **सम्बुद्धिः** सम्बोधन । **का** ? के होला ? **अग्निबीजस्य** अग्निको बीज अक्षरको । **षष्ठी** षष्ठी विभक्ति । **का** ? के होला ? **कस्य क्वाथः** ? केको क्वाथ होला । **श्वसनशमनः** श्वसनं श्वासं शमयतीति, श्वास रोगलाई शमन गर्ने । **इति** यस्तो । **वल्लभेन** प्रियेण, प्रियतमले । **पृष्टा** प्रश्न गरिएकी । **विद्वद्वन्द्या** विद्वत्सु वन्द्या, विद्वानूहरूका माझमा वन्दित भएकी । **सा** मुरासा । **द्रुतम्** शीघ्रम्, छिटै । "नागरस्य" **इदम्** यो । **उत्तरम्** जबाफ । **अदात्** दिइन् ॥९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

शुठोको क्वाथले श्वासरोगको शमन हुन्छ ॥९॥

विशेषः– मुरासा व्याकरणकी जानकार थिइन् । यहाँ कवि लोलिम्बराजले आफ्नी पत्नीलाई चारवटा प्रश्न सोधेका छन् । १– नृ शब्दको प्रथमा सु विभक्तिको रूप कस्तो हुन्छ ? २– गिरिवाचक शब्दको सम्बोधनमा कस्तो रूप हुन्छ ? ३– अग्निको बीज अक्षरको षष्ठी विभक्तिको रूप के हुन्छ ? ४–केको क्वाथले श्वासरोगको शमन गर्दछ ? नरवाचक नृ शब्दको सुबन्तको प्रथमा विभक्तिको एकवचन सु पर रहेको अवस्थामा (नृ–सु) पाणिनीय **ऋदुशनस्पुरुदंशोऽनेहसां च** भन्ने सूत्रले अनङ् आदेश हुन्छ । इत्संज्ञकवर्णको लोप भएर नृ अन् स् यस्तो हुन्छ । **नलोपः प्रातिपदिकान्तस्य**ले नकारको लोप, **सर्वनामस्थाने चासम्बुद्धौ**ले उपधामा दीर्घ हुन्छ । यी सबै प्रक्रिया जानेकी मुरासाले पहिलो प्रश्नको उत्तर **ना** हुन्छ भनेर बताइहालिन् । दोस्रो प्रश्नको उत्तर गिरिवाचक शब्द **अग**को सम्बोधनमा के हुन्छ भन्दा **अग** उत्तर दिइन् । अग्निको बीज अक्षर र हो, त्यसको षष्ठीको एकवचन **रस्य** हो उनले भनिन् । चौथो प्रश्नको उत्तर पहिलाका तीन प्रश्नमा हुन्छ भन्ने कुरा चतुरी मुरासालाई पहिल्यै थाहा थियो उनले **ना अग रस्य** को वर्णसम्मेलन गरेर **नागरस्य** भन्ने उत्तर तत्काल दिइन् । श्वासरोगमा शुठोको महत्व कति हुन्छ भन्ने कुरा दर्शाउन उनले यस्तो पहेली सोधेका थिए ।

सर्षपतैलयुतगुडस्य श्वासहरोऽवलेहः –

कटुतैलेन संयुक्तो गुडो यावन्न सेवितः ।
तावन्नश्यति किं श्वासः पीयूषमधुराधरे ॥१०॥[५८]

अन्वयः

पीयूषमधुराधरे यावत्कटुतैलेन संयुक्तो गुडो न सेवितः । तावत् किं श्वासः नश्यति ? ॥१०॥

व्याख्याः

पीयूषमधुराधरे ! पीयूषमिव मधुरं अधरं यस्याः सा, सम्बुद्धौ हे अमृतजस्तै स्वादिलो ओठ भएकी प्रिये ! **यावत्** जबसम्म । **कटुतैलेन** सर्षपतैलेन तोरी या सर्स्यूँको तेलले । **संयुक्तः** युक्त भएको, मिलेको । **गुडः** गुड या सख्खर । **न सेवितः** सेवन गरिएन । **तावत्** तबसम्म । **किम्** किन । **श्वासः** श्वासरोग । **नश्यति** ? नाश हुन्छ ? ॥१०॥

भावार्थः

हे अमृतजस्तै स्वादिलो ओठ भएकी प्रिये ! कटुतेलमा मिलाएर गुड या सख्खर सेवन गरिदैन तबसम्म श्वासरोग नाश हुन्छ र ? अर्थात् सर्स्यूँको तेलमा मिलाएर गुड सेवन गर्नु श्वासरोगको अचुक उपाय हो ॥१०॥

५८ गुडं कटुकतैलेन मिश्रयित्वा समं लिहेत् । त्रिसप्ताहप्रयोगेण श्वासं निर्मूलतां नयेत् ॥ इति दीपिकायाम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कासश्वासपराजयार्थं मरीचचूर्णम् :–

सेवितं मधुखण्डाभ्यां चूर्णं मरीचजं यदि ।
किमर्थं क्रियते चिन्ता कासश्वासपराजितैः ॥११॥

अन्वयः

यदि कासश्वासपराजितैः मधुखण्डाभ्यां मरीचजं चूर्णं सेवितं (तदा) किमर्थं चिन्ता क्रियते ?॥११॥

व्याख्याः

यदि, **कासश्वासपराजितैः** कास र श्वासले पराजित (आजित) भएका रोगीहरूले । **मधुखण्डाभ्याम्** मधुना खण्डेन च मह र खाँडसित[५९] । **मरीचजं चूर्णम्** मरीच पिसेर बनाएको धुलो । **सेवितम्** सेवन गरेको अवस्थामा । (तदा) **किमर्थम्** किन । **चिन्ता क्रियते** चिन्ता गरिन्छ ? ॥११॥

भावार्थः

मह र खाँडसित मरिचको चूर्ण मिलाएर खाएको अवस्थामा श्वास र कास रोगले आजित भएका रोगीहरूले कुनै चिन्ता गर्नुपर्दैन । यसैले निको हुन्छ ॥११॥

कासश्वासहरः सिंहीकषायः–

अयि रत्नकले ! नीलनलिनच्छदनेक्षणे !
सिंहीकषायः सकणः कासश्वासहरः क्षणात् ॥१२॥

अन्वयः

अयि रत्नकले ! नीलनलिनच्छदनेक्षणे ! सकणः सिंहीकषायः क्षणात् कासश्वासहरः (अस्ति)॥१२॥

व्याख्याः

अयि रत्नकले ! हे रत्नकले ! **नीलनलिनच्छदनेक्षणे** ! नलिनी कमलपुष्पं नीलनलिन्याः च्छदनं पुष्पदलं इव इक्षणं नेत्रं यस्याः सा, सम्बुद्धौ नीलकमलको दलजस्तै सुन्दर आँखा भएकी । **सकणः** कणया सहितः, पिप्लाको चूर्णसहितको । **सिंहीकषायः** कण्टकारीकषायः, कण्टकारीको क्वाथ । **क्षणात्** तत्क्षणबाट नै । **कासश्वासहरः** खोकी र दमको हरण गर्ने हुन्छ ॥१२॥

भावार्थः

नीलकमलको दलजस्तै सुन्दर आँखा भएकी रत्नकले ! कण्टकारीको क्वाथमा पिप्ला चूर्ण मिलाएर सेवन गरिएमा यसले तत्क्षण नै कासश्वासरोगको हरण गर्दछ ॥१२॥

---

५९ उखुको रस पकाएपछि खुदो बन्छ, त्यसलाई पनि पकाउँदै जाँदा सख्खर वा गुड बन्दछ । सख्खर बनिनसकेको अवस्थाचाहिँ खाँड हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कासप्रशामकं पिप्पल्यादिचतुर्णां चूर्णम् :–

पिप्पलीपिप्पलीमूलविभीतकमहौषधैः ।
मधुना सेविते कासः प्रशाम्यति कुतूहलम् ॥१३॥

अन्वयः

मधुना सेवितैः पिप्पलीपिप्पलीमूलविभीतकमहौषधैः कासः प्रशाम्यति (इति) कुतूहलम् ॥१३॥

व्याख्याः

मधुना सेवितैः महसित सेवन गरिएको । **पिप्पलीपिप्पलीमूलविभीतकमहौषधैः** पिप्ला, पिप्लाको जरा, वर्रो र शुठोहरूले । **कासः** खोकी । **प्रशाम्यति** निको हुन्छ । (इति) **कुतूहलम्** आश्चर्यम् इत्यर्थः, यो आश्चर्य हो ॥१३॥

भावार्थः

पिप्ला, पिप्लाको जरा, वर्रो र शुठो यिनीहरूको धुलो महमा मिलाएर सेवन गरेमा आश्चर्यजनकरूपमा खोकी निको हुन्छ ॥१३॥

श्वसनकसनहन्ता मुखवारिजधारितोऽक्षः –

रावणस्य सुतो हन्यान्मुखवारिजधारितः ।
श्वसनं कसनं चापि तमिवानिलनन्दनः ॥१४॥

अन्वयः

मुखवारिजधारितः रावणस्य सुतः तम् अनिलनन्दन इव श्वसनं कसनं चापि हन्यात् ॥१४।

व्याख्याः

मुखवारिजधारितः मुखस्य वारि जलं लालास्रावस्तेन धारितः, मुखमा आउने रससित मुखमा भरेर राखिएको औषधि । **रावणस्य सुतः** अक्षकुमारोक्षफलस्य द्योतकोऽत्र, रावणको पुत्र अक्षकुमारसित मिल्दोजुल्दो नाम भएको अक्षफल अर्थात् विभीतक, वर्रो । **तम्** अक्षकुमारम् अक्षकुमारलाई । **अनिलनन्दनः इव** पवनपुत्रः, हनुमानले जस्तै । **श्वसनम्** श्वासरोगम्, दम आउने रोग । **कसनं चापि** कासरोगमपि, खोकीलाई पनि । **हन्यात्** नाश गरोस् ॥१४॥

भावार्थः

मुखमा पानी भरिने गरी राखिएको बर्रोले रावणको छोरो अक्षकुमारलाई हनुमानले मारेजस्तै गरेर कासरोगलाई पनि नाश गरिदिन्छ ॥१४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विशेषः– यहाँ कवि लोलिम्बराजले कासरोगमा वर्रोको प्रभावकारिता बुझाउन रावणको पुत्र अक्षकुमारलाई लिएका छन् । रामायण अनुसार अक्षकुमारलाई हनुमानले मारेका हुन् । अक्षकुमारकै नामबाट अक्ष यी दुई अक्षर लिँदा बर्रो बुभिन्छ । बर्रोलाई अक्षफल पनि भनिन्छ । अक्षफललाई चुस्नाले हनुमानले अक्षयकुमारलाई मारेजस्तै अक्षफलले कासरोगलाई नष्ट गर्छ भनेर कासरोगमा बर्रोको कार्मुकता दर्शाउनु कविको मूल उद्देश्य हो ।

श्वासत्रासाय शुण्ठीभार्गीकृतक्वाथः –

अयि प्राणप्रिये ! जातीफललोहितलोचने !
शुण्ठीभार्गीकृतः क्वाथः श्वासत्रासाय पाययेत् ॥१५॥

अन्वयः

अयि प्राणप्रिये ! जातीफललोहितलोचने ! शुण्ठीभार्गीकृतः क्वाथः श्वासत्रासाय पाययेत् ॥१५॥

व्याख्याः

अयि प्राणप्रिये ! हे मेरी प्राणप्यारी ! **जातीफललोहितलोचने** ! अत्र जातीफलम् कम्पिल्लकफलम्, तद्वल्लोहितं लोचनं नयनं यस्याः सा, सम्बुद्धौ, हे सिन्दुरेको फलजस्तै राता नेत्र भएकी ! **शुण्ठीभार्गीकृतः क्वाथः** शुठो र भार्गी मिलाएर बनाएको क्वाथ । **श्वासत्रासाय** श्वास रोगलाई तर्साउन, भगाउन । **पाययेत्** पियाउनु वा ख्वाउनुपर्छ ॥१५॥

भावार्थः

हे मेरी सिन्दुरेको फलजस्तै राता नेत्र भएकी प्राणप्यारी ! श्वासरोगलाई भगाउनका लागि शुठो र भार्गी मिलाएर बनाएको क्वाथ पियाउनुपर्दछ ॥१५॥

कासक्लेशहरं विश्वादिचतुर्णां चूर्णम् :–

अस्ति प्राणपते मम प्रियतमा कन्दर्पलीलासखी ।
कासक्लेशवशादतीव कृशतां प्राप्तास्ति सा साम्प्रतम् ॥
तस्यास्त्वं कथयोपचारमधुना । क्षौद्रान्वितं दीयताम् ।
विश्वग्रन्थिकणाकलिद्रुमभवं चूर्णं चकोरेक्षणे ॥१६॥

अन्वयः

प्राणपते ! मम कन्दर्पलीलासखी प्रियतमा अस्ति, सा साम्प्रतम् कासक्लेशवशाद् अतीव कृशतां प्राप्तास्ति, अधुना त्वं तस्याः उपचारं कथय । चकोरेक्षणे ! क्षौद्रान्वितं विश्वग्रन्थिकणाकलिद्रुमभवं चूर्णं दीयताम् ॥१६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्याः

प्राणपते ! हे प्राणपति ! **मम** मेरी । **कन्दर्पलीलासखी** कन्दर्पलीलायां सखी, घनिष्टा सखी (मित्रम्), इत्यर्थः अत्यन्त नजिकका साथी । **प्रियतमा** प्यारीमध्येकी सबभन्दा बढी प्यारी । **अस्ति** छ । **सा** त्यो । **साम्प्रतम्** अहिले । **कासक्लेशवशाद्** कासस्य क्लेशं दुःखं तद्वशात्, खोकीको पीडाले गर्दा । **अतीव कृशतां प्राप्तास्ति** ज्यादै दुब्ली भएकी छ । **अधुना** अहिले । **त्वम्** तिमी । **तस्याः** तिनको । **उपचारम्** औषधि । **कथय** भन । **चकोरेक्षणे** चकोरस्य इव ईक्षणम् नयनम् सम्बुद्धौ, हे चकोरपक्षी (च्याखुरा)का जस्तै सुन्दर आँखा भएकी मेरी मुरासा ! **क्षौद्रान्वितम्** क्षौद्रेन माक्षिकेण सहितां मह मिलाएर । **विश्वग्रन्थिकणाकलिद्रुमभवम्– विश्वम्** शुण्ठी । **ग्रन्थि** पिप्पलीमूलम् । **कणा** पिप्पली । **कलिद्रुमम्** विभीतकम् । शुठो, पिप्लाको जरा, पिप्ला र वर्रो मिलाएर बनाएको । **चूर्णम्** धुलो । **दीयताम्** देऊ ॥१६॥

भावार्थः

हे प्राणपति ! मेरी नजिककी सखी खोकीको पीडाले गर्दा एकदम दुब्लाएकी छे । तपाईं अहिले त्यसका लागि औषधि बताइदिनुहोस् । हे चकोरका जस्ता सुन्दर आँखा भएकी प्यारी ! शुठो, पिप्लाको जरा, पिप्ला र वर्रो मिलाएर बनाएको धुलो खान देऊ । अर्थात् खोकीले दुब्लाइसकेको मान्छेलाई यस चूर्णले एकदम राम्रो गर्दछ ॥१६॥

कासहरस्त्रिकटुचूर्णः –

संयुतो मधुसर्पिर्भ्यां चूर्णस्त्रिकटुसम्भवः ।
निहन्ति तरसा कासान् त्रासानिव सतां हरिः ॥१७॥

अन्वयः

मधुसर्पिर्भ्यां संयुतस्त्रिकटुसम्भवः चूर्णः सतां हरिः त्रासानिव तरसा कासान् निहन्ति ॥१७॥

व्याख्याः

मधुसर्पिर्भ्याम् मह र घिउसित । **संयुतः** मिलाइएको । **त्रिकटुसम्भवः** पिप्पली, मरिच, शुण्ठी, यी त्रिकटुद्रव्यबाट बनेको । **चूर्णः** धुलो । **सताम्** सज्जनहरूका । **हरिः** भगवान् विष्णु । **त्रासानिव** त्रासहरूलाई । **तरसा** शीघ्रम् । **कासान्** खोकीलाई । **निहन्ति** हरण गर्दछन् ।

भावार्थः

मह र घिउसित त्रिकटुचूर्ण खाएमा भगवान् विष्णुले सज्जनहरूका त्रासलाई हरण गरेजस्तै गरी खोकीलाई हरण गर्दछ ॥१७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

श्वासकासभयनाशकः शृंगवेररसः –

शृंगवेररसो येन मधुना सेवितः खलु।
श्वासकासभयं तस्य न कदाचित् कृशोदरि ॥१८॥

अन्वयः

कृशोदरि ! येन शृंगवेररसो मधुना खलु सेवितः तस्य न कदाचित् श्वासकासभयं (भवति) ॥१८॥

व्याख्याः

कृशोदरि ! हे दुब्लो पेट भएर सुन्दरी देखिएकी मेरी प्यारी ! **येन** जसले। **शृंगवेररसः** श्रृंगवेरं आर्द्रकं तस्य रसः आर्द्रकस्वरसः, अदुवाको रस। **मधुना** महसित। **खलु सेवितः** सेवन गरेमा। **तस्य** त्यसको। **न** होइन। **कदाचित्** कहिल्यै पनि। **श्वासकासभयम्** श्वास र कासको भय (भवति) ॥१८॥

भावार्थः

हे दुब्लो पेट हुनाले सुन्दरी देखिएकी मेरी प्यारी ! जसले अदुवाको रस महसित खान्छ त्यसलाई कहिल्यै पनि श्वास र कासरोगको भय रहँदैन ॥१८॥

कासममीरसर्प आटरुषकः –

पुलोमजावल्लभसूनुपत्नीतातात्मभूशेखरवाहनस्य ॥
सौन्दर्यदूरीकृतरामरामे ! कषायकः काससमीरसर्पः ॥१९॥

अन्वयः

सौन्दर्यदूरीकृतरामरामे ! पुलोमजावल्लभसूनुपत्नीतातात्मभूशेखरवाहनस्य कषायकः कास-समीर-सर्पः (अस्ति)॥१९॥

व्याख्याः

सौन्दर्यदूरीकृतरामरामे ! रामस्य रामा, रामपत्नी सीता। दूरीकृतं सौन्दर्यं रामपत्न्याः यया सा सम्बुद्धौ, रामकी पत्नी सीताको सौन्दर्यलाई पनि टाढा पुऱ्याउन सफल भएकी मेरी अत्यन्त सुन्दरी पत्नी ! **पुलोमजा-वल्लभ-सूनु-पत्नी-ताता-त्मभू-शेखर-वाहनस्य**– पुलोमजा इन्द्राणी शची, तस्याः वल्लभः प्रियः इन्द्रस्तस्य सूनु सुतोऽर्जुनोऽत्र न जयन्तः, तस्य अर्जुनस्य पत्नी द्रौपदी इन्द्रस्य पुत्रवधूः सा पुलोमजावल्लभसूनुपत्नी। तस्याः तातः पिता द्रुपदो नाम नृपः, द्रुपदस्य आत्मभूः आत्मजः पुत्र शिखण्डीनामा। शिखण्डीति पदेनात्र सर्पः बोद्धव्यः। यस्य शेखरः पुलोमजावल्लभसूनुपत्नीतातात्मभूद्वारा भूषितः सः पुलोमजावल्लभसूनुपत्नीतातात्मभूशेखरो भगवान् शिवः। तस्य वाहनं वृषः। तस्य पुलोमजावल्लभसूनुपत्नीतातात्मभूशेखरवाहनस्य वृषस्य **कषायकः** क्वाथः। अत्र वृष इति वसाका आटरुषकम्, असुरो। **काससमीरसर्पः** कास एव समीरस्तस्य सर्पः भक्षकः (अस्ति) कासरोगरूपी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हावाको लागि सर्पजस्तै भक्षक ॥१९॥

भावार्थः

रामकी पत्नी सीताको सौन्दर्यलाई पनि टाढा पुऱ्याउन सफल भएकी मेरी अत्यन्त सुन्दरी पत्नी ! वासाको कषायले कासरोगलाई सर्पले हावा निलेजस्तै निल्दछ ॥१९॥

विशेषः– *शचीपति इन्द्रका छोरा अर्जुनकी पत्नी द्रौपदीका पिता द्रुपदको छोरा शिखण्डी जसले सर्पको अर्थ बोकेको छ त्यो सर्पले जसको शिरको आभूषण हुने सौभाग्य पाएको छ ती भगवान् शिवको वाहन वृषको समानार्थी वासा अर्थात् असुरोको कषाय कासरोगरूपी हावाका भक्षक सर्पजस्तै हो। अर्थात् सर्पको फुत्कारमा जसरी उसले हावालाई पिउँछ त्यसैगरी असुरोको कषायरूपी सर्पले पनि कासरोगलाई सुलुत्त पिइदिन्छ। कवि लोलिम्बराजले यहाँ केवल वासा शब्दमात्र भनेपुग्नेमा* ***पुलोमजावल्लभसूनुपत्नीतातात्मभूशेखरवाहनस्य*** *भनेर अन्य सामान्य ज्ञानका साथै कासरोगका लागि असुरोको महत्वबारे बुद्धिविलासपूर्वक गूढार्थक पद्यद्वारा यहाँ प्रस्तुत गरेका छन्। भनिएको पनि छ–* ***वासायां विद्यमानायां आशायां जीवितस्य च। रक्तपित्ती क्षयी कासी किमर्थमवसीदति।*** *अर्थात् जहाँ वासाको उपस्थिति र जीवनको आशा यथावत् छ त्यहाँ यी रक्तपित्तरोगी, क्षयरोगी र कासरोगीले सधैं ढुक्क भए हुन्छ।*

कसने वृषवारि :–

अयि तालफलस्तनि रत्नकले वृषवारि पिबेन्मधुमत्कसने ॥
न वदामि कदापि बुधाधिपतेरिदमौषधमौषधिनाथमुखि ॥२०॥

अन्वयः

अयि तालफलस्तनि ! औषधिनाथमुखि ! रत्नकले ! मधुमद् वृषवारि पिबेत्, कदापि बुधाधिपतेः इदं औषधम् न वदामि ॥२०॥

व्याख्याः

अयि इति मधुरावाहनम् । **तालफलस्तनि** ! तालफल इव स्तनं यस्याः सा हे तालफलका जस्तै सुन्दर स्तन भएकी मेरी श्रीमती ! **रत्नकले** ! हे रत्नकला ! कसने कासरोगे, कासरोगमा । **मधुमद्** महसित । **वृषवारि** वृषस्य आटरुषकस्य वारि जलम्, असुरोको स्वरस वा क्वाथ । **पिबेत्** पिउनुपर्छ । **औषधिनाथमुखि** ! ओषधिनाथश्चन्द्रस्तस्य एव मुखं यस्याः सा, हे ओषधीश चन्द्रमाको जस्तै मुखभएकी चन्द्रमुखी । **कदापि** कहिल्यै पनि । **इदम्** यो । **औषधम्** औषधि हो । **बुधाधिपतेः** बुधस्य अधिपतिः स्वामी चन्द्रस्तस्य । **न वदामि** भन्दिन, बोल्दिन ॥२०॥

भावार्थः

हे तालफलजस्तै सुन्दर स्तन भएकी मेरी श्रीमती रत्नकला ! खोकीले सताएको भए महसित असुरोको पानी (रस) पिउनू । ओषधीश चन्द्रकै जस्तो मुख भएकी प्रिये ! बुधातिपति चन्द्रमाको यो औषधिलाई म कहिल्यै पनि भन्दिन ॥२०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विशेषः– बुधाधिपति चन्द्रमाले यही रसलाई किरणद्वारा पान गर्दछन् र आह्लादक हुन्छन् । यति गूढ रहस्यलाई कसैले पनि बुझ्न सक्दैनन् । यो रहस्य तिमीमात्र थाह पाऊ, म अरू कसैलाई पनि भन्दिन । किनभने तिमी पनि मेरा लागि बुधाधिपति चन्द्रमा जस्तै आह्लादिनी छ्यौ । यो आह्लादलाई अझ बढाउनका लागि तिमीले असुरोको रस नियमित खानुपर्दछ । कवि लोलिम्बराज यहाँ आफ्नी पत्नी मुरासालाई असुरोको महत्व बताउन रमणीयार्थप्रतिपादक शब्द प्रयोग गर्दछन् ।

फलत्रयादिदशद्रव्यनिर्मितं कासजिच्चूर्णम् :–

फलत्रयच्छिन्नरुहाहुताशरास्नाकृमिध्वंसिकटुत्रयाणाम् ॥
चूर्णं समांशं सितया समेतं कासं जयेन्नात्र विचारणीयम् ॥२१॥

अन्वयः

समांशं सितया समेतं फलत्रयच्छिन्नरुहाहुताशरास्नाकृमिध्वंसिकटुत्रयाणाम् चूर्णं कासं जयेत् । अत्र न विचारणीयम् ॥२१॥

व्याख्याः

समांशम् समं अंशम्, बराबर भाग । **सितया समेतम्** सितया शर्करया समेतं सहितम्, मिश्रीसित । **फलत्रयच्छिन्नरुहाहुताशरास्नाकृमिध्वंसिकटुत्रयाणाम् ।– फलत्रयम्** त्रिफला, हरीतकी विभीतकः आमलकी, हर्रो वर्रो अमला । **च्छिन्नरुहा** छिन्नोद्भवा, गुडूची, गुर्जो । **हुताशः** हुतभुक्, चित्रकः, चितू । **रास्ना** रसना । **कृमिध्वंसी** कृमिशत्रु विडंगः, वायुविडंग । **कटुत्रयम्** त्रिकटु –पिप्पली मरिचं शुण्ठी । एतेषां **चूर्णम्**, चूर्ण (धुलो) । **कासम्** खोकीलाई । **जयेत्** जितोस् । **न** होइन । **अत्र** यहाँ । **विचारणीयम्** विचार गर्नुपर्ने कुरा ॥२१॥

भावार्थः

बराबर भागमा त्रिफला (हर्रो, बर्रो, अमला) गुर्जो, चितू, रास्ना, वायुविडंग, त्रिकटु (पिप्पली, मरिच, शुठो) मिलाएर बनाएको चूर्णले खोकीलाई निको पार्दछ । यसमा केही विचार गर्नैपर्दैन ।

इति कासश्वासप्रतीकारः ॥
यति कासश्वासप्रतीकार सकियो ॥

अथामवातप्रतीकारः

कटिकुक्षिवस्तिशूले दशमूलमिश्रितविश्वकषायो वैरण्डतैलम् :–

दशमूलकषायमिश्रितं वा ललने विश्वकषायमिश्रितं वा ॥
प्रपिबेत् कटिकुक्षिवस्तिशूले ध्रुवमेरण्डजतैलमेकमेव ॥२२॥[६०]

६० दशमूलीकषायेण पिबेद् वा नागराम्भसा । कुक्षिवस्तिकटीशूले तैलमेरण्डसम्भवम् । इति चक्रपाणिः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

ललने ! दशमूल-कषायमिश्रितं वा विश्वकषाय-मिश्रितं वा एरण्डजतैलमेकमेव कटि-कुक्षि-वस्तिशूले ध्रुवं प्रपिबेत् ।।।२२।।

व्याख्याः

ललने ! हे सुन्दरि ! **दशमूलकषायमिश्रितम्**[६१] दशमूलं बृहत्पञ्चमूलं लघुपञ्चमूलं च, बिल्वा-ग्निमन्थ-श्योनाक-काश्मर्य-पाटलेति बृहत्पञ्चमूलम्, शालपर्णी-पृश्निपर्णी-बृहती-कण्टकारी-गोक्षुरं चेति लघुपञ्चमूलम्, दशमूलक्वाथेन वा मिश्रितम्, दशमूल क्वाथ मिसाएर । **वा** अथवा । **विश्वकषाय-मिश्रितं वा** विश्वम् विश्वभेषजम्, शुण्ठी तस्य कषायः क्वाथस्तेन मिश्रितम्, शुठोको क्वाथ मिलाएर । अथवा **एरण्डजतैलमेकमेव** एरण्डतेललाई मात्रै । **कटिकुक्षिवस्तिशूले** कटिशूले, कुक्षिशूले, वस्तिशूले; कम्मर दुख्ने, कोखा दुख्ने र वस्तिप्रदेशमा हुने शूलका लागि । **ध्रुवम्** पक्कै । **प्रपिबेत्** पिउनुपर्दछ ।।२२।।

भावार्थः

हे सुन्दरी कटिशूल, कुक्षिशूल र वस्तिशूल भएको बेलामा ! एरण्ड तेललाई दशमूल क्वाथमा मिलाएर, शुठोको क्वाथमा मिलाएर अथवा एरण्डतेलमात्रै पिउनुपर्छ । पक्कै निको हुन्छ ।।२२।।

आमसमीरणभेत्ता रास्नादिपञ्चदशकृतकषायः –

रास्नामृतानागरदेवदारुपंचांघ्रियुग्मेन्द्रयवैः कषायः ।।
रुवूकतैलेन समन्वितोऽयं भेत्ता भवेदामसमीरणस्य ।।२३।।

अन्वयः

रास्नामृतानागरदेवदारुपंचांघ्रियुग्मेन्द्रयवैः रुवूकतैलेन समन्वितोऽयं कषायः आमसमीरणस्य भेत्ता भवेत् ।।२३।।

व्याख्याः

रास्नामृतानागरदेवदारुपंचांघ्रियुग्मेन्द्रयवैः पञ्चांघ्रियुग्मं बृहत्पञ्चमूलं लघुपञ्चमूलं च, रास्ना, गुर्जो, शुठो, देवदारु, दशमूल र इन्द्रयव यिनीहरूको । **रुवूकतैलेन** एरण्डतैलेन, अडीरको तेलले । **समन्वितः** युक्तः मिलाइएको । **अयम्** यो । **कषायः** क्वाथः । **आमसमीरणस्य** आमवातस्य, आमवातको । **भेत्ता** भेदकः, भेदन गर्ने, फोर्ने । **भवेत्** होस् ।।२३।।

भावार्थः

रास्ना, गुर्जो, शुठो, देवदारु, दशमूल र इन्द्रयवको कषाय एरण्डतेलसित सेवन गर्दा यसले आमवातलाई भेदन गरेर निको पार्दछ ।

---

६१ बिल्वश्योनाकगम्भारीपाटलागणिकारिकाः । शालपर्णीपृश्निपर्णीबृहतीद्वयगोक्षुरम् । उभाभ्यां पञ्चमूलाभ्यां दशमूलमुदाहृतम् ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आमवातहरा विश्वेन सेविता गुडूची :–

विलासिनीविलासेन विलासहृदयं यथा ।
तथा गुडूची विश्वेन हरेदामसमीरणम् ॥२४॥

अन्वयः

यथा विलासिनी विलासेन विलासहृदयं (हरति) तथा गुडूची विश्वेन आमसमीरणम् हरेत् ॥२४॥

व्याख्या:

यथा जसरी । **विलासिनी** सुन्दरी स्त्रीले । **विलासेन** विलासद्वारा । **विलासहृदयम्** विलासं इच्छति हृदयं यस्य, विलासको चाहना राख्ने मन भएका मानिसहरूको हृदयलाई । **तथा** त्यसैगरी । **गुडूची** अमृता, गुर्जो । **विश्वेन** विश्वं विश्वभेषजम् तेन, शुठोले वा शुठोसित सेवन गरेमा । **आमसमीरणम्** आमवातम्, आमवातलाई । **हरेत्** हरण गरोस्, नाश गरोस् ॥२४॥

भावार्थः

जसरी सुन्दरीस्त्रीले विलासद्वारा विलासी हरण गर्दछे त्यसैगरी गुर्जोको कषाय शुठोसित सेवन गरेमा आमवातलाई हरण गर्दछ ॥२४॥

इत्यामवातप्रतीकारः ॥
यति आमवातप्रतीकार सकियो ॥

अथ नेत्ररोगप्रतीकारः

रुधिरविकृतिहरं छागदुग्धस्विन्नकुलत्थादिलेपः –

सम्यक्स्विन्नाः छगलजरसे काननोत्थाः कुलत्था-
श्चैले बद्धाः परिहृततुषाः प्रौढसीमन्तिनीभिः ॥
सूक्ष्मं पिष्टा पटुरसनिशाचूर्णपूर्णाः क्षपायाम् ।
चक्षुः क्षिप्ता रुधिरविकृतिं संहरन्ति त्र्यहेण ॥२५॥

अन्वयः

काननोत्थाः कुलत्थाः प्रौढसीमन्तिनीभिः परिहृततुषाश्चैले बद्धाः छगलजरसे सम्यक्स्विन्नाः सूक्ष्मं पिष्टाः पटु-रस-निशा-चूर्ण-पूर्णाः क्षपायां चक्षुः क्षिप्ता त्र्यहेण रुधिरविकृतिं संहरन्ति ॥२५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्याः

काननोत्थाः कानने वने उत्थाः उद्भवा, वनमा फलेका । **कुलत्थाः** गहतहरू । **प्रौढसीमन्तिनीभिः** प्रौढाः परिपक्वाः सीमन्तिनी महिला ताभिः, पाको उमेरका महिलाहरूले । **परिहृततुषाः** परिहृताः हरिताः तुषाः येषामन्नानां ते, बोक्रा निकालिएका । **चैले बद्धाः** वस्त्रे बद्धाः, कपडामा पोको पारिएका । **छगलजरसे** छागदुग्धे, बाख्राको दुधमा । **सम्यक्स्विन्नाः** दोलायन्त्रविधिना स्वेदिताः, दोलायन्त्रविधिले राम्ररी स्वेदन गरिएका । **सूक्ष्मं पिष्टाः** मसिनो गरी पिसिएका । **पटुरसनिशाचूर्णपूर्णाः** पटुना सैन्धवलवणेन, रसेन रसाञ्जनेन, निशाचूर्णेन हरिद्राचूर्णेन च पूरिताः भरिता, भरिएको लगाइएको । **क्षपायां** रात्रौ, राती । **चक्षुः** आँखामा । **क्षिप्ता** लगाइएको । **त्र्यहेण** तीन दिनमा । **रुधिरविकृतिम** रक्तविकृतिम्, आँखाको रक्तज विकृतिलाई । **संहरन्ति** नाशयन्ति नाश गर्दछन् ॥२५॥

भावार्थः

बनमा फलेका गहतलाई पाका महिलाहरूद्वारा बोक्रा फाल्न लगाएर कपडाले पोका पारी बाखाको दुधमा दोलायन्त्र विधिले राम्ररी स्वेदन गरिसकेपछि सम्यक् स्विन्न भएको यो औषधिलाई मसिनो गरी पिसेर सैन्धवलवण, रसाञ्जन र हरिद्राचूर्ण (बेसार)मा मिलाएर राती आँखामा हालेमा आँखाको रक्तज विकारलाई नाश गर्दछ ॥२५॥

दृग्व्याधिहरणे शिग्रुः –

लोलिम्बराजकविना वनितावतंसे शिग्रोरमुष्य कथितोऽस्ति किमूपयोगः ॥
एतस्य पल्लवरसात् समधोः किमन्यद् ? दृग्व्याधिमात्रहरणे महिलाग्रगण्ये ॥२६॥

अन्वयः

वनितावतंसे ! किमु लोलिम्बराजकविना अमुष्य शिग्रोः उपयोगः कथितोऽस्ति ? महिलाग्रगण्ये ! दृग्व्याधिमात्रहरणे समधोः एतस्य पल्लवरसात् किमन्यद् ? ॥२६॥

व्याख्याः

वनितावतंसे वनितानां युवतीनां अवतंसा अलंकृतिः, सम्बुद्धौ, हे युवतीहरूकी गहनास्वरूप भएर रहेकी मेरी प्रिये ! **किमु** के । **लोलिम्बराजकविना** लोलिम्बराज कविले । **अमुष्य**सुप्रसिद्ध या विशेष । **शिग्रोः** शोभाञ्जनस्य, सहिजनको । **उपयोगः** उपयोगको बारेमा । **कथितोऽस्ति** बताएका छन् ? **महिलाग्रगण्ये** ! हे महिलामध्येकी अग्रगण्य रहेकी मुरासा ! **दृग्व्याधिमात्रहरणे** आँखाको व्याधिलाई हरण गर्ने । **समधोः** महसितको । **एतस्य** यसको, शिग्रुको । **पल्लवरसात्** पालुवाको रसभन्दा । **किमन्यद्** ? अरू के छ र ? ॥२६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

हे महिलामध्येकी गहना मुरासा ! लोलिम्बराजकविले सहिजनको प्रसिद्ध उपयोगबारे केही बताएका छन् ? त्यसबारेमा केही थाहा छैनभने सुन । हे महिलाहरूमध्येकी अग्रगण्य भएकी प्यारी ! आँखाको रोगहरण गर्नका लागि सहिजनको पालुवाको रसभन्दा अरू के छ र ? ॥२६॥

विविधनेत्ररोगेषु शिग्रुपल्लवजो रसः –

जयति मारुतपित्तकफैः कृतां लोचनयोः बहुविधामपि व्यथाम् ॥
नयनयोर्विहितो मधुनान्वितः बहुलपल्लवपल्लवजो रसः ॥२७॥

अन्वयः

मारुतपित्तकफैः कृतां बहुविधामपि लोचनयोर्व्यथाम् नयनयोर्विहितो मधुनान्वितः बहुलपल्लव-पल्लवजो रसः जयति ॥२७॥

व्याख्याः

मारूतपित्तकफैः कृताम् वातपित्तकफकृताम्– वात, पित्त र कफदोषका कारणले गर्दा भएको । **बहुविधाम्** धेरै किसिमका । **अपि** पनि । **लोचनयोः** नेत्रयोः आँखाको । **व्यथाम्** व्यथालाई । **नयनयोर्विहितः** आँखाका लागि बनाइएको । **मधुनान्वितः** मह मिलाइएको । **बहुलपल्लव-पल्लवजः** बहुलपल्लवः शिग्रुः, शिग्रुपल्लवजः, सहिजनका पालुवाको । **रसः** स्वरसः, क्वाथो वा । **जयति** जित्तछ ॥२७॥

भावार्थः

वात, पित्त, कफ तीनै दोषले हुने आँखाका विभिन्न व्यथाहरूमा महसित नेत्रका लागि भनेर बनाइएको सहिजनको रस सेवन गरेमा निको हुन्छ ॥२७॥

नयनार्जुनहरः समुद्रफेनः –

कुवलयनयनेऽर्जुनं कफोऽब्धेः सह सितयाशु निराचरीकरोति ॥
प्रियकरमिव कामिनी नवोढा लघुकुचशालिनि ! वक्षसि प्रयुक्तम् ॥२८॥

अन्वयः

कुवलयनयने ! अब्धेः कफः सितया सह (सेवितः) नवोढा कामिनी लघुकुचशालिनि ! वक्षसि प्रयुक्तं प्रियकरं इव अर्जुनं आशु निराचरीकरोति ॥२७॥

व्याख्याः

कुवलयनयने ! कमलनयने कमलका जस्ता शोभनीय आँखा भएकी । **अब्धेः** समुद्रस्य **कफः** फेनः, समुद्रफेन । **सितया सह** शर्करया सह, मिश्रीसित । **नवोढा** नवविवाहिता । **कामिनी** सुन्दरी । **लघुकुचशालिनि** !

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

साना सुन्दर स्तन भएकी। **वक्षसि** छातीमा। **प्रयुक्तम्** प्रयोग गरिएको। **प्रियकरमिव** प्रियका हातलाई जस्तै। **अर्जुनम्** आँखाको अर्जुन नामक रोग, नेत्रार्जुनलाई। **आशु** शीघ्रम्। **निराचरीकरोति** चट्टै छुटाइदिन्छ ॥२८॥

भावार्थः

हे कमलका जस्ता शोभनीय आँखा भएकी र रत्नकला ! समुद्रफेनलाई मिश्रीसित मिलाएर प्रयोग गर्दा भरखरै विवाह गरेर ल्याएकी साना सुन्दर स्तन भएकी नवयुवती श्रीमतीले छातीमा पुगेको प्रिय पतिको हातलाई झट्टै हटाएजस्तै गरेर आँखामा भएको अर्जुनरोगलाई तत्कालै हटाइदिन्छ ॥२८॥

नक्तान्ध्यहरी गोसकृत्सहिता पिप्पली :–

निराकरोति नक्तान्ध्यं गोशकृत्सहिता कणा।[६२]
रमणी रमणस्येव बलं भुक्ता पुनः पुनः ॥२९॥

अन्वयः

गोशकृत्सहिता कणा पुनः पुनः भुक्ता रमणी रमणस्य बलं इव नक्तान्ध्यं निराकरोति ॥२९॥

व्याख्याः

गोशकृत्सहिता गोमयसहिता, गोवरको रससित घोटिएको। **कणा** पिप्पलीले। **पुनः पुनः**, बारबार। **भुक्ता** भोगिएकी। **रमणी** सुन्दरीले। **रमणस्य** रमण गर्ने पतिको। **बलम्** बललाई। **इव** जस्तै। **नक्तान्ध्यम्** नाकुलान्ध्यम्, राती आँखा नदेखिने रतन्धोलाई। **निराकरोति** निराकरण गर्दछ ॥२९॥

भावार्थः

बार बार भोगिएकी सुन्दरी रमणीले जसरी प्रत्येक सम्भोगमा पतिको बल घटाउँछे त्यसैगरी गाईको गोवरको रसमा पिप्ला घोटेर तयार पारिएको अञ्जनले आँखामा हुने रतन्धो रोगलाई पनि निराकरण गर्दछ ॥२९॥

नेत्रशुक्रनाशाय माक्षिकान्वितः स्वर्णमाक्षिकः –

श्यामेश्यामे प्रियश्यामे श्यामाबोधितमानसे।
शुक्रं नाशयति क्षिप्रं माक्षिको माक्षिकान्वितः ॥३०॥

अन्वयः

श्यामेऽश्यामे प्रियश्यामे श्यामाबोधितमानसे माक्षिकान्वितो माक्षिकः शुक्रं क्षिप्रं नाशयति ॥३०॥

---

६२ निराकरोति नक्तान्ध्यं सगोमयरसा कणा। यथा रतेन रमणी रमणस्य महाबलम् ॥ इति पाठान्तरम्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्याः

श्यामे षोडशवर्षदेशीये, हे सोह्र वर्षे उमेरकी नवयुवति ! मायाले सम्बोधन गर्दा हे काली ! **अश्यामे** न श्यामा अश्यामा तत्सम्बुद्धौ, हे गोरी ! सेती ! **प्रियश्यामे** श्यामः कृष्णः प्रियो यस्याः सा, सम्बुद्धौ कृष्णलाई प्रिय मान्ने हे कृष्णभक्त पत्नी ! **श्यामाबोधितमानसे** श्यामा राधिका बोधिता मानसे यया सा, सम्बुद्धौ अर्थात् गोरी राधिकालाई जसले आफ्नो मानसपटलमा बोध गरिसकेकी छ त्यस्ती मेरी कृष्णभक्तिकी आराधिका श्रीमती मुरासा ! **माक्षिकान्वितः** महसित मिलाएको । **माक्षिकः** शोधित स्वर्णमाक्षिकले । **शुक्रम्** आँखामा हुने शुक्ररोगलाई । **क्षिप्रम्** शीघ्रम् छिटै । **नाशयति** नाश गराउँछ ॥३०॥

भावार्थः

महसित शुद्ध स्वर्णमाक्षिक भस्म सेवन गरेमा आँखाको शुक्ररोग निको हुन्छ ॥३०॥

विशेषः– *हे काली ! होइन होइन हे सेती ! काली पनि होइन सेती पनि होइन हे गोरी अथवा हे मनपर्ने गहुँगोरो वर्णकी प्रियश्यामा गहुँगोरी ! यहाँ कवि लोलिम्बराज आफ्नी श्रीमतीलाई आयुर्वेदीय औषधिको ज्ञान दिन फकाइरहेका छन् । सुन्दरी श्रीमती कामकलाकी चतुरीसितको अन्तरंग वसाइ छ । तीता टर्रा जडीबुटीहरूको र दारुण तथा वीभत्स खालका रोगहरूको वर्णन छ र प्रत्येक वर्णनमा कामोत्थान हुने अंगहरूको स्मरण छ । यस्तोमा पनि यी दम्पतिको आलाप साहित्यिक (हितकारी) र परोपकारी कसरी हुनसक्यो ?* ***विश्वामित्रपराशरप्रभृतयो वाताम्बुपर्णाशनास्तेऽपि स्त्रीमुखपंकजं सुललितं दृष्ट्वैव मोहं गताः, शाल्यन्नं सघृतं पयोदधियुतं भुञ्जन्ति ये मानवास्तेषामिन्द्रियनिग्रहो यदि भवेद् विन्ध्यस्तरेत् सागरात्*** *। भर्तृहरिको यो भनाइ यहाँ स्मरणीय हुन्छ । विश्वामित्र र पराशर आदि ऋषिहरू वायु, जल र पात मात्र खाएर जीवन चलाउँथे त्यस्ता वीतरागीहरू पनि शकुन्तला र सत्यवतीहरूको मुख देख्नासाथ मोहित भएका थिएभने जो मार्सीधानको भात घिउ हालेर खान्छन् र दुधदही पनि खान्छन् तिनीहरूले इन्द्रियसंयम राख्छन् भनेर भन्नु विन्ध्याचलपर्वतले आफैं हिँडेर समुद्र तर्दछ भन्नुजस्तै अपत्यारिलो कुरा हो । हाम्रा लोलिम्बराज कवि त थप आयुर्वेदीय रसायन र वाजीकरण औषधि पनि खाँदा हुन् । यस्तो परिस्थितिमा पनि यी मस्त दम्पतीको संलाप नितान्त साहित्यिक र नितान्त परहितमूलक कसरी हुनसक्यो होला ? यो प्रश्न यहाँ सबैका लागि विवेचनीय छ ।* ***श्यामाबोधितमानसे*** *यस सम्बोधनमा यसको गूढ रहस्य रहेको छ । मुरासाको हृदयमा श्यामा अर्थात् राधिकाको बोध छ, कृष्णभक्तिको प्रखरता छ । यसैले उनी क्षणिक सुखको तुच्छ कामोपभोगभन्दा सच्चिदानन्दको अनन्तसुखसित परिचित छिन् । यसैले यी जोडी शब्दले विलासी देखिए पनि भावले तपस्वी छन्, योगी छन् । यी दम्पति बद्ध छैनन् मुक्त छन् ।*

नेत्ररोगे त्रिफला प्रशस्ता :–

इति निगदितमार्ये ! नेत्ररोगातुराणां निशि समधुघृताग्र्या सेविता स्यात्सुखाय ॥[६३]
अयि स भवति लीलालोलदृष्टस्त्वमग्र्या जनयति वत कस्मात् वैपरीत्यं परन्तु ॥३१॥

---

६३ इति निगदितमार्ये नेत्ररोगातुराणां निशि समधुघृताग्र्या सेव्यमाना सुखाय । अयि नवशिशुलीलालोलदृष्टे त्वमग्र्या जनयसि बत कस्माद् वैपरीत्यं परन्तु । इति पाठान्तरम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

आर्ये ! नेत्ररोगातुराणां निशि सेविता समधुघृताग्र्या सुखाय स्यात् इति निगदितम् । अयि ! स लीलालोलदृष्टः भवति । त्वम् अग्र्या (असि) परन्तु वत ! कस्मात् वैपरीत्यं जनयति ॥३१॥

व्याख्याः

आर्ये ! वर्ये, हे भद्रमहिला । **नेत्ररोगातुराणाम्** नेत्ररोगेण आतुरास्तेषाम्, नेत्ररोगका विरामीहरूलाई । **निशि** रात्रौ, रातमा । **सेविता** सेवन गरिएको । **समधुघृता** मधुना घृतेन च सहिता, मह र घिउसमेत मिलाएर । **अग्र्या** त्रिफला । **सुखाय** सुखका लागि । **स्यात्** होस् । **इति** यस्तो । **निगदितम्** शास्त्रमा बताइएको छ । **अयि** प्रियसम्बोधनम् । **स** त्यो । **लीलालोलदृष्टः** लीलायुक्तां लोलदृष्टिं चपलदृष्टिं यस्य सः, बालकका जस्तै लीलामय चञ्चल र मोहक आँखाको दृष्टि भएको । **भवति** हुन्छ । **त्वम्** तिमी । **अग्र्या** महिलाहरूमा अग्रगण्या । **वत** हा । **कस्मात्** कसरी । **वैपरीत्यम्** विपरीतभाव । **जनयति** पैदा गराउँछ । नेत्ररोगे स्त्रीसंगः विपरीतकर इति भावः ॥३१॥

भावार्थः

हे भद्रमहिला ! नेत्ररोगका विरामीहरूका लागि घिउ र महसहितको त्रिफला श्रेष्ठ हुन्छ । यसलाई सेवन गर्ने व्यक्ति बालकको जस्तै लीला र चञ्चलतायुक्त दृष्टिवाला हुन्छ । तिमी महिलाहरूमा अग्रगण्या छौ तर अफशोच तिमीलाई भने यो विपरीत भइरहेछ । अर्थात् नेत्ररोगमा स्त्रीप्रसंग विपरीत हुन्छ ॥३१॥

विशेषः– *यहाँ नेत्ररोगका लागि अग्र्या (त्रिफला) सर्वोत्तम हुन्छ भनेर कवि लोलिम्बराज आफ्नी प्यारी पत्नीलाई बताउँछन् । साथै उनले आफ्नी पत्नीलाई महिलाहरूमध्येकी अग्र्या (अग्रगण्या) भनेका छन् र प्रश्न गरेका छन् अग्र्या नेत्ररोगीहरूका लागि सुखदायी हुँदाहुँदै पनि पछिल्लो अग्र्याचाहिँ किन वैपरीत्य (विपरीत प्रभाव) पैदा गर्दछ । कविको आशय पहिलो अग्र्या त्रिफला सर्वोत्तम हितकारी र दोस्रो अग्र्या (पत्नी) नेत्ररोगीहरूका लागि विपरीत (दुःखकारक/अहितकारक) हुन्छ भन्ने हो । कविले आफ्नी पत्नी मुरासालाई यस्तो अप्रिय कुरालाई चमत्कारपूर्ण ढंगका साथ काव्यिक लालित्यले छोपेर प्रिय बनाएका छन् ।*

इति नेत्ररोगप्रतीकारः ॥
यति नेत्ररोगप्रतीकार सकियो ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अथ पाण्डुकामलाप्रतीकारः

पाण्डुकामलारोगे त्रिफलाद्यष्टानां कषायः –

त्रिफलावृषभूनिम्बनिम्बतिक्तामृताकृतः ।
क्वाथो मधुसितायुक्तः कामलापाण्डुरोगजित् ॥३२॥

अन्वयः

त्रिफलावृषभूनिम्बनिम्बतिक्तामृताकृतः मधुसितायुक्तः क्वाथो कामलापाण्डुरोगजित् ॥३२॥

व्याख्याः

त्रिफला हरीतकी, विभीतकः, आमलकी । **वृषः** आटरुषकः, असुरो । **भूनिम्बः** किरातः, चिराइतो । **निम्बः** तिक्तकः, नीम । **तिक्ता** कटुतिक्ता, कुट्की । **अमृता** गुडूची, गुर्जो । (एभिः) **कृतः** निर्मितः, बनाइएको । **मधुसितायुक्तः** क्षौद्रेण शर्करया च युक्तः, मह र मिश्री पनि मिलाइएको । **क्वाथः** काढा । **कामलापाण्डुरोगजित्** कामला च पाण्डुरोगं च जयतीति, कामला र पाण्डुरोग लाई जित्ने ॥३२॥

भावार्थः

त्रिफला, असुरो, चिराइतो, नीम, कुट्की, गुर्जो यिनीहरूको क्वाथलाई मह र मिश्री मिलाएर सेवन गरेमा कामला र पाण्डुरोग निको हुन्छ ॥३२॥

कामलारोगे देवदालीरसनस्यम् :–

देवदालीफलरसो नस्यतो हन्ति कामलाम् ।
सन्देहो नात्र संफुल्लनीलोत्पलविलोचने ॥३३॥

अन्वयः

संफुल्लनीलोत्पलविलोचने ! देवदालीफलरसो नस्यतः कामलां हन्ति, अत्र न सन्देहः ॥३३॥

व्याख्याः

संफुल्लनीलोत्पलविलोचने ! सम्फुल्लं विकसितं नीलोत्पलं नीलकमलं तद्वदेव विशेषं लोचनं यस्याः सा, सम्बुद्धौ, फक्रिएको नीलकमलका जस्तै विशेष सुन्दर आँखा भएकी । **देवदालीफलरसः** देवदाल्याः फलस्य रसः, देवदालीफलको रस । **नस्यतो** नस्तःकर्मतः, नस्य लिनाले । **कामलाम्** कामला रोगलाई । **हन्ति**, नाश गर्दछ । **अत्र** यहाँ । **न** छैन । **सन्देहः** संशयः, शंका ॥३३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

हे फक्रिएको नीलकमलका जस्तै विशेष सुन्दर आँखा भएकी प्रिये ! देवदालीफलको रसको नस्य लिनाले कामला रोग निको हुन्छ। यसमा शंका छैन ॥३३॥

कामलापहं गैरिकहरिद्राधात्रीकृतमञ्जनम् :–

गिरिमृद्रात्रिधात्रीणामञ्जनं कामलापहम्।
इयं यदि भवेन्मिथ्या शपथस्तु तवांगने ॥३४॥

अन्वयः

गिरिमृद्रात्रिधात्रीणामञ्जनं कामलापहं (अस्ति) यदि इदं मिथ्या भवेत् अंगने! शपथस्तु तव (एव) ॥३४॥

व्याख्याः

गिरिमृद् गिरिमृत्तिका, गैरिकमृत्तिका, गेरु। **रात्रिः** निशा, हरिद्रा, हलेदो (बेसार) **धात्री** आमलकी, अमला। (एतेषाम्) **अञ्जनम्** नेत्राञ्जनम्, गाजल। **कामलापहम्** (अस्ति)कामलां अपहन्तीति, कामलारोगलाई अपहरण गर्ने। **यदि इदम्** यदि यो। **मिथ्या** भुठो। **भवेत्** होस्। **अंगने** शोभनांगे, हे सुन्दरी! **शपथस्तु** शपथ या किरिया त। **तव** (एव) तिम्रो नै छ ॥३४॥

भावार्थः

हे सुन्दरी! गेरु माटो, हलेदो र अमला हालेर बनाएको गाजल आँखामा लगाएमा कामला रोग पक्कै निको हुन्छ। यदि यो कुरा भुठो भयोभने म तिम्रै किरिया खान्छु ॥३४॥

इति पाण्डुकामलाप्रतीकारः ॥
यति पाण्डुकामलाप्रतीकार सकियो ॥

अथ योनिशूलप्रतीकारः

भगशूले एरण्डनिम्बबीजवटिका :–

पिचुमन्दरसेन मिश्रितैः पिचुमन्दानिलशत्रुबीजकैः ॥
घटिता वटिका भगान्तरे भगशूले प्रशमाय धारयेत् ॥३५॥

अन्वयः

पिचुमन्दरसेन मिश्रितैः पिचुमन्दानिलशत्रुबीजकैः घटिता वटिका भगशूले प्रशमाय भगान्तरे धारयेत् ॥३५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्याः

पिचुमन्दरसेन निम्बरसेन नीमको रसले । **मिश्रितैः** मिसिएको । **पिचुमन्दा-निलशत्रु-बीजकैः** पिचुमन्दो निम्बः, अनिलशत्रुः, वातारिः, एरण्डः; नीम र एरण्डको बीजले । **घटिता** बनाइएको । **वटिका** गोली । **भगशूले** योनिशूले योनिको पीडा या शूलमा । **प्रशमाय** शमनाय शमन गर्नका लागि । **भगान्तरे** योन्यन्तरे, योनिभित्र । **धारयेत्** राखोस् ॥३५॥

भावार्थः

नीम र एरण्डको बीजको धुलोमा नीमको रस मिसाएर गोली बनाएर अथवा नीमको रसमा घोटेर तयार पारिएको गोली योनिभित्र राखेमा योनिशूल प्रशमन गर्दछ ।

भगशूले तरुण्युत्तरणीमूलघृतम् :–

तरुण्युत्तरणीमूलं छागीसर्पिःसमन्वितम् ।
शिवशस्त्राभिधां बाधां योनिस्थां हन्ति सत्वरम् ॥३६॥

अन्वयः

छागीसर्पिःसमन्वितम् तरुण्युत्तरणीमूलं योनिस्थां शिवशस्त्रामिधां बाधां सत्वरम् हन्ति ॥३६॥

व्याख्याः

छागीसर्पिःसमन्वितम् बाख्राको घिउ मिलाएको । **तरुण्युत्तरणीमूलम्** तरुणी च उत्तरणीमूलं च, गुलाव र इन्द्रवारुणीको जरा । **योनिस्थाम्** भगस्थाम्, योनिमा रहेको । **शिवशस्त्राभिधाम्** शिवशस्त्रं शूलं तदभिधां शूलाभिधां शूलनामकां बाधां कष्टम् । **सत्वरम्** शीघ्रम् छिटै । **हन्ति** मार्दछ, नाश गर्दछ ।

भावार्थः

बाख्राको घिउ मिलाएर बनाएको गुलावको फूल र इन्द्रवारुणीको जराको घृतपाकले योनिशूल छिटै निको हुन्छ ॥३६॥

स्तन्यदोषविनाशनाय सारिवादिदशानां क्वाथ :–

गोपीवृकीदारुकिरातमूर्वातिक्तामृताविश्वघनेन्द्रजानाम् ॥
क्वाथोऽयमुक्तो मृगलोचनानां दुष्टस्य दुग्धस्य विनाशनाय ॥३७॥

अन्वयः

गोपीवृकीदारुकिरातमूर्वातिक्तामृताविश्वघनेन्द्रजानाम् अयं क्वाथः मृगलोचनानां दुष्टस्य दुग्धस्य विनाशनाय उक्तः ॥३७॥

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्याः

गोपी सारिवा, **वृकी** पाठा, **दारुः** देवदारुः, **किरातः** किराततिक्तः, **मूर्वा** (जुँगे लहरो वा भोर्लो), **तिक्ता** कटुतिक्ता, **अमृता** गुडूची, **विश्वम्** शुण्ठी, **घनः** मुस्तकः, **इन्द्रजः** इन्द्रयवः, (एतेषाम्) **अयं क्वाथः** यो क्वाथ। **मृगलोचनानाम्** स्तनपायीनां सुन्दरीणाम्, दुष्टस्य दूषितस्य दुग्धस्य स्तन्यस्य। **विनाशनाय** विनाश गर्न। **उक्तः** बताइएको छ ॥३७॥

भावार्थः

सारिवा, पाठा (बाटुलपाते), देवदारु, चिराइतो, मूर्वा, कुट्की, गुर्जो, शुठो, मोथे, इन्द्रजौ यिनीहरूको क्वाथ स्तनपायी महिलाको दूषित स्तन्य (दुध)लाई शुद्ध पार्दछ ॥३७॥

इति योनिशूलप्रतीकारः ॥
यति योनिशूलप्रतीकार सकियो ॥

अथ प्रदरप्रतीकारः

प्रदरहरो दार्व्यादिसप्तानां कषायः –

कटंकटेरीरसजाब्दवासाभूनिम्बभल्लीतिलजः कषायः ॥
क्षौद्रान्वितश्चञ्चललोचनानां नानाविधानि प्रदराणि हन्यात् ॥३८॥

अन्वयः

क्षौद्रान्वितः कटंकटेरीरसजाब्दवासाभूनिम्बभल्लीतिलजः कषायः चञ्चललोचनानां नानाविधानि प्रदराणि हन्यात् ॥३८॥

व्याख्याः

क्षौद्रान्वितः मध्वान्वितः मह मिलाइएको । **कटंकटेरी** दार्वी(दारुहरिद्रा–चुत्रो)। **रसजम्** रसाञ्जनम् (चुत्रोको रसक्रियाबाट प्राप्त घन पदार्थ)। **अब्दः** मेघः मोथे। **वासा** असुरो। **भूनिम्बः** चिराइतो। **भल्ली** भल्लातकः, भलायो। **तिलजः** तिलको। **कषायः** क्वाथः, काढा। **चञ्चललोचनानाम्** नारीहरूका। **नानाविधानि** नानाथरिका। **प्रदराणि** प्रदररोगहरूलाई। **हन्यात्** नाश गरोस् ॥३८॥

भावार्थः

चुत्रो, रसाञ्जन, मोथे, असुरो, चिराइतो, भलायो र तिल यिनीहरूको क्वाथ महसित सेवन गरेमा महिलाहरूका नानाथरिका प्रदरहरूलाई सञ्चो गर्दछ ॥३८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रदरहरं सरसाञ्जनं तण्डुलीयमूलम् :–

कुवलयदलनेत्रे ! तण्डुलीयस्य मूलं रसजमपि समांशं भेषजद्वन्द्वमेतत् ॥
हिमकरमुखि ! युक्तं तण्डुलाम्भोमधुभ्याम् प्रदरदरमुदीर्णं सुन्दरीणां निहन्ति ॥३९॥

अन्वयः

कुवलयदलनेत्रे ! हिमकरमुखि ! तण्डुलीयस्य मूलं रसजमपि समांशं एतद् भेषजद्वन्द्वं तण्डुलाम्भो-मधुभ्याम् युक्तं सुन्दरीणां उदीर्णं प्रदरदरं प्रदरं निहन्ति ॥३९॥

व्याख्याः

कुवलयदलनेत्रे ! कमलदलनेत्रे कमलको दलजस्तै कमलो र सुन्दर मुख भएकी ! **हिमकरमुखि** ! चन्द्रमाका किरणजस्तै उज्यालो र देख्दा आनन्द आउने मुख भएकी ! **तण्डुलीयस्य मूलम्,** लुँडेको जरा । **रसजमपि,** रसाञ्जनलाई पनि । **समांशम्** बराबर भाग मिलाइएको । **एतद्** यो । **भेषजद्वन्द्वम्** दुई द्रव्य मिलाइएको औषधि । **तण्डुलाम्भोमधुभ्याम्** तण्डुलाम्भः तण्डुलोदकः, चौलानी र महसित । **युक्तम्** मिलाइएको । **सुन्दरीणाम्** महिलाहरूको । **उदीर्णम्** प्रबलम्, बलवान् अवस्थाको । **प्रदरदरम्** प्रदरं असृग्दरं तस्य दरं वेगः, प्रदरको प्रवाहलाई । **निहन्ति** नाश गर्दछ ॥३९॥

भावार्थः

हे कमलको दलजस्तै कमलो र सुन्दर तथा चन्द्रमाको किरणजस्तै उज्यालो र आनन्द आउने मुख भएकी मेरी मुरासा ! लुँडेको जरा र रसाञ्जन यी दुई औषधिलाई बराबर भागमा लिएर चौलानीपानी र महसित खाएमा महिलाहरूको प्रबल प्रदरको वेगलाई सञ्चो गर्दछ ॥३९॥

प्रदरे रसजतण्डुलीमूलयोः पुनः प्रशंसा :–

अयि सरोरुहसोदरलोचने ![६४] रसजतण्डुलकांघ्रिभवं रजः ॥
समधुतण्डुलवारि निवारयेन्मृगदृशां प्रदरं प्रदरंगतम् ॥४०॥

अन्वयः

अयि सरोरुहसोदरलोचने ! समधुतण्डुलवारि रसजतण्डुलकांघ्रिभवं रजः मृगदृशां प्रदरंगतं प्रदरं निवारयेत् ॥४०॥

व्याख्याः

अयि प्रेमास्पदं सम्बोधनम् । **सरोरुहसोदरलोचने** ! सरोरुहः पंकेरुहः कमलस्तस्य सोदरः कुमुदः तादृश एव लोचनं यस्याः सात्र सम्बुद्धौ, हे कमलजस्तै आँखा भएकी ! **समधुतण्डुलवारि** मधुना तण्डुलवारिणा च सह, मह र चौलानीसित । **रसजतण्डुलकांघ्रिभवम्** रसजं रसाञ्जनं तण्डुलकस्य अंघ्रिर्मूलं तण्डुलीयकस्य

६४ अयि सरोजसहोदरलोचने इति पाठान्तरम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मूलं तेन भवं जातम्, रसाञ्जन र लुँडेको जरा मिलाएर बनाएको । **रजः** चूर्णम्, धुलो । **मृगदृशाम्** नारीणाम्, महिलाहरूको । **प्रदरंगतम्** प्रदरतां वेगतां गतम्, वेगसहितको । **प्रदरम्** प्रदररोगलाई । **निवारयेत्** निवारणं कुर्यात्, निवारण गरोस् ॥४०॥

भावार्थः

हे कमललोचने ! रसाञ्जन र लुँडेको जराबाट बनेको चूर्णलाई मह र चौलानीसित खाएमा महिलाहरूको वेगसहितको प्रदररोगलाई निवारण गर्दछ ॥४०॥[६५]

पुष्पावरोधनाशाय गर्भपतनाय च योगः –

मूलं गवाक्ष्याः स्मरमन्दिरस्थं पुष्पावरोधस्य वधं करोति ॥
अभर्तृकाणां व्यभिचारिणीनां योगोऽयमेव द्रुतगर्भपाते ॥४१॥

अन्वयः

स्मरमन्दिरस्थं गवाक्ष्याः मूलं पुष्पावरोधस्य वधं करोति । अभर्तृकाणां व्यभिचारिणीनां द्रुतगर्भपाते अयमेव योगः ॥४१॥

व्याख्याः

स्मरमन्दिरस्थम् भगस्थम्, योनिमा राखिएको । **गवाक्ष्याः मूलम्** इन्द्रवारुण्याः मूलम्, इन्द्रवारुणीको जरा । **पुष्पावरोधस्य** पुष्पं रजस्तस्यावरोधस्य, रजोरोधको । **वधम्** नाशम् । **करोति** गर्दछ । **अभर्तृकाणाम्** भर्तृवियुक्तानाम्, लोग्ने नभएको अवस्थामा । **व्यभिचारिणीनाम्** परपुरुषगामिनीनाम्, परपुरुषसित गमन गर्ने महिलाहरूको । **द्रुतगर्भपाते** छिटै गर्भपात गर्नुपरेमा पनि । **अयमेव** यही नै । **योगः** औषधि हो ॥४१॥

भावार्थः

इन्द्रवारुणीको जरा योनिमा राखेर रजोरोध अर्थात् रजस्वला रोकिएकोलाई खुलाउँदछ । त्यसैगरी लोग्ने नभएका परपुरुषगामिनीले गर्भ बोकेको अवस्थामा तिनीहरूको तुरुन्त गर्भपात गर्नुपरेमा पनि यही योग उपयुक्त हुन्छ ॥४१॥

विशेषः- *गर्भपतन पहिले पनि गराइन्थ्यो भन्ने कुराको यो उदाहरण हो । सुरक्षित गर्भपतन सबैका लागि आवश्यक हो तर व्यभिचार गरेर गर्भ रहेको अवस्थामा के गर्ने यस सम्बन्धमा कानूनी मान्यता, नैतिक आचरण र सामाजिक मूल्य यी सबैलाई मध्यनजर गर्नुपर्ने हुन्छ । यो त्यति हलुका नभएर अत्यन्त सम्वेदनशील कुरा पनि हो ।*

इति प्रदरप्रतीकारः ॥
यति प्रदरप्रतीकार सकियो ॥

---

६५ रसाञ्जनं तण्डुलकस्य मूलं क्षौद्रान्वितं तण्डुलतोयपीतम् । असृग्दरं सर्वभवं निहन्ति.........इति भावप्रकाशे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अथ गर्भिणीसूतिप्रतीकारः

सुखप्रसवकरं वमनहरं चौषधम् :–

मध्वाज्ययष्टीमधुलुंगमूलं निपीय सूते सुमुखी सुखेन ॥
सतण्डुलाम्भः सितधान्यकल्कपानाद्वमिर्गच्छति गर्भिणीनाम् ॥४२॥

अन्वयः

मध्वाज्ययष्टीमधुलुंगमूलं निपीय सुमुखी सुखेन सूते । सतण्डुलाम्भः सितधान्यकल्कपानाद् गर्भिणीनां वमिर्गच्छति ॥४२॥

व्याख्याः

मधु मह । **आज्यम्** घिउ । **यष्टीमधु,** जेठीमधु । **लुंगमूलम्** मातुलुंगमूलम्, बिमिरोको जरा । **निपीय** पीत्वा, पिएर । **सुमुखी** सुन्दरी, महिला । **सुखेन** सुखपूर्वकेन, सुखका साथ । **सूते** प्रसूते, बच्चा जन्माओस् । **सतण्डुलाम्भः** चौलानीसित । **सितधान्यकल्कपानाद्** सितं सिता, मिश्री । **धान्यकल्कम्,** धान्यककल्कम्, धनियाँलाई पिसेर बनाएको लेदो । **गर्भिणीनाम्** गर्भवतीनाम्, गर्भवती महिलाहरूको । **वमिर्वमनं** वान्ता आउने । **गच्छति** जान्छ ॥४२॥

भावार्थः

मह, घिउ, जेठीमधु र बिमिरोको जराको रस पिएमा सुखप्रसव हुन्छ अर्थात् सजिलैसित बच्चा जन्मिन्छ । त्यस्तै मिश्री र धनियाँ पिसेको लेदो खाएमा गर्भवतीको वमनलाई हटाउँदछ ॥४२॥

गर्भिणीनां प्रसूतानां बालानाञ्च विकारे भेषजम् :–

[६६]भल्लाब्दाम्बुद्वयारल्वमृतविषबलारेणुदुःस्पर्शशीतम् ।
गर्भिण्याः सूतिकाया अपि रुधिररुगामातिसारज्वरघ्नम् ॥
मुस्ताश्रृंगीविषाणां प्रशमयति रजः सेवितं क्षौद्रयुक्तम् ।
बालानां वान्तिकासज्वरमतिविषजं क्षौद्रयुक्तं रजो वा ॥४३॥

अन्वयः

भल्लाब्दाम्बुद्वयारल्वमृतविषबलारेणुदुःस्पर्शशीतं गर्भिण्याः सूतिकाया अपि रुधिररुगामातिसारज्वरघ्नम् । मुस्ताश्रृंगीविषाणां क्षौद्रयुक्तं सेवितं रजः, क्षौद्रयुक्तं अतिविषजं रजो वा बालानां वान्तिकासज्वरं प्रशमयति ॥४३॥

---

६६ भल्लस्थाने धान्य, कुल्या, अम्ल इति च पाठान्तरम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्याः

भल्लाब्दाम्बुद्वयारल्वमृतविषवलारेणुदुःस्पर्शशीतं– भल्लः भल्लातकः, भलायो । **अब्दः** मेघः मुस्तकः, मोथे । **अम्बुद्वयम्** जलद्वयं उशीरम् सुगन्धबालश्च, उशीर र सुगन्धवाल । **अरलुः** श्योनाकः, टटेलो (अरेली)। **अमृतम्** अमृता, गुर्जो । **विषम्** विषा अतिविषा अतीस । **वला** बलु । **रेणुः** पर्पटः पित्तपापडा । **दुःस्पर्शम्** दुस्पर्शा, दुरालभा । **शीतम्** चन्दनम्, रक्तचन्दन । **गर्भिण्याः** गर्भवत्याः, गर्भवतीको । **सूतिकायाः** अपि, सुत्केरीको पनि । **रुधिररुगामातिसारज्वरघ्नम्–** रुधिररुग् रक्तविकार, आमातिसारः आमातिसार, ज्वरघ्नम् ज्वरनाशक । **मुस्ताश्रृंगीविषाणाम्–** मुस्ता मोथे, शृगी अजशृगी (कर्कटशृंगी, काकडाशृंगी), विषा अतिविषा । **क्षौद्रयुक्तम्** मधुयुक्तम्, महसित । **सेवितम्** सेवन गरिएको । **रजः** चूर्णम् । **क्षौद्रयुक्तम्** मधुयुक्तम्, महसित । **अतिविषजम्** अतिविषाको । **रजः** चूर्णः । **वा** अथवा । **बालानाम्** बालकानाम् । **वान्तिकासज्वरम्** वान्ता, खोकी र ज्वरलाई । **प्रशमयति** शमनं करोति शमन गर्दछ ॥४३॥

भावार्थः

भलायो, मोथे, उशीर, सुगन्धवाल, गुर्जो, अतीस, पित्तपापडा, दुरालभा र रक्तचन्दन यिनीहरूको क्वाथले गर्भवती र सुत्केरी महिलाको रक्तविकार आमातिसार तथा ज्वरलाई निको पार्दछ । मोथे अजशृगी (काकडासिंगी) र अतीस मिलाएको चूर्ण महसित खाएमा, अथवा अतीसको मात्रै चूर्ण महसित खाएमा बालकहरूको बान्ता, खोकी र ज्वरलाई शमन गर्दछ ॥४३॥

कुमारातिसारे भेषजम्–

कुमारातिसारे कषायः समंगामदासारिवालोध्रजः क्षौद्रयुक्तः ॥
मदाबिल्वलोध्रेन्द्रकृष्णाम्बुजो[६७] वा कषायोऽवलेहोऽथवा क्षौद्रयुक्तः ॥४४॥

अन्वयः

कुमारातिसारे समंगा-मदा-सारिवा-लोध्रजः क्षौद्रयुक्तः कषायः, अथवा क्षौद्रयुक्तः मदा-बिल्व-लोधे-न्द्रकृष्णाम्बुजो वा कषायोऽवलेहः (उपयुक्तः) ॥४४॥

व्याख्याः

कुमारातिसारे बालातिसारे, बालकहरूको अतिसारमा । **समंगा-मदा-सारिवा-लोध्रजः** समंगा मञ्जिष्ठा, मदा धातकी, सारिवा दुधेलहरो, लोध्रः लोध । **क्षौद्रयुक्तः** मधुयुक्तः । **कषायः** क्वाथः, काढा । अथवा । क्षौद्रयुक्तः, मधुयुक्तः । **मदा-बिल्व-लोधे-न्द्रकृष्णाम्बुजः** वा मदा धातकी, विल्वः बेल, लोध्रः लोध, इन्द्रः इन्द्रयवः, कृष्णा पिप्पली, अम्बुजः मेघः मोथे । **कषायोऽवलेहः** (उपयुक्तः) क्वाथ वा अवलेह ॥४४॥

---

६७ मदारोध्रविल्वाब्दमञ्जिष्ठबाला – डा. श्याममणि अधिकारी । मदाविल्वरोध्रेभकृष्णाम्बुजो वा – दीपिकाटीकायां हरिनाथः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

बालकहरूको अतिसारमा मजिठो, धाइरो, बेल, दुधे लहरो र लोध यिनीहरूको क्वाथ महमा खुवाउनुपर्छ। अथवा धाइरो, बेल, लोध, इन्द्रजौ, पिप्ला र मोथेको क्वाथ वा अवलेह महसित खुवाउनु पनि उपयुक्त हुन्छ ॥४४॥

शिशूनां श्वासकासवमनज्वरातिसारेषु भेषजम् :–

कृष्णारुणामुस्तकशृंगिकाणां तुल्येन चूर्णेन समाक्षिकेन ॥
ज्वरातिसारः प्रशमं प्रयाति सश्वासकासः सवमिः शिशूनाम् ॥४५॥

अन्वयः

समाक्षिकेन कृष्णारुणामुस्तकशृंगिकाणां तुल्येन चूर्णेन शिशूनां सश्वासकासः सवमिः ज्वरातिसारः प्रशमं प्रयाति ॥४५॥

व्याख्याः

समाक्षिकेन माक्षिकेन मधुना सह तेन, महसित खाएकोले। **कृष्णारुणामुस्तकशृंगिकाणाम्** कृष्णा पिप्पली च अरुणा विषातिविषा च मुस्तकः मुस्ता च शृंगिका अजशृंगी कर्कटशृगी च एतेषां समाहारस्तेषाम्, पिप्ला, अतीस, मोथे, काकडासिंगी यी चार द्रव्यहरूको। **तुल्येन चूर्णेन** समभागचूर्णेन, बराबर भाग मिलाएर बनाएको चूर्णले। **शिशूनाम्** कुमाराणां बालानाम्, बालकहरूको। **सश्वासकासः** श्वासेन कासेन च सह, श्वास र कासरोग समेतको। **सवमिः** वम्या वमथुना सह, वमन रोगसमेतको। **ज्वरातिसारः** ज्वरसहितोतिसारः ज्वरसँगै अतिसार पनि भएको ज्वरातिसाररोग। **प्रशमम्** शमनम् निको हुनुमा। **प्रयाति** प्रकर्षेण याति गच्छति, राम्ररी जान्छ ॥४५॥

भावार्थः

महसित सेवन गरिएको पिप्ला, अतीस, मोथे र काकडासिंगी बराबर मिलाएर बनाएको चूर्णले बालकहरूको श्वास, कास, वमन तथा ज्वरातिसार रोगलाई शमन गर्दछ।

इति गर्भिणीसूतिप्रतीकारः ॥
यति गर्भिणीसूतिप्रतीकार सकियो ॥

इति श्रीलोलिम्बराजविरचिते वैद्यजीवने कासश्वासादिगर्भिणीरुक्प्रतीकारो नाम तृतीयो विलासः सम्पूर्णः ॥
यति श्रीलोलिम्बराजले रचना गरेको कासश्वासादिगर्भिणीरोगप्रतीकारनामक तेस्रो विलास पूर्ण भयो ॥

♣♣♣

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चतुर्थो विलासः

क्षयादिप्रतीकारो नाम विलासः

चतुर्थविलासे प्रस्तावना :–

विद्वल्ललामलोलिम्बनृपतेर्वाग्विलासतः ।
न तृप्तिमधिगच्छामि[६८] पुनः किञ्चिन्निरूपय ॥१॥

अन्वयः

विद्वल्ललामलोलिम्बनृपतेर्वाग्विलासतः न तृप्तिं न अधिगच्छामि (अतः) पुनः किञ्चिन्निरूपय ॥१॥

व्याख्याः

विद्वल्ललामलोलिम्बनृपतेः विदुषां ललामः रत्नः सर्वोत्तमः लोलिम्बः लोलिम्बराजनामकः यो नृपतिः नरपतिः(राजा) तस्य, विद्वान्‌हरूमा सर्वोत्तम लोलिम्बराज नृपतिको । **वाग्विलासतः** वाचो विलासस्तस्मात्, सुनीरहूँ जस्तो लागिरहने मधुर वचनको विलास (लालित्य)बाट । **न** छैन । **तृप्तिम्** सन्तोषम्, सन्तुष्टी । **अधिगच्छामि** पाउँछु । (अतः यसकारण) पुनः फेरि । **किञ्चिन्निरूपय** केही बताउनुहोस् ॥१॥

भावार्थः

विद्वान्‌हरूमध्येका सर्वोत्तम रत्न लोलिम्बराजको वाणीविलासको आनन्दले म कहिल्यै पनि अघाउँदिन त्यसैले फेरि पनि केही बताउनुहोस् ॥१॥

अथ क्षयप्रतीकारः

क्षयोत्पत्तिविनाशाय सिंहास्यः –

क्षयोत्पत्तिविनाशाय सिंहास्यः सेव्यतां प्रियः ।[६९]
बहूनामस्य विश्वासो जातः कमललोचने ॥२॥

अन्वयः

कमललोचने ! क्षयोत्पत्तिविनाशाय प्रियः सिंहास्यः सेव्यतां, अस्य बहूनां विश्वासो जातः ॥२॥

व्याख्याः

कमललोचने ! हे कमलनयनी ! **क्षयोत्पत्तिविनाशाय** क्षयरोगको उत्पत्ति हुन नदिनका लागि । **प्रियः** प्यारो । **सिंहास्यः** आटरुषकः, असुरो । **सेव्यताम्** सेवन गर्नुपर्छ । **अस्य** यसको । **बहूनाम्** धेरैको । **विश्वासः** विश्वास । **जातः** पैदा भयो ॥२॥

६८ तृप्तिर्न जायते स्वामिन्, इति पाठान्तरम्

६९ प्रिय इत्यस्य स्थाने सदा इति पाठान्तरम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

हे कमलनयनी ! क्षयरोगको उत्पत्ति हुन नदिनका लागि असुरोको सेवन गर्नुपर्दछ। यसको विश्वास धेरैले गर्दछन् ॥२॥

क्षयरोगे नवनीत-मधु-सितोपलाशनम् :–

अयि सुन्दरि सुन्दरानने रुचिरापांगतंरगलोचने ॥
नवनीतमधूपलाशनाद् उडुराजोऽपि भवेत् क्षयक्षयः ॥३॥

अन्वयः

अयि रुचिरापांगतरंगलोचने ! सुन्दरानने ! सुन्दरि ! नवनीतमधूपलाशनाद् उडुराजोऽपि क्षयक्षयो भवेत् ॥३॥

व्याख्याः

अयि प्रियसम्बोधनम् । **रुचिरापांगतरंगलोचने** ! रुचिरं अपांगतरंगं लोचने यस्याः सा, सम्बोधनम्, झिम्क्याइएका मनोहर सौन्दर्ययुक्त आँखा भएकी ! **सुन्दरानने** ! सुन्दर मुख भएकी ! **सुन्दरि** हे सुन्दरी ! **नवनीतमधूपलाशनाद्** नवनीतं च मधु च उपला सितोपला च अशनाद्; नौनी, मह र मिश्री खानाले। **उडुराजोऽपि** नक्षत्रराजश्चन्द्रः, नक्षत्रराज चन्द्रमा पनि। **क्षयक्षयः** क्षयरोगको क्षय भएको। **भवेत्** होस् ॥३॥

भावार्थः

आँखाको सुन्दर झिम्क्याइ भएकी हे सुन्दरी ! नौनी, मह र मिश्री खाएमा चन्द्रमा पनि क्षयरहित हुनेछन् ॥३॥

__विशेषः__ चन्द्रमालाई क्षयरोगको कलंक लागेको छ। पुराण अनुसार चन्द्रमालाई क्षयले जहिल्यै सताइरहेको हुन्छ। चन्द्रमाको कला अनुसार पनि त्यस्तै देखिन्छ। पूर्णिमाको चन्द्र प्रतिपदादेखि द्वितीया तृतीया हुँदै अमावस्यासम्ममा पूर्ण क्षयको अवस्थामा देखिन्छन्। यो चन्द्रको कलाक्षय हो। यहाँ प्रस्तुत औषधिको महत्व दर्शाउन कवि लोलिम्बराजले चन्द्रमाको प्रसंग उठाएका हुन्।

इति क्षयप्रतीकारः ॥
यति क्षयप्रतीकार सकियो ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अथ व्रणप्रतीकारः

व्रणहरणाय त्रिफलाकषायः –

अयि कोमलकुन्तलावलीविलसन्मालतिकामनोहरे !
त्रिफलाजनितः कषायकः सहितो गुग्गुलुना व्रणं जयेत् ॥४॥

अन्वयः

अयि कोमलकुन्तलावलीविलसन्मालतिकामनोहरे ! त्रिफलाजनितः कषायकः गुग्गुलुना सहितो व्रणं जयेत् ॥४॥

व्याख्याः

अयि इति प्रियसम्बोधनम् । **कोमलकुन्तलावलीविलसन्मालतिकामनोहरे** ! कोमलानां मृदुलानां कुन्तलानां केशानां आवली आवलिः पंक्तिः, अलकाः वा **कोमलकुन्तलावली** तया विलसन्ती मालतिका मालतीपुष्पम् तस्या मालत्याः मनोहरता यया धारिता सा **मालतिकामनोहरा**, तत्सम्बुद्धौ, हे नरम नरम केशका पंक्तिका कारणले चम्किएका कपालमा सुहाएर खुलेको मालतीपुष्पको शोभाले मन हरण गर्ने मेरी मनोहरा मुरासा ! **त्रिफलाजनितः** त्रिफलया हरीतकीविभीतकामलकीमिलितया, **जनितः** उत्पादितः, हर्रो-वर्रो-अमला मिलाएको त्रिफला पकाएर बनाएको । **कषायकः** क्वाथः, काढा । **गुग्गुलुना सहितः** पुरेण सहितः, गुग्गुलुसमेत मिलाएको । **व्रणम्** ईर्मम्, अरुम्, घाउलाई । **जयेत्** विजयेत् शमयेद् वा, जित्दछ, निको पार्दछ ॥४॥

भावार्थः

हे नरम नरम केशका पंक्तिका कारणले चम्किएका कपालमा सुहाएर खुलेको मालतीफूलको शोभाले मन हरण गर्नेगरी सुशोभित मेरी मनोहरा मुरासा ! त्रिफलाको क्वाथ गुग्गुलका साथ सेवन गर्दा व्रण (घाउ खटिरा आउने रोग) निको हुन्छ ॥४॥

इति व्रणप्रतीकारः ॥
यति व्रणप्रतीकार सकियो ॥

अथ स्थौल्यप्रतीकारः

स्थौल्यहरणाय समधुशीतोदकम् :–

मदनज्वरकारिनामधेये ! रसिके ! रत्नकले ! प्रभातकाले ॥
शिशिराम्बु पिबन्मधुप्रयुक्तं गणनाथोऽपि भवेत् किलास्थिशेषः ॥५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

मदनज्वरकारिनामधेये ! रसिके ! रत्नकले ! प्रभातकाले मधुप्रयुक्तं शिशिराम्बु पिबन्, गणनाथोऽपि किलास्थिशेषः भवेत् ।

व्याख्याः

मदनज्वरकारिनामधेये ! मदनज्वरो नाम अनंगज्वरोऽतनुवह्निवर्द्धनस्तं या करोति सा तन्नामधेया कामोद्दीपिनी प्रियतमा, सम्बुद्धौ, ममा कामताप उठाउने मदनज्वरकारिणी नामकी हे मेरी प्रियतमा ! **रसिके** ! रमाइला कुरा गर्ने हे रसिली ! **रत्नकले** ! हे रत्नकला ! **प्रभातकाले** बिहानसबेरै । **मधुप्रयुक्तम्** मह मिसाइएको । **शिशिराम्बु** शीताम्बु, चिसो पानी । **पिबन्** पिउँदा **गणनाथोऽपि** लम्बोदरोपि, भुँडे गणेश पनि । **किलास्थिशेषः** किल इति अव्ययम्, **अस्थिशेषः** अस्थिमात्रं शेषो यस्यास्तीति, हाडमात्र बाँकीरहेको । **भवेत्** होला ।

भावार्थः

ममा कामताप उठाउने मदनज्वरकारिणी नामकी हे मेरी प्रियतमा ! हे रसिली रत्नकला ! बिहान सबेरै चिसो पानीमा मह घोलेर पिउँदा भुँडे गणेश पनि हाड मात्र बाँकीरहेका हुनेछन् । अर्थात् बिहानै महसित चिसो पानी पिउने यो सरल उपाय मोटोपन घटाउनका लागि उत्तम छ ।

इति स्थौल्यप्रतीकारः ॥
यति स्थौल्यप्रतीकार सकियो ॥

अथ कृमिप्रतीकारः

त्रिकटुकाद्येकादशानां कृमिहरकषायः –

त्रिकटुत्रिफलाकलिंगनिम्बत्रिवृदुग्राखदिरोद्भवः कषायः ॥
पशुमूत्रसमन्वितो निपीतः कृमिकोटीरपि हन्ति हन्त ! वेगात् ॥६॥

अन्वयः

त्रिकटुत्रिफलाकलिंगनिम्बत्रिवृदुग्राखदिरोद्भवः कषायः पशुमूत्रसमन्वितो निपीतः कृमिकोटीरपि हन्त ! वेगाद् हन्ति ॥६॥

व्याख्याः

त्रिकटुत्रिफलाकलिंगनिम्बत्रिवृदुग्राखदिरोद्भवः– त्रिकटुः कटुत्रयम्–पिप्पली, मरिचं, शुण्ठी । **त्रिफला** फलत्रिकम्–हरीतकी, विभीतकः, आमलकी । **कलिंगः** इन्द्रयवः, इन्द्रजौ । **निम्बः** तिक्तकः, नीम । **त्रिवृत्**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

निशोथ। **उग्रा** यवानिका, ज्वानू। **खदिरः** इरिमेदः, खयर। (एभिः) **उद्भवः** यिनीहरूबाट बनाइएको। **कषायः** क्वाथः, काढा। **पशुमूत्रसमन्वितः** पशुमूत्रम् गोजादिकानां मूत्राष्टकम्, यत्र न नामनिर्दिष्टं तत्र गोमूत्रं ग्राह्यम्, अतः पशुमूत्रेणात्र गोमूत्रं बोद्धव्यम्, गहुँत मिलाएर। **निपीतः** पिएको अवस्थामा। **कृमिकोटीरपि** करोडौं कृमिलाई पनि, जुनसुकै कृमिलाई पनि। **हन्त** ! इति अव्ययम्। **वेगात्** वेगका साथ। **हन्ति** मार्दछ ॥६॥

भावार्थः

त्रिकटु (पिप्ला, मरिच, शुठो), त्रिफला (हर्रो, वर्रो, अमला), इन्द्रजौ, नीम, निशोथ, ज्वानू र खयर यिनीहरूबाट बनाएको क्वाथ गोमूत्र मिलाएर पिउनाले जुनसुकै कृमि पनि मर्दछन् ॥६॥

इति कृमिप्रतीकारः ॥
यति कृमिप्रतीकार सकियो ॥

अथ मुखपाकप्रतीकारः

मुखपाके जात्यादिनवानां कषायः –

जातिप्रवालत्रिफलायवासदारु[७०] त्रियामामृतगोस्तनीनाम् ॥
कषायकः क्षौद्रयुतो निहन्ति मुखस्य पाकं मुखपंकजस्थम् ॥७॥

अन्वयः

जातिप्रवाल-त्रिफला-यवास-दारु-त्रियामा-मृत-गोस्तनीनाम् क्षौद्रयुतः कषायकः मुखपंकजस्थम् मुखस्य पाकम् निहन्ति ॥७॥

व्याख्याः

जातिप्रवालत्रिफलायवासदारुत्रियामामृतगोस्तनीनाम्– जातिप्रवालम्, जातिपुष्पस्य पत्रम्, चमेलीका पात। **त्रिफला** हरीतकी विभीतकः आमलकी। **यवासो** धन्वयासः, धमासा। **दारु** इत्यनेन दारुहरिद्रा ग्राह्यमत्र दार्वी, चुत्रो। **त्रियामा** निशा, हरिद्रा, बेसार। **अमृता** गुडूची। **गोस्तनी** द्राक्षा, दाख। –एतेषाम् यिनीहरूको। **क्षौद्रयुतः** मधुयुतः, मह मिलाइएको। **कषायकः** क्वाथः, काढा। **मुखपंकजस्थम्** मुखकमलस्थम्, गण्डूषधारणमिति, मुखमा राखिएको गण्डूषले। **मुखस्य पाकम्** मुखपाक (मुख पाक्ने) रोगलाई। **निहन्ति** नाशयति, नाश गर्दछ।

भावार्थः

चमेलीका पात, त्रिफला, धमासा, चुत्रो, हलेदो, गुर्जो, दाख यिनीहरूबाट बनाइएको क्वाथलाई महमा मिलाएर मुखमा गण्डूष आदि राख्नाले मुख पाक्ने रोगलाई निको पार्दछ ॥७॥

---

७० अत्र दारु इत्यस्य स्थाने सदारु, दार्वी इति पाठान्तरम्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विशेषः– मुखशोधनका लागि आयुर्वेदीय आचार्यहरूले दुईवटा विधि बताएका छन् । ती हुन्– गण्डूषधारण र कवलग्रह । **मुखे सञ्चार्यते या तु सा मात्रा कवलः स्मृता । असञ्चारा तु या मात्रा स गण्डूषः प्रकीर्तितः ॥** जुन द्रवद्रव्य (Solution, तरल द्रव्य) मुखमा चलाउने गरिन्छ त्यसलाई कवल अर्थात् कुल्ला भन्ने बुझ्नुपर्छ । द्रवद्रव्यलाई नचलाइकन मुखमा केही बेर राखिरहने क्रियालाई गण्डूषधारण भनिन्छ । चिल्लो द्रव राखेर स्नेहगण्डूष धारण गर्दा ओठ फुटेको, ओठ खम्रो हुने, मुख सुक्ने, दाँतका रोगहरू, स्वरमा देखा पर्ने विकृति आदिमा फाइदा हुन्छ । वर, पिपल, डुम्री आदि दुध आउने दुध आउने जातका वनस्पतिहरू, खयर, इरिमेद आदिका बोक्राको हिमकषाय मुखमा राखेर कवलग्रह वा कुल्ला गर्नाले मुखदुर्गन्धि, मुखवैरस्य, मुखमल आदिमा हित गर्दछ ।

इति मुखपाकप्रतीकारः ॥
यति मुखपाकप्रतीकार सकियो ॥

अथ प्रमेहप्रतीकारः

प्रमेहे शिवाकषायः –

स्फुरत्सुन्दरोदारमन्दारदामप्रकामाभिरामस्तनद्वन्द्वरम्ये !
हरिद्रारजो माक्षिकाभ्यां विमिश्रः शिवायाः कषायः प्रमेहापहारी ॥८॥

अन्वयः

स्फुरत्सुन्दरोदारमन्दारदामप्रकामाभिरामस्तनद्वन्द्वरम्ये ! हरिद्रारजो माक्षिकाभ्यां विमिश्रः शिवायाः कषायः प्रमेहापहारी ॥८॥

व्याख्याः

स्फुरत्सुन्दरोदारमन्दारदामप्रकामाभिरामस्तनद्वन्द्वरम्ये !– **स्फुरत्** देदीप्यमानं प्रकाशमानम्, झल्झलाकार उज्यालो वा चमकयुक्त, चम्किलो; **सुन्दरम्** रुचिरं रम्यम्, राम्रो; **यत्, उदारस्य** महतः महिमायुक्तस्य ठूलो, गहकिलो; **मन्दारस्य** अर्कपुष्पस्य आँकको फूलको; **दाम्ना** हारेण, माल्येन हारले या मालाले; **प्रकामम्** यथेप्सितम् यथेच्छम् प्रशस्त वा, चाहिएजति, सोचेजस्तै; **अभिरामम्** आनन्दमयं **यत्, स्तनद्वन्द्वम्** स्तनयुगलं दुवै स्तनहरू; **तेन रम्या** त्यसले गर्दा राम्री; **या** जो छ; **सा** तिनी तत्र सम्बुद्धौ रम्ये इति– चम्किला र सुन्दर ठूला गहकिला आँकका फूलका मालाले प्रशस्त आनन्दमय दुवै स्तनहरू भएकी र यिनैले गर्दा राम्री भएकी हे मुरासा ! **हरिद्रारजो** हरिद्राचूर्णम्, बेसार । **माक्षिकाभ्यां विमिश्रः** मधुभ्यां मिश्रितः महमा मिसाएर । **शिवायाः**[७१] हरीतक्याः, हर्रोको । **कषायः** क्वाथः काढा । **प्रमेहापहारी** प्रमेहस्य अपहर्ता, प्रमेहनाशक हुन्छ ॥८॥

---

७१ शिवाको अर्थ बाहुल्यतामा हरीतकी हो । आमलकी अमलालाई पनि शिवा भनिन्छ । टीकाकारहरू कसैले हरीतकी र कसैले आमलकी अर्थ ग्रहण गरेका छन् । द्रव्यगुण विज्ञानको आधारमा दुवै प्रमेहमा हितकारक छन् । रोगीको अवस्था आवश्यकता अनुसार चिकित्सकले यहाँ आफ्नो विवेक प्रयोग गर्नु उचित हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

चम्किला र सुन्दर ठूला गहकिला आँकका फूलका मालाले प्रशस्त आनन्दमय दुवै स्तनहरू भएकी र तिनैले गर्दा राम्री देखिएकी हे मुरासा ! महमा रगेटिएको हरिद्रा चूर्ण(बेसार) र हर्रोको काढा प्रमेह अर्थात् मधुमेहनाशक हुन्छ ॥८॥

नानामेहनिवारको गुडूचीस्वरसः –

समधुश्छिन्नास्वरसो नानामेहनिवारणः ।
वदन्ति भिषजः सर्वे शरदिन्दुनिभानने ॥९॥

अन्वयः

शरदिन्दुनिभानने ! सर्वे भिषजः समधुश्छिन्नास्वरसो नानामेहनिवारणः (इति) वदन्ति ॥९॥

व्याख्याः

शरदिन्दुनिभानने ! शरदः शरत्कालस्य इन्दुश्चन्द्रस्तेन नियतं भातीति निभः सदृशः, तादृश एव आननं मुखं यस्या सा, सम्बुद्धौ, हे शरत्कालका चन्द्रमाको जस्तै अनुहार भएकी उज्याली मुरासा ! **सर्वे भिषजः** सर्वे चिकित्सकाः, सबै चिकित्सकहरू/आयुर्वेदज्ञहरू । **समधुः** मधुना सह, महसित । **छिन्नास्वरसो** छिन्नायाः छिन्नरुहायाः गुडूच्याः, गुर्जोको । **स्वरसः** यन्त्रनिष्पीडितो रसः, ताजा रस । **नानामेहनिवारणः** नानाथरिको प्रमेह/मधुमेहको निवारण गर्ने । **वदन्ति** कथयन्ति, भन्दछन् ॥९॥

भावार्थः

हे शरत्कालका चन्द्रमाको जस्तै अनुहार भएकी उज्याली मुरासा ! महसित सेवन गरिएको गुर्जोको ताजा रस विभिन्न किसिमका प्रमेह/मधुमेहको निवारण गर्ने हुन्छ भनेर सबै भिषक्हरू/चिकित्सकहरू भन्दछन् ।

इति प्रमेहप्रतीकारः ॥
यति प्रमेहप्रतीकार सकियो ॥

अथ वातरक्तप्रतीकारः

वातरक्ते अमृताव्रतती :–

रतिकेलिकलाकुशले ! विलसद्वलये ! मलयेन समानकुचे !
अमृताव्रतती रुवुतैलवती दलयेदनिलास्रमुदारतरम् ॥१०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

रतिकेलिकलाकुशले ! विलसद्वलये ! मलयेन समानकुचे ! रुवुतैलवती अमृताव्रतती अनिलास्रमुदार तरम् दलयेत् ॥१०॥

व्याख्याः

रतिकेलिकलाकुशले ! रतिकेलिकलायां रतिक्रीडाकलायाम् कुशला दक्षा या स्त्री सा, हे रतिक्रीडाका विभिन्न कलामा कुशल वा चतुरी मेरी श्रीमती ! **विलसद्वलये** ! विलसद् शोभायमानं वलयं कंकणं करे यस्याः सा, हातमा छन्छनाइरहेका शोभायमान चुरा लगाएकी ! **मलयेन समानकुचे** ! मलयेन मलयपर्वतेन पीनत्वेन सुगन्धत्वेन च समानकुचे, मलयपर्वतजस्तै उच्च र सुगन्ध भएका स्तन भएकी ! **रुवुतैलवती** एरण्डतैलेन युक्ता अडीरको तेल मिलाइएको । **अमृताव्रतती** गुडूचीलता, गुर्जोको लहरा । **उदारतरम्** प्रबलतरम्, बलवान् । **अनिलास्रम्** वातरक्तम्, वातरक्तरोगलाई । **दलयेत्** नाशयेत्, नाश गरोस् ॥१०॥

भावार्थः

हे रतिक्रीडाका विभिन्न कलामा कुशल वा चतुरी हातमा छन्छनाइरहेका शोभायमान चुरा लगाएकी मेरी श्रीमती ! एरण्डतैलमा गुडूची (गुर्जो)को लहरा मिलाएर सिद्ध गरेको तेलले बलवान् वातरक्तरोगलाई निको पार्दछ ॥१०॥

वातरक्तापहं पिण्डतैलम् :–

मधूत्थारुणागोपिकादेवधूपैः शृतं वातरक्तापहं पिण्डतैलम् ॥
कषायः सहैरण्डतैलेन पीतस्तथैरण्डसिंहास्यवत्सादनीनाम् ॥११॥

अन्वयः

मधूत्थारुणागोपिकादेवधूपैः शृतं पिण्डतैलं वातरक्तापहम् । तथैरण्डसिंहास्यवत्सादनीनाम् कषायः एरण्डतैलेन सह पीतः वातरक्तापहः॥१०॥

व्याख्याः

मधूत्थारुणागोपिकादेवधूपैः **मधूत्थम्** मधूत्थितम्, मैन । **अरुणा** मञ्जिष्ठा, मजिठो । **गोपिका** गोपी सारिवा/दुधे लहरो । **देवधूपः** सुरधूपः, शालधूप । (एभिः) **शृतं** पक्वं यिनीहरूको कल्कमा पकाएको । **पिण्डतैलं** स्नेहसिद्धं पिण्डतैलम्, स्नेहपाकविधिले तयार गरिएको पिण्डतैल । **वातरक्तापहम्** वातरक्तरोगनाशक हुन्छ । **तथैरण्डसिंहास्यवत्सादनीनाम्**– तथा त्यसैगरी, **एरण्ड** अडीर । **सिंहास्यः** असुरो । **वत्सादनी** गुडूची, गुर्जो । एतेषां यिनीहरूको **कषायः** क्वाथ । **सहैरण्डतैलेन** एरण्डतैलेन सह, एरण्डतैलसँग । **पीतः** पिएको । **वातरक्तापहः**, वातरक्तरोगनाशक ॥११॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

मैन, मजिठो, सारिवा र शालधूप (राल)को कल्कमा पाक गरेर सिद्ध गरिएको पिण्डतैलमालिस गर्नाले तथा एरण्ड, असुरो र गुर्जो पकाएर बनाएको क्वाथ एरण्ड तेलसित खानाले वातरक्तरोग निको हुन्छ ॥११॥

इति वातरक्तप्रतीकारः ॥
यति वातरक्तप्रतीकार सकियो ॥

अथ विसूचिकाप्रतीकारः

विसूचिकायां लशुनाद्यष्टानां चूर्णम् :–

लशुनजीरकगन्धकसैन्धवत्रिकटुरामठचूर्णमिदं समम् ॥
सपदि निम्बुरसेन विसूचिकां[७२] हरति भो रतिभोगविचक्षणे ॥१२॥

अन्वयः

भो रतिभोगविचक्षणे ! लशुन-जीरक-गन्धक-सैन्धव-त्रिकटु-रामठ-चूर्णमिदं समम् निम्बुरसेन सपदि विसूचिकां हरति ॥१२॥

व्याख्याः

भो रतिभोगविचक्षणे ! रतिभोगे कामभोगे विचक्षणा विदुषी, सम्बुद्धौ, हे रतिक्रीडाविषयकी विदुषी मुरासा ! **लशुनजीरकगन्धकसैन्धवत्रिकटुरामठचूर्णमम्** रामठो हिंगुः, लशुन, जीरा, गन्धक, सिधे नुन, त्रिकटु, हिङ यिनीहरूको । **चूर्णम्** धुलो । **इदम्** यो । **समम्** बराबर भागको । **निम्बुरसेन** निम्बुकरसेन, कागतीको रससित (सेवन गर्नाले) । **सपदि** झट्टै, चाँडै । **विसूचिकाम्** विसूचिकारोगम्, सियोले घोचेको जस्तै गरी जिउ दुखाउने विसूचिका (हैजा) रोगलाई । **हरति** हरणं करोति, हरण गर्दछ ॥१२॥

भावार्थः

हे रतिक्रीडाविषयकी विदुषी मुरासा ! लशुन, जीरा, गन्धक, सैन्धव लवण, त्रिकटु र हिङ आठै द्रव्य बराबर भाग मिलाएर बनाएको चूर्णलाई कागतीको रससित सेवन गरेमा सियोले घोचेको जस्तै गरी जिउ दुखाउने विसूचिका (हैजा) रोगलाई निको पार्दछ ।

---

७२ सूचीभिरिव गात्राणि भिनत्तीति विसूचिका ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विसूचिकायां तृषावान्तिहरं भेषजम् :-

रुग्लाजाब्दवटप्ररोहमधुकैर्मध्वन्वितैः कल्पिता ।
उग्रामाशु तृषां भृशं प्रशमयेदास्यान्तरस्था वटी ॥
एलालाजलवंगनागचपलास्त्रीकोलमज्जाम्बुद-
श्रीखण्डं मधुखण्डयुक्प्रशमयेद्वान्तिं त्रिदोषोद्भवाम् ॥१३॥

अन्वयः

रुग्लाजाब्दवटप्ररोहमधुकैर्मध्वन्वितैः कल्पिता आस्यान्तरस्था वटी आशु उग्रां भृशं तृषां प्रशमयेद् मधुखण्डयुक् एलालाजलवंगनागचपलास्त्रीकोलमज्जाम्बुदश्रीखण्डं त्रिदोषोद्भवाम् वान्तिं प्रशमयेद् ॥१३॥

व्याख्याः

रुग्लाजाब्दवटप्ररोहमधुकैः- रुक् कुष्ठम् कुठ । **लाजा** लावा भृष्टधान्यम्, धान भुटेर बनाएको फूल/लाजा । **अब्दः** मेघः मुस्तकः मोथे । **वटप्ररोहः** वटांकुरः, वरका आँकुरा वा दाह्री । **मधुकम्** यष्टिमधुकम्, जेठीमधु । एतैः यिनीहरूले । **मध्वन्वितैः** मधुसहितैः मह मिलाएर । **कल्पिता** परिकल्पिता तयार पारिएको । **आस्यान्तरस्था** मुखभित्र राखिएको । **वटी** गुटी, गोलीले । **आशु** छिटो । **उग्राम्** उखरमाउलो । **भृशम्** अत्यधिकम्, ज्यादा । **तृषाम्** तृष्णालाई । **प्रशमयेद्** शमनं कुर्यात्, शमन गरोस् । **मधुखण्डयुक्** मधुखण्डयुक्तम्, मह र सख्खर मिलाइएको । **एलालाजलवंगनागचपलाश्रीकोलमज्जाम्बुदश्रीखण्डम्** -**एला** बहुला अलैंची । **लाज** लाजा । **लवंग** ल्वाङ । **नागम्** नागकेशरम् । **चपला** पिप्पली पिप्ला । **स्त्री** प्रमदा, प्रियंगुः दहीगुहेली । **कोलमज्जा** बयरको गुदी । **अम्बुदः** मेघः मोथे । **श्रीखण्डम्** श्रीखण्ड चन्दन । **त्रिदोषोद्भवाम्** तीनै दोषबाट भएको । **वान्तिम्** वमन रोगलाई । **प्रशमयेद्** शमन गरोस् ॥१३॥

भावार्थः

कुठ, धानको फूल (लाजा) मोथे, वरका दारी (वटांकुर), जेठीमधु यिनीहरूलाई मह समेत मिलाएर तयार पारिएको गोली मुखमा राखेर चुस्दा विसूचिकाजन्य अत्यधिक उग्र तीर्खाको उखरमाउलोलाई शमन गर्दछ। मह र सख्खर या मिश्री मिलाएर बनाएको अलैंची, लाजा, ल्वाङ, नागकेशर, पिप्ला, दहीगुहेंली, बयरको गुदी, मोथे, श्रीखण्डबाट बनाएको गोलीले त्रिदोषज वमनलाई पनि शमन गर्दछ ॥१३॥

इति विसूचिकाप्रतीकारः ॥
यति विसूचिकाप्रतीकार सकियो ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अथ निदाघप्रतीकारः

निदाघे भेषजम् :–

रमारम्याकारे ! चतुरवचने ! चारुचिकुरे !
विमैल्यालंकारे ! करतललसन्नीलनलिने !
निदाघः संजातस्तव वर[७३] सरोजन्म–कदली–
दलैः क्षिप्ते तल्पे स्वपिसि यदि साहित्यनिपुणे ॥१४॥

अन्वयः

रमारम्याकारे! चतुरवचने! चारुचिकुरे! विमूल्यालंकारे! (चेत) करतललसन्नीलनलिने! साहित्यनिपुणे! यदि निदाघः संजातः तववर ? सरोजन्म-कदलीदलैः क्षिप्ते तल्पे स्वपिसि ॥१४॥

व्याख्याः

रमारम्याकारे ! रमायाः इव रम्यं रुचिरं आकारं आकृतिर्यस्याः, लक्ष्मीको जस्तै सुन्दर आकृति भएकी! **चतुरवचने** ! चतुरं वक्तीति, वचने चतुरा या, बोलैया या फरासिली । **चारुचिकुरे** ! चारु सुन्दरम् चिकुरं केशवेशं यस्याः, सुन्दर केशविन्यास भएकी ! **विमूल्यालंकारे** ! विशिष्टं मूल्यं विमूल्यं तादृशं अलंकारं यस्याः बहुमूल्य र अनमोल अलंकारहरूले सजिएकी ! **करतललसन्नीलनलिने** ! करतले लसत् समुज्ज्वलत् नीलनलीनम् नीलकमलम् यस्याः, हातमा झल्झलाउँदो नीलकमल लिएकी ! **साहित्यनिपुणे** ! हितेन सह सहितस्तस्य भावः साहित्यम् तादृशे भावे या निपुणा परिपूर्णा सा, हितकारी भावमा निपुण भएकी ! **निदाघः** घर्मः गर्मी, औडाहा। **संजातः** सम्भूतः पैदा भएको छ । **तव** तिम्रो । **वर** प्रियवर ! **सरोजन्म-कदलीदलैः** सरोजकदलीदलैः कमल र केराका पातहरूलाई । **क्षिप्ते तल्पे** ओछ्याइएको बिछौनीमा । **स्वपिसि यदि** (चेत्) सुत्छ्यौ कि ? ॥१४॥

भावार्थः

हे लक्ष्मीको जस्तै सुन्दर रूप भएकी, फरासिलो बोली भएकी, सुन्दर केशविन्यास भएकी, अनमोल गहनाहरू लगाएकी, हातमा उज्ज्वल नीलकमल लिएकी साहित्यिक भावकी निपुण मेरी श्रीमती मुरासा ! के तिमीलाई गर्मी लागेको छ ? बिछौनामा कमल र केराका पातहरू ओच्छ्याएर सुत्छ्यौ कि ? यसो गरेमा शीतल हुनेछ ॥१४॥

इति निदाघप्रतीकारः ॥
यति निदाघप्रतीकार सकियो ॥

---

७३ वर इत्यस्य स्थाने किमु इति पाठान्तरं समीचीनम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अथ पामाप्रतीकारः

पामाहरो लेपः :-

रसद्विजीरद्विनिशामरीचसिन्दुरदैत्येन्द्रमनःशिलानाम् ॥
चूर्णीकृतानां घृतमिश्रितानां त्रिभिः प्रलेपैरपयाति पामाम् ॥१५॥

अन्वयः

रसद्विजीरद्विनिशामरीचसिन्दुरदैत्येन्द्रमनःशिलानाम् चूर्णीकृतानां घृतमिश्रितानां त्रिभिः प्रलेपैः पामां अपयाति ॥१५॥

व्याख्याः

रसद्विजीरद्विनिशामरीचसिन्दुरदैत्येन्द्रमनःशिलानाम्- रसः पारदः पारो । **द्विजीरः** जीरकद्वयम् शुक्लजीरकः कृष्णजीरकः, जीरा र कालो जीरा । **द्विनिशा** हरिद्राद्वयम्, हरिद्रा, दारुहरिद्रा, हलेदो र चुत्रो । मरिचम् । सिन्दूरम् । **दैत्येन्द्रः** गन्धकः । **मनःशिलानाम्** मनःशिलासमेत यिनीहरूको **चूर्णीकृतानाम्** चूर्ण पारिएको । **घृतमिश्रितानाम्** घिउ मिसाएको । **त्रिभिः प्रलेपैः** तीनपटक लेप गर्नाले । **पामाम्** लुतो/ज्यादा चिलाउने रोग । **अपयाति** जान्छ निको हुन्छ ॥१५॥

भावार्थः

पारो, जीरा, कालो जीरा, हलेदो, चुत्रो, मरिच, सिन्दूर, गन्धक र मनःशिला यिनीहरूको चूर्ण बनाएर गाईको घिउमा मुछेर लेप बनाई तीन पटक लगाउँदा पामा अर्थात् लुतो जस्तो ज्यादा चिलाउने रोगलाई निको पार्दछ ॥१५॥

इति पामाप्रतीकारः ॥
यति पामाप्रतीकार सकियो ॥

अथ दुर्नामादिप्रतीकारः

दुर्नामादिरोगे पथ्यातिलारुष्करककृतं मोदकम् :-

पथ्यातिलारुष्करकैः समांशैः गुडेन युक्तं खलु मोदकं स्यात् ॥
दुर्नामपाण्डूदरकुष्ठमेहश्वासं जयेत् प्लीहरुजं च तद्वत् ॥१६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

पथ्यातिलारुष्करकैः समांशैः खलु गुडेन युक्तं मोदकं स्यात्, दुर्नाम-पाण्डू-दर-कुष्ठ-मेह-श्वासं तद्वत् प्लीहरुजं च जयेत् ॥१६॥

व्याख्याः

पथ्यातिलारुष्करकैः– पथ्या हरीतकी। **तिलम्** तिल। **अरुष्करकः** भल्लातकः, भलायो। एतैः **समांशैः** बराबर भागमा लिएर। **खलु गुडेन युक्तम्** सखखर मिसाएर। **मोदकम्** लड्डू। **स्यात्** होस्। **दुर्नाम-पाण्डू-दर-कुष्ठ-मेह-श्वासम्** दुर्नाम अर्श, पाण्डु, उदर, कुष्ठ, प्रमेह र श्वासरोगलाई। **तद्वत्** त्यस्तै। **प्लीहरुजम्** प्लीहाका रोगलाई। **च** पनि। **जयेत्** जितोस् ॥१६॥

भावार्थः

हरीतकी, तिल र भलायोको बराबर भाग लिएर गुड मिलाई बनाएको लड्डू खाएमा दुर्नाम अर्श, पाण्डु, उदर, कुष्ठ, प्रमेह र श्वासरोगलाई र साथै प्लीहाका रोगहरूलाई पनि निको पार्दछ ॥१६॥

इति दुर्नामादिप्रतीकारः ॥
यति दुर्नामादिप्रतीकार सकियो ॥

अथ कण्डूप्रतीकारः

कण्डूहरो लेपः –

मदनसैन्धवगुग्गुलुगैरिकाज्यमधुरालकपंकविलेपनात् ॥[७४]
स्फुटितमप्यखिलं चरणद्वयं विकचतामरसप्रतिमं भवेत् ॥१७॥

अन्वयः

मदनसैन्धवगुग्गुलुगैरिकाज्यमधुरालकपंकविलेपनादखिलं स्फुटितमपि चरणद्वयं विकचतामरसप्रतिमं भवेत् ॥१७॥

व्याख्याः

मदनसैन्धवगुग्गुलुगैरिकाज्यमधुरालकपंकविलेपनात्–मदनम् मधूत्थम्, मैन। सैन्धव लवण। गुग्गुलु। **गैरिकम्** गिरिमृत्तिका, गेरु। **आज्यम्** घृतम्। मधु। **रालकः** शुद्ध रालः, शालधूप। **पंकविलेपनात्** यिनीहरूको पिष्ट (लेदो, लेप, मलम) लगाउनाले। **अखिलम्** निखिलम्, सबै। **स्फुटितम्** अपि, फुटेको छ भने पनि। **चरणद्वयम्** पादद्वयम्, दुवै पाउ। **विकचतामरसप्रतिमम्** विकचम् प्रफुल्लम् तामरसम् कमलम्, तेन प्रतिमं सन्निभम् तुल्यम्, फक्रिरहेको कमलको फूलको जस्तै निखार, पुष्टता, कोमलता, निर्मलता। **भवेत्** होस् ॥१७॥

---

७४ अत्र रालकस्थाने बालक इति पठित कुत्र। बालकं ह्रीबेरं सुगन्धवालः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

मैन, सिधे नुन, गुग्गुल, गेरु, घिउ, मह, शालधूप यिनीहरूको लेप बनाएर लगाउनाले फुटेका सबै ठाउँमा निको पार्दछ। पैतालामा लगाउँदा कमलको फूलमा देखिने विकचता अर्थात् कोमलता, निर्मलता र लावण्यता वा निखार प्रदान गर्दछ ॥१७॥

इति कण्डूप्रतीकारः ॥
यति कण्डूप्रतीकार सकियो ॥

अथ गण्डमालाप्रतीकारः

गण्डमालाहरो लेपः –

भल्लातकाशीसहुताशदन्तीमूलैर्गुडस्नुग्रविदुग्धदिग्धैः ॥
लेपोचितैर्गच्छति गण्डमाला समीरवेगादिव मेघमाला ॥१८॥

अन्वयः

भल्लातकाशीसहुताशदन्तीमूलैर्गुडस्नुग्रविदुग्धदिग्धैः लेपोचितैर्गण्डमाला मेघमाला समीरवेगादिव गच्छति ॥१८॥

व्याख्याः

भल्लातकाशीसहुताशदन्तीमूलैर्गुडस्नुग्रविदुग्धदिग्धैः– अत्र **भल्लातम्** भल्लातकम्, भलायो। **काशीसम्** हरियो काशीस। **हुताशः** हुताशनः अग्निः। **चित्रकः** चितू। **दन्तीमूलैः** दन्तीको जराले। **गुडम्** सख्खर। **स्नुग्रविदुग्धम्** स्नुग्दुग्धम् सिउडीको दुध, रविदुग्धम् आँकको दुध। **दिग्धः** तैलम् वा लेपः, तेल वा मलहम। **लेपोचितैः** उचित लेप लगाउनाले। **गण्डमाला** कण्ठमाला, गलामा गाँडजस्तै साना साना गिर्खाका पंक्ति मालाजस्तै भएर आउने रोग। **मेघमाला** बादलको समूह। **समीरवेगादिव** हावाको वेगले जस्तै। **गच्छति** जान्छ ॥१८॥

भावार्थः

भलायो, हरियो काशीस, चितू, दन्तीको जरालाई गुड, सिउँडीको दुध र आँकको दुधसित मिलाएर लेप बनाई उचित तरिकाले लगाउनाले जसरी हावाको झोक्काले मेघमाला (बादलको समूह)लाई मेटाइदिन्छ त्यसरी नै गण्डमालारोग जान्छ निको हुन्छ ॥१८॥

इति गण्डमालाप्रतीकारः ॥
यति गण्डमालाप्रतीकार सकियो ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अथ अम्लपित्तप्रतीकारः

अम्लपित्तहरो भूनिम्बादिदशानां क्वाथः –

भूनिम्बनिम्बत्रिफलापटोलवासामृतापर्पटमार्कवाणाम् ।।[७५]

क्वाथो हरेत् क्षौद्रयुतोऽम्लपित्तं चित्तं यथा वारवधूविलासः ।।१९।।

अन्वयः

भूनिम्बनिम्बत्रिफलापटोलवासामृतापर्पटमार्कवाणाम् क्षौद्रयुतः क्वाथोम्लपित्तं तथैव हरेत् । यथा चित्तं वारवधूविलासः ।।१९।।

व्याख्याः

भूनिम्बनिम्वत्रिफलापटोलवासामृतापर्पटमार्कवाणाम्– भूनिम्ब किरातकः, चिराइतो । **निम्बः** पिचुमर्दः, नीम । **त्रिफला**–हर्रो, वर्रो, अमला । **पटोलः** कुलकः, परवल । **वासा** आटरुषकम्, असुरो । **अमृता** गुडूची, गुर्जो । **पर्पटः** पर्पटकः, पित्तपापडा । **मार्कवः** भृंगराजः । एतेषाम् **क्षौद्रयुतः** मह मिसाएको । **क्वाथः** क्वाथले । **अम्लपित्तम्** अम्लपित्तरोगलाई । **यथा** जसरी । **चित्तम्** मनलाई । **वारवधूविलासः** वारवधूभिः सह विलासः, वेश्याहरूसितको विलासले हर्दछ । (तथैव) **हरेत्** हरण गरोस् ।।१९।।

भावार्थः

चिराइतो, नीम, त्रिफला, परवल, असुरो, गुर्जो, पित्तपापडा, भृंगराज यिनीहरूको क्वाथलाई महसित सेवन गरेमा वेश्याहरूसितको विलासले मनलाई जसरी हरण गर्दछ त्यसैगरी अम्लपित्तरोगलाई पनि निको पार्दछ ।

इति अम्लपित्तप्रतीकारः ।।
यतिमा अम्लपित्तप्रतीकार सकियो ।।

अथ अश्मर्यादिप्रतीकारः

अश्मर्यादिषुः हिंग्वादिचूर्णम् –

हिंगु-क्षारद्वय-सैन्धव-सौवर्चल-विड-पिप्पली
ग्रन्थिक-चित्रक-चव्य-मरीच-कर्चूर-कुस्तुम्बरी-कवरी
तिन्तिडि-षड्ग्रंथा-जमोदा-म्लवेतस-पुष्करमूल-
नागर-करक-जीरक-हरीतकी-वृकी-विपुषा-

---

७५ वासामृतापर्पटभृंगराजैः इति पाठान्तरम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विरचितचूर्णमिदमश्मरी-हृदय-गलरोध-
विबन्धा-ध्मान-हिक्का-व्रध्न-गुदज-गुल्म-सकल-
शूल-प्लीह-पाण्डु-श्वसन-कसन-सकलसन्दहन-
सदन-वदनविरसता-विरतये समर्थतरम् ॥२०॥

अन्वय

हिंगु-क्षारद्वय-सैन्धव-सौवर्चल-विड-पिप्पली-ग्रन्थिक-चित्रक-चव्य-मरीच-कर्चूर-कुस्तुम्बरी-कवरी-तिन्तिडि-षड्ग्रंथा-जमोदा-म्लवेतस-पुष्करमूल-नागर-करक-जीरक-हरीतकी-वृकी-विपुषा-विरचितचूर्णम् इदं अश्मरी-हृदय-गलरोध-विबन्धा-ध्मान-हिक्का-व्रध्न-गुदज-गुल्म-सकल-शूल-प्लीह-पाण्डु-श्वसन-कसन-सकलसन्दहन-सदन-वदन-विरसता-विरतये समर्थतरम् ॥२०॥

व्याख्याः

हिंगुः रामठः, हिङ । **क्षारद्वयम्** स्वर्जिकयवक्षारौ, स्वर्जिक क्षार र यवक्षार । **सैन्धवम्** सैन्धवलवणम्, सिधे नुन । **सौवर्चलम्** सौवर्चललवणम्, सामुद्र नुन । **विडम्** विडलवणम्, बिरे नुन । **पिप्पली** कणा, पिप्ला । **ग्रन्थिकम्** पिप्पलीमूलम्, पिप्लाको जरा । **चित्रकः** चित्रः, चितू । **चव्यम्** चविका, चावो । **मरीचम्** मरीच । **कर्चूरम्** कचूर, सेतो हलेदो । **कुस्तुम्बरी** धान्यकम्, धनियाँ । **कवरी** वर्वरी, वनतुलसी । **तिन्तिडी** तिन्तिडिकम्, अमिली । **षड्ग्रन्था** वचा, बोझो । **अजमोदा** यवानिका, ज्वानू । **अम्लवेतसम्** राजाम्लम्, अमलबेत । **पुष्करमूलम्** पौष्करम्, पुष्करमूल । **नागरम्** विश्वम्, शुण्ठी । **करकः** लट्वाकरञ्जः, करञ्ज । **जीरकः** अजाजिका, जीरा । **हरीतकी** शिवा, हर्रो । **वृकी** पाठा, बाटुलपाते । **विपुषा** हवुषा, हपुषा (हाउबेर?) **विरचितचूर्णम्** यिनीहरूबाट बनेको चूर्ण । **इदम्** यो । **अश्मरी** पत्थरी । **हृदय** हृदयरोग । **गलरोधः** गला बसेको । **विबन्धः** दिसा कस्सिएको । **आध्मानम्** पेट फुलेको । **हिक्का** बाडुल्की । **व्रध्नः** आन्त्रवृद्धि । **गुदजः** अर्श आदि गुदविकार । **गुल्म** पेटको गानो गोला । **सकलशूल** सबै खालको शूल । **प्लीह** प्लीहाको रोग । **पाण्डु** रक्ताल्पता । **श्वसन** दम । **कसन** खोकी । **सकलसन्दहनसदन** सबै किसिमका अग्निको मन्दता । **वदनविरसता** मुखवैरस्यता, मुखको विरसता । **विरतये** हटाउनका लागि । **समर्थतरम्** समर्थ छ ॥२०॥

भावार्थः

हिङ, स्वर्जिक क्षार र यवक्षार, सिधे नुन, सामुद्र नुन, बिरे नुन, पिप्ला, पिप्लाको जरा, चितू, चावो, मरीच, कचूर (कालो हलेदो ?), धनियाँ, कवरी (वर्वरी, वनतुलसी), अमिली, बोझो, ज्वानू, अमलबेत, पुष्करमूल, शुठो, करक (करञ्ज), जीरा, हर्रो, बाटुलपाते, हपुषा (हाउबेर ?) यिनीहरूबाट बनेको चूर्णले अश्मरी (पत्थरी), हृदयरोग, गलरोध (गला बसेको), विबन्ध (दिसा कस्सिएको), आध्मान (पेट फुलेको), हिक्का (बाडुल्की), व्रध्न (आन्त्रवृद्धि), अर्श आदि गुदविकार, पेटका गानो गोला, सबै खालको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शूल, प्लीहाको रोग, पाण्डु (रक्ताल्पता), दम, खोकी, सबै किसिमका अग्निमन्दता र मुखको विरसतालाई हटाउनका लागि समर्थ छ ॥२०॥

इति अश्मर्यादिप्रतीकारः ॥

यति अश्मर्यादिप्रतीकार सकियो ॥

अथ कण्ठरोगप्रतीकारः

कण्ठरोगे भेषजम् –

गोमूत्रेण कृतः कलिंगकटुकापाठाविषाब्दामरा-
क्वाथः क्षौद्रयुतो निहन्ति सकलान् कण्ठामयान्नुद्भटान् ॥[७६]
पाठातेजवतीरसाञ्जनयवक्षारोपकुल्यानिशा-
देवानां मधुना कृता मुखधृता तद्वद्गुटी पठ्यते ॥२१॥

अन्वयः

क्षौद्रयुतो गोमूत्रेण कृतः कलिंगकटुकापाठाविषाब्दामराक्वाथः सकलान्नुद्भटान् कण्ठामयान्निहन्ति। पाठातेजवतीरसाञ्जनयवक्षारोपकुल्यानिशादेवानां मधुना कृता मुखधृतागुटी तद्वत् पठ्यते ॥२१॥

व्याख्याः

क्षौद्रयुतो मधुयुतो महसित सेवन गरिएको । **गोमूत्रेण** गहुँतका साथ । **कृतः** पाचितः, पकाएको । **कलिंगकटुकापाठाविषाब्दामराक्वाथः –कलिंगः** इन्द्रयवः, इन्द्रजौ । **कटुका** कटुतिक्ता, कुट्की । **पाठा** बाटुलपाते । **विषा** अतिविषा, अतीस । **अब्दः** मेघः मुस्तकः, मोथे । **अमरः** अमरदारुः, देवदारु । यिनीहरूबाट बनेको-**क्वाथः** काढा । **सकलान्नुद्भटान्** सबै खालका ठूला (कडा) । **कण्ठामयान्** कण्ठका रोगहरू । **निहन्ति** नाश गर्दछ। **पाठातेजवतीरसाञ्जनयवक्षारोपकुल्यानिशादेवानाम् –पाठा** वृकी बाटुलपाते । **तेजवती** तेजोवती, तुम्बुरु, टिम्मुर । **रसाञ्जनम्** चुत्रोको रसक्रिया गरेर बनाइएको क्वाथको पुनःपाक वा घन । **यवक्षारः** जौको क्षार । **उपकुल्या** पिप्पली, पिप्ला । **निशा** हरिद्रा, हलेदो । **देवः** देवदारु यिनीहरूको चूर्णलाई । **मधुना कृता** महसित मिलाएर बनाएको । **मुखधृता गुटी** मुखमा राखेको गोली । **तद्वद्** त्यसैगरी, त्यस्तै कण्ठरोगनाशक औषधिमा । **पठ्यते** पढिन्छ ॥२१॥

---

७६ सकलानुत्कटानिति पाठान्तरम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

गहुँतका साथ पकाइएको इन्द्रजौ, कुट्की, बाटुलपाते, अतीस, मोथे र देवदारु यिनीहरूबाट बनेको काढा महसित सेवन गरेमा ठूला (कडा) खालका सबै कण्ठका रोगहरूलाई नाश गर्दछ। त्यसैगरी बाटुलपाते, टिम्मुर, चुत्रोको रसक्रिया गरेर बनाइएको क्वाथको पुनःपाक वा घन (रसाञ्जन), जौको क्षार, पिप्ला, हलेदो, देवदारु यिनीहरूको चूर्णलाई महसित मिलाएर गोली बनाई मुखमा राख्नाले पनि कण्ठरोग निको हुन्छ ॥२१॥

इति कण्ठरोगप्रतीकारः ॥
यति कण्ठरोगप्रतीकार सकियो ॥

अथ अग्निमान्द्यप्रतीकारः

अग्निकरं सनिम्बुरससैन्धवशृंगवेरम् –

प्राणेश्वर ! प्रियतमे वद किं वदामि ?
तत् कान्त ! तत् किमु मृगाक्षि ! यदग्निकारी ?
सम्यक् श्रृणु प्रियतमे ! प्रणयिन् ! श्रृणोमि
खादेत् सनिम्बुरससैन्धवशृंगवेरम् ॥२२॥

अन्वयः

प्राणेश्वर ! प्रियतमे वद, किं वदामि ? तत् कान्त ! तत् किमु मृगाक्षि ! यदग्निकारी, सम्यक् श्रृणु प्रियतमे ! प्रणयिन् ! श्रृणोमि, सनिम्बुरससैन्धवशृंगवेरं खादेत् ॥२२॥

व्याख्याः

प्राणेश्वर ! प्राणस्य ईश्वरः, हे प्राणप्यारा ! **प्रियतमे, वद किं वदामि** ? प्रियतमे, भन, के भनौं ? **तत् कान्त** ! हजुर प्रियवर । **तत् किमु मृगाक्षि** ! के भनूँ त मृगलोचनी ? **यदग्निकारी** जे अग्निकारी (अग्निवर्द्धक) हो, त्यही बताउनुहोस् । **सम्यक् श्रृणु प्रियतमे** ! राम्ररी सुन प्रियतमा । **प्रणयिन्** ! **श्रृणोमि** सुन्दैछु, प्रणयिन् (प्यारा) ! **सनिम्बुरससैन्धवशृंगवेरं** निम्बुरसेन सह सैन्धवं सैन्धवलवणम्, शृंगवेरं आर्द्रकम् च, कागतीको रससित सिधे नुन र अदुवा । **खादेत्** खाओस् ॥२२॥

भावार्थः

हे प्राणप्यारा ! प्रियतमे भन के भनौं ? हजुर प्रियवर ! के भनूँ त मृगलोचनी ? जे अग्निकारी (अग्निवर्द्धक) हो त्यही बताउनुहोस् । राम्ररी सुन प्रियतमा ! सुन्दैछु प्रणयिन् (प्यारा) ! कागतीको रससित सिधे नुन र अदुवा खानुपर्छ ।

अर्थात्, कागतीको रससित सिधे नुन र अदुवा खानाले अग्निदीपन हुन्छ ॥२२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अग्निमान्द्यहरं गुल्महरं च भेषजम् हिंग्ववष्टकचूर्णम्–

हिंगुव्योषाजमोदाद्विजरणलवणं प्राग्भजेत्साज्यभक्तम् ।
गुर्वन्नं वन्हिमान्द्यं पवनविरचितं गुल्ममेतन्निहन्ति ॥[७७]
वृक्षाम्लाम्लाग्निपथ्यात्रिकटुपटुविडं जन्तुजिज्जीरयुग्मम् ।
दीप्यं सौवर्चलं चाचलमपि सकलं भष्मसात् चर्करीति ॥२३॥

अन्वयः

हिंगुव्योषाजमोदाद्विजरणलवणं साज्यभक्तं प्राग्भजेत्, एतत् गुर्वन्नं वन्हिमान्द्यं पवनविरचितं गुल्मं निहन्ति । वृक्षाम्लाम्लाग्निपथ्यात्रिकटुपटुविडं जन्तुजिज्जीरयुग्मं दीप्यं सौवर्चलं चाचलमपि सकलं भष्मसात् चर्करीति ॥२३॥

व्याख्याः

हिंगुव्योषाजमोदाद्विजरणलवणम् – **हिंगुः** रामठः हिङ । **व्योषः** त्रिकटु-पिप्ला, मरिच, शुठो । **अजमोदा** यवानी, ज्वानू । **द्विजरणम्** जीरकद्वयम्, जीरा र कालो जीरा । **लवणम्** सैन्धवलवणम् । **साज्यभक्तम्** आज्यं च भक्तं च साज्यभक्तम् तेन सह, घिउ र भातसित । **प्राक्** पहिले । **भजेत्** खाओस् । **एतत्** यसले । **गुर्वन्नम्** भारी अन्न खाएको अवस्था । **वन्हिमान्द्यम्** अग्निमान्द्य भएको अवस्था । **पवनविरचितं गुल्मम्** वातले गर्दा भएको गुल्मलाई । **निहन्ति** नाश गर्दछ । **वृक्षाम्लाम्लाग्निपथ्यात्रिकटुपटुविडम्** ।– **वृक्षाम्लम्** भकमिलो । **अम्लम्** अम्लवेतसम्, अम्लवेत । **अग्निः** चित्रकः, चितू । **पथ्या** हरीतकी, हर्रो । **त्रिकटु** पिप्पली, मरिच, शुण्ठी । **पटु** सैन्धवम्, सिधे नुन । **विडम्** बिरे नुन । **जन्तुजित्** कृमिशत्रुः, वायुविडंग । **जीरयुग्मम्** जीरकद्वयम् जीरा र कालो जीरा । **दीप्यम्** यवानी, ज्वानू । **सौवर्चलं च** सौवर्चल लवण पनि । **अचलमपि** अचल ढुंगा माटोलाई समेत । **सकलम्** पूरै । **भष्मसात्** खरानीजस्तै । **च** पनि । **चर्करीति** अतिशयेन करोति, राम्ररी तुल्याउँदछ, बनाउँदछ ॥२३॥

भावार्थः

हिङ, त्रिकटु– पिप्ला, मरिच र शुठो, ज्वानू, जीरकद्वय– जीरा र कालो जीरा, सैन्धवलवण यी आठ औषधिको चूर्ण घिउ र पहिलो गास भातसित खाएमा भारी अन्न खाएको अवस्था, अग्निमान्द्य र वातले गर्दा भएको (वातज) गुल्मलाई नाश गर्दछ । त्यस्तै, भकमिलो, अम्लवेत, चितू, हर्रो, त्रिकटु– पिप्पली, मरिच र शुण्ठी, सिधे नुन, बिरे नुन, वायुविडंग, जीरकद्वय–जीरा र कालो जीरा, ज्वानू, सौवर्चल लवण यिनीहरूको चूर्ण खाएमा अचल ढुंगा माटोलाई समेत पूरै पचाएर खरानीजस्तै बनाउँदछ ॥२३॥

---

७७ त्रिकटुकमजमोदा सैन्धवं जीरके द्वे, समधरणधृतानामष्टमो हिंगुभागः, प्रथमकवलभुक्तं सर्पिषा चूर्णमेतज्, जनयति जठराग्निं वातरोगांश्च हन्ति–भै.र.॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अग्निमान्द्यकोष्ठाटोपरुगामगुल्ममलहरो शुण्ठ्यादिनिर्मितो लोलिम्बराजचूर्णः –

शुण्ठी वाणमिता कणार्णवमिता दीप्यायवान्योः क्रमाद्
भागानां त्रितयं द्वयं च लवणाद् भागा शिवा तत्समा ॥
कोष्ठाटोपरुगामगुल्ममलहृत् लोलिम्बराजोदितः
चूर्णोऽद्रीनपि भस्मसात्प्रकुरुते किं भोजनं भो जनाः ॥२४॥

अन्वयः

वाणमिता शुण्ठी, अर्णवमिता कणा, दीप्यायवान्योः क्रमात् भागानां त्रितयं द्वयं च लवणाद्, तत्समा भागा शिवा। लोलिम्बराजोदितः चूर्णः कोष्ठाटोपरुगामगुल्ममलहृत्, अद्रीनपि भस्मसात्प्रकुरुते, भो जनाः ! किं भोजनम् ? ॥२४॥

व्याख्याः

वाणमिता शुण्ठी, पञ्च वाणाः, पाँच भाग शुठो । **अर्णवमिता** चतुर्भागा कणा, चार भाग पिप्ला । **दीप्यायवान्योः क्रमात् भागानां त्रितयं द्वयं च** जीरा र ज्वानूबाट क्रमशः तीन र दुईभाग। **लवणाद्** सैन्धवलवणबाट एक भाग। **तत्समा भागा शिवा** पूर्वोक्त सबैको भागसित बराबर हर्रो। **लोलिम्बराजोदितः** वैद्य लोलिम्बराजले बताएको। **चूर्णः** धुलोले। **कोष्ठाटोपरुक्** कोष्ठको आटोपरोग (पेट फुल्ने, कराउने, दुख्ने अवस्था) **आम-गुल्म-मलहृत्** आउँ, वायु-गोला र मलविकारलाई हरण गर्ने । **अद्रीनपि** पर्वतहरूलाई पनि । **भस्मसात्प्रकुरुते** भस्म बनाइदिन्छ। **भो जनाः** ! हे महानुभावहरू! **किं भोजनम्** ? भोजनको के कुरा ? ॥२४॥

भावार्थः

पाँच भाग शुठो, चार भाग पिप्ला, जीरा र ज्वानूबाट क्रमशः तीन र दुईभाग, सैन्धवलवणबाट एक भाग, यी सबैको भागसित बराबर हर्रो यो लोलिम्बराजले बताएको चूर्ण पेट फुल्ने, कराउने र दुख्ने (आटोप), आउँ, वायु गोला (गुल्म) तथा मलविकारलाई समेत हरण गर्ने (मलहृत्) हुन्छ। यसले अग्निलाई त भस्मसात् गर्दछभने हे महानुभावहरू! भोजनको के कुरा ? ॥२४॥

अग्निमान्द्यजिह्वाकण्ठाद्यवस्थायां हितकरं नित्यसेव्यं ससैन्धवनिम्बुरसार्द्रकम् :–

जिह्वाकण्ठहृदां विशोधनकरं वैस्वर्यशोफापहम् ।
ग्राही श्वासवलासकासबलजिद् वृष्यं कटुष्णं लघु ॥
पाके स्वादु विबन्धनुद्रुचिकरं क्षुद्बोधनं भोजने ।
भोक्तव्यं सह सैन्धवेन सततं निम्बुद्रवैरार्द्रकम् ॥२५॥

अन्वयः

जिह्वाकण्ठहृदां विशोधनकरं, वैस्वर्यशोफापहम्, ग्राही, श्वासवलासकासबलजिद्, वृष्यं, कटुष्णं, लघु, पाके स्वादु, विबन्धनुद्, भोजने रुचिकरं, क्षुद्बोधनं आर्द्रकम् सैन्धवेन निम्बुद्रवैः सह सततं भोक्तव्यम् ॥२५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्याः

जिह्वाकण्ठहृदाम् जिह्वा च कण्ठं च हृत् च तेषाम्, जिउरो, घाँटी र हृदयको । **विशोधनकरम्** विशिष्टं शोधनं करोतीति, विशेष शोधन गर्ने । **वैस्वर्यशोफापहम्** विगतं स्वरं वैस्वर्यम्, वैस्वर्यं च शोफं च अपहन्तीति, स्वरभेद र शोफलाई अपहरण गर्ने । **ग्राही** दीपन र पाचन द्रव्य जसले आफ्नो उष्णगुणका कारणले शरीरमा विद्यमान विकारको जलीयांशलाई शोषेर लिन्छ । **श्वासवलासकासबलजिद्,** श्वासं च वलासं च कासं च तेषां बलं जयतीति, श्वास, कफ र कासको बललाई जित्ने । **वृष्यम्** वृष अर्थात् साँढेजस्तै बलशाली बनाउने । **कटुष्णम्** तातो र पिरो । **लघु** हलुका । **पाके स्वादु** विपाकमा मधुर । **विबन्धनुत्** विबन्ध (दिसा कस्सिनु)लाई हटाउने । **भोजने रुचिकरम्** भोजनमा रुचि बढाउने । **क्षुद्बोधनम्** भोक जगाउने । **आर्द्रकम्** शृंगवेरम्, अदुवालाई । **सैन्धवेन सह** सैन्धवलवणका साथ । **निम्बुद्रवैः** निम्बुरसैः, कागतीको रससित । **सततम्** अनवरतं नित्यम्, सधैं, कहिल्यै नबिराइकन । **भोक्तव्यम्** खानुपर्छ ॥२५॥

भावार्थः

जिउरो, घाँटी र हृदयको विशेष शोधन गर्ने, स्वरभेद र शोफलाई अपहरण गर्ने, ग्राही (दीपन र पाचन हुनुका साथै आफ्नो उष्ण गुणका कारणले शरीरमा विद्यमान विकारको जलीयांशलाई शोषेर ग्रहण गर्ने), श्वास, कफ र कासको बललाई जित्ने, वृष्य अर्थात् साँढेजस्तै बलशाली बनाउने, तातो र पिरो, हलुका, विपाकमा मधुर, विबन्ध (दिसा कस्सिनु) लाई हटाउने, भोजनमा रुचि बढाउने, भोक जगाउने यस्तो गुण भएको अदुवालाई सैन्धवलवण र कागतीको रसका साथ कहिल्यै पनि नबिराइकन खानुपर्छ ॥२५॥

विशेषः– *नियमित रूपमा खाना खानुभन्दा अघि यो योग सेवन गरेमा निरोगी बन्न सकिन्छ । हाम्रो परम्परामा यसको प्रचलन थियो विस्तारै यो सत्कारमा सीमित भयो र आधुनिक जीवनशैलीले गर्दा विस्थापित भएर गयो । यसलाई पुनर्जागृत गर्नु जरुरत छ ।*

इति अग्निमान्द्यप्रतीकारः ॥
यति अग्निमान्द्यप्रतीकार सकियो ॥

अथ विद्रधिप्रतीकारः

विद्रध्यामन्तरुत्थितविद्रध्याञ्च शिग्र्वादिषण्णां कषायः –

शिग्रुदीप्यवरुणद्वियामिनीकुञ्जराशनकृतः कषायकः ॥
[७८]बालचूर्णसहितोन्तरुत्थितं विद्रधिं विकलयेदसंशयम् ॥२६॥

७८ बोल इति पाठोऽपि दृश्यते । समीक्षणीयः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

शिग्रुदीप्यवरूणद्वियामिनीकुञ्जराशनकृतः बालचूर्णसहितः कषायकः अन्तरुत्थितं विद्रधिं विकलयेद् असंशयम् ॥२६॥

व्याख्याः

शिग्रुदीप्यवरुणद्वियामिनीकुञ्जराशनकृतः – शिग्रुः शोभाञ्जनम्, सहिजन । **दीप्यम्** यवानी, ज्वानू । **वरुणः** तिक्तशाकः, सिप्लीकान । **द्वियामिनी** यामिनीद्वयम् निशाद्वयम्, हरिद्रा-दारुहरिद्रा । **कुञ्जराशनः** अश्वत्थः पिप्पलः बोधिवृक्षः, पिपल । **बालचूर्णसहितः** बालः सुगन्धबालः, सुगन्धबालको चूर्ण मिलाएर । **कषायकः** कषायः । **अन्तरुत्थितम्** अन्तरस्थितं शरीरभित्र रहेको । **विद्रधिम्** व्रणविशेषम् अन्तर्विद्रधिलाई । **विकलयेत्** विनाशयेत् नाश गरोस् । **असंशयम्** संशयरहितम्, पक्कै, यसमा शंका गर्नुपर्दैन ॥२६॥

भावार्थः

सहिजन, ज्वानू, सिप्लीकान, निशाद्वय–हरिद्रा-दारुहरिद्रा र पिपलको क्वाथमा सुगन्धबालको चूर्ण मिलाएर सेवन गरेमा शरीरभित्र रहेको अन्तर्विद्रधिलाई पक्कै नाश गर्दछ ॥२६॥

इति विद्रधिप्रतीकारः ॥
यति विद्रधिप्रतीकार सकियो ॥

अथ हृदयरुक्प्रतीकारः

हृदयरुक्षु *हितमर्जुनघृतम्* :–

कमलकुड्मलकल्पपयोधरद्वयसमाहितहारमनोहरे !
हृदयरुक्षु हितं घृतमर्जुनस्वरसकल्कसुसाधितमंगने ॥२७॥

अन्वयः

कमलकुड्मलकल्पपयोधरद्वयसमाहितहारमनोहरे ! अंगने ! अर्जुनस्वरसकल्कसुसाधितं घृतं हृदयरुक्षु हितं भवति ॥२७॥

व्याख्याः

कमलकुड्मलकल्पपयोधरद्वयसमाहितहारमनोहरे ! कमलस्य कुड्मलः इव कल्पस्य पयोधरद्वयस्य स्तनद्वयस्य समाहितेन सम्मिलितेन रचितं हारं तेन मनोहरं रूपं यस्याः सा, सम्बुद्धौ, हे कमलका कोपिलाजस्तै उठेका दुई स्तन मिलेर बनेका हारले मनोहर रूपकी देखिएकी ! **अंगने** ! हे सुन्दरी ! **अर्जुनस्वरसकल्कसुसाधितं** अर्जुनवृक्षस्य स्वरसेन कल्केन च सुष्ठु साधितम्, अर्जुनको स्वरस र कल्कबाट राम्ररी सिद्ध गरिएको । **घृतम्**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

स्नेहपाकविधिले तयार गरिएको सिद्ध घृत । **हृदयरुक्षु** । हृदयरोगमा । **हितम्** हितकारक । **भवति** हुन्छ ॥२७॥

भावार्थः

कमलका कोपिलाजस्तै उठेका दुई स्तन मिलेर बनेका हारले मनोहर रूपकी देखिएकी हे सुन्दरी ! अर्जुनको स्वरस र कल्कबाट स्नेहपाकविधिले राम्ररी सिद्ध गरिएको घृत हृदयरोगमा हितकारक हुन्छ ॥२७॥

इति हृदयरुक्प्रतीकारः ॥
यति हृदयरुक्प्रतीकार सकियो ॥

अथ दन्तरुक्प्रतीकारः

दन्तरोगे वकुलत्वक्चर्वणम् :–

सोयं सुगन्धिमुकुलो वकुलो विभाति वृक्षाग्रणीः प्रियतमे ! मदनैकबन्धुः ॥
यस्य त्वचैव चिरचर्वितया नितान्तं दन्ता भवन्ति चपला अपि वज्रतुल्याः ॥२८॥

अन्वयः

प्रियतमे ! सोयं सुगन्धिमुकुलो मदनैकबन्धुः वृक्षाग्रणीः बकुलो विभाति यस्य चिरचर्वितया त्वचैव नितान्तं चपला अपि दन्ता वज्रतुल्याः भवन्ति ॥२८॥

व्याख्याः

प्रियतमे ! हे प्रियतमे ! सः अयम् त्यो यही हो । **सुगन्धिमुकुलः** सुगन्धिर्मुकुलो यस्य सः, जसको कोपिला सुगन्धित छ। **मदनैकबन्धुः** मदनस्य कामस्य एक एव बन्धुः, जो कामदेवको एउटै बन्धु हो। **वृक्षाग्रणीः** वृक्षाणां अग्रणी, वृक्षहरूमध्येको अगुवा । **बकुलः** केसरवृक्षः, मौलसिरी । **विभाति** सुहाउँछ । **यस्य** जसको । **चिरचर्वितया** धेरैबेरसम्म चपाउनाले। **त्वचैव** बोक्रा नै। **नितान्तम्** नितान्त। **चपला अपि** हल्लिएका पनि। **दन्ताः** दाँतहरू। **वज्रतुल्याः** वज्रबराबर, वज्रजस्तै बलिया। **भवन्ति** हुन्छन् ॥२८॥

भावार्थः

हे प्रियतमे ! जसको कोपिला सुगन्धित छ, जो कामदेवको एउटा बन्धु हो र वृक्षहरूमध्येको अगुवा हो त्यस्तो मौलसिरी कति सुहाउँछ । धेरैबेरसम्म चपाउनाले त्यसका बोक्राले नै हल्लिएका दाँतहरू पनि वज्रजस्तै बलिया हुन्छन् ॥२८॥

इति दन्तरुक्प्रतीकारः ॥
यति दन्तरुक्प्रतीकार सकियो ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अथ रक्तपित्तप्रतीकारः

रक्तपित्ते सिंहाननः –

भिन्दन्ति के कुञ्जरकुम्भपालीं किमव्ययं वक्ति रतौ नवोढा ॥
सम्बोधनं नुः किमु रक्तपित्तं निहन्ति कस्तन्वि ! वद त्वमेव ॥२९॥[७९]

अन्वयः

भिन्दन्ति के कुञ्जरकुम्भपालीम् ? नवोढाः रतौ किमव्ययं वक्ति? नुः किमु सम्बोधनम् ? रक्तपित्तं कः निहन्ति ? तन्वि ! त्वमेव वद ॥२९॥

व्याख्याः

भिन्दन्ति के कुञ्जरकुम्भपालीं ? कुञ्जरस्य गजस्य कुम्भपालीं कर्णपालीं हातीका कुममा रहेको उसको कानको लोतीलाई कसले च्यात्छन् ? **नवोढाः** नवविवाहिता स्त्रीले । **रतौ** रतिक्रीडा गर्दा । **किमव्ययं वक्ति** ? कुन अव्यय बोल्छे ? **नुः** नृ इति पदस्य नृ यस पदको । **किमु** के हुन्छ ? **सम्बोधनम्** ? सम्बोधन विभक्ति । **रक्तपित्तं कः निहन्ति** ? रक्तपित्त केले निको पार्छ ? **तन्वि** ! हे पातली । **त्वमेव** तिमी नै । **वद** भन ॥२९॥

भावार्थः

रक्तपित्त रोगलाई असुरोले निको पार्छ ॥२९॥

विशेषः– *कवि लोलिम्बराजले यस पद्यमा चारवटा प्रश्न सोधेका छन् । १. हात्तीको कुमसम्म पुगेको उसको कानको लोतीलाई कसले च्यात्छन् ? २. नवविवाहिता पत्नीले रतिक्रीडामा कुन अव्यय उच्चारण गर्छिन् ? ३. नु शब्दको सम्बोधन के हो ? ४. रक्तपित्त केले निको पार्छ ? हे पातली ! तिमी नै भन । प्रश्न पाउनासाथ मुरासाले उत्तर दिईहालिन् । हात्तीको कर्णपाली सिंहले च्यात्छ तर यहाँ प्रश्न बहुवचनको भएकोले उनले 'सिंहाः' भनिन् । नवविवाहिता पत्नीले रतिक्रीडामा नाइ नाइ भन्छन् यसैले उनले उत्तर दिइहालिन्– न । नृ पदको सम्बोधन न हुन्छ उनले त्यही भनिन् । चौथो प्रश्नको उत्तर पहेलीमा आफैं आइसकेको विदुषी मुरासालाई गाह्रो थिएन । उनले पहिलो प्रश्नको उत्तर सिहाः बाट विसर्ग भुलिन् सिंहा बाँकी रह्यो । दोस्रो र तेस्रो प्रश्नका उत्तर न र न थिए । उनले यिनलाई पहिलो प्रश्नको विसर्ग भुलेको सिंहा मा जोडिन् । अन्तीम नतिजा 'सिंहानन' भयो । अनि उनले सिंहास्य रक्तपित्तको औषधि हो भनिहालिन् । यसरी वैद्यकवि लोलिम्बराजले यस रोचक पहेलीद्वारा रक्तपित्तरोगको उपचार आफ्नी पत्नीमार्फत जनस्तरमा पुर्‍याएका थिए ॥२९॥*

---

७९ वासायां विद्यमानायामाशायां जीवितस्य च रक्तपित्ती क्षयी कासी किमर्थमवसीदति ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

रक्तपित्तरोगे द्राक्षापथ्यावृषक्वाथः –

द्राक्षापथ्यावृषक्वाथः शर्करामधुसंयुतः ।
श्वासकासहरो देयो रक्तपित्तप्रशान्तये ॥३०॥

अन्वयः

शर्करामधुसंयुतः द्राक्षापथ्यावृषक्वाथः श्वासकासहरो रक्तपित्तप्रशान्तये देयः ॥३०॥

व्याख्याः

शर्करामधुसंयुतः सख्खर र मह मिलाएर । **द्राक्षापथ्यावृषक्वाथः– द्राक्षा** मृद्वीका, दाख । **पथ्या** हरीतकी, हर्रो । **वृषः** आटरुषकः, असुरो । यिनीहरूको क्वाथ । **श्वासकासहरः** श्वास र कासरोगलाई निको पार्ने औषधि । **रक्तपित्तप्रशान्तये** रक्तपित्त शमन गर्नका लागि । **देयः** दिनुपर्छ ॥३०॥

भावार्थः

सख्खर र महसित मिसाएर दाख हर्रो र असुरोको क्वाथ खानाले श्वास र कासरोग निको हुन्छन् । यही औषधि रक्तपित्तको शमनका लागि पनि दिन सकिन्छ ॥३०॥

इति रक्तपित्तप्रतीकारः ॥
यति रक्तपित्तप्रतीकार सकियो ॥

अथ हिक्काप्रतीकारः

हिक्काधिक्कारकारको विश्वाशिवाकणाचूर्णो विश्वगुडयोर्नस्यञ्च :–

विश्वाशिवाकणाचूर्णः समधुः ससितः स्मृतः ।
नस्यवद्विश्वगुडयोर्हिक्काधिक्कारकारकः ॥३१॥

अन्वयः

समधुः ससितः विश्वाशिवाकणाचूर्णः विश्वगुडयोः नस्यवद् हिक्काधिक्कारकारकः स्मृतः ॥३१॥

व्याख्याः

समधुः मधुना सहितः महसित । **ससितः** सितया सहितः सख्खर वा मिश्रीसित । **विश्वाशिवाकणाचूर्णः**- अत्र विश्वा विश्वभेषजम्, शुठो । **शिवा** हरीतकी, हर्रो । **कणा** पिप्पली, पिप्ला । **विश्वगुडयोः** विश्वम् शुण्ठी, गुडः शर्करा, शुठो र सख्खरको । **नस्यवद्** नस्यले जस्तै गरी । **हिक्काधिक्कारकारकः** हिक्कां धिक् करोतीति, हिक्कालाई धिक्कार अर्थात् प्रभावहीन गरिदिने । **स्मृतः** कथितः भनिन्छ, बुझिन्छ ॥३१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

महर मिश्रीसित शुठो, हर्रो र पिप्लाको चूर्ण सेवन गर्दा, शुठो र शर्कराबाट तयार गरिएको नस्य लिँदा हिक्कारोग निको हुन्छ त्यसैगरी यस चूर्णको सेवन वा प्रचूषणले पनि हिक्कारोग निको हुन्छ ॥३१॥

इति हिक्काप्रतीकारः ॥
यति हिक्काप्रतीकार सकियो ॥

अथ भ्रमप्रतीकारः

भ्रमे दुरालभाकषायः –

दुरालभाकषायस्य घृतयुक्तस्य सेवनात् ।
भ्रमः शाम्यति गोविन्दचरणस्मरणादिव ॥३२॥

अन्वयः

घृतयुक्तस्य दुरालभाकषायस्य सेवनात् गोविन्दचरणस्मरणादिव भ्रमः शाम्यति ॥३२॥

व्याख्याः

घृतयुक्तस्य घृतसहितस्य घिउसहितको । **दुरालभाकषायस्य** धन्वयासकषायस्य, दुरालभा (यवासा/धमासा)को कषायको । **सेवनात्** सेवनबाट । **गोविन्दचरणस्मरणादिव** भगवतो गोविन्दस्य चरणस्य पादपद्मस्य स्मरणाद् इव, गोविन्द भगवानको स्मरण गर्दा । **भ्रमः** भ्रम अर्थात् मिथ्याज्ञान वा अज्ञान, अविद्या, भ्रमरोग चक्कर आउने वा रिंगटा लाग्ने अवस्था । **शाम्यति** हराउँछ ॥३२॥

भावार्थः

जसरी गोविन्द भगवानको चरणलाई स्मरण गर्दा भ्रम अर्थात् अज्ञान वा मिथ्याज्ञान हराउँछ त्यसैगरी घिउसित दुरालभाको क्वाथ पिउनाले भ्रम (चक्कर/रिंगटा)रोगलाई नाश गर्दछ ॥३२॥

इति भ्रमप्रतीकारः ॥
यति भ्रमप्रतीकार सकियो ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अथ शोकप्रतीकारः

शोके मदिरा :–

अयि रत्नकले कुरु मा कलहं कलहंसकलत्रसमानगतिः ॥
श्रृणु मद्वचनं वद वैद्यमणे मदिरा मदिराक्षि शुचं शमयेत् ॥३३॥

अन्वयः

अयि कलहंसकलत्रसमानगते ! रत्नकले ! कलहं मा कुरु, मद्वचनं श्रृणु, वैद्यमणे ! वद, मदिराक्षि ! मदिरा शुचं शमयेत् ॥३३॥

व्याख्याः

अयि प्रियसम्बोधनम् । **कलहंसकलत्रसमानगते** ! कलहंसस्य राजहंसस्य कलत्रम् भार्या राजहंसी तयः समानं गतिर्यस्याः सा, राजहंसीको जस्तै गति भएकी मेरी मुरासा ! **रत्नकले** ! हे मेरी श्रीमती रत्नकला ! **कलहं मा कुरु** तिमी कलह/झगडा नगर । **मद्वचनम्** मेरा कुरा । **श्रृणु** सुन । **वैद्यमणे** ! हे चम्किला मणिजस्तै वैद्यसमाजमा चम्किएका वैद्यमणि ! **वद** भन्नुहोस् । **मदिराक्षि** ! मदिरयाः इव मादके लोचने यस्याः सा, हे मदिराजस्तै मादक आँखा भएकी मदिराक्षी ! **मदिरा** मद्यपान । **शुचम्** शोकलाई । **शमयेत्** शमन गरोस् ॥३३॥

भावार्थः

हे रत्नकला ! तिमी झगडा नगर । हे राजहंसीको जस्तै गतिमा हिड्ने मेरी मुरासा ! मेरा कुरा सुन । चम्किला मणिजस्तै वैद्यसमाजमा चम्किएका वैद्यमणि ! भन्नुहोस् । मदिराजस्तै मादक आँखा भएकी मदिराक्षी ! सुन, मदिराले शोकलाई नाश गरिदिन्छ ॥३३॥

विशेषः– *कवि लोलिम्बराजले यहाँ मदिराको प्रशंसा गरेका छन् । यो औषधिसिद्ध मदिराको प्रथममदलाई भनिएको हो । प्रथम मदलाई साहित्यसर्जकहरूले पनि प्रशंसा गरेका छन् । प्रथममद भनेको मदिराको औषधीय मात्रा (Therapeutic dose) सेवन गरेपछि प्राप्त हुने मानसिक स्फूरण हो जुन मनोवह स्रोत खुल्नाले प्राप्त हुन्छ । यसै सन्दर्भमा वैद्यकविले मदिराले शोकलाई नाश गर्दछ भनेका हुन् । समाजमा तनाव मुक्तिका लागि भनेर बहाना बनाएर मदिरा सेवन गर्ने जुन प्रचलन छ त्यसलाई प्रोत्साहित गर्न भनेका होइनन् । प्रस्तुत पद्यले पियक्कडहरूमा भ्रम पैदा नगरोस् अत्यधिक मदिराको प्रचलन बढिरहेको परिप्रेक्ष्यमा गलत प्रवृत्तिलाई बढावा नदेओस् । मदिराको संवेदनशीलतालाई यथोचित बुझ्न सकिएनभने मदिराले सर्वनाश गर्दछ ।*

इति शोकप्रतीकारः ॥
यति शोकप्रतीकार सकियो ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अथोरुस्तम्भप्रतीकारः

ऊरुस्तम्भे पुनर्नवादिषण्णां कषायो गोमूत्रपुरप्रयोगश्च :–

पुनर्नवानागरदारुपथ्याभल्लातकच्छिन्नरुहाकषायः ॥
दशांघ्रिमिश्रः परिपेय ऊरुस्तम्भेऽथवा मूत्रपुरप्रयोगः ॥३४॥

अन्वयः

दशांघ्रिमिश्रः पुनर्नवा-नागर-दारु-पथ्या-भल्लातक-च्छिन्नरुहा-कषायः परिपेय ऊरुस्तम्भेऽथवा मूत्र-पुर-प्रयोगः (सुखदः स्यादिति भावः) ॥३४॥

व्याख्याः

दशांघ्रिमिश्रः दशमूलमिश्रः दशमूल अर्थात् **बृहत्पञ्चमूल**–बिल्व, अग्निमन्थ, श्योनाक, पाटला, काश्मर्य र **लघुपञ्चमूल**– शालपर्णी, पृश्निपर्णी, बृहती, कण्टकारी, गोक्षुर यिनीहरू मिसाइएको । **पुनर्नवा-नागर-दारु-पथ्या-भल्लातक-च्छिन्नरुहा-कषायः**– पुनर्नवा, नागरम् शुण्ठी, दारुः देवदारुः, पथ्या हरीतकी, भल्लातकः भलायो, छिन्नरुहा गुडूची यिनीहरूको क्वाथ । **परिपेयः** पातुं योग्यः पिउन योग्य पारी तयार गरिएको । **ऊरुस्तम्भे** ऊरुस्तम्भ (तिघ्रो नचल्ने) रोगमा । **अथवा, मूत्र-पुरप्रयोगः** मूत्रस्य गोमूत्रस्य पुरस्य गुग्गुलुनामद्रव्यस्य प्रयोगः उपयोगः गुग्गुलुलाई गोमूत्रसित मिलाएर पनि प्रयोग गर्न सकिन्छ ॥३४॥

भावार्थः

दशमूलचूर्णसित मिसाएर पुनर्नवा, शुठो, देवदारु, हर्रो, भलायो र गुर्जो यिनीहरूको क्वाथ ऊरुस्तम्भरोगमा पिउन दिनुपर्छ । अथवा गाईको गहुँतसित गुग्गुलुको प्रयोग गरे पनि हुन्छ ॥३४॥

इत्यूरुस्तम्भप्रतीकारः ॥
यति ऊरुस्तम्भप्रतीकार सकियो ॥

अथ रसगन्धकार्यम्

रसगन्धकार्ये ग्राह्यद्रव्याणि :–

शुद्धं शंकरशुक्रमक्षतुलितं मारारिनारीरजः ।
तावत्तावदुमापतिस्फुटगलालंकारवक्त्रं स्मृतम् ॥
तावत्येव मनःशिला च विमला तावत्तथा टंकणम् ।
शुण्ठी द्व्यक्षमिता कणा च मरिचं दिक्पालसंख्याक्षकम् ॥३५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

अक्षतुलितं शुद्धं शंकरशुक्रं, तावत् मारारिनारीरजः, तावत्तावदुमापतिस्फुटगलालंकारवक्त्रं स्मृतम्, तावत्येव मनःशिला च विमला, तावत्तथा टंकणम्, द्व्यक्षमिता शुण्ठी कणा च, मरिचं दिक्पालसंख्याक्षकम् ।।३५।।

व्याख्याः

अक्षतुलितम् अक्षपरिमापितम्, एक अक्ष परिमाणमा । **शुद्धम्** शोधितम्, शोधन गरिएको । **शंकरशुक्रम्** शिवशुक्रम् पारदः, पारो । **तावत्** त्यति नै । **मारारिनारीरजः** मारः कामदेवः तस्य अरि मारकः मारारिः महादेवः तस्य नारी पत्नी पार्वती तस्याः रजः गन्धकम्, गन्धक । **तावत्** त्यति । **उमापतिस्फुटगलालंकारवक्त्रम्** उमापतिः शंकरस्तस्य गलालंकारः वासुकीनागस्तस्यवक्त्रम् विषम् कालकूटम् । **स्मृतम्** कथितम्, बताइएको । **तावत्येव** तावती एव, त्यति नै मात्रामा । **मनःशिला च विमला**, विमला शुद्धा, शुद्ध मनःशिला । **तथा** त्यसैगरी । **तावत्** त्यति । **टंकणम्** सौभाग्यम्, सुहाग । द्व्यक्षमिता अक्षद्वयपरिमिता, दुई अक्ष परिमाणको । **शुण्ठी** शुठो । **दिक्पालसंख्याक्षकम्** दशाक्षपरिमितम् दश अक्ष परिमाणको । **कणा** पिप्पली पिप्ला । **च** अपि, पनि । **मरिचम्** मरिच ।।३५।।

भावार्थः

एक अक्ष परिमाणको पारो, त्यति नै गन्धक, त्यति नै मात्रामा विष, त्यति नै शुद्ध मनःशिला, त्यति नै सुहाग, दुई अक्ष परिमाणमा शुठो र त्यति नै पिप्ला तथा दश अक्ष परिमाणमा मरिच लिने यी रसगन्धकार्यका लगि ग्राह्य द्रव्यहरू हुन् ।।३५।।

रसगन्धकार्यम् :–

विषादिवस्तूनि शिलोपरिष्टात् सुपेषयेत् वाससि शोधयेच्च ।।
ततस्तु खल्वे रसगन्धकौ च कुर्याच्च तद्यामयुगं विमर्द्य ।।३६।।

अन्वयः

विषादिवस्तूनि शिलोपरिष्टात् सुपेषयेत्, वाससि शोधयेच्च, ततस्तु तत् खल्वे यामयुगं विमर्द्य रसगन्धकौ च कुर्यात् ।।३६।।

व्याख्याः

विषादिवस्तूनि पारदादिविषपर्यन्तानि वस्तूनि, पारद, गन्धक र विष । **शिलोपरिष्टात्** शिलायाः उपरिष्टात् शिलोपरि स्थापयित्वा, सिलौटो वा खलमाथि राखेर । **सुपेषयेत्**, सुष्ठु पेषयेत् पेषणं कुर्यात्, पिस्नुपर्दछ । **वाससि** वस्त्रे, कपडामा राखेर । **शोधयेत्** शोधनं कुर्यात्, छान्नुपर्दछ । **च** अपि, पनि । **ततस्तु** त्यसपछि त । **तत्** त्यसलाई । **खल्वे** खल्वयन्त्रे, खलमा । **यामयुगम्** द्वियामम्, दुई प्रहरसम्म । **विमर्द्य** मर्दनं कृत्वा, मर्दन गरेर, पेलेर । **रसगन्धकौ** पारदगन्धकौ पारद र गन्धकको योग, कज्जली । **च** अपि, पनि । **कुर्यात्** कार्यं सम्पादयेत्, गरोस् ।।३६।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

विषादिवस्तुलाई सिलौटामाथि राखेर राम्ररी पिस्नुपर्दछ र त्यसपछि कपडामा राखेर छान्नुपर्दछ। छानिसकेपछि खलमा राखेर दुई प्रहरसम्म मर्दन गर्नुपर्दछ। यसरी घोटीघोटी पारद र गन्धकको योग कज्जली तयार पार्नुपर्दछ ॥३६॥

इति रसगन्धकार्यम् ॥
यति रसगन्धकार्य सकियो ॥

अथ मूत्रकृच्छ्राश्मरीप्रतीकारः

मूत्रकृच्छ्रेऽश्मर्याञ्च भेषजम् :–

सक्षौद्रं कुशकासगोक्षुरशिवाशम्पाकपाषाणभिद्-
दुःस्पर्शं परिसेवितं परिहरेत् सद्योऽश्मरीं दुस्तराम् ॥
एलापर्वतभिच्छिलाजतुकणाचूर्णं गुडेनान्वितम्
यद्वा तण्डुलधावनोदकयुतं स्यान्मूत्रकृच्छ्रापहम् ॥३७॥

अन्वयः

सक्षौद्रं परिसेवितं कुशकासगोक्षुरशिवाशम्पाकपाषाणभिद्दुःस्पर्शं दुस्तरां अश्मरीं सद्यः परिहरेत्। गुडेनान्वितं यद्वा तण्डुलधावनोदकयुतं एलापर्वतभिच्छिलाजतुकणाचूर्णं मूत्रकृच्छ्रापहं स्यात् ॥३७॥

व्याख्याः

सक्षौद्रं क्षौद्रेण मधुना सहितं महसित। **परिसेवितम्** सेवन गरिएको। **कुश-कास-गोक्षुर-शिवा-शम्पाक-पाषाणभिद्-दुःस्पर्शम्– कुशम्** कुशतृणम्, **कासम्** कासतृणम्, **गोक्षुरम्** त्रिकण्टकम्, गोखुर, **शिवा** हरीतकी हर्रो, **शम्पाकः** आरग्वधः, राजवृक्ष, **पाषाणभिद्** पाषाणभेदः, **दुःस्पर्शम्** दुःस्पर्शा, दुरालभा, यवासा यिनीहरूको क्वाथ। **दुस्तराम्** दुस्पारम् पार लाइनसक्नु। **अश्मरीम्** पत्थरीलाई। **सद्यः** तत्कालै। **परिहरेत्** हरण गरोस्। **गुडेनान्वितम्** गुडेन सहितम्, गुड मिसाइएको। **यद्वा** अथवा। **तण्डुल-धावनो-दक-युतं** तण्डुलोदकसहितम्, चौलानी मिसाइएको। **एला-पर्वतभि-च्छिलाजतु-कणाचूर्णम्– एला** बृहदेला अलैंची, **पर्वतभित्** पाषाणभित्, पाषाणभेद, **शिलाजतु** शिलाजित। **कणाचूर्णम्** पिप्पलीको चूर्ण। **मूत्रकृच्छ्रापहम्** मूत्रकृच्छ्रोगं अपहन्तीति, मूत्रकृच्छ्रोगनाशक। **स्यात्** होस् ॥३७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

महसित सेवन गरिएको कुश, कास, गोक्षुर, राजवृक्ष, पाषाणभेद र दुरालभा यिनीहरूको क्वाथले पार लाइनसक्नु पत्थरीरोगलाई तत्कालै हरण गर्दछ। गुडसित मिसाइएको अथवा चौलानी मिसाइएको अलैंची, पाषाणभेद, शिलाजित र पिप्पलीको चूर्ण मूत्रकृच्छ्ररोगनाशक हुन्छ ॥३७॥

मूत्रकृच्छ्राश्मर्यादौ भेषजान्तरम् ः–

वासैलामधुकाश्मभेदचपलाकौन्तीक्षुरैरण्डजः ।
क्वाथः साश्मजतुर्जयत्यतितरां कृच्छ्राश्मरीशर्कराः॥
कृच्छ्रे दाहरुजाविबन्धसहिते क्वाथोऽश्मभिच्चेतकी ।
यासारग्वधगोक्षुरैर्विरचितो मध्वन्वितः शस्यते ॥३८॥

अन्वयः

वासै-ला-मधुका-श्मभेद-चपला-क्रौन्ती-क्षुरै-रण्डजःक्वाथःकृच्छ्रा-श्मरी-शर्कराःसाश्मजतुर्जयत्यतितरां दाह-रूजा-विबन्ध-सहिते कृच्छ्रे अश्मभिच्-चेतकी-यासा-राग्वध-गोक्षुरैर्विरचितः मध्वान्वितः क्वाथः शस्यते ॥३८॥

व्याख्याः

वासैलामधुकाश्मभेदचपलाकौन्तीक्षुरैरण्डजः– **वासा** असुरो । **एला** अलैंची । **मधुकम्** जेठीमधु । **अश्मभेदः** पाषाणभेद । **चपला** पिप्पली । **क्रौन्ती रेणुका,** रेणुकाबीज/नेगडबीज, शीतलचिनी, कवावचिनी । **इक्षुरम्**[८०] तालमखाना/गोक्षुर, **एरण्डजः** अडीरको । यिनीहरूको, **क्वाथः** काढा । **साश्मजतुः** अश्मजतुना शिलाजतुना सह, शिलाजितसित खाएमा । **कृच्छ्राश्मरीशर्कराः** मूत्रकृच्छ्र, पत्थरी र मूत्रशर्करालाई । **जयत्यतितराम्,** राम्ररी जित्दछ । **दाह–रुजा–विबन्ध–सहिते** दाह, पीडा र विबन्ध समेत भएको । **कृच्छ्रे** मूत्रकृच्छ्रमा । **अश्मभिच्चेतकीयासारागवधगोक्षुरैर्विरचितः** अश्मभिद् पाषाणभेद, चेतकी हरीतकी हर्रो, यासः धन्वयासः दुरालभा, आरग्वधः राजवृक्ष र गोक्षुर मिलाएर बनाएको क्वाथ । । **मध्वन्वितः** मधुसहितः महसित । **क्वाथः** काढा । **शस्यते** उचित मानिन्छ ॥३८॥

भावार्थः

असुरो, अलैंची, जेठीमधु, पाषाणभेद, पिप्पली, रेणुकाबीज/नेगडबीज, तालमखाना/गोक्षुर र अडीरको क्वाथ शिलाजितसित खाएमा मूत्रकृच्छ्र, पत्थरी र मूत्रशर्करालाई निको पार्छ। दाह, पीडा र विबन्ध समेत भएको मूत्रकृच्छ्रमा महसित पाषाणभेद, हर्रो, यास/दुरालभा, राजवृक्ष, गोक्षुर मिलाएर बनाएको क्वाथ पनि उचित मानिन्छ ॥३८॥

इति मूत्रकृच्छ्राश्मरीप्रतीकारः ॥
यति मूत्रकृच्छ्राश्मरीप्रतीकार सकियो ॥

---

८० कुनै टीकाकारले तालमखाना र कुनै टीकाकारले गोक्षुर अर्थग्रहण गरेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अथ व्यंगप्रतीकारः

वक्त्रव्यंगभंगाय न्यग्रोधांकुरादिसप्तानामुद्वर्त्तनम् :–

न्यग्रोधाकुंरकुष्ठरोध्रविकसाश्यामामसूरारुण-
श्रीखण्डैः पयसार्चितैर्विरचितं व्यंगयघ्नमुद्वर्त्तनम् ॥
लिप्तं सप्तदिनं मसूररजसा सर्पिष्पयःशालिना ।
वक्त्रं शारदचन्द्रसुन्दरतरं व्यंगयस्य भंगाद्भवेत् ॥३९॥

अन्वयः

न्यग्रोधाकुंरकुष्ठरोध्रविकसाश्यामामसूरारुणश्रीखण्डैः पयसार्चितैर्विरचितं उद्वर्त्तनम् व्यंगयघ्नम् एवमेव सर्पिष्पयःशालिना मसूररजसा सप्तदिनं लिप्तं वक्त्रं व्यंगयस्य भंगाद् शारदचन्द्रसुन्दरतरं भवेत् ॥३९॥

व्याख्याः

न्यग्रोधाकुंरकुष्ठरोध्रविकसाश्यामामसूरारुणश्रीखण्डैः– न्यग्रोधाकुंरः वटांकुरः, वरको दारी । **कुष्ठम्** अरिष्ठम् कुठ । **रोध्रः** लोध्रः, लोध । **विकसा** मञ्जिष्ठा, मजिठो । **श्यामा** प्रियंगु । **मसूर** मुसुरो । **अरुणश्रीखण्डैः** रक्तचन्दनलाई मिलाएर । **पयसार्चितैः** दुग्धार्चितैः दुधमा मिलाएर । **विरचितम्** बनाइएको । **व्यंगयघ्नमुद्वर्त्तनम्** व्यंगनाशक उबटन । **सर्पिष्पयःशालिना** घिउ, दुध र चामलको पीठोमा मुछेर । **मसूररजसा** मुसुरोको चूर्णसित । **सप्तदिनम्** सात दिनसम्म । **लिप्तम्** लेप लगाइएको अवस्थामा । **व्यंगयस्य भंगाद्** व्यंग अर्थात् चाया/पोतो नाश भएर । **शारदचन्द्रसुन्दरतरम्** शरद् ऋतुको चन्द्रमाको जस्तै सुन्दर । **वक्त्रम्** मुखम्, अनुहार । **भवेत्** होस् ॥३९॥

भावार्थः

वटांकुर (वरको दारी), कुठ, लोध, मजिठो, प्रियंगु, मुसुरो र रक्तचन्दनलाई दुधमा मिलाएर बनाइएको व्यंगनाशक उबटन लगाएमा चाया/पोतो जान्छ । घिउ, दुध र चामलको पीठोमा र मुसुरोको पीठो राम्ररी पिसेर सात दिनसम्म लगाएमा व्यंग अर्थात् चाया/पोतो नाश भएर शरद् ऋतुको चन्द्रमाको जस्तै सुन्दर अनुहार हुन्छ ॥३९॥

इति व्यंगप्रतीकारः ॥
यति व्यंगप्रतीकार सकियो ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अथ तारुण्यपिटकारुंषिकाप्रतीकारः

तारुण्यपिटकारुंषिकयोर्भेषजम् :–

इङ्गुद्याः फलमज्जको जलयुतो लेपान्मुखे कान्तिदो
लोध्रोग्राधनिका निहन्ति पिटकास्तारुण्यजा लेपनात् ॥
हार्यं रक्तमरुंषिकारुजि हितो मूत्रेण लेपोऽथवा
पिण्याकस्य नवेतरस्य शकृतः पादायुधस्य ध्रुवम् ॥४०॥

अन्वयः

जलयुतः इङ्गुद्याः फलमज्जको मुखे लेपात् कान्तिदः, लोध्रोग्राधनिकालेपनात् तारुण्यजाः पिटकाः निहन्ति, अरुंषिकारुजि रक्तं हार्यम्, अथवा मूत्रेण पिण्याकस्य नवेतरस्य पादायुधस्य शकृतः लेपो हितः ध्रुवम् ॥४०॥

व्याख्याः

जलयुतः जलेन युतः पानीमा । **इङ्गुद्याः** इंगुदी (हिंगोट चिउली)को **फलमज्जकः**, फलको गुदी । **मुखे** मुखमा । **लेपात्** लेप लगाउनाले । **कान्तिदः** कान्तिं ददातीति, कान्ति दिने हुन्छ । **लोध्रोग्राधनिकालेपनात्– लोध्रः** रोध्रः, लोध । **उग्रा** वचा बोझो । **धनिका** धान्यकम्, धनियाँ । **लेपनात्** लेप लगाउनाले । **तारुण्यजाः पिटकाः** तरुण अवस्थामा आउने खटिरा, डण्डीफोर । **निहन्ति** नाश गर्दछ । **अरुंषिकारुजि** अरुंषिकारोगमा । **रक्तम्** रगत । **हार्यम्** हरण गर्नुपर्दछ, अर्थात् रक्तमोक्षण गर्नुपर्दछ । अथवा, **मूत्रेण** गोमूत्रेण गहुँतले । **पिण्याकस्य** पीनाको **नवेतरस्य** पुराणस्य, पुरानो । **पादायुधस्य** तित्तिरिखगस्य, कुक्कुटस्य वा, कुखुराको वा तित्रो नामक पक्षीको, कृकवाकस्ताम्रचूडः कुक्कुटश्चरणायुधः इत्यमरः । **शकृतः** मलस्य विष्ठाको । **लेपः** लेप गर्नु । **हितः** हितकारक । **ध्रुवम्** सत्यम् यो पक्का हो ॥४०॥

भावार्थः

इंगुदी (हिंगोट चिउली)को फलको गुदी पानीमा पिसेर मुखमा लेप लगाउनाले कान्तिप्रद हुन्छ । लोध, बोझो र धनियाँको लेप लगाउनाले तरुण अवस्थामा आउने खटिरा (डण्डीफोर)लाई नाश गर्दछ । अरुंषिकारोगमा रक्तनिर्हरण अर्थात् रक्तमोक्षण गर्नुपर्दछ । अथवा, गहुँतले पिसेर पीनाको वा तित्रोको पुरानो विष्ठाको लेप लगाउनु हितकारक हुन्छ ॥४०॥

इति तारुण्यपिटकारुंषिकाप्रतीकारः ॥
यति तारुण्यपिटकारुंषिकाप्रतीकार सकियो ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अथ शोफप्रतीकारः

शोफहरं भेषजम् :–

तैलं शोफमपारमप्यपहरेद् वृश्चीकरास्नामहा-[८१]
भैषज्यामरशुष्कमूलकयुतं चिञ्चीरसे साधितम् ॥[८२]
तद्वद् विश्वकिराततिक्तमथवा पाठानिशाधावनी
मुस्ताजीरकपञ्चकोलजरजः सम्मिश्रमुष्णाम्बुना ॥४१॥

अन्वयः

चिञ्चीरसे साधितं वृश्चीकरास्नामहाभैषज्यामरशुष्कमूलकयुतं तैलं अपारमपि शोफं अपहरेत् । तद्वद् उष्णाम्बुना विश्व-किरात-तिक्तमथवा पाठा-निशा-धावनी-मुस्ता-जीरक-पञ्चकोलजरजः सम्मिश्रम् ॥४१॥

व्याख्याः

चिञ्चीरसे साधितम् रातीगेडीको रसमा सिद्ध गरिएको । **वृश्चीकरास्नामहाभैषज्यामरशुष्कमूलकयुतम्– वृश्चीक** पुनर्नवा ? **रास्ना** रसना, गाईतिहारे । **महाभैषज्यम्** विश्वभेषजम्, शुठो । **अमरः** देवः देवदारु । **शुष्कमूलकम्** शुष्कं मूलकम्, सुकेको मूला । **तैलम्** पूर्वोक्त द्रव्यकल्कमा स्नेहपाक विधिले सिद्ध गरिएको तेल । **अपारमपि** पार लाउन नसकिने भए पनि । **शोफम्** शोफलाई । **अपहरेत्** नाश गरोस् । **तद्वद्** त्यसैगरी । **उष्णाम्बुना** उष्णजलेन, तातो पानीले । **विश्व-किरात-तिक्तम्** शुठो, चिराइतो र कुट्कीको कल्कमा । अथवा । **पाठा-निशा-धावनी-मुस्ता-जीरक-पञ्चकोलजरजः– पाठा** वृकी, बाटुलपाते । **निशा** हरिद्रा, हलेदो । **धावनी** कण्टकारी । **मुस्ता** मोथे । **जीरकम्** जीरा । **पञ्चकोल**–पिप्पली, पिप्पलीमूल, चव्य, चित्रक, नागर । **सम्मिश्रम्** पूर्वोक्त द्रव्य मिसाइएको कल्कबाट ॥४१॥

भावार्थः

रातीगेडीको रस तथा वृश्चीक(पुनर्नवा ?), रास्ना, शुठो, देवदारु, सुकेको मूला यिनको कल्कमा स्नेहपाकविधिले सिद्ध गरिएको तेल पार लाउन नसकिने भए पनि शोफलाई नाश गर्दछ । त्यसैगरी तातो पानीसित शुठो, चिराइतो र कुट्कीको कल्क अथवा बाटुलपाते, हलेदो, कण्टकारी, मोथे, जीरा र पञ्चकोल–पिप्पली, पिप्पलीमूल, चव्य, चित्रक, नागर मिसाइएको कल्क लगाए पनि हुन्छ ॥४१॥

इति शोफप्रतीकारः ॥
यति शोफप्रतीकार सकियो ॥

---

८१ वृश्चीररास्नामहा– इति पाठान्तरम् ।

८२ बिम्बीरसे इति पाठान्तरम् । विम्वी गोलकाँक्री । चिञ्ची गुञ्जा, रातीगेडी, कसैको मतमा चिञ्वा अम्लिका अमिलो । अत्र समीक्षावश्यकीति प्रतीयते ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अथ शिरःकर्णरोगप्रतीकारः

महामूर्द्धरोगे कर्णरोगे च भेषजम् ः–

लेपः पाठापटोलौषधरुवुकजटाशिग्रुदद्रुघ्नकुष्ठै-
र्धान्याम्लेन प्रपिष्टैः प्रशमयति महामूर्द्धरोगानशेषान्।
पत्रं पक्वं घृताक्तं रविभवमनले तापितं पीडयेत् तत्-
तोयं कर्णे निषिक्तं दलयति सकलं कर्णशूलं समूलम्॥४२॥

अन्वयः

पाठापटोलौषधरुवुकजटाशिग्रुदद्रुघ्नकुष्ठैर्धान्याम्लेन प्रपिष्टैः लेपः अशेषान् महामूर्द्धरोगान् प्रशमयति। रविभवं पत्रं घृताक्तं अनले पक्वं तापितं पीडयेत्, तत् तोयं कर्णे निषिक्तं सकलं कर्णशूलं समूलं दलयति॥४२॥

व्याख्याः

पाठापटोलौषधरुवुकजटाशिग्रुदद्रुघ्नकुष्ठैर्धान्याम्लेन– पाठा बाटुलपाते। **पटोलः** परवल। **औषधम्** महौषधम् शुठो। **रुवुकजटा** अडीरको जरा। **शिग्रुः** शोभाञ्जनम्, सहिजनका बोक्रा। **दद्रुघ्नः** चक्रमर्दबीजम्, टाप्रेका बीज। **कुष्ठम्** कुठ। **धान्याम्लेन** काञ्जीले। **प्रपिष्टैः** पिसिएको। **लेपः** मलहम। **अशेषान्** सकलान्, सबैलाई। **महामूर्द्धरोगान्** ठूलठूला शिररोगहरूलाई। **प्रशमयति** शमन गर्दछ। **रविभवम्** रविभवं अर्कभवम्, आँकको। **पत्रम्** पातलाई। **घृताक्तम्** घिउ दलेको। **अनले** अग्नौ, आगोमा। **पक्वम्** पकाएको। **तापितम्** तताएको। **पीडयेत्** निष्पीडयेत्, निचरोस्। **तत् तोयम्** त्यो पानीलाई। **कर्णे** कानमा। **निषिक्तम्** लगाउनाले। **सकलम्** सबै। **कर्णशूलम्** कानको दुखाइ। **समूलम्** जरैदेखि। **दलयति** निमोठ्दछ॥४२॥

भावार्थः

बाटुलपाते, परवल, शुठो, अडीरको जरा, सहिजनका बोक्रा, टाप्रेका बीज, कुठ यिनीहरूलाई काञ्जीमा पिसेर तयार गरिएको लेप लगाउँदा शिरका सबै रोगहरूलाई शमन गर्दछ। आँकको पातलाई घिउ दलेर तताई त्यसलाई निचोरेर आएको रसलाई कानमा सिँच्नाले सबै कानको दुखाइ जरैदेखि जान्छ॥४२॥

इति शिरःकर्णप्रतीकारः॥
यति शिरकर्णप्रतीकार सकियो॥

अथ वातप्रतीकारः

वातहरो लघुराजमृगाङ्कः –

घृततीक्ष्णयुतः सुरसास्वरसो लघुराजमृगांक इति प्रथितः॥
अपहन्त्यनिलान् सबलान् बहुलान् निजभक्तमलानिव चक्रधरः॥४३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

घृततीक्ष्णयुतः सुरसास्वरसो लघुराजमृगाङ्क इति प्रथितः सन् सबलान् बहुलान् अनिलान् चक्रधरः निजभक्तमलान् इव अपहन्ति ॥४३॥

व्याख्याः

घृततीक्ष्णयुतः घृतं च तीक्ष्णं मरिचं च तयोर्युतम्, घिउ र मरिच हालेको । **सुरसास्वरसः** सुरसा तुलसी तस्याः स्वरसः । **लघुराजमृगाङ्क इति प्रथितः** लघुराजमृगांक नामले प्रख्यात । **सबलान्** बलवान् । **बहुलान्** धेरै । **अनिलान्** वायुलाई, वायुजनित व्याधिलाई, वातव्याधिलाई । **चक्रधरः** चक्रधर भगवान् विष्णुले । **निजभक्तमलान् इव** आफ्ना भक्तका दोषहरूलाई जस्तै । **अपहन्ति** नाशयति नाश गर्दछ ॥४३॥

भावार्थः

घिउ र मरिच हालेको तुलसीको स्वरस लघुराजमृगांक नामले प्रख्यात छ। यसले सबै खालका बलवान् वातव्याधिलाई चक्रधर भगवान् विष्णुले आफ्ना भक्तका दोषहरूलाई हरण गरेजस्तै गरी नाश गर्दछ ॥४३॥

वातहरं विलसिनीपरिरम्भणम् :–

चूर्णाः कषाया गुटिका घृतानि तैलानि भाग्येन वियोजितानि ॥
विलासिनां वातविनाशनाय विलासिनीनां परिरम्भणानि ॥४४॥

अन्वयः

विलासिनां वातविनाशनाय चूर्णाः कषाया गुटिका घृतानि तैलानि भाग्येन वियोजितानि(तेषां कृते)विलासिनीनां परिरम्भणानि(सन्ति) ॥४४॥

व्याख्याः

विलासिनाम् विलासी व्यक्तिहरूको । **वातविनाशनाय** वातप्रकोप विनाश गर्नका लागि । **चूर्णाः** चूर्णहरू । **कषायाः** क्वाथहरू । **गुटिका** गोलीहरू । **घृतानि** सिद्ध घृतहरू । **तैलानि** सिद्ध तेलहरू । **भाग्येन** भाग्यले । **वियोजितानि** गुमाइएका हुन्छन् । (तिनीहरूका लागि) **विलासिनीनाम्** सुन्दरी स्त्रीहरूका । **परिरम्भणानि** आलिंगनादिनी, आलिंगन आदि हुन् ॥४४॥

भावार्थः

विलासी व्यक्तिहरूको वातप्रकोप विनाश गर्नका लागि चूर्णहरू, क्वाथहरू, गोलीहरू, सिद्ध घृतहरू, सिद्ध तेलहरू भाग्यवश नपाइनसक्छन् या गुमाइनसक्छन् । त्यस्ता व्यक्तिहरूका लागि त सुन्दरी स्त्रीहरूका आलिंगन आदि नै वातविनाशक हुन् ॥४४॥

इति वातप्रतीकारः ॥
यति वातप्रतीकार सकियो ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अथ पित्तप्रतीकारः

पित्तहरं भेषजम् :–

अमृतममृतजं सितासमेतं गुणवति ! पित्तमपाकरोति सद्यः ॥
तरुण इव नितम्बिनीनितम्बाम्बरमतनुज्वरजर्जरीकृतांगः ॥४५॥

अन्वयः

गुणवति ! सितासमेतं अमृतजममृतं सद्यः पित्तमपाकरोति अतनुज्वर-जर्जरीकृतांगः तरुणं नितम्बिनी-नितम्बा-म्बरम् इव ॥४५॥

व्याख्याः

गुणवति ! हे गुण भएकी गुणवती ! **सितासमेतम्** शर्करासमेतं मिश्री मिसाएर । **अमृतजममृतम्** गुडूची (गुर्जो)को स्वरस । **सद्यः** तत्कालै । **पित्तमपाकरोति** पित्त नाश गर्दछ । **अतनुज्वर-जर्जरीकृतांगः** नास्ति तनुः यस्य स अतनुः कामः तस्य ज्वरेण, मदनज्वरेण जर्जरीकृतं अंगं यस्य सः, कामेच्छाको तीव्र लालसाले ग्रस्त भएर कामज्वरले जर्जर भएको अंग भएको । **तरुणः** युवकले । **नितम्बिनी-नितम्बाम्बरम्** सुन्दरं नितम्बं यस्याः सा नितम्बिनी, तस्याः नितम्बस्य अम्बरं वस्त्रं नितम्बिनीनितम्बाम्बरम् तम्, सुन्दरी युवतीको नितम्बवस्त्रलाई । कामज्वरले जर्जर युवक सुन्दरी कामिनीको नितम्बको वस्त्रलाई छिटै हटाइदिन्छ । त्यसैगरी पित्तलाई पनि नाश गर्दछ भनेको हो **इव** जस्तै ॥४५॥

भावार्थः

हे गुण भएकी गुणवती ! मिश्री मिसाएर गुडूचीको स्वरस खाएमा तत्कालै पित्तको नाश गर्दछ । कामज्वरले जर्जर युवक जसरी रतिको तीव्र लालसाले सुन्दरी युवती कामिनीको नितम्बवस्त्रलाई छिटै हटाइदिन्छ त्यसैगरी गुर्जोको रसले पित्तलाई पनि छिटै नाश गर्दछ ॥४५॥

इति पित्तप्रतीकारः ॥
यति पित्तप्रतीकार सकियो ॥

अथ कफप्रतीकारः

कफहरं भेषजम् स्त्रीसेवनम् :–

माणांसिणी ! लोअणचन्दलच्छी ! घणात्थणी[८३] ! श्रोणितटाभिरामे !
कफप्रकोपस्य शमाय[८४] योग्यो योगो यथा ते न तथान्ययोगः ॥४६॥

८३ यी प्राकृत भाषाका पदावली हुन् ।
८४ कफप्रकोपप्रशमाय इति पाठान्तरम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

माणांसिणी ! लोअणचन्दलच्छी ! घणात्थणी ! श्रोणितटाभिरामे कफप्रकोपस्य शमाय योग्यो योगो यथा ते तथा न अन्ययोगः ॥४६॥

व्याख्याः

माणांसिणी ! भो मनस्विनि, भो मानिनि ! हे मान, अभिमान भएकी सुन्दरी ! **लोअणचन्दलच्छी** ! भो लोचनचन्द्रलक्ष्मी ! हे चन्द्रमाजस्तै उज्याला आँखाले लक्ष्मीको जस्तै शोभा पाएकी मेरी मुरासा ! **घणात्थणी** ! भो घनस्तनि, स्थूलस्तनि ! हे ठूला स्तन भएकी प्यारी ! **श्रोणितटाभिरामे** ! श्रोणितटं कटितटं अभिरामं सुन्दरम् यस्या सा, सम्बोधनम् जसको कटिप्रदेश अर्थात् कम्मर अत्यन्त सुन्दर छ त्यस्ती हे मेरी पत्नी ! **कफप्रकोपस्य** कफस्य प्रकोपः विकारोन्मार्गगामिता, कफको विकारको । **शमाय** शमनाय, निको पार्नका लागि । **योग्यः** उपयुक्तः, ठिक हुने, सञ्चो गराउने । **योगः** औषधयोगः, औषधि । **यथा** जस्तो । **ते** तिम्रो । **तथा** त्यस्तै । **न** होइन, छैन । **अन्ययोगः** अरू कुनै औषधि ॥४६॥

भावार्थः

हे मान भएकी मनस्विनि ! हे चन्द्रमाजस्तै उज्याला आँखाले लक्ष्मीको जस्तै शोभा पाएकी मेरी मुरासा ! हे ठूला स्तन भएकी प्यारी ! हे सुन्दर कम्मर भएकी मेरी पत्नी ! कफका प्रकोपले भएका विकार वा रोगहरूलाई निको पार्नका लागि उपयुक्त उपाय तिमीसित जस्तो छ त्यस्तो अरू कुनै औषधि वा उपाय केही छैन । अर्थात् कफको शमनको लागि स्त्रीसेवन ज्यादै प्रभावकारी उपाय हो ॥४६॥

विशेषः– *आफूसमानका व्यक्तिसँग देवभाषा संस्कृतमा र आफूभन्दा ठूला र आफूभन्दा सानासित श्रद्धा र स्नेहसूचक व्यवहार गर्दा प्राकृत भाषाको प्रयोग गर्ने रीति प्राचीन साहित्यमा पाइन्छ । यहाँ कवि लोलिम्बराजले आफ्नी प्यारी पत्नीलाई कफप्रकोपको शमनमा स्त्रीसेवनको महिमा दर्शाउँदै प्रेम र स्नेहका सूचक प्राकृत भाषाका केही पदावलीको प्रयोग गरेका छन् ।*

कफहरो मधूदरश्छिन्नाक्वाथः –

कफाद्भवति भो भीरु छिन्नाक्वाथो मधूदरः ।
अस्यार्थो लक्ष्यते नैव तन्वङ्गि तवमध्यवत् ॥४७॥

अन्वयः

भो भीरु ! मधूदरः छिन्नाक्वाथः कफाद् भवति । तन्वंगि ! अस्यार्थः तव मध्यवत् न लक्ष्यते ॥४७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्याः

भो भीरु ! हे डर मान्ने मुरासा ! **मधूदरः** मह मिसाएर सेवन गरिएको । **छिन्नाक्वाथः** गुडूचीक्वाथः , गुर्जोको काढा । **कफाद्** कफं अत्ति नाशयति इति कफाद्, कफनाशक हुन्छ । **तन्वंगि** हे पातली मुरासा ! **अस्य** यो श्लोकको । **अर्थः** अर्थ । **तव** तिम्रो । **मध्यवत्** मध्यभागवत्, मध्यभाग जस्तै । **न लक्ष्यते** देखिदैन ॥४७॥

भावार्थः

गुर्जोको काढामा मह मिसाएर खाएमा कफको विकार शान्त हुन्छ ॥४७॥

इति कफप्रतीकारः ॥
यति कफप्रतीकार सकियो ॥

इति श्रीलोलिम्बराजविरचिते वैद्यजीवने क्षयादिप्रतीकारो नाम चतुर्थो विलासः सम्पूर्णः ॥
यति श्रीलोलिम्बराजले रचना गरेको क्षयादिप्रतीकारनामक चौथो विलास पूर्ण भयो ॥

♣♣♣

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पञ्चमो विलासः

वाजीकरणादिप्रकरणं नाम विलासः

क्लीवानां कामजननार्थं उपायाः –

ताम्बूलं मधु कुसुमस्रजो विचित्राः कान्तारं सुरतरवो[८५] विलासवत्यः ॥
गीतानि श्रवणहराणि मिष्टमन्नं क्लीवानामपि जनयन्ति पञ्चवाणम् ॥१॥

अन्वयः

ताम्बूलं, मधु, विचित्राः कुसुमस्रजो, कान्तारं, सुरतरवो, विलासवत्यः, श्रवणहराणि गीतानि, मिष्टमन्नम् (एते) क्लीबानामपि पञ्चवाणम् जनयन्ति ॥१॥

व्याख्याः

ताम्बूलम् नागवल्लीदलम्, पान । **मधु** मह । **विचित्राः** रंगविरंगका । **कुसुमस्रजः** पुष्पमालाः, फूलमालाहरू । **कान्तारम्** एकान्तम्, एकान्त ठाउँ । **सुरतरवः** राम्रा र दिव्य रुखहरू । **विलासवत्यः** विलासं अस्य अस्तीति ताः, विलास भाव भएका सुन्दरी युवतीहरू । **श्रवणहराणि** श्रवणतया मनोहराणि, सुन्दाखेरि मन हरण गर्ने । **गीतानि** गीतहरू । **मिष्टमन्नम्** स्वादिलो र मनलाई तृप्त गराउने अन्न र अन्नका परिकारहरू । **क्लीवानामपि** नपुंसकहरूका लागि पनि । **पञ्चवाणम्** पञ्च वाणाः यस्य, कामः, तम्, द्रवणम्, शोषणं, तापनं, मोहनं, उन्मादनम् इति कामपञ्चवाणाः, अरविन्दं अशोकं च चूतं च नवमल्लिका, नीलोत्पलं च पञ्चैते कामस्य पुष्पवाणम्, कामदेवको प्रभाव (कामवासना) ।[८६] **जनयन्ति** पैदा गर्दछन् ॥१॥

भावार्थः

पान, मह, रंगविरंगका फूलमालाहरू, एकान्त ठाउँ, राम्रा र दिव्य रुखहरू, विलास भाव भएका सुन्दरी युवतीहरू, सुन्दाखेरि मन हरण गर्ने गीतहरू, स्वादिलो र मनलाई तृप्त गराउने अन्न र अन्नका परिकारहरूले नपुंसकहरूलाई पनि कामदेवको प्रभाव (कामोत्तेजना) पैदा गर्दछन् ॥१॥

बहुबीजकरो योगः –

सहितं घृतेन मधुना मधुके परिसेविते पिबति योऽनुपयः॥
नवसुभ्रुवां सुखकरः सततं स बहुबीजपुरःसरो भवति ॥२॥[८७]

अन्वयः

घृतेन मधुना सहितं मधुके परिसेविते योऽनुपयः पिबति स सततं बहुबीजपुरःसरो नवसुभ्रुवां सुखकरः भवति ॥२॥

---

८५ सुरतरुवनं इनि पाठान्तरम् ।

८६ उन्मादनस्तापनश्च शोषणःस्तम्भनस्तथा । सम्मोहनश्च कामस्य पञ्च बाणाः प्रकीर्तिताः ॥ अमरकोषः ॥

८७ सहि वीर्यपूरितपुरो भवति इति पाठं समीचीनमिति सुधाटीकायाम् । सहितेन घृतेन मधुना मधुकं परिसेचितं पिवति योऽनुपयः। नवसुभ्रुवां सुखकरः सततं बहुवीर्यपूरपूरितो भवति ॥इति पाठः दीपिकायां दृश्यते ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्याः

घृतेन घिउले । **मधुना** महले । **सहितम्** सँग मिलाएको, सहित भएको । **मधुके परिसेविते** जेठीमधुको चूर्ण सेवन गरेमा । **यः** जो । **अनुपयः** अनु पश्चात् पयो दुग्धं पिबतीति, अनुपानको रूपमा कुनै औषधि खाएपछि पछाडि पिउने पेय, यहाँ अनुपानको रूपमा दुध पिउनुपर्ने भएकोले यसलाई अनुपय भनिएको हो । **पिबति** पिउँछ । **सततम्** भएको, समर्थ । **नित्यम्** सधैं । **बहुबीजपुरःसरः** बहुबीजेन पुरःसरः पूर्णतया युक्त, प्रशस्त वीर्यले सहितभएको/ भएर । **नवसुभ्रुवाम्** सुष्ठु भ्रूः यस्याः सा सुभ्रूः नवा सुभ्रूः नवसुभ्रूस्तासाम्, भरखरै युवती भएकी, राम्रा आँखीभुईं भएकी सुन्दरीमा । **सुखकरः** आनन्दकर । **भवति** हुन्छ ॥२॥

भावार्थः

घिउ र महसँग जेठीमधुको चूर्ण सेवन गरेर जो अनुपानको रूपमा दुध (अनुपय) पिउँछ त्यो सधैं आनन्दपूर्वक भरखरै युवती भएकी राम्रा आँखीभुईं भएकी सुन्दरीमाझमा प्रशस्त वीर्यवान् र समर्थ हुन्छ ॥२॥

दीर्घायुरकार्श्यकारणं मधुयष्ट्यादिचूर्णम् :–

मधुयष्टिकणातुगावरावरचूर्णं सितयासमन्वितम् ॥
वलितं पलितं विनाशयेद् अतिदीर्घायुरकार्श्यकारणम् ॥३॥

अन्वयः

सितयासमन्वितं मधुयष्टिकणातुगावरावरचूर्णं अतिदीर्घायुरकार्श्यकारणम् वलितं पलितं (च) विनाशयेत् ॥३॥

व्याख्याः

सितयासमन्वितम् शर्करया समन्वितम् मिश्री या सख्खर राम्ररी मिलाइएको । **मधुयष्टि-कणा-तुगा-वरा-वरचूर्णम्** मधुयष्टी जेठीमधु, कणा पिप्पली पिप्ला, तुगा तुगाक्षीरी वंशलोचन, **वरा** त्रिफला, **वरचूर्णम्** श्रेष्ठचूर्णम्, राम्ररी तयार गरिएको चूर्ण । **अतिदीर्घायुरकार्श्यकारणम्** अत्यर्थं दीर्घायुरतिदीर्घायुस्तस्य च अकार्श्यस्य च कारणम्, न कार्श्यं अकार्श्यं, अति दीर्घायुष्य र अकार्श्यको कारण । **वलितम्** कपाल झर्ने । **पलितम्** कपाल फुल्ने । **विनाशयेत्** नाश गरोस् ॥३॥

भावार्थः

अति दीर्घायुष्य र अकार्श्यको कारण मिश्री या सख्खर राम्ररी मिलाइएको जेठीमधु, पिप्ला, वंशलोचन, त्रिफलाको राम्ररी तयार गरिएको चूर्णले कपाल झर्ने र कपाल फुल्ने विकारलाई पनि नाश गर्दछ ॥३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अजरामरत्वापारवीर्यत्वसिद्धयेऽमृतादित्रयाणां चूर्णम् :–

अमृतामलकीत्रिकण्टकानां हविषा शर्करया निषेवणेन ॥
अजरा अमरा अपारवीर्या अलिकेशा[८८] अदितेः सुता अभूवन् ॥४॥

अन्वयः

अमृतामलकीत्रिकण्टकानां हविषा शर्करया निषेवणेन अदितेः सुताः अलिकेशाः अजरा अमरा अपारवीर्या अभूवन् ॥४॥

व्याख्याः

अमृतामलकीत्रिकण्टकानाम् गुडूची-आमलकी-गोक्षुराणाम्, गुर्जो, अमला र गोक्षुरको चूर्ण । **हविषा शर्करया निषेवणेन** घिउ र मिश्रीसित सेवन गरेर । **अदितेः सुताः** अदितीका छोरा देवताहरू । **अलिकेशाः** अलि भ्रमरः कृष्णवर्णस्तादृशाः केशाः येषाम् ते, भ्रमरसमान कालो केश भएका । **अभूवन्** भए । **अजराः** कहिल्यै बुढा नहुने । **अमराः** कहिल्यै नमर्ने । **अपारवीर्याः** अपारं वीर्य यस्य सः ते, अपार वीर्यवान् ॥४॥

भावार्थः

गुर्जो, अमला र गोक्षुरको घिउ र मिश्रीसित सेवन गरेर अदितीका छोरा भ्रमरसमान कालो केशले सुशोभित देवताहरू कहिल्यै बुढा नहुने (अजर) कहिल्यै नमर्ने (अमर) तथा अपार वीर्यवान् भएका थिए ॥४॥

वार्द्धक्येऽपि मानिनीमानोच्छेदनार्थमुच्चटादित्रयाणां क्षीरपाकः –

उच्चटामर्कटीगोक्षुरैश्चूर्णितैः शर्करादुग्धसम्मिश्रितैः पाचितैः ॥
सेवितैर्वार्द्धके मानवो मानिनी-मानमुच्छेदयेत् किं पुनर्यौवने ॥५॥

अन्वयः

उच्चटामर्कटीगोक्षुरैश्चूर्णितैः शर्करादुग्धसम्मिश्रितैः पाचितैः सेवितैः मानवो वार्द्धके मानिनी-मानमुच्छदयेत् किं पुनर्यौवने ? ॥५॥

व्याख्याः

उच्चटा-मर्कटी-गोक्षुरैः गुञ्जा-कपिकच्छू-त्रिकण्टकैः, रातीगेडी, काउछो र गोक्षुरलाई । **चूर्णितैः** धुलो बनाएकाले । **शर्करा-दुग्ध-सम्मिश्रितैः** सख्खर वा मिश्री र दुध मिलाएकाले । **पाचितैः** क्षीरपाक-विधिले राम्ररी पकाएकाले । **सेवितैः** सेवन गरिएकाले । **मानवः** मान्छे । **वार्द्धके** बुढो अवस्थामा । **मानिनी-मानम्** काममदस्य मानेन युक्ता स्त्री मानिनी इति कथ्यते, तस्याः मानं अभिमानम्, कामोपभोगकी मानिनीको अभिमान वा अहम्/प्रचुर यौन सामर्थ्य । **उच्छेदयेत्** जरो उखेलोस् या चुँडालोस्/छिनालोस् । **किं पुनर्यौवने ?** यौवन अवस्थामा त के भन्नुपर्छ र ? ॥५॥

---

८८ अलिकेशाः इत्यस्य स्थाने अलकेशा इति च पाठः दीपिकायां दृश्यते । अलका धनदपुरी तस्या ईशाश्च ईदृशा ये अदिते सुताः आदितेयास्तथा ते बभूवुः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

रातीगेडी, काउछो र गोक्षुरलाई धुलो बनाएर, सख्खर वा मिश्री र दुधसित पकाएर (क्षीरपाकविधिले) सेवन गर्नाले मान्छे बुढो अवस्थामा पनि मानिनीको अभिमान, अहम् या प्रचुर यौनसामर्थ्यलाई जरैबाट छिनाल्न सक्तछ भने यौवन अवस्थाको त के कुरा गर्नु र ?॥५॥

क्षीरयुतोच्चटा शतसुन्दरीणां भोगार्थम् :–

भुक्त्वोच्चटां[८९] क्षीरयुतां विलासी भुंक्ते शतं सुन्दरि ! सुन्दरीणाम् ॥
त्वं तावदेकासि मया तु साद्य भुक्ता रतं पश्य कुतूहलं मे ॥६॥

अन्वयः

सुन्दरि ! क्षीरयुतां उच्चटां भुक्त्वा विलासी सुन्दरीणाम् शतं भुंक्ते त्वं तावदेकासि मया तु अद्य सा भुक्ता, मे कुतूहलं रतं पश्य ॥६॥

व्याख्याः

सुन्दरि ! हे सुन्दरी ! **क्षीरयुताम्** दुग्धयुताम्, दुध मिलाइएको । **उच्चटाम्** श्वेतगुञ्जाबीजम्, रातीगेडीको एक जाति(सेतीगेडी) लाई । **भुक्त्वा** खाएर । **विलासी** विलासको इच्छा राख्ने व्यक्ति । **सुन्दरीणाम् शतम्** शयौं सुन्दरीहरूलाई । **भुंक्ते** भोग गर्दछ । **त्वम्** तिमी । **तावद्** इति कालबोधकमव्ययम्, तब । **एकासि** एका असि, एउटी छौ । **मया तु** मैले त । **अद्य** आज । **सा** उच्चटा, रातीगेडी । **भुक्ता** खाएको छु । **मे** मेरो । **कुतूहलम्** कामकुतूहलम् कामकुतूहल पैदा गर्ने खालको । **रतम्** रतिक्रीडालाई । **पश्य** हेर ॥६॥

भावार्थः

हे सुन्दरी ! दुध मिलाइएको रातीगेडीलाई खाएर विलासको इच्छा राख्ने व्यक्ति शयौं सुन्दरीहरूलाई भोग गर्दछ । तीमध्ये तिमी पनि एउटी ह्वौ । मैले त आज त्यो दुधसितको रातीगेडी (सेतीगेडी) खाएको छु । मेरो कामकुतूहल पैदा गर्ने खालको रतिक्रीडालाई हेर ॥६॥

दशांगनाभिः सह रमणाय घृतक्षौद्रयुतं विदारीचूर्णम् :–

चूर्णं घृतक्षौद्रयुतं रसैः स्वैर्विभाविताया बहुधा विदार्याः ॥
निषेव्ययमाणोऽनुदिनं विलासी दशांगनाभिः सह रंरमीति ॥७॥

अन्वयः

स्वैः रसैः बहुधा विभाविताया: विदार्याः घृतक्षौद्रयुतं चूर्णं अनुदिनं निषेव्ययमाणः विलासी दशांगनाभिः सह रंरमीति ॥७॥

---

८९ भुक्त्वा वरीं इति च पाठान्तरम् । वरीं शतावरीं ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्या:

स्वैः रसैः त्यसको आफ्नै स्वरसले । **बहुधा** धेरैपटक । **विभावितायाः** भावना दिई तयार गरिएकोले । **विदार्याः** विदारीकन्दको । **घृतक्षौद्रयुतम्** मधुघृतयुतम्, घिउ र मह मिलाएको । **चूर्णम्** धुलोलाई । **अनुदिनम्** दिनैपिच्छे, दिनहुँ । **निषेव्ययमाणः** सेवन गर्ने । **विलासी** विलास गर्न चाहने व्यक्ति । **दशांगनाभिः सह** दशौं सुन्दरीहरूसित । **रंरमीति** रमण गर्दछ ॥७॥

भावार्थ:

विदारीकन्दको चूर्णलाई त्यसकै स्वरसको धेरैपटक भावना दिई तयार गरी घिउ र मह मिलाएर दिनहुँ सेवन गरेमा विलास गर्न चाहने व्यक्तिले दशौं सुन्दरीहरूसित रमण गर्ने सामर्थ्य प्राप्त गर्दछ ॥७॥

घृतदुग्धाभ्यां सह विदारीचूर्णं भुक्त्वा वृद्धोऽपि तरुणायते :-

सहितं घृतदुग्धाभ्यां विदारिप्रभवं रजः ।
उदुम्बरमितं भुक्त्वा वृद्धोऽपि तरुणायते ॥८॥

अन्वय:

घृतदुग्धाभ्यां सहितं उदुम्बरमितं विदारिप्रभवं रजः भुक्त्वा वृद्धोऽपि तरुणायते ॥८॥

व्याख्या:

घृतदुग्धाभ्यां सहितम् घिउ र दुध सहितको । **उदुम्बरमितम्** उदुम्बरफलमितं कर्षपरिमापकम्, उदुम्बर फलको बराबर अर्थात् एक कर्ष परिमाणमा नापिएको । **विदारिप्रभवम्** विदारीकन्दको । **रजः** चूर्णम्, धुलो । **भुक्त्वा** खाएर । **वृद्धोऽपि** बुढो पनि । **तरुणायते** तरुनो बन्दछ ॥८॥

भावार्थ:

विदारीकन्दको चूर्ण उदुम्बर फलको बराबर अर्थात् १ कर्ष घिउ र दुधसित खानेगरेमा बुढो पनि तरुनो बन्दछ ॥८॥

कन्दर्पवृद्धिजननार्थं रसायनार्थं च सिताज्ययुक्तं दुग्धम् :-

सौभाग्यपुष्टिबलशुक्रविवर्द्धनानि किं सन्ति नो भुवि बहूनि रसायनानि ॥
कन्दर्पवृद्धिजननं तु सिताज्ययुक्तदुग्धादृते मम न कोऽपि मतः प्रयोगः ॥९॥

अन्वय:

किं भुवि सौभाग्यपुष्टिबलशुक्रविवर्द्धनानि बहूनि रसायनानि नः सन्ति ? मम तु सिता-ज्ययुक्त-दुग्धादृते तु कन्दर्पवृद्धिजननः कोऽपि प्रयोगः न मतः ॥९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याख्याः

किम् के। **भुवि** संसारमा। **सौभाग्यपुष्टिबलशुक्रविवर्द्धनानि** सौभाग्य, पुष्टि, बल, शुक्र बढाउने खालका। **बहूनि** धेरै। **रसायनानि** रसायनहरू[९०]। **नः** हामीलाई। **सन्ति ?** छन् ? **मम** मेरो **सिताज्ययुक्तदुग्धादृते तु** मिश्री, घिउ हालेको दुधबाहेक अरू त। **कन्दर्पवृद्धिजननः** कन्दर्पस्य वृद्धिं जनयन्तीति, कन्दर्प अर्थात् रतिशक्ति वा यौनक्षमतालाई बढाउने। । **कोऽपि** कुनै पनि। **प्रयोगः** औषधिको प्रयोग। **न** होइन। **मतः** विचार, स्वीकृति ॥९॥

भावार्थः

संसारमा हामीलाई सौभाग्य, पुष्टि, बल, शुक्र बढाउने खालका धेरै छन् कि छैनन् ? मेरो विचारमा त कन्दर्प अर्थात् रतिशक्ति वा यौनक्षमतालाई बढाउने कुरामा त मिश्री र घिउ हालेको दुधबाहेक अरू कुनै कुरा र औषधिको प्रयोग छैन। अर्थात् यही नै सर्वोत्तम हो ॥९॥

चमत्कारकरान् रसान् प्रस्तावयति :–

अधुना ब्रूमहे सद्यश्चमत्कारकरान् रसान्।
यतो न नीरसा भाति कविताकुलकामिनी ॥१०॥

अन्वयः

अधुना सद्यश्चमत्कारकरान् रसान् ब्रूमहे, यतो कविताकुलकामिनी नीरसा न भाति ॥१०॥

व्याख्याः

अधुना अहिले। **सद्यः** तत्कालै। **चमत्कारकरान्** चमत्कारं आश्चर्यं कुर्वन्तीति तान्, चमत्कार वा आश्चर्य देखाउने। **रसान्** रसान्, रसहरूलाई, अत्र रस इत्यनेन अहरह गच्छतीति बोद्धव्यम्, तत्र आहाररसाः मधुराम्ललवणकटुतिक्तकषायाः, काव्यरसाः श्रृंगारादयः, धात्वादिरसाः पारदादयः सुवर्णादयश्च। **ब्रूमहे** भन्दछु। **यतः** जसबाट। **कविताकुलकामिनी** कविता इव कुलकामिनी कुलस्त्री, कवितारूपी भावसाहित्यमयी कुलस्त्री। **नीरसा** निर्गतः रसः यस्याः सा, रसहीन। **न भाति** सुहाउँदैन ॥१०॥

भावार्थः

अब म तत्कालै चमत्कार वा आश्चर्य देखाउने रसहरूबारे भन्दछु, जसबाट कवितारूपी भावसाहित्यमयी कुलस्त्री रसहीन लाग्नेछैनन्। जसरी श्रृंगार विना कुलकी नारी सुहाउन्नन् त्यसैगरी रस नभएको कविता पनि सुहाउन्न। यहाँ रसको अर्थ रसौषधि विशेष हो भन्ने बुझ्नुपर्दछ ॥१०॥

विषमज्वरघ्नो विश्वतापहरणो रसः–

पथ्याकणार्कविषतिन्दुकदन्तिबीजतिक्तात्रिवृद्रसबलीन् सदृशान् विमर्द्य ॥
धूर्त्ताम्बुना सकलवासरमेष सूतः स्याद् विश्वतापहरणो विषमज्वरघ्नः ॥११॥

---

९० दीर्घमायुः स्मृतिं मेधामारोग्यं तरुणं वयः देहेन्द्रियबलं कान्तिं नरो विन्देद् रसायनम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः

पथ्याकणार्कविषतिन्दुकदन्तिबीजतिक्तात्रिवृद्रसबलीन् सदृशान् धूर्त्ताम्बुना सकलवासरं विमर्द्य एष सूतः विश्वतापहरणः विषमज्वरघ्नः स्यात् ॥११॥

व्याख्याः

पथ्याकणार्कविषतिन्दुकदन्तिबीजतिक्तात्रिवृद्रसबलीन्– पथ्या हरीतकी हर्रो । **कणा** पिप्पली, पिप्ला । **अर्कः** सूर्यः, आँक । **विषतिन्दुकम्** कुचिला । **दन्तिबीजम्** दन्तीबीज, जयपाल । **तिक्ता** कटुतिक्ता, कुट्की । **त्रिवृद्** श्यामा, निशोथ । **रसः** पारदः । **बली** गन्धकः । अत्र कज्जली ग्राह्या । **सदृशान्** बराबर भाग । **धूर्त्ताम्बुना** धत्तूराम्बुना, धतूराको स्वरससँग । **सकलवासरम्** सकलदिनम्, एक दिनसम्म, दिनभरि (२४ घण्टा) । **विमर्द्य** मर्दनं कृत्वा, मर्दन गरेर, घोटेर तयार पारिएको । **एष** यो पारदयुक्त रसौषधि । **विश्वतापहरणः सूतः** विश्वतापहरणरस हो । **विषमज्वरघ्नः** विषमज्वरनाशक । **स्याद्** होस् ॥११॥

भावार्थः

हर्रो, पिप्ला, आँक, कुचिला, दन्तीबीज (जयपाल), कुट्की, निशोथ, पारद र गन्धकको कज्जली बराबर भाग लिएर धतूराको स्वरससँग एक दिनसम्म (दिनभरि) मर्दन गरेर (घोटेर) तयार पारिएको पारदयुक्त रसौषधि विश्वतापहरणरस हो । यो विषमज्वरनाशक हुन्छ ॥११॥

ऐकाहिकादिज्वरशामकः शीतारिरसः–

शुल्वं गन्धकटंकणं विषयुतं तुत्थं रसं खर्परम् ।
तालं तुल्यमिदं विमर्द्य घटिकामात्रं सुषव्या रसैः ॥
सूतः स्यात् त्रिपुरारिणा विरचितः शीतारिरित्थं स्मृतो -
गुञ्जाजाजिसितायुतश्च शमयेदैकाहिकादिज्वरान् ॥१२॥

अन्वयः

शुल्वं गन्धकटंकणं विषयुतं तुत्थं रसं खर्परम् तालं तुल्यमिदं सुषव्या रसैः घटिकामात्रं विमर्द्य त्रिपुरारिणा विरचितः सूतः शीतारिरित्थं स्मृतः स्यात् । गुञ्जाजाजिसितायुतश्च ऐकाहिकादिज्वरान् शमयेद् ॥१२॥

व्याख्याः

शुल्वम् ताम्रभस्म । **गन्धकटंकणम्** गन्धकं च टंकणं च, गन्धक र टंकण (सुहाग) । **विषयुतम्** वत्सनाभसहितम्, शुद्ध वत्सनाभसमेत । **तुत्थम्,** शुद्ध तुत्थ (नीलो तुथो) । **रसम्** शुद्ध पारद (पारो) । **खर्परम्** शुद्ध खर्पर । **तालम्** शुद्ध हरताल । **तुल्यमिदम्** यी सबै बराबर भाग लिएर । **सुषव्या रसैः** कारवेल्लरसैः, तिते करेलाको रसमा । **घटिकामात्रम्** एक घडीसम्ममात्र (२४मिनट) । **विमर्द्य** मर्दन गरेर । **त्रिपुरारिणा** पिनाकिना शिवजीले । **विरचितः** रचना गरेको बनाएको । **सूतः** रस । **शीतारिरित्थम्** शीतारिरस यस्तो नामको । **स्मृतः**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कथितः बताइएको । **स्यात्** होस् । **गुञ्जाजाजिसितायुतश्च**–गुञ्जा रातीगेडी, अजाजिः जीरा, सिता मिश्री, युतश्च यिनीहरूसित खाएमा । **ऐकाहिकादिज्वरान्** ऐकाहिक आदि नामका विषमज्वरहरूलाई । **शमयेद्** शमन गरोस् ॥१२॥

भावार्थः

ताम्रभस्म, गन्धक, टंकण (सुहाग), शुद्ध वत्सनाभ, शुद्ध तुत्थ (नीलो तुथो), शुद्ध पारद (पारो), शुद्ध खर्पर र शुद्ध हरताल यी सबै बराबर भाग लिएर तिते करेलाको रसमा एक घडीसम्ममात्र (२४ मिनट) मर्दन गरेर सबभन्दा पहिले शिवजीले बनाएको शीतारिरस नामको यस रसलाई रातीगेडी, जीरा र मिश्रीसित खाएमा ऐकाहिक आदि नामका विषमज्वरहरूलाई शमन गर्दछ ॥१२॥

ग्रहणी-ज्वरातिसाराग्निमान्द्यापहः कनकसुन्दरो रसः –

मरीचबलिहिंगुलैर्गरलपिप्पलीटंकणैः ।
सुवर्णभवबीजकैः समलवैर्दिनार्द्धावधिः ॥१३॥
जयाजलविमर्दितैः[९१] कनकसुन्दरः सुन्दरि !
स्मृतो ग्रहणिकाज्वरातिसृतिवन्हिमान्द्यापहः ॥१४॥

अन्वयः

सुन्दरि! मरीच-बलि-हिंगुलै-र्गरल-पिप्पली-टंकणैः सुवर्णभव-बीजकैः समलवैर्दिनार्द्धावधि जयाजल-विमर्दितैः कनकसुन्दरः ग्रहणिका-ज्वरातिसृति-वन्हिमान्द्यापहः स्मृतः ॥१४॥

व्याख्याः

सुन्दरि ! हे सुन्दरी । **मरीच-बलि-हिंगुलैः**– मरीच । **बलिः**, शुद्ध गन्धक । **हिंगुलः**, शुद्ध हिंगुल यिनीहरूले । **गरल-पिप्पली-टंकणैः**– गरलम्, शुद्ध वत्सनाभ । **पिप्पली**, पिप्ला । **टंकणैः** टंकणम्, शुद्ध सुहाग यिनीहरूले । **सुवर्णभव-बीजकैः** सुवर्णभवो धत्तूरस्तस्य बीजैः, धतुराका बीजहरूले । **समलवैः** समभागैः, बराबर मिलाइएका यी औषधिहरूले । **दिनार्द्धावधिः** आधा दिनसम्म । **जयाजल-विमर्दितैः** जया विजया भंगा, भंगायाः जलेन विमर्दितैः, भाङको रससित मर्दन गरिएकोले । **कनकसुन्दरः** कनकसुन्दर नामक रस । **ग्रहणिका-ज्वरातिसृति-वन्हिमान्द्यापहः**–ग्रहणिका ग्रहणी, ज्वरातिसृतिः ज्वरातिसार, वह्निमान्द्योग्निमान्द्यः एतामपहन्तीति यिनीहरूलाई नाश गर्ने । **स्मृतः** बताइएको छ ॥१४॥

भावार्थः

हे सुन्दरी ! मरीच, शुद्ध गन्धक, शुद्ध हिंगुल, शुद्ध वत्सनाभ, पिप्ला, शुद्ध सुहाग, धतुरोका बीज यिनीहरूको समभाग लिएर आधा दिनसम्म भाङको रससित मर्दन गरेपछि कनकसुन्दररस तयार हुन्छ । यसलाई ग्रहणी, ज्वरातिसार, अग्निमान्द्य रोगहरूको नाशक बताइएको छ ॥१४॥

---

९१ जयास्वरसमर्दितैः इति पाठान्तरम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ग्रहणी-यक्ष्मातिसारादिहरः पञ्चामृतपर्पटीरसः–

लौहाभ्रार्करसं समं द्विगुणितं गन्धं पचेत् कोलिका–
काष्ठाग्नौ मृदुले निधाय सकलं लोहस्य पात्रे भिषक् ॥
शुद्धं गोमयमण्डले विनिहिते रम्भादले विन्यसेत् ।
तस्योर्ध्व कदलीदलं द्रुततरं वैद्येश्वरो निक्षिपेत् ॥१५॥
स्यात्पञ्चामृतपर्पटी ग्रहणिकायक्ष्मातिसारज्वर–
स्त्रीरुक् पाण्डुरुगाम्लपित्तगुदजक्षुन्मान्द्यविध्वंसिनी ॥१५.५॥

अन्वयः

लौहाभ्रार्करसं समं, द्विगुणितं गन्धं लोहस्य पात्रे निधाय भिषक् मृदुले कोलिकाकाष्ठाग्नौ पचेत् । सकलं शुद्धं गोमयमण्डले विनिहिते रम्भादले विन्यसेत् । वैद्येश्वरो तस्योर्ध्वं द्रुततरं कदलीदलं निक्षिपेत् ।

पञ्चामृतपर्पटी ग्रहणिका-यक्ष्मा-तिसार-ज्वर-स्त्रीरुक्-पाण्डुरुगा-म्लपित्त-गुदज-क्षुन्मान्द्य-विध्वंसिनी स्यात् ॥१५-१५.५॥

व्याख्याः

लौहाभ्रार्करसम् लौहं च अभ्रं च अर्कं च रसश्च, **लौहम्** लौह भस्म, **अभ्रम्** अभ्रक भस्म, **अर्कः** ताम्रभस्म **रसः** पारदः । **समम्** बराबर भाग । **द्विगुणितम्** यी सबैको दुई गुना । **गन्धम्** शुद्ध गन्धकलाई । **लोहस्य पात्रे** फलामको भाँडोमा । **निधाय** राखेर । **भिषक्** चिकित्सकले । **मृदुले** मन्द मन्द आँचमा । **कोलिकाकाष्ठाग्नौ** बयरका दाउराको आगोमा । **पचेत्** पकाओस् । **सकलम्** सबै । **शुद्धम्** शुद्ध गरिएका वा शोधित औषधिलाई । **गोमयमण्डले** गोबर माथि । **विनिहिते** तेर्स्याएर राखेको । **रम्भादले** केराको पातमाथि । **विन्यसेत्** फैलाएर राखोस् । **वैद्येश्वरः** वैद्यराजले । **तस्योर्ध्वम्** त्यसको माथि । **द्रुततरम्** छिटोछिटो गरेर । **कदलीदलम्** केराको पातलाई । **निक्षिपेत्** ढाकिदेओस् ।

पञ्चामृतपर्पटी यो पञ्चामृत पर्पटी । **ग्रहणिका** ग्रहणी, **यक्ष्मा** राजयक्ष्मा, **अतिसार** झाडा-पखाला, **ज्वर** ज्वरो, **स्त्रीरुक्** स्त्रीरोग, **पाण्डुरुक्** पाण्डुरोग, अम्लपित्त, **गुदजः** गुदविकार अर्श आदि, **क्षुन्मान्द्यम्** अग्निमान्द्य, यी रोगहरूको । **विध्वंसिनी** विनाशक । **स्यात्** होस् ॥१५-१५.५॥

भावार्थः

लौह भस्म, अभ्रक भस्म, ताम्रभस्म र पारो बराबर भाग र यी सबैको दुई गुना शुद्ध गन्धकलाई फलामको भाँडोमा राखेर चिकित्सकले मन्द-मन्द आँचमा बयरका दाउराको आगोमा पकाएर पाकेको सबै शुद्ध औषधिलाई गोबरमाथि तेर्स्याएर राखेको केराको पातमाथि फैलाएर राख्नुपर्छ । वैद्यराजले त्यसमाथि छिटोछिटो गरी अर्को केराको पातले ढाकिदिनुपर्छ ।

यो पञ्चामृत पर्पटी ग्रहणी, राजयक्ष्मा, अतिसार(झाडा-पखाला), ज्वर, स्त्रीरोग, पाण्डुरोग, अम्लपित्त, अर्श आदि गुदविकार र अग्निमान्द्य यी रोगहरूको विनाशक हो ॥१५-१५.५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ग्रहण्यामनुपानम्ः–

ग्रहण्यामनुपानं स्याद् हिंगुजीरकसैन्धवम् ।
जीरकं पाण्डुगरयोरितरेषु स्वशक्तितः ॥१६॥

अन्वयः

ग्रहण्यां अनुपानं हिंगुजीरकसैन्धवं, पाण्डुगरयोः जीरकम्, इतरेषु स्वशक्तितः स्यात् ॥१६॥

व्याख्याः

ग्रहण्याम् ग्रहणीरोगमा । **अनुपानम्** औषधि खाइसकेपछि पिउनुपर्ने द्रवपदार्थ । **हिंगुजीरकसैन्धवम्** हिङ, जिरा र सिधे नुन । **पाण्डुगरयोः** पाण्डुरोग र विषविकारमा । **जीरकम्** जीराको अनुपान । **इतरेषु** यीबाहेक अन्य रोगमा । **स्वशक्तितः** आफ्नो शक्ति (अग्नि बल) अनुसार । **स्यात्** होस् ॥१६॥

भावार्थः

ग्रहणीरोगमा हिङ, जिरा र सिधे नुनको अनुपान(औषधि खाइसकेपछि पिउने), पाण्डुरोग र विषविकारमा जीराको अनुपान तथा यीबाहेक अन्य रोगमा आफ्नो शक्ति (अग्नि बल) अनुसार गर्नुपर्छ ॥१६॥

शूलवाताग्निमान्द्ये आदित्यवटिका ः–

वचाविश्वाहिंगुज्वलनमरिचाजाजिगरलैः ।
समैः कार्याः वैद्यैश्चणकतुलिता मार्कवरसैः ॥
यथा भानोर्भासस्तिमिरनिकरं कामिनि तथा ।
हरन्त्येताः शूलान्यनिलमनलग्लानिमपि च ॥१७॥

अन्वयः

कामिनि ! वैद्यैः वचाविश्वाहिंगुज्वलनमरिचाजाजिगरलैः समैः मार्कवरसैः चणकतुलिताः (वट्यः) कार्याः, एताः यथा भानोर्भासस्तिमिरनिकरं तथा शूलान्यनिलमनलग्लानिमपि च हरन्ति ॥१७॥

व्याख्याः

कामिनि ! कामको चेतना भरपूर भएकी हे कामिनी ! **वैद्यैः** चिकित्सकहरूले । **वचा-विश्वा-हिंगु-ज्वलन-मरिचा-जाजि-गरलैः** – वचा बोझो, विश्वा शुठो, हिंगुः हिङ, ज्वलनः अग्निः चित्रकः चितू, मरिच, अजाजिः जीरः जीरा, गरलम् विषः वत्सनाभः । **समैः** बराबर भागले । **मार्कवरसैः** भृंगराजको रसले । **चणकतुलिता** चना बराबरको । **कार्याः** गुटिकाः कार्याः, गोली बनाउनुपर्छ । **एताः** यिनीहरूले । **यथा** जसरी । **भानोर्भासः** सूर्यको प्रकाश । **तिमिरनिकरम्** अन्धकारनाशकम्, अँध्यारो नाश गर्ने हुन्छ । **तथा** त्यसैगरी । **शूलान्यनिलमनलग्लानिमपि** शूलानि शूलहरू, अनिलम् वातरोग, अनलग्लानिः अग्निमान्द्य । **अपि च** पनि । **हरन्ति** हरण गर्दछन् ॥१७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भावार्थः

कामको चेतना भरपूर भएकी हे कामिनी ! चिकित्सकहरूले बोझो, शुठो, हिङ, चितू, मरिच, जीरा र शुद्ध वत्सनाभ बराबर भाग लिएर भृंगराजको रसले चना बराबरको गोली बनाउनुपर्छ। यी गोलीले जसरी सूर्यको प्रकाशले अँध्यारो नाश गर्दछ त्यसैगरी शूल, वातरोग, अग्निमान्द्यरोगलाई पनि हरण गर्दछन् ॥१७॥

प्रमेहहरो वीर्यप्रबन्धकश्च विलासिनीवल्लभो रसः–

समानभागे बलिशूलिबीजे तयोः समानं कनकस्य बीजम् ॥
धत्तूरतैलेन विमर्द्य सम्यग्विलासिनीबल्लभनामधेयः ॥१८॥
सूतो भवेद् वल्लयुगप्रमाणः सितायुतो मेहसमूहहारी ॥
वीर्यप्रबन्धं कुरुते नराणां निहन्ति तापं हि सुलोचनानाम् ॥१९॥

अन्वयः

बलि-शूलिबीजे समानभागे, तयोः समानं कनकस्य बीजम्, धत्तूर-तैलेन सम्यग् विमर्द्य विलासिनीबल्लभ-नामधेयः सूतो भवेद् । वल्लयुग-प्रमाणः सितायुतो मेहसमूहहारी (भवति तथा) नराणां वीर्यप्रबन्धं कुरुते, सुलोचनानाम् तापं हि निहन्ति ॥१८-१९॥

व्याख्याः

बलिशूलिबीजे बलिः गन्धकम् शुद्ध गन्धक, शूलिबीजं शिववीर्यम् पारदः शुद्ध पारो, **समानभागे** बराबर भाग लिने । **तयोः समानम्** तिनीहरूको समान । **कनकस्य बीजम्** कनकस्य धत्तूरस्य बीजम् धतुराका बीज । **धत्तूरतैलेन** धतुराको तेलले । **सम्यक्** राम्ररी । **विमर्द्य** मर्दन गरेर । **विलासिनीबल्लभनामधेयः** विलासिनीवल्लभ नाम गरेको । **सूतः** रस औषधि । **भवेत्** होस् । **वल्लयुगप्रमाणः** दुई वल्लको परिमाणको । **सितायुतो** मिश्री मिसाइएको या मिश्रीसित सेवन गरिएको । **मेहसमूहहारी** प्रमेहरोगका समूहहरूलाई हरण गर्ने हुन्छ । **नराणाम्** मानिसहरूको । **वीर्यप्रबन्धम्** वीर्यबन्धनं वीर्यलाई बाँध्ने काम । **कुरुते** गर्दछ । **सुलोचनानाम्** सुन्दरीहरूको । **तापम्** तापलाई । **हि** निश्चय । **निहन्ति** नाश गर्दछ ॥१८-१९॥

भावार्थः

शुद्ध गन्धक, शुद्ध पारो बराबर भाग, तिनीहरूको समानभाग (२ भाग) धतुराको बीज लिएर धतुराको तेलले राम्ररी मर्दन गरेर विलासिनीवल्लभ नाम गरेको रस औषधि तयार हुन्छ। दुई वल्लको परिमाणको (८०० मि.ग्रा.) को गोली बनाएर मिश्रीसित खाएमा प्रमेहरोगलाई हरण गर्दछ। यसले मानिसहरूको वीर्यलाई बाँध्ने काम गर्दछ। सुन्दरीहरूको कामतापलाई निश्चय नै नाश गर्दछ ॥१८-१९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अनुपानानिः–

शूले हिंगु घृतान्वितं मधुयुता कृष्णा पुराणज्वरे ।
वाते साज्यरसोनकः श्वसनके क्षौद्रान्वितं त्र्यूषणम् ॥
शीते व्याललतादलं समरिचं मेहे वरा सोपला ।
दोषाणां त्रितयेऽनुपानमुदितं सक्षौद्रमार्द्रार्द्रकम् ॥२०॥
घनपर्पटकं ज्वरे ग्रहण्यां मथितं हेमगरे वमीषु लाजा ॥
कुटजोऽतिसृतौ वृषोऽस्रपित्ते गुदकीलेष्वनलः कृमौ कृमिघ्नः ॥२१॥

अन्वयः

शूले घृतान्वितं हिंगु, पुराणज्वरे मधुयुता कृष्णा, वाते साज्यरसोनकः, श्वसनके क्षौद्रान्वितं त्र्यूषणम् । शीते व्याललतादलं समरिचं, मेहे वरा सोपला, दोषाणां त्रितये सक्षौद्रमार्द्रार्द्रकमनुपानमुदितम् ।

ज्वरे घनपर्पटकं, ग्रहण्यां मथितम्, गरे हेमः, वमीषु लाजा, अतिसृतौ कुटजः, अस्रपित्ते वृषः, गुदकीलेष्वनलः, कृमौ कृमिघ्नः ॥२०-२१॥

व्याख्याः

शूले शूलरोगमा । **घृतान्वितं हिंगु** घिउमा फुराएको हिङ । **पुराणज्वरे** जीर्णज्वरे पुरानो ज्वरोमा, **मधुयुता कृष्णा** मह मिसाइएको पिप्ला । **वाते** वातरोगमा, **साज्यरसोनकः** घिउमा फुराएको लसुन । **श्वसनके** श्वासरोगमा, **क्षौद्रान्वितं त्र्यूषणम्** मह मिलाइएको त्रिकटुचूर्ण । **शीते** चिसो वा सर्दी लागेमा, **व्याललतादलं** ताम्बूलवल्लीदलं **समरिचम्,** पानको पातसित मरिच मिलाएर । **मेहे** प्रमेह रोगमा, **वरा** त्रिफला, **सोपला** मिश्रीसहित । **दोषाणाम् त्रितयम** तीनै दोषको प्रकोपमा, **सक्षौद्रम्** महसतिको, **आर्द्रार्द्रकम्** ताजा अदुवाको रस । **अनुपानमुदितम्** अनुपान बताइएको छ ।

ज्वरे ज्वरमा, **घन-पर्पटकम्** मोथे र पित्तपापडा । **ग्रहण्याम्,** ग्रहणीमा, **मथितम्** मही वा मट्ठा । **गरे** विषविकारमा या गर विषमा, **हेमः** सुवर्णभस्म । **वमीषु** वमनमा, लाजा धानका लावा । **अतिसृतौ** अतिसारमा, कुटजः कुटजत्वक् । **अस्रपित्ते** रक्तपित्तमा, **वृषः** असुरो, **गुदकीलेषु** गुदकीलमा, **अनलो** वह्निनामा भल्लातकः, भलायो । **कृमौ** कृमिरोगमा, **कृमिघ्नः** विडंगः वायुविडंग ॥२०-२१॥

भावार्थः

शूलरोगमा घिउमा फुराएको हिङ, पुरानो वा जीर्णज्वरोमा मह मिसाइएको पिप्ला, वातरोगमा घिउमा फुराएको लसुन, श्वासरोगमा मह मिलाइएको त्रिकटुचूर्ण, चिसो वा सर्दी लागेमा पानको पातसित मरिच, प्रमेह रोगमा त्रिफला र मिश्री, तीनै दोषको प्रकोपमा मह र ताजा अदुवाको रस अनुपान बताइएको छ ।

ज्वरमा मोथे र पित्तपापडा, ग्रहणीमा मही वा मट्ठा, गरविषमा सुवर्णभस्म, वमनमा धानका लावा, अतिसारमा कुटजत्वक्, । रक्तपित्तमा असुरो, गुदकीलमा, भलायो, कृमिरोगमा वायुविडंग अनुपान हुन् ॥२०-२१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सकलरोगक्षये नारायणाख्यमौषधम् :–

नारायणं भजत रे जठरेण युक्ताः नारायणं भजत रे पवनेन युक्ताः ।
नारायणं भजत रे भवभीतियुक्ताः नारायणात्परतरं किमपीह नास्ति ॥२२॥

अन्वयः

रे जठरेण युक्ताः ! नारायणं भजत, रे पवनेन युक्ताः ! नारायणं भजत, रे भवभीतियुक्ताः ! नारायणं भजत, इह नारायणात्परतरं किमपि नास्ति ॥२२॥

व्याख्याः

